ISSN 2795-1839

नेपाल

द्वैमासिक

Nepal

वर्ष ५३ अङ्क १ पूर्णाङ्क २४२ साउन/भदौ, २०८०/८१

सूचना तथा प्रसारण विभाग

नेपाल
द्वैमासिक

Nepal
Bi-Monthly

वर्ष ५३ अङ्क १ पूर्णाङ्क २४२ साउन/भदौ २०८०/०८१

सम्पादक मण्डल

शंकर नेपाल

भरत गौतम

मिनकुमार शर्मा

सुरज श्रेष्ठ

प्रवीण श्रेष्ठ

विषय विज्ञ

डा. हरिदत्त पाण्डेय

भाषा सम्पादन

हरिप्रसाद निरौला

लेआउट

सुवास राई

आवरण डिजाइन

प्रवीण श्रेष्ठ

मुद्रक

मुद्रण विभाग

प्रकाशक

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

काठमाडौं, फोनः ०१–५९१९८९२

E-mail: photosuchana@gmail.com

Website: www.doib.gov.np

नेपाल द्वैमासिकमा प्रकाशित लेखहरूमा समाविष्ट विचार लेखक स्वयम्का निजी हुन् ।

– सम्पादक मण्डल

सम्पादकीय...

सुशासन एउटा बृहत् विषय हो। सुशासनलाई कानुनको शासन, पारदर्शिता, भ्रष्टाचारमुक्त प्रशासन, विकेन्द्रीकरण, सहभागितामूलक पद्धति, जवाफदेहिता, समावेशिता, चुस्त सुरक्षा व्यवस्था, सेवामा सहज पहुँच आदिजस्ता सूचकका आधारमा हेर्ने गरिन्छ। यी सूचकमा सुधार भयो भने सुशासनमा सुधार भएनभएको भनी हेर्ने गरिन्छ। तथापि मानिसले अनुभूति नगरेसम्म सुशासनमा सुधार भएको भन्न सकिँदैन। यी सूचकलाई झट्ट हेर्दा सुशासन सार्वजनिक प्रशासनको क्षेत्र मात्र हो कि भन्ने लाग्न सक्छ। तर सार्वजनिक क्षेत्रको सुशासन सूचकमा सुधार भयो भने यसको चौतर्फी असरले सार्वजनिक क्षेत्रभन्दा बाहिर निजी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज, मिडिया, सहकारी सबैमा सुशासनको विस्तार हुन्छ र त्यहाँ पनि सुशासनको खोजी हुनु स्वभाविक हुँदै जान्छ। यसै सन्दर्भमा आज हामी सूचना प्रविधिको युगमा छौं। यसले मानिसबिच अप्रत्यक्ष संवादको सञ्जाल विस्तार हुँदै गएको छ। सूचना प्रविधिको यस सञ्जालले नछोएको मानिस कमै भेटिन्छन्। परम्परागत माध्यमभन्दा सूचना प्रविधि र सामाजिक सञ्जालले मानव जीवनमा पार्ने असर दीर्घकालीन हुन्छ। यस अर्थमा सामाजिक सञ्जाल र डिजिटल एवम् साइबर क्षेत्रमा पनि सुशासन कायम हुनु अपरिहार्य भएको छ। २०८० भाद्र २२ गते निजामती सेवा दिवसको अवसरमा नेपाल द्वैमासिकको २४२ औं अङ्कलाई यिनै विषयक्षेत्र समेट्दै सुशासन अङ्कको रुपमा प्रस्तुत गरिएको छ। नेपालको संविधान, आवधिक योजना, दीर्घकालीन तथा क्षेत्रगत नीतिहरू तथा नेपाल सरकारका नीति तथा कार्यक्रमहरूमा सुशासनलाई प्राथिमकतामा राखेको पाइन्छ। यस अङ्कमा समेटिएका लेखहरूबाट सुशासनका बारेमा थप प्रष्ट हुने तथा यसका विविध आयामहरूको बारेमा जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ।

विभागबाट पत्रिकाको प्रत्येक अङ्कलाई परिमार्जित, परिष्कृत र उन्नत बनाउने प्रयास निरन्तर भइरहेको छ। यस सन्दर्भमा यस अङ्कको लेखहरूको विषयवस्तु सम्पादन गर्नुहुने नेपाल सरकारका पूर्व सहसचिव डा. हरिदत्त पाण्डेय र भाषा सम्पादन गर्नुहुने नेपाल सरकारका उपसचिव हरिप्रसाद निरौलाप्रति हार्दिक आभार व्यक्त गर्दछौं। यस नेपाल द्वैमासिकको अध्ययनमा रुचि राख्ने सबै बौद्धिक लेखक तथा पाठकहरूबाट प्राप्त रचनात्मक सुझावका लागि हार्दिक कृतज्ञता

ज्ञापन गर्दै अन्त्यमा यस अङ्कमा आफ्ना लेखहरू उपलब्ध गराइदिनुहुने विद्वान् लेखकहरूप्रति हार्दिक आभारसहित पत्रिका प्रकाशनका क्रममा विभिन्न पक्षबाट सहयोग पुऱ्याउनुहुने सबै महानुभावहरू र लेआउट तथा आवरण डिजाइन गर्ने कर्मचारीहरूसमेतलाई सम्पादक मण्डलको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

सम्पादक मण्डल
नेपाल द्वैमासिक पत्रिका

विषय सूची

शीर्षक		पृष्ठ

१. सुशासनका लागि सूचनाको हक

✍ महेन्द्र मान गुरुङ १

२. सेवा प्रवाहको बदलिँदो स्वरुप : अनलाइन सेवा प्रणाली र सुशासन

✍ शंकर नेपाल ९

३. आर्थिक सुशासनका विविध पक्ष

✍ नेत्रप्रसाद सुवेदी १७

४. न्यायिक सुशासन

✍ विमल पौडेल ३१

५. हेलो सरकार : विगत, वर्तमान र भविष्य

✍ प्रद्युम्न प्रसाद उपाध्याय ४३

६. मिडियामा आन्तरिक सुशासन र स्वनियमन

✍ डा. महेन्द्र विष्ट ४९

७. सामाजिक सञ्जाल सुशासन: किन र कसरी ?

✍ डा. राजिव सुव्वा ६१

८. सार्वजनिक सेवा प्रवाह र सुशासन

✍ युवराज सुवेदी ६९

९. सार्वजनिक प्रशासन र सुशासन

✍ डा. हरिदत्त पाण्डेय ८५

१०. सुशासनको जग : भ्रष्टाचाररहित शासन

✍ हरिबहादुर थापा ९७

११. सुशासनयुक्त सहकारीका लागि कुशल व्यवस्थापन

✍ डा. खगराज शर्मा १०७

१२. नेपालमा डिजिटल सुशासनको मुद्दा :
दृष्टिकोण, चुनौती र अबको मार्गचित्र

✍ आनन्दराज खनाल १२३

१३. सुशासन प्रवर्धनमा नागरिक समाजको भूमिका

✍ विजयराज गौतम १३९

१४. साइबर सुरक्षा र डाटा संरक्षण : विद्यमान अवस्था
र भावी कार्यदिशा

✍ ई. नारायण तिमिल्सिना १४५

१५. सहकारी संस्थाको सन्दर्भमा सुशासनका अवयव

✍ टोलराज उपाध्याय १५७

सुशासनका लागि सूचनाको हक

✍ महेन्द्र मान गुरुङ*

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन जुनसुकै सरकारको पनि चाहना र प्रतिबद्धता रहने गरेको छ। प्रायः राजनैतिक दलका घोषणापत्र, सरकारका घोषणा, नीति तथा कार्यक्रम तथा अन्य प्रकाशनहरूमा सुशासनका बारेमा उल्लेख गरेको पाइन्छ। तर यी शब्दहरूको कार्यन्वयन सही र प्रभावकारी रुपमा नहुने हो भने यसको कुनै अर्थ हुँदैन। जब हामी सुशासनको कुरा गर्छौं, आधारभूत र पहिलो कुरा जुन हाम्रो दिमागमा ठोक्किन्छ त्यो पारदर्शिता, जवाफदेहिता, जनताको सहभागिता, सचेत नागरिक आदि हुन्। सुशासनका लागि नीति, कानुन, रणनीति आदि निर्माणमा सर्वसाधारण नागरिकको सहभागिता आवश्यक हुन्छ।

स्वाभाविक रुपमा लोकतान्त्रिक पद्धतिमा त्यसमा पनि हामीले रोजेको पद्धतिमा सर्वसाधारण जनताबाट निर्वाचनमार्फत निर्वाचित जनप्रतिनिधिले बनाएको सरकारमार्फत सर्वसाधारण जनताले खोजेको चाहेको अनुरुप देशको आर्थिक, सामाजिक, राजनैतिक विकास हुन्छ र सर्वसाधारणका आकाङ्क्षाहरू पूरा हुँदै जान्छन् भन्ने विश्वास गरिएको हुन्छ, किनकि लोकतन्त्रमा जनता मालिक हुन्छन्, सार्वभौमसत्ता जनतामा निहित हुन्छ, स्वतन्त्र र आवधिक निर्वाचनको माध्यमबाट जनताका प्रतिनिधि अर्थात् जनप्रतिनिधि चुनिन्छन् र जनताका लागि हुने सबै कामहरू पारदर्शी रुपमा सञ्चालित हुन्छन् भन्ने मान्यता हुन्छ। एकपटक निर्वाचन भइसकेपश्चात् जनप्रतिनिधि र नागरिकको सम्बन्ध सामान्यतया टुट्छ वा सिधा सम्पर्क हुँदैन र सार्वजनिक सेवा लिनका लागि नागरिक सार्वजनिक निकायको भर पर्दछ। जुन निकाय कर्मचारीतन्त्रले चलाउँछ, जुन निर्वाचित होइनन्, योग्यता

** प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग*

र क्षमताका आधारमा परीक्षाको माध्यमबाट छनौट भएर जनताबाट चुनिएका जनप्रतिनिधिका कार्यक्रमहरू कार्यन्वयन गर्न नियुक्त हुन्छन्। स्वाभाविक रुपमा कर्मचारीतन्त्र जनप्रतिनिधि जसरी जनता प्रति सिधै उत्तरदायी हुँदैन। त्यसका लागि विभिन्न कानुन बनाई व्यवस्थित गर्ने प्रयास भएको हुन्छ तर यो कार्य सहज छैन फेरी असम्भव पनि हैन। यसरी राजनैतिक नेतृत्वले बनाएका नीति तथा कार्यक्रमहरू कार्यन्वयन गर्ने क्रममा हुन सक्ने बेथिति, अनियमितता, गैरजिम्मेवार, भ्रष्ट क्रियाकलाप हुन सक्ने सम्भावनालाई ध्यानमा राखी आफ्ना लागि आफूले तिरेको करबाट हुने कार्यका बारेमा जान्न पाउने, थाहा पाउने हकका रुपमा सूचनाको हकको शुरुआत भएको र लोकतान्त्रिक पद्धतिका लागि लडेका जनप्रतिनिधिहरूले अन्तरिम संविधान बन्दादेखि नै यसलाई अंगिकार गरेको पाइन्छ। त्यही भएर सूचनाको हकको आफ्नै प्रकारको महत्त्व छ। सूचनाको हकको राम्रो प्रयोग भएका देशहरूमा जनप्रतिनिधि र सर्वसाधारणले चाहेको अनुरुप शासन सञ्चालन भइरहेको हुन्छ अर्थात् जनताका लागि राम्रो काम भइरहेको हुन्छ। यसको जस पाउने भनेको सरकारले हो वा जनप्रतिनिधिले हो। यसैले गर्दा लोकतन्त्रमा सबै क्रियाकलापहरूका बारेमा स्पष्ट, सत्य र पूरा सूचना पाउने जनताको हक प्रत्याभूत गरिएको हुन्छ। यसको महत्त्व बुझेर नै २०६३ सालमा बनेको अन्तरिम संविधानबाट सूचनाको हकले प्रवेश पाई संवैधानिक हकका रुपमा स्थापित भएको र २०६४ सालमा सूचनाको हक सम्बन्धी ऐन जारी भएको हो।

सूचनाको हक सम्बन्धी कानुनले जनता र सरकारबिच असल सम्बन्ध स्थापित गर्छ। सुशासनका लागि नागरिक सहभागिता जरुरी हुन्छ। प्रभावित समुदाय र समूहहरूले कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा सहभागी हुने अवसर सूचनाको हकले प्रदान गर्दछ। सूचनाको हकका कारण सरकारले के गरिरहेको छ जसले उनीहरूको जीवनयापनमा असर गर्ने मुद्दाहरूमा आफ्नो राय व्यक्त गर्न मद्दत गर्दछ। सूचनाको हकले नागरिकलाई सहभागी हुने अवसर प्रदान गर्दा लोकतन्त्र बलियो बनाउँछ। सूचनाको हक सम्बन्धी अधिकारले शासन प्रक्रियामा सर्वसाधारण नागरिकको सक्रिय सहभागिताको बाटो सरल र सहज बनाएको छ।

सूचनाको हक र सुशासनबिच अत्यन्त घनिष्ट सम्बन्ध रहेको छ। सूचनाको हक भनेको सुशासनको लक्ष्य हासिल गर्ने एकदमै महत्त्वपूर्ण माध्यम हो। सुशासनका तत्त्वहरू पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्त्व, विधिको शासन, भ्रष्टाचाररहित अवस्था, निष्पक्ष र आवधिक निर्वाचन, सामाजिक न्याय आदि र सूचनाको हकको माध्यमबाट यिनीहरूको प्रवर्धन सहज हुन्छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ लाई सही दृष्टिकोणमा प्रयोग गरिएमा सर्वसाधारण नागरिकका लागि एक शक्तिशाली औजार हुन सक्छ। यस ऐनको प्रभावकारी कार्यान्वयन आवश्यक छ। सूचनाको हक केवल एक जानकारी उपलब्ध गराउने माध्यम मात्र होइन, यो एक यस्तो माध्यम हो जसले सर्वसाधारण नागरिकलाई विधि प्रक्रियाभित्र सहभागी हुन आवश्यक पर्ने अधिकार दिन्छ। यसले हाम्रो लोकतन्त्रलाई बलियो बनाउँछ। यो उत्कृष्ट शासनको वास्तविक यथार्थ हो। सार्वजनिक निकायले सर्वसाधारण नागरिकलाई स्वेच्छाले सूचना दिनुपर्छ। यसले जनता र सरकारबिच विश्वास बढाउन मद्दत गर्दछ।

सूचनामा नागरिकको पहुँच जति बढी हुन्छ, जनताको आवश्यकताप्रति सार्वजनिक निकायको उत्तरदायित्व त्यति नै बढी हुन्छ। सूचना विना नागरिकहरूले आफ्नो अधिकारको प्रभावकारी प्रयोग गर्न सक्दैनन्। नागरिकलाई अभिव्यक्तिको स्वतन्त्रता नदिएसम्म साँचो अर्थमा लोकतन्त्रको महत्त्व रहदैँन र टिक्न मुश्किल हुन सक्दछ।

सुशासनका सन्दर्भमा नेपालमा विशेष गरी चार ओटा कानुनहरू सान्दर्भिक हुन सक्दछ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, भ्रष्टाचार निवारण ऐन, २०५९ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ रहेका छन्।

सुशासन ऐनको दफा १६ मा निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने व्यवस्था गरिएको छ। जसअनुसार यस ऐन वा अन्य प्रचलित कानुनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नुपर्ने छ भनिएको छ भने दफा २५ ले नागरिक बडापत्र राख्नुपर्ने र दफा ३० ले सार्वजनिक सुनुवाइ गराउनुपर्ने व्यवस्था गरेको पाइन्छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ ले यस ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा अन्य प्रचलित नेपाल कानुनबमोजिम सम्बन्धित कार्यालयले गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने भनेको छ। यसबाट सबै वित्तीय प्रतिवेदनहरू सार्वजनिक गर्नुपर्ने दायित्व सार्वजनिक निकायहरूमा राखिएको पाइन्छ, सुशासन कायम गर्न।

यी सबै व्यवस्थाहरू हुँदाहुँदै पनि नेपालमा सुशासनको अवस्था त्यति भरपर्दो वा विश्वसनीय रुपमा भइरहेको पाइँदैन। यस अर्थमा सुशासन कायम गर्न सूचनाको

हक एउटा अचुक र प्रभावकारी माध्यम बन्न सक्दछ। सुशासनका लागि आवश्यक पर्ने मूलभूत तत्त्वहरूः पारदर्शिता, जवाफदेहिता, सहभागिता, पहुँच, सशक्तीकरण, समावेशितालाई सूचनाको हक सम्बन्धी कानुनले आत्मसात मात्र गरेको छैन, सुशासन कायम गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

नेपालको संविधानको धारा २७ मा सूचनाको हक सम्बन्धी व्यवस्था गरेको छ। जसअनुसार प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ भनिएको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा राज्यका काम कारवाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न यो ऐन बनाउन परेको उल्लेख गरिएको छ। यसैबाट पनि सुशासनका लागि सूचनाको हकको महत्त्व प्रष्टै झल्किन्छ।

सूचनाको हक सम्बन्धी ऐनले प्रत्येक सार्वजनिक निकायले प्रत्येक ३/३ महिनामा स्वत प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी स्वत प्रकाशनमा रहनुपर्ने विषयहरू पनि कानुनले नै निर्दिष्ट गरेको छ। यस्तो प्रकाशनको माध्यमबाट सर्वसाधारण नागरिकले त्यो सार्वजनिक निकाय के कति कामका लागि स्थापना भएको हो, को को कार्यरत छन, यसका योजना, कार्यक्रम र बजेट कति छ, गएको ३ महिनामा के के कामहरू सम्पन्न गऱ्यो, के कस्तो उपलब्धि प्राप्त गऱ्यो, के कति खर्च भयो अब के गर्न बाँकी छ वा गरिनेछ भन्ने बारेमा सबै जानकारी प्राप्त गर्ने अवसर पाउँछ। जुन पारदर्शिता, जवाफदेहिता, सहभागिता र स्पष्टताका हिसाबबाट उत्कृष्ट कार्य हो भन्नुपर्ने हुन्छ।

त्यस्तै गरी सूचनाको हक सम्बन्धी कानुनले नेपाली नागरिकले प्रत्येक सार्वजनिक निकायमा आफ्नो र सार्वजनिक चासोका विषयमा सूचना माग्न पाउने अधिकार प्रदान गरेको छ। आफ्नो गाउँठाउँमा निर्माण हुने वा हुँदै गरेका कार्यहरू, वितरण हुने विभिन्न सेवा सुविधाका विषयहरू, निःशुल्क औषधी, छात्रवृत्ति, बिउ मल वितरण तथा उपलब्धता, खाद्य पदार्थको स्वच्छता जस्ता विषयमा सर्वसाधारण नागरिकले सूचना माग गर्न पाउँदछन् र सूचना पाउने अधिकार रहेको छ।

सूचनाको हक सम्बन्धी ऐनले सार्वजनिक निकायको दायित्त्वभित्र सूचना वर्गीकरण

र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो काम कारवाही खुला र पारदर्शी रुपमा गर्ने बनाएको छ। अझ कानुनले त सार्वजनिक निकायले सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्ने व्यवस्थासमेत गरेको र सबै नागरिकले बुझ्न बुझाउन पर्दछ भन्ने दायित्त्वसमेत तोकेकोबाट सुशासनको लागि आवश्यक सहभागिता, पारदर्शिता, समावेशिता र पहुँचलाई समेत सम्बोधन गरेको छ।

सर्वसाधारण नागरिकलाई सार्वजनिक निकायमा सहज र सरल होस् भनी सूचनाको हक सम्बन्धी कानुनले अनिवार्य रुपमा सूचना अधिकारी तोक्नुपर्ने व्यवस्था गरेको छ। यो व्यवस्था कार्यान्वयन पनि भइरहेको छ। सुशासन कायम भएको देशमा सर्वसाधारण नागरिकका व्यक्तिगत प्रकृतिका सूचना सार्वजनिक नहुने गरी संरक्षित रुपमा राखिन्छ। त्यही सिद्धान्तलाई अङ्गिकार गरी सूचनाको हक सम्बन्धी कानुनले कुनै पनि व्यक्तिको व्यक्तिगत प्रकृतिको सूचना छ भने संरक्षित तथा निजको स्वीकृतिबिना सार्वजनिक गर्न नहुने व्यवस्था गरेको छ।

महत्त्वपूर्ण व्यवस्थाका रुपमा रहेको सूचनादाताको संरक्षण व्यवस्थामा सार्वजनिक निकायमा भएको वा भैरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्त्व हुने छ भनिएको छ। यसरी सूचना दिने सूचनादाताको पहिचान गोप्य राखिने व्यवस्था र यस्तो सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्त्व वहन गराउने गरी सजाय गरिने वा हानि नोक्सानी पुऱ्याउन पाइने छैन भनी संरक्षणको व्यवस्था गरिएको छ। यसमा थप व्यवस्था कहीँ कतै सूचनादातालाई सजाय गरेमा वा हानि नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी राष्ट्रिय सूचना आयोगमा गर्न सक्ने व्यवस्था र आयोगले परेको उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्ने व्यवस्थाले गर्दा भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिन कर्मचारीलाई प्रोत्साहन गरेको अवस्था छ।

सूचनाको हक सम्बन्धी अधिकारले सूचना माग्ने र पाउने अधिकारका कारण नागरिक सशक्तिकरणमा महत्त्वपूर्ण भुमिका खेलेको छ। सार्वजनिक निकायमा गएर आफ्नो र सार्वजनिक चासोका विषयमा सूचना माग्न सक्षम बनाएको छ, कानुनी

रुपमा नै । किनकि सूचना माग्दा पाइएन भने राष्ट्रिय सूचना आयोगमा उजुरी मात्र हैन त्यस्तो पदाधिकारीलाई सजायसमेत गराउन सक्ने अधिकार सूचनाको हकले दिन्छ। जुन अभूतपूर्व अधिकार हो नागरिकलाई बलियो बनाउन ।

सूचनाको हककै कारण सुशासनका लागि अत्यन्त महत्त्वपूर्ण समावेशितालाई पनि सम्बोधन गर्न सकिन्छ अर्थात् भई नै रहेको छ। सूचनाको हक सबै नागरिकका लागि बनेको हुँदा कुनै पनि समुदाय, आर्थिक अवस्थाको, अपाङ्गता भएका वा महिला, पिछडिएका समुदायका नागरिकलाई पनि सूचनाको हक सम्बन्धी अधिकार उत्तिकै लागु हुन्छ।

फेरी सूचनाको हक मात्रै यस्तो कानुन हो जुन कानुनको परिधिभित्र कार्यपालिका मात्र नभई व्यवस्थापिका, न्यायपालिका, नेपाली सेना, राजनैतिक दलहरूलाई पनि लागु हुन्छ। अर्थात् सर्वसाधारण नागरिकले यी सबै निकायमा सूचना माग्न पाउने अधिकार नेपालको संविधान र सूचनाको हक सम्बन्धी ऐनले प्रदान गरेको छ। यो भनेको लोकतन्त्र र सुशासनका लागि अत्यन्तै महत्त्वपूर्ण व्यवस्था हो ।

उदाहरणका रुपमा भन्ने हो भने सार्वजनिक निकायले गर्ने अनियन्त्रित खर्च, जथाभावी वितरण भएका छात्रवृत्ति र अनुदान, उपचार खर्च, अस्पतालहरूले उपलब्ध गराउन पर्ने निःशुल्क बेडको विषय, कानुनले दिएको भन्दा बढी सुविधा लिने प्रवृत्ति, अनुसन्धान प्रतिवेदनहरूको आडमा गरिने भ्रष्टाचारका घटना आदिलाई लिन सकिन्छ। यस्ता सबै प्रकारका घटनाहरू सूचनाको हकका माध्यमबाट बाहिर ल्याउन सकिन्छ जुन सुशासन कायम गर्न एकदमै महत्त्वपूर्ण हुन्छ।

सूचनाको हकको कार्यान्वयनबाट महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। अहिलेसम्म भएको उपलब्धिहरूको आधार तथा नयाँ संघीय संरचनाबाट सृजित सार्वजनिक निकायहरूलाई सूचनाको हकमा अभ्यस्त बनाउन र सूचनाको हक माग्न र पाउन नागरिकलाई नै अधिकार सम्पन्न बनाई सुशासनका लागि नयाँ तरिका, सोच र रणनीति अपनाउन जरुरी देखिन्छ।

सूचनाको हक सम्बन्धी कानुनले सूचना माग्न पाउने र प्राप्त गर्ने हक नागरिकलाई दिएको छ। अहिलेसम्म सामान्यतया सूचनाको हकको प्रयोग सञ्चारकर्मी र अभियन्ताहरूले बढी प्रयोग गरेको पाइन्छ। नागरिक तहसम्म पुऱ्याउन सकियो भने मात्र यो व्यवस्था सार्थक हुन्छ।

ट्रान्सपेरेनसी इन्टरनेसनलबाट प्रकाशित सन् २०२१ र २०२२ का प्रतिवेदनहरूमा भ्रष्टाचार नियन्त्रणका लागि दिइएका मुख्य सुझावहरूमध्ये एउटा सुझाव सूचनामा

पहुँच वृद्धि गर्नुपर्ने भनिएको छ। साथै भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रको महासन्धीले पनि भ्रष्टाचार नियन्त्रणका लागि सूचनामा पहुँचलाई एउटा महत्त्वपूर्ण माध्यमको रुपमा स्वीकारेको छ। युनेस्कोले पनि सूचनाको पहुँचको माध्यमबाट गरिबी निवारण र भ्रष्टाचार नियन्त्रण गर्न सघाउ पुऱ्याउने भनेको छ।

सूचनाको हकलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न सकियो भने पारदर्शिता कायम गर्न, नागरिकको सहभागिता बढाउन, भ्रष्टाचार नियन्त्रण गर्न, सार्वजनिक निकायहरूलाई जवाफदेही बनाउन, जिम्मेवार बनाउन, अनियमितता कम गर्न एवम् स्वेच्छाचारितामा रोक लगाउन सकिन्छ। सार्वजनिक निकायमा रहेको गोपनीयताको संस्कृतिबाट बाहिर निक्लनै पर्छ, अन्यथा आर्थिक समृद्धि हासिल गरी सुशासनयुक्त समाज निर्माण गर्ने हाम्रो चाहना, सपना र इच्छा दिवास्वप्नका रुपमा परिणत हुने छ।

स्रोत सन्दर्भः

- नेपालको संविधान
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४
- भ्रष्टाचार निवारण ऐन, २०५९
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६
- Transparency International बाट प्रकाशित सन् २०२१ र २०२२ का प्रतिवेदनहरू
- UNESCO Reports
- UNCAC Reports
- राष्ट्रिय सूचना आयोगका वार्षिक प्रतिवेदनहरू

सेवा प्रवाहको बदलिँदो स्वरुप : अनलाइन सेवा प्रणाली र सुशासन

✍ शंकर नेपाल*

विषय प्रवेश

सार्वजनिक सेवामा नागरिकले अक्सर सुशासन खोजी रहेका हुन्छन्। सामान्य रुपमा सहभागितामूलक निर्णय प्रक्रिया, सहमतिउन्मुख, जवाफदेही, पारदर्शी, जिम्मेवार, प्रभावकारी, सक्षम, समतामूलक, समावेशी र कानुनको शासन जस्ता गुण भएको शासन व्यवस्थालाई सुशासन भनी बुझ्ने गरिन्छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले पनि "मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी र सहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन"लाई सुशासनका आधारभूत मान्यताका रुपमा लिएको छ। सोही ऐनमा "सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने" भनी सुशासनको उद्देश्य प्रष्ट रुपमा उल्लेख गरेको छ। त्यसो त सुशासन सार्वजनिक निकायमा मात्र नभई निजी क्षेत्र र गैरसरकारी संस्थालगायत सबै ठाउँमा अपेक्षित हुन्छ। सार्वजनिक निकायमा नागरिकको अधिकार हुने हुँदा सुशासनको बढी चासो रहनु स्वाभाविक नै मानिन्छ। त्यसैले होला नेपालको कानुनी र योजनाका दस्तावेज र नीति तथा कार्यक्रममा सुशासनले लामो समयदेखि प्रमुखता पाएको देखिन्छ।

---

* *महानिर्देशक, सूचना तथा प्रसारण विभाग*

सुशासन मापनका लागि सार्वजनिक सेवाप्रवाहको गुणस्तर पहिलो कडी हो । सार्वजनिक सेवाप्रवाहले सरकारी सेवाप्रवाहको गुणस्तर मात्र नहेरी निजी क्षेत्रबाट हुने सेवाप्रवाहको नियमनको स्तर आमनागरिकको हक संरक्षणमा प्रभावकारी भए नभएकोबाट पनि मापन हुने गर्दछ । उदाहरणका लागि दैनिक कामकाजमा जाने व्यक्तिले निजी क्षेत्रका यातायात प्रणालीबाट सेवाग्राहीले उचित व्यवहार र शुल्कमा सेवा पाउन सकेका छन् वा छैनन् भन्नेबाट पनि सरकारको नियमनको प्रभावकारिता र सुशासनको स्तर मापन हुने गर्दछ । सरकारी सेवाप्रवाहको क्रममा सेवाग्राहीप्रति कर्मचारीको मर्यादित व्यवहार, समयमा सेवाप्रवाह, सेवाको गुणस्तर र सेवाग्राही सन्तुष्टिको स्तरबाट सुशासनको अवस्था खोज्नु त झन स्वाभाविक नै हुन्छ । सेवाग्राहीले आफूले लिन चाहेको सेवा कति सहज ढङ्गले लिन सक्छन् वा सो सेवा लिन के कति सामर्थ्य राख्दछन् भन्ने कसीमा आजभोलि सुशासनलाई हेर्ने गरिन्छ (केम्पा, २००५) । यसरी सेवाप्रवाहको प्रभावकारिता वा परिणामबाट सुशासनको स्तरलाई मापन गरिन्छ । सरकारी सेवाका लागि कतिपय अवस्थामा निजी क्षेत्रबाट प्रदान हुने सेवा पनि आवश्यक हुन्छ । उदाहरणका लागि बैङ्क वा डिजिटल वालेटमार्फत कर वा शुल्क तिर्नुपर्ने वा बीमा आवश्यक हुने अवस्थामा बीमा कम्पनीमा तिरेको बीमा नीति जस्ता कुराले सरकारी सेवा र निजी सेवालाई जोडेको देखिन्छ ।

हुन त आज पनि नागरिकको पहुँच र सेवाप्रदायकको उत्तरदायित्वपूर्ण व्यवहार, राजनीतिक स्थिरता र हिंसाको अन्त्य, सरकारको प्रभावकारिता, नियमनको गुणस्तर, कानुनको शासन र भ्रष्टाचार नियन्त्रण जस्ता सुशासनका मानकहरू यथावत् नै छन् । तथापि आम नागरिकले सुशासनलाई बुझ्ने र महसुस गर्ने भनेकै उनीहरूले कति सरल र सहज रुपमा आफूले पाउनुपर्ने सेवा प्राप्त गर्न सकेका छन् भन्नेबाट हेर्ने गर्दछन् । लामो लाममा नबसी र दलालको सहयोग नलिइकन सेवा सरल र सहज रुपमा तोकिएको समयमै प्राप्त गर्न सकेमा र कर्मचारीबाट सहयोगी व्यवहार महसुस गरेमा नेपाल त साँच्चिकै सप्रेछ र सुशासन आएछ भन्ने सबैलाई महसुस हुन्छ । त्यसैले अहिले सुशासनलाई परिणाममा हेरिन्छ, कागजी सुधारमा होइन ।

सरकारले शिक्षा, स्वास्थ्य, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा, खानेपानी, फोहोरमैला व्यवस्थापन, विद्युत वितरण सडक तथा फुटपाथ विस्तार, मर्यादित र व्यवस्थित यातायात प्रणाली विकास, सडक बत्ती व्यवस्थापन, पार्क तथा मनोरञ्जन स्थल निर्माण, खुला ठाउँ तथा वातावरण संरक्षण, विपद्का समयमा उद्धार, राहत तथा पुर्नस्थापनालगायत सयौं काम गर्नुपर्ने हुन्छ । यी सबै काम सरकारले एक्लै गर्न पनि सक्दैन । सरकारले यसमा निजी तथा गैरसरकारी क्षेत्र एवम् नागरिक समाजलाई के

कति अवसर प्रदान गरेको र त्यसको नियमन कसरी गरिराखेको छ भन्नेबाट पनि सुशासनलाई मापन भैरहेको हुन्छ।

सरकारी निकायहरूमा हिजोआज सूचना प्रविधिको प्रयोग गरी अनलाइन सेवाको माध्यमबाट नागरिकको समय र परिश्रम दुवैमा सुधार ल्याई सेवा प्रवाहलाई चुस्त बनाउने काम हुन थालेको छ। यद्यपि सरकारले गर्ने सबै काम अनलाइनबाट मात्र सम्भव हुन्न भौतिक रुपमा हुने विकास निर्माणका काम भौतिक रुपमै गर्नुपर्ने हुन्छ। तथापि नीति निर्माणका लागि भने तथ्याङ्क निर्माण तथा अभिलेखीकरणको काम सूचना प्रविधि र अनलाइन माध्यमबाट हुने गरेको छ। निजी तथा गैरसरकारी क्षेत्रसँगको यस्तो सूचनाको आदानप्रदानले सेवाको गुणस्तरमा सुधार ल्याउने गरेको छ।

सुशासनका योजना तथा कार्यक्रम

नेपालको १५औं योजनाले "समग्र शासन व्यवस्थामाथि नागरिकको विश्वास अभिवृद्धि गर्दै विधिको शासन सुदृढ बनाउने" लक्ष्यका साथै "सार्वजनिक निकायका काम कारवाहीहरूलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वास अभिवृद्धि गर्ने" उद्देश्य लिएको छ।

"सुशासन, विकास र समृद्धिका लागि डिजिटल नेपाल"को दूरदृष्टिसहित पारित डिजिटल नेपाल फ्रेमवर्कले "आम नागरिकलाई प्रदान गरिने सार्वजनिक सेवा सरल र सहज रुपमा" उपलब्ध गराउने उद्देश्य लिएको छ। त्यसैगरी "सार्वजनिक निकायमा रहेका विद्युतीय सूचना प्रणालीबिच अन्तरआबद्धता कायम गरी नागरिकलाई छिटो, छरितो, मितव्ययी र प्रभावकारी रुपमा एउटै विद्युतीय प्रणालीबाट सेवा र सूचना प्रवाहको व्यवस्था गर्न" जारी भएको नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८ मा "सेवा प्रवाह गर्दा निजी क्षेत्रका निकायको समेत आबद्धता गर्नुपर्ने भएमा त्यस्तो निजी क्षेत्रबाट प्रवाह हुने सेवालाई प्राविधिक समितिको सिफारिसमा" नागरिक एपमा आबद्ध गर्न सकिने उल्लेख गरेको छ। यसबाट सरकारी अनलाइन प्रणालीको कुशल कार्यान्वयनका लागि निजी क्षेत्रका अनलाइन सेवा पनि आवश्यक हुन सक्ने बुझिन्छ।

सरकारी सेवा प्रवाहमा बढ्दो अनलाइन प्रणाली

विगत केही वर्षहरूमा सरकारी कार्यालयहरूमा आफ्ना आन्तरिक प्रयोजनका लागि मात्र नभई सेवा प्रवाहका लागि समेत कम्प्युटर सफ्टवेयरको प्रयोग बढ्दो छ। नेपाल सरकारका मन्त्रालय, विभाग, स्वास्थ्य संस्थाहरू, सार्वजनिक संस्थान तथा कम्पनीहरू,

सरकारी बैङ्क, स्थानीय तहहरूलगायतले क्रमशः अनलाइन सेवामा प्रवाह गर्ने क्रम बढ्दै गएको छ। राष्ट्रिय सूचना प्रविधि केन्द्रले यस्ता ३० ओटा निकायसँग ७१ ओटा अनलाइन सेवाहरू नागरिक एपमार्फत आफ्ना सेवाग्राहीसम्म पुऱ्याउन सकिने भनी पहिचान गरेको छ। यसमध्ये ५६ ओटा सेवाहरू नागरिक एपमा समावेश भैसकेका छन्। यसबाट नागरिकलाई आफ्ना आधिकारिक विवरण आफ्नो मोबाइल फोनबाट हेर्न सहज भएको छ। अहिलेसम्म आफ्नो विवरण हेर्ने सुविधा मात्र भएको यो एपमार्फत आगामी केही वर्षहरूमा यी सेवाहरूको अन्तरआबद्धता कायम भएमा विभिन्न निकायबाट प्रवाह हुने सेवासमेत पाउने सम्भावना पनि रहन्छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ५८ ओटा निकायमा ३२२ ओटा अलग अलग सफ्टवेयर आन्तरिक प्रयोजन तथा सेवा प्रवाहका लागि प्रयोग गरेको पहिचान गरेको छ। यीमध्ये केही निकायका सफ्टवेयर सबै निकायमा प्रयोग हुने गरेका छन्। उदाहरणका लागि अर्थ मन्त्रालयका बजेट सम्बन्धी सफ्टवेयर, महालेखा नियन्त्रण कार्यालयका लेखा, राजस्व तथा जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवेयर सबै सरकारी निकायहरूमा कार्यान्वयनमा छन्। यसैगरी अर्थ मन्त्रालयको बजेट सम्बन्धी सफ्टवेयर प्रदेशमा पनि कार्यान्वयनमा छन्। त्यसैगरी महालेखा नियन्त्रण कार्यालयका लेखा, राजस्व तथा जिन्सी व्यवस्थापन सम्बन्धी सफ्टवेयर र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी सफ्टवेयर स्थानीय तहमा समेत कार्यान्वयनमा छन्। यसबाट प्रशासनिक चुस्तता र अभिलेख व्यवस्थापनमा सहयोग पुग्नुका साथै स्थानीय तहदेखि केन्द्रीय तहसम्म एकीकृत अभिलेख तयार भई तथ्यमा आधारित नीति निर्माणको आधार तयार भएको छ। यसले सुशासन र सेवा प्रवाहमा कालान्तरमा सहयोग पुग्न सक्ने सम्भावना पनि बढाएको छ।

आम सेवाग्राहीका लागि अहिले सबैभन्दा बढी प्रयोग हुने अनलाइन सेवामा लोक सेवा आयोग परीक्षाका लागि दरखास्त प्रणाली, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नो अब्जेक्सन सर्टिफिकेट अनलाइन, सवारी लाइसेन्स प्रणाली, राहदानी व्यवस्थापन निवेदन, स्थायी लेखा नम्बर, कर विवरण तथा कर दाखिला गर्ने, कम्पनी दर्ता, बोलपत्र दर्ता, राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सेवा, तथा हेलो सरकारलगायतका छन्। यी सेवाहरूमा समय समयमा प्राविधिक एवम् व्यवस्थापकीय कमजोरी देखिए पनि यसलाई सुधार गर्दै लानुपर्ने आवश्यकता छ।

केही कार्यालयहरूको सेवा पूर्णरुपमा अनलाइन पद्धतिमा आधारित छ। उदाहरणका

लागि सूचना तथा प्रसारण विभागबाट अनलाइन पत्रिका दर्ता तथा नवीकरण, पत्रकार परिचय पत्र, रेडियो, टेलिभिजन, प्रसारण वितरण प्रणाली तथा सिफारिसहरू सबै अनलाइन माध्यमबाट हुने गरेको छ। सेवाग्राहीको अत्यधिक चाप रहने आन्तरिक राजस्व विभाग र वैदेशिक रोजगार विभाग तथा तिनका कार्यालयहरूमा अहिले सेवाग्राहीको विगतमा जस्तो भीड देखिन्न। अनलाइन सेवा र व्यवस्थापकीय सुधारले गर्दा सेवा प्रवाहमा यस्तो सुधार देखिएको हो। वैदेशिक रोजगार विभागले व्यक्तिगत रुपमा वैदेशिक रोजगारमा जानेहरूका लागि स्थानीय तहमा रहेका रोजगार सूचना केन्द्रबाट विवरण अनलाइन प्रविष्टि गराउने सुविधा उपलब्ध गराएको छ। अपेक्षाकृत परम्परागत मानिने गरेको नापी तथा अदालतबाट हुने केही सेवाहरू पनि अनलाइन प्रणालीमा गएबाट अनलाइन सेवा प्रवाह अबको सरकारी सेवा प्रवाहको स्वरुप बन्दै गएको छ। नापी विभागको "मेरो कित्ता" प्रणालीबाट आफ्नो जग्गा र सर्वोच्च अदालतको "एकीकृत मुद्दा व्यवस्थापन प्रणाली"बाट मुद्दा सम्बन्धी जानकारी प्राप्त गर्न सकिन्छ।

अनलाइन प्रणालीबाट देखिएका सकारात्मक नतिजा

सरकारी सेवा प्रवाहमा अनलाइन प्रणाली सञ्चालनमा ल्याएका अड्डाहरूमा सेवाग्राहीले घण्टौं लाइन बस्नुपर्ने गरी भीड घटेको छ भने जनसरोकारका केही अड्डामा भीड अझै घटेको छैन। टोकन प्रणाली लागु भएपछि पालो व्यवस्थापन सहज भए पनि केही केही अड्डाहरूमा सेवा प्राप्त गर्ने घण्टौं कुर्नुपर्ने समस्यामा सुधार भएको भन्ने बेला भैसकेको छैन। तथापि सुशासन ऐनले भनेझैं जनमुखी, जवाफदेही, पारदर्शी, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन बनाउन तथा सर्वसाधारणलाई छिटो, छरितो तथा कम खर्चिलो सेवा प्रदान गर्नमा अनलाइन प्रणालीले सहयोग पुऱ्याएको भन्न सकिने धेरै दृष्टान्तहरू छन्। अनलाइन प्रणालीले सेवाग्रहीको हकमा पालो र समय व्यवस्थापनलाई सहयोग पुऱ्याउँदै आएको छ। यसले गर्दा सेवा प्राप्तिका लागि कर्मचारी र सेवाग्राही बारम्बार ठोकिनुपर्ने अवस्थामा कमी आएको छ। सेवाग्राहीलाई इमेल वा मोबाइलमार्फत आवश्यक जानकारी (नोटिफिकेसन) उपलब्ध गराउने प्रचलन बढेको छ। सेवाग्राहीको निवेदनको समय र मितिसहितका क्रियाकलापहरू सर्भरमा बस्ने हुनाले पनि कर्मचारीले समयमा काम गर्न जरुरी बनेको छ।

अनलाइन प्रणाली सेवा प्रवाहका लागि मात्र नभई आन्तरिक व्यवस्थापनका लागि मात्र पनि प्रयोगमा आएका छन्। दुवै थरीमा सूचनाहरूको अभिलेख सर्भरमा बस्ने हुँदा चाहिएको बखत सजिलै खोज्न मिल्छ र कार्यालय एवम् सेवाग्राहीको

समय बचत हुन्छ। अनलाइन प्रणालीबाट सेवाप्रवाहमा सुधार मात्र नभई गलत क्रियाकलापसमेत निरुत्साहित भएका उदाहरणहरू देख्न सकिन्छ। उदाहरणका लागि सार्वजनिक खरिदमा अनलाइन प्रणाली आउनुपूर्व कार्यालय परिसरमा साविकमा देखिने गुण्डागर्दी र बिचौलियाको बिगबिगी बन्द भएको छ। प्रतिस्पर्धीहरू आफ्नो कार्यालयबाटै आवेदन गर्न सक्ने भएका छन्।

अनलाइन प्रणालीका कारण एक अर्को प्रणालीसँग अन्तरआबद्धता कायम हुने क्रम पनि बढ्दै गएको छ। यसबाट सेवा प्रवाह छिटो छरितो हुन पुगेको छ। उदाहरणका लागि अध्यागमनको नेपाली पोर्टलले प्रणाली पासपोर्ट प्रणालीका विवरण पढ्न सक्ने र वैदेशिक रोजगारको श्रम इजाजत प्रणाली एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नो अब्जेक्सन सर्टिफिकेटका सूचनामा अध्यागमनको पहुँच हुने हुनाले सेवा प्रवाह छिटो भएको छ। अनलाइन प्रणालीले सेवाको गुणस्तर मात्र नबढाई चुहावट नियन्त्रणलाई पनि सहयोग पुऱ्याएको छ। भेहिकल एण्ड कनसाइनमेन्ट ट्र्याकिङ्ग प्रणाली शुरु भएपश्चात् व्यावसायिक मालसमानको ढुवानीका समयमा हुने चुहावट नियन्त्रण गर्न सहज भएको छ।

अहिले स्थानीय तहमा अनलाइन सेवा प्रवाहको प्रचलन बढिरहेको छ। सबैजसो स्थानीय तहमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी काम र उल्लेख्य संख्यामा नगरपालिकाहरूमा भवनको नक्सा पास तथा राजस्व तिर्ने कार्य अनलाइन प्रणालीबाट भैरहेको छ। अहिले अनलाइन प्रणालीबाट बिजुली तथा टेलिफोनको बिल तिर्ने, शिक्षण संस्थाको शुल्क तिर्ने, बैङ्कमा खाता खोल्ने, सवारी साधन तथा हवाई सेवाको टिकट काट्नेजस्ता काम मानिसको जीवनको अङ्ग बन्दै छ। यसरी निजी संस्थान तथा क्षेत्रले पनि आफ्ना सेवा अनलाइन प्रणालीबाट उपलब्ध गराएका छन्। सावर्जनिक तथा निजी क्षेत्रमा बढ्दो अनलाइन सेवाले गर्दा सेवाग्राहीको समय बचत हुँदै गएको छ।

अनलाइन प्रणालीका सीमा

एउटा असल अनलाइन प्रणालीले सेवाग्राहीको समय र लागत बचत गर्नुका साथै कामको अवस्था सम्बन्धमा सुसूचित समेत गराउँदछ। यति हुँदा हुँदै पनि अनलाइन प्रणालीका आफ्ना सीमा पनि हुन्छन्। अनलाइन प्रणाली प्राविधिक विषय मात्र नभई कानुनी विषय पनि हो। यसको डिजाइन कानुनी तथा कार्यविधिगत प्रावधानअनुरुप नै हुन्छ। त्यसैले कतिपय विषय प्राविधिक रुपमा सम्भव देखिए पनि कानुनी रुपमा गर्न नसकिने हुन्छ। सेवा प्रदायकले कानुनको सीमाबाट बाहिर गई सेवाग्राहीले

चाहे जसरी सेवा प्रदान गर्न सक्दैन। सेवाग्राहीलाई त्यसो नलाग्न सक्छ। यसै पनि समाजमा सेवाप्रदायक सम्बन्धमा एक खालको धारणा बनिसकेको छ। यसले सेवाप्रदायकको क्षमताका साथै सुशासनको विकासमा पनि असर पुऱ्याइरहेको छ।

अनलाइन प्रणालीमा सेवाग्राहीका व्यक्तिगत विवरणको सुरक्षा सबैभन्दा चुनौतीको विषय बन्दै गएको छ। अनलाइन प्रणालीमा प्रयोग हुने भौतिक तथा अभौतिक वस्तु सबै विदेशी छन्। अनलाइन प्रणालीका प्रावधिक सुरक्षाको ज्ञानको अभावमा कतिपय सरकारी डाटा विदेशी क्लाउडमा भण्डार भएका छन् र कतिपयमा त तिनीहरूको नियन्त्रण नै भएको कुरा सुनिन्छ। आज शक्ति राष्ट्रहरूले व्यक्तिगत डाटाको सुरक्षाका लागि एक अर्काको एपमा प्रतिबन्ध नै लाएको अवस्था पनि छ, यद्यपि यसमा आआफ्नो दबदबा कायम गर्ने शक्ति संघर्षलाई नकार्न सकिन्न।

नेपालको सन्दर्भमा अनलाइन प्रणाली व्यक्तिगत डाटाको सुरक्षा जस्तो बृहत् विषयसँग मात्र सम्बन्धित छैन। डाटा सुरक्षा र सेवाको निर्वाध प्रत्याभूति गर्न नेपालका निकायहरू सक्षम भैसकेका छैनन्। समय समयमा सर्भरमा गडबडी आएको वा प्रणाली ह्याक भएको भनी सेवा अवरुद्ध भएको छ। अझ यो भन्दा पनि सामान्य कुरा कार्यालयभित्रको नेटवर्क वा पावर ब्याकअप प्रणालीको समस्याले पनि सेवा प्रवाह भएका उदाहरणहरू प्रशस्त छन्। अनलाइन प्रणालीको सेवाको निरन्तर सुधारका लागि नीतिगत स्पष्टता, नेतृत्व चयन, कर्मचारीको खटन पटन, साधन स्रोतको विनियोजन, पेशाप्रतिको समर्पण, विषयवस्तुको संवेदशीलता, अन्तरनिकाय समन्वय, प्राविधिक समस्याको सम्बोधनलगायत कयौं विषयमा अहिलेको भन्दा फराकिलो भएर हेर्नुपर्ने बेला भैसकेको छ। मूलतः राजनीतिक तथा प्रशासनिक नेतृत्वले अझ बढी फराकिलो हुनुपर्ने देखिन्छ। यति भयो भने सरकारी अनलाइन सेवाहरूले अलि छिटै नै एक अर्कासँग अन्तरआबद्धता कायम गर्नुका साथै यी सेवाहरू तुलनात्मक रुपमा सुरक्षित र भरपर्दो र चौबिसै घण्टा सुचारु हुन सक्छन्।

निष्कर्ष

सुशासन नागरिकको नैसर्गिक अधिकार हो। राज्यबाट नागरिकले सरल, सहज र परिणाममुखी सेवा पाउनुपर्छ भने राज्यको नियमन प्रभावकारी भएमा निजी वा गैरसरकारी क्षेत्रको सेवा पनि गुणस्तरीय हुन्छन्। त्यसैगरी अधिकारको प्रत्यायोजन र प्रविधिको प्रयोगले सेवा प्रवाहलाई सहज र सरल बनाउन सक्छ। हालका वर्षहरूमा सरकारी निकायहरूमा अनलाइन प्रणाली सञ्चालनमा ल्याउने क्रम बढ्दै गएको छ र अझ बढ्ने निश्चित छ। अबका केही वर्षमा सरकारी अनलाइन सेवाहरू पनि एक

अर्कासँग आबद्ध हुने छन् र सेवाग्राहीलाई सेवा प्राप्ति झन सहज हुने छ। तथापि अनलाइन सेवा प्रदान गर्ने निकायहरूमा सेवाग्राहीले घण्टौं लाइनमा कुर्नुपर्ने समस्या समाधान भैसकेको छैन।

सरकारबाट प्रदान हुने र नागरिकको अत्यधिक चाप र चासो हुने सेवाहरू क्रमशः अनलाइन प्रणालीमा गैसकेका वा जाने क्रममा छन्। केही सेवाहरूमा अन्तरआबद्धता कायम भएका छन् भने केहीमा अन्तरनिकाय समन्वयबाट सूचना आदान प्रदान गर्ने प्रणाली बसेको छ। सरकारी सेवा प्रवाहमा निजी क्षेत्रका भुक्तानी प्रणाली र वालेट पनि जोडिएका छन्। यसरी अनलाइन सेवाहरू विस्तार हुदै गएको देख्न सकिन्छ। तथापि अनलाइन प्रणालीका जोखिम पनि छन्। अनलाइन प्रणालीमा भएका व्यक्तिगत तथा संस्थागत विवरणको सुरक्षाको चुनौती र समय समयमा सेवा अवरुद्ध भएरहने समस्या जस्ता विषय यो प्रणालीसँग जोडिएका प्रमुख जोखिम हुन्। यी जोखिमको सामना गर्न सूचना प्रविधिमा हुने लगानी र नेतृत्व चयनमा अलि बढी फराकिलो व्यहारको आवश्यकता बढ्दै छ।

अनलाइन सेवा प्रणाली सुशासनका लागि एउटा साधन हो, साध्य होइन। मुख्य कुरा त सेवा दिने विषयमा सेवाप्रदायको स्पष्ट निष्ठा, समर्पण र पद्धतिको पालना हो। सेवा प्रवाहमा सुधार तथा सुशासनका लागि अनलाइन सेवा प्रणाली सँगसँगै व्यवस्थापकीय कुशलता पनि जरुरी हुन्छ। सरकारी सेवामा प्रवेश गरिरहेका नयाँ पुस्ता प्रविधिमा अभ्यस्त भएकोले जनशक्तिको समस्या देखिन्न। बरु सेवा प्रवाह सम्बन्धी विषयमा पेशागत प्रतिबद्धता जगाउने कार्यक्रम जरुरी हुन सक्छ। हालका वर्षहरूमा नेपाली सरकारी तथा निजी क्षेत्रमा अनलाइन सेवा प्रणाली क्रमशः विस्तारित हुँदै गएको छ। सुशासनका दृष्टिले यो सकारात्मक परिवर्तन हो।

<u>सन्दर्भ सामग्री</u>

- Kempa, Michael, 2005: Changes in Governance: A Background Review, Research Gate
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), राष्ट्रिय योजना आयोग, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

आर्थिक सुशासनका विविध पक्ष

✍ **नेत्र प्रसाद सुवेदी "प्रयास"***

के हो त आर्थिक सुशासन ?

आर्थिक गतिविधि अनुकूलको शासन व्यवस्था तथा व्यवस्थापनलाई छोटकरीमा आर्थिक सुशासन भनिन्छ। आर्थिक सुशासनमा खासगरी सार्वजनिक नीतिका दुई ओटा फराकिला क्षेत्रहरू पर्दछन्। पहिलो हो समष्टिगत अर्थतन्त्रको व्यवस्थापन र अर्को हो सुक्ष्म अर्थतन्त्रको व्यवस्थापन। पहिलोमा आर्थिक वृद्धि र मुद्रास्फिति जस्ता समग्र वित्तीय व्यवस्थापन सम्बन्धी विषयको व्यवस्थापन पर्दछ भने दोस्रोमा निजी क्षेत्रको सञ्चालनसँग सम्बन्धित खासगरी व्यवसायको अनुमति तथा करार कार्यान्वयनका प्रक्रिया तथा नीति जस्ता विषय पर्दछन्।

हाम्रो सन्दर्भमा आर्थिक रुपान्तरणको प्रसङ्गमा कामलाई हेर्ने दृष्टिकोणमा नै पनि त्रुटि भएकोले परिवर्तन आवश्यक देखिन्छ। दुःख गर्नु, बचत गर्नु र लगानी गर्नुलाई सकरात्मक ढंगले हेर्ने संस्कृतिको विकास भयो भने मात्र नागरिकहरूले विना कारण पैसा खर्च गर्ने वा कुलतमा पर्ने सम्भावना न्यून भई उत्पादनका क्षेत्रमा लगानी गर्ने र पूँजी बढाउँदै जाने अवस्था बन्न सक्छ। यसका लागि नीतिगत हस्तक्षेपमार्फत सार्वजनिक क्षेत्र पनि सहयोगी हुन जरुरी छ। सिक्ने अवसर, समूहमा रहेर सानो पूँजीबाट प्रारम्भ गरी आर्जन गर्दै सिक्दै र विस्तार गर्दै बस्ती र परिवार तहमा पुग्नु भनेको पक्कै पनि आर्थिक रुपान्तरण गर्ने र जिविकोपार्जनलाई सरल बनाउने सही मार्ग हो। यसरी व्यक्तिगत वा संस्थागतरुपमा अघि बढिरहँदा आर्थिक संघर्ष, आर्थिक सुरक्षा र आर्थिक स्वतन्त्रताका चरणहरू आउँदछन्। खाँचोचाँहि मेहनतका साथ निरन्तर सुधारका लागि र सहकार्यका लागि तयार रहनुपर्दछ। खासगरी लगानी वातावरण, उत्पादन अभियान, बजारीकरण तथा वितरण, मूल्य अभिवृद्धि गरी निकासीको लागि समेत नीति वातावरण आवश्यक पर्दछ। समग्रमा भन्नुपर्दा

** सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*

अर्थतन्त्र निर्माणको पारिस्थितिक प्रणाली निर्माण गर्ने विषय आर्थिक सुशासनको मुख्य आधारका रुपमा रहनुपर्दछ।

आर्थिक सुशासन नामक पुस्तकमा डा. चन्द्रमणि अधिकारीले राजनीति र अर्थनीतिको धारणा र दर्शनका सम्बन्धमा उल्लेख गर्दै यी दुईबिचको सीमा रेखा सम्बन्धमा चर्चा गर्नुभएको छ। निजी र सार्वजनिक क्षेत्रका आआफ्नै जिम्मेवारी र दायित्त्व हुने र एकले अर्कोलाई सहयोग तथा सहकार्यको नजरले हेर्ने र व्यवहारमा पनि सहकार्य झल्कनुपर्दछ। हामीले मुलुकमा पटकपटक राजनैतिक लोकतन्त्रका लागि आन्दोलनहरू गर्‍यौँ तर उत्पादन बढाउने आन्दोलन हुन सकेको छैन। मान्छे बिमारी हुँदा एम्बुलेन्स आउँछ, आगलागी हुँदा दमकल आइपुग्छ तर खेत बाँझो भयो भनेर कोही पुग्दैन, कृषि प्रहरी छैन। कृषि एम्बुलेन्सको नाम भर्खरभर्खर मात्र सुनिन थालेको छ। यसबाट के बुझ्न जरुरी छ भने राजनैतिक परिवर्तन हुँदैमा आर्थिक रुपान्तरण भइहाल्दैन। मुलुकमा आर्थिक रुपान्तरणका लागि साझा प्रतिबद्धता, कार्ययोजनाका साथ कार्य अनि नतिजाको प्रत्याभूति आवश्यक पर्दछ। उदार अर्थतन्त्रको नाममा कम्पनीमैत्री अमेरिकी नीति होस् वा लागत लगानीकर्ताले व्यहोर्नु परेपनि व्यवस्थापन राज्यले गर्ने चीनको सिद्धान्त दुवैमा केही राम्रा र केही नराम्रा पक्ष हुन सक्छन्। नेपालको सन्दर्भमा यी बाहेक अर्को मौलिक मोडल पनि उपयोगी हुन सक्छ। हामीले श्रम सम्बन्धमा सुधार गर्दै सामाजिक सुरक्षाको पहल शुरु गरेका छौँ। तर भूउपयोग नीति र योजनालाई कार्यान्वयन गर्न भने कमजोर छौँ। रोजगारी सिर्जनाका लागि सार्वजनिक र निजी प्रयास दुवै आवश्यक छ। उद्योग कलकारखाना चल्नुपर्दछ। तथ्याङ्क सङ्कलन र प्रतिवेदन प्रणालीसहित आर्थिक सर्वेक्षणका आधारहरू तयार हुनुपर्दछ। रोजगारीको मुख्य स्रोतका रुपमा लघु तथा मझौला उद्योग सञ्चालन हुने वातावरण आवश्यक छ।

विश्व बैंकले सन् १९९२ मा प्रकाशित गरेको “शासन र विकास” नामक प्रतिवेदनले सुशासनको अर्थलाई व्यापक बनाउँदै विकास व्यवस्थापनको पाटोसँग जोडेर हेर्‍यो, जसमा उचित आर्थिक नीति अवलम्बन गरी नतिजाउन्मुख प्रतिफलको अपेक्षा गरिएको उल्लेख छ। आर्थिक समृद्धिको वातावरण बनाउने मुख्य जिम्मेवारी सार्वजनिक क्षेत्रको हुन आउँछ। सार्वजनिक व्यवस्थापनमा दक्षता र वित्तीय सुशासन आर्थिक विकास र समृद्धिको मुख्य आधार हो। उपलब्ध स्रोत साधनको अनुशासित प्रयोग आवश्यक छ। यसरी वित्तीय सुशासन कायम गर्नु सरकारको दायित्त्वको विषय हो भने निगरानी गर्नु नागरिकको कर्तव्य पनि। प्रभावकारी वित्तीय व्यवस्थापनबाटै सार्वजनिक स्रोतको दक्ष र सर्वोत्तम परिचालन सम्भव छ। खर्च हुनु

मात्र पनि ठुलो कुरा होइन । के काममा कसरी स्रोत प्रयोग भएको छ भनेर यकिन नभै जवाफदेहिता कायम हुँदैन । यसका लागि भएका कामको यथार्थ अभिलेखाङ्कनका साथमा समयमा लेखा परीक्षण आवश्यक पर्दछ ।

सार्वजनिक आय र व्ययको दक्ष परिचालन, त्यसको अभिलेख, प्रतिवेदन तथा लेखापरीक्षणमार्फत समग्र वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने कार्यलाई वित्तीय सुशासन भनिन्छ। यो सार्वजनिक खर्च तथा आम्दानीको समग्र कार्यमा भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्धन गर्ने कार्य हो। सार्वजनिक वित्तीय व्यवस्थापनलाई पारदर्शी र जवाफदेही बनाउनु, राज्यको सार्वजनिक खर्च र सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गर्नु वित्तीय सुशासनको मूलभूत उद्देश्य हो । सार्वजनिक आय र व्ययका कार्यमा जनसाधारणलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु सरकारको दायित्त्व हो। पद्धति विकासका केही पहलहरू भएता पनि नेपालको वित्तीय सुशासनको अवस्था अझ पनि दिगो र प्रभावकारी भएको मानिदैन। बजेट अनुमान कार्यक्रममा आधारित तथा यथार्थपरक नभएबाट र परियोजना चक्रभित्रका खरिदलगायतका कामहरू अनुमानयोग्य नभएबाट समग्र सार्वजनिक वित्तीय व्यवस्थापनको कमजोरी उजागर हुन्छ । खर्च लेख्ने कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ हुन नसक्नु, आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणबिच समन्वय हुन नसक्नु र फलस्वरुप बेरुजुको मात्रा बढ्दै जानु, आर्थिक वर्षको अन्यमा मात्र बजेटको ठुलो हिस्सा खर्च गर्ने प्रवृत्ति कायमै हुनु तथा योजना तथा बजेटको अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ हुन नसक्नुबाट पनि सरकारको वित्तीय क्षमतामा सुधार आवश्यक भएको स्पष्ट हुन्छ ।

नेपाली अर्थतन्त्रको हालको अवस्था र आर्थिक परिसूचकहरूको प्रवृत्ति विश्लेषण गर्दा उद्योगको अवस्था कमजोर, कृषि क्षेत्रले व्यावसायिक रुप लिन नसकेको तथा पर्यटकीय सम्भावनाको पर्याप्त सदुपयोग नभइसकेको अवस्था देखिन्छ। यी अवस्थाहरूको समष्टि भनेको परिस्थिति प्रतिकूल हुनासाथ विदेशी मुद्रा सञ्चयको अवस्था कमजोर हुन जाने र बजारमा माग कमजोर हुन जाने हुन्छ। अर्कोतिर खाद्य, ऊर्जा एवम् अन्य आवश्यकीय औद्योगिक सामग्रीको लगातार आयातलाई मुद्रा सञ्चितिले नधान्ने अवस्था हुन जान्छ । यस्तो अवस्था आउनु भनेको देशभित्र सम्भावना हुँदाहुँदै पनि प्रयोगमा नआउनु र सौखिन खालको उपभोग संस्कृतिका कारण ऋण लिएर अर्थतन्त्रको सन्तुलन कायम राख्नुपर्ने बाध्यता आइपर्दछ ।

वर्तमान नेपाली अर्थतन्त्र के साच्चिकै बलियो आर्थिक आधारसहितको राष्ट्र राज्य

बन्ने क्रममा अघि बढेको छ त ? यो प्रश्नको उत्तर त सरल नहोला तर हामीले समय-समयमा यो यक्ष प्रश्नको जवाफ खोज्दै समीक्षा गर्दै अघि बढ्नुपर्दछ। अर्थशास्त्रका विद्वान डा. मदन दाहालले सन् २००४ मा प्रकाशित एक पुस्तकमा नेपालको आर्थिक विकासको जगका रुपमा खासगरी जलस्रोत, पर्यटन, जनशक्ति र जैविक विविधता रहने उल्लेख गर्नुभएको छ। यसको साथसाथै आर्थिक विकासका लागि शर्तहरूमा सुरक्षा, शान्ति, स्थायित्त्व, सुशासन, भ्रष्टाचार नियन्त्रण, विकास सहायताको उत्पादकत्व, सम्भावित स्रोतहरूको प्रभावकारी परिचालन, ट्रान्जिट अर्थतन्त्रको प्रवर्धनलगायतका विषय पर्दछन्। यिनका साथै गरिबीको न्यूनीकरण, क्षेत्रीय र वैश्विकस्तरमा सहकार्य, ठुला आयोजनाहरूको सञ्चालन जस्ता विषय पनि महत्त्वका साथ अगाडि बढाइनुपर्दछ। अहिले सन् २०२३ मा रहेर तुलनात्मक विश्लेषण गर्दा मानव विकास सूचकाङ्कमा बढोत्तरी भएको, सामाजिक सूचकहरूमा पनि सुधार भएको र प्रतिव्यक्ति आयमा वृद्धि भएको बाहेक जलविद्युत्का रुपमा उपलब्ध भएको ऊर्जाको उत्पादनलाई अपवाद मान्ने हो भने क्षेत्रगत रुपमा आशातित प्रगति भएको कमै पाउँदछौं। प्रतिवर्ष श्रम बजारमा थपिने जनशक्तिले स्वदेशमै काम पाउने सम्भावना बढाउन सकिएको छैन। व्यापार असन्तुलन कायम छ। जसोतसो रेमिटेन्सले भुक्तानी असन्तुलनलाई बिग्रन नदिन कुसनको काम गरिरहेको छ।

वर्तमान संविधानमा आर्थिक सुशासनका लागि मार्गदर्शक व्यवस्था

नेपालको संविधानमा आर्थिक पाटोमा अलि बृहत् र विभिन्न विषय क्षेत्रगत रुपमा विविध व्यवस्था भएको यदि कुनै भाग छ भने त्यो भनेको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्त्व समेटेको भाग ४ हो जसका सम्बन्धमा यहाँ सर्सर्ति चर्चा प्रस्तुत गरिएको छ। कुनै पनि समाजको सामाजिक सांस्कृतिक मूल्य मान्यताले बासिन्दाहरूमा कामप्रतिको दृष्टिकोण, मेहनतलाई लिने तरिका र राष्ट्र निर्माणका लागि समर्पणभावको तह वा स्तर पनि निर्धारण गर्दछ। वर्तमान संविधानमा पहिलोपटक राज्यको सामाजिक उद्देश्य अन्तर्गत आठ ओटा सामाजिक सांस्कृतिक मूल्य र मान्यता समेटिएको छ जसअन्तर्गत आर्थिक विकाससँग सम्बन्धित श्रमको सम्मान र उद्यमशीलता पनि परेका छन्। समग्र समाजको हितका लागि जोखिम लिने र नवीन तौरतरिका अपनाउने कुरा उद्यमशीलतामा पर्दछ। यस्तो उद्यमशीलतालाई राज्यकै मूल्य मान्यतामा समाविष्ट गर्नु पक्कै पनि सुखद् कुरा हो। कुनैपनि देशको आर्थिक उन्नतिका लागि श्रमशील जनशक्तिको पूर्ण र मर्यादित प्रयोग आवश्यक छ भने उद्यम सञ्चालन गर्ने कलासमेत आवश्यक पर्दछ। त्यस्तै राज्यको आर्थिक उद्देश्यअन्तर्गत विकासका तीन मुख्य पात्रहरू सार्वजनिक, निजी र सहकारी क्षेत्रको

सहभागिता एवम् विकासको माध्यमबाट उपलब्ध स्रोत र साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथ प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने विषय समेटिएको छ।

राज्यका नीतिहरूका रुपमा १३ ओटा शीर्षकअन्तर्गत राज्यले गर्ने मार्गदर्शनका कुराहरू उल्लेख भएका छन्। जसमध्ये छ ओटा विषय शीर्षकहरू आर्थिक विकास र समृद्धि सम्बन्धी रहेको हामी पाउँछौं। अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा तुलनात्मक लाभका क्षेत्र पहिचान गर्ने विषय, राष्ट्रिय अर्थतन्त्रको विकासको लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने विषय, गैरआवासीय नेपालीहरूको ज्ञान, सिप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने विषयसमेत परेका छन्। त्यस्तै कृषि र भूमिसुधार सम्बन्धी नीतिअन्तर्गत किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, यसरी कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्नेमात्र होइन कि कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने समेत उल्लेख छ। यसबाट के अनुमान लगाउन सकिन्छ भने संविधान तयार गर्ने व्यक्तिहरूमा समेत कृषि क्षेत्रले पर्याप्त स्थान नपाएको हुँदा आगामी दिनमा यसको सर्वाङ्गीण विकास आवश्यक छ भन्ने चेत थियो। विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने विषय विकास सम्बन्धी नीतिमा समावेश छ। त्यस्तै नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने विषय पनि नीतिमा परेको छ। श्रम र रोजगार सम्बन्धी नीतिमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने विषय उठान गरी देशको समृद्धिका लागि देशकै श्रमशक्तिलाई उत्पादनको साधनका रुपमा ससम्मान प्रयोग गर्नुपर्ने र अरु देशमा गएर जे जस्तो पाइन्छ त्यस्तो काममा लाग्न नपरोस् भन्ने अभीष्ट राखेको हामी पाउँछौं। पर्यावरण अनुकूल पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण

आधारको रुपमा चित्रित गरिएको छ।

पन्ध्रौँ योजना (२०७६-२०८१) ले खासगरी वि.सं. २१०० सम्ममा हासिल गर्ने गरी अगाडि बढाइएको दीर्घकालीन सोचलाई शुरुवाती चरणमा समृद्धिको सिर्जना गर्न के कस्ता पक्षका विषय र तत्त्वहरूलाई के कति समय दिएर अघि बढ्ने भन्ने विषयलाई समेटेको छ।

फेरिँदो भूमिकामा सार्वजनिक क्षेत्र

आर्थिक विकासका लागि उचित शासकीय प्रबन्धसहित समय सुहाँउदो नियमन र उत्पादनमैत्री नीति निर्माण गरी प्रयोगमा ल्याउने कार्य सार्वजनिक क्षेत्रको अपेक्षित भूमिका हुनुपर्दछ भन्ने गरिएको छ। साविकदेखि नै सरकारलाई प्राप्त भएका मुख्य भूमिका भनेकै शान्तिसुरक्षा, नियमन र कर उठाउने अधिकार हो। यी तीन ओटै भूमिका पूरा गर्दा सार्वजनिक क्षेत्रले निरपेक्षरुपमा हैन कि अन्य क्षेत्र र नागरिकको हित तथा समग्र राष्ट्रियहितलाई मध्यनजर गर्नुपर्ने हुन्छ।

राजनैतिक परिवर्तन र जनताका प्रतिनिधि सम्मिलित संविधान निर्माणसमेत सम्पन्न भएको सन्दर्भमा अबको मुख्य कार्यसूची भनेकै आर्थिक रुपान्तरण हो। तसर्थ अबको सरकारी भूमिका अर्थात् अबको सार्वजनिक क्षेत्रले अंगिकार गर्ने कार्यशैली र अवलम्बन गर्ने नीति भनेको आर्थिक विकासका लागि सहयोगी हुनु जरुरी छ। अर्को शब्दमा भन्ने भने अब आर्थिक सुशासनका पक्षहरू सुदृढ हुनेगरी सार्वजनिक क्षेत्र परिचालित हुनुपर्दछ। अवको कार्यशैली प्रविधिमैत्री समेत हुनुपर्दछ। यसबाहेक संघीय संरचनामैत्री र विविधतामैत्री विधि, व्यवहार र संयन्त्र अपनाइनुपर्दछ।

हेनरी डेभिड थोरोले भन्नुभएको छ “मलाई त्यस्तो सरकार मन पर्दछ जसले शासन गर्दैन वा थोरै मात्र शासन गर्दछ” । पछिल्लो निर्वाचनका बखत भारतीय प्रधानमन्त्री मोदीले प्रयोग गरेको “थोरै सरकार धेरै शासन” भन्ने भनाइले पनि अबको सरकार व्यावसायिक हुनुपर्दछ, सरकारले नाउ खियाएजस्तो होइन कि गाडि चलाएजस्तो गरी सञ्चालन गर्नुपर्दछ। अरु पात्रहरूलाई समेत सँगसँगै लिएर अगाडि बढ्ने क्षमता राख्नुपर्दछ। सहशासन र सहउत्पादनका नवीन औजारहरूको खोजी र प्रयोग गर्न सकेमा मात्र सरकार बढी विश्वासिलो र पत्यारिलो बन्ने छ। राष्ट्रिय अर्थतन्त्रलाई बलियो, दिगो र खँदिलो बनाउने हो भने समृद्धि प्राप्तिका लागि आर्थिक एजेण्डालाई केन्द्रीय विषय बनाई सर्वपक्षीय प्रयत्न गर्नु आवश्यक देखिन्छ। साथमा सरकारको आर्थिक व्यवस्थापन क्षमतामा समेत बढोत्तरी आवश्यक छ।

चित्र १: राज्य सञ्चालनका मुख्य तीन पक्ष

उत्पादन बढाउन निजी क्षेत्रको अगुवाइ आवश्यक

नेपालको संविधान र योजना सम्बन्धी दस्तावेजहरूले राज्यका प्रमुख पक्षहरूमा निजी क्षेत्रलाई महत्त्वका साथ अघि सारेको छ। खासगरी आठौँ आवधिक योजनाले निजी क्षेत्रको भूमिका सम्बन्धमा पहिलो चोटी प्राथमिकतापूर्वक उल्लेख गरेपछि निजी क्षेत्र आर्थिक विकासको अगुवाको रुपमा मानिँदै आएको छ। उदारीकरण र निजीकरणको प्रभावबाट नेपाल पनि अछुतो रहने विषय भएन। खासगरी २०४७ सालको प्रजातन्त्र पुनर्स्थापनापछि बनेका नीति तथा कानुनहरू निजी क्षेत्रमैत्री बन्ने वातावरण सिर्जना भयो। राजनैतिक उतरचढाबसँगै मुलुक अगाडि बढ्दै गयो। विचारधारात्मक रुपमा जुन राजनैतिक दल सरकारमा गए पूँजीवाद र समाजवादको मिश्रितरुपको आधुनिक उदार अर्थतन्त्रलाई भने छाडेको पाइँदैन जसले निजी क्षेत्रलाई सँगसँगै अघि बढाउनुपर्ने माग गर्दछ।

देशको अर्थतन्त्रले गति लिनको लागि निजीक्षेत्रको पर्याप्त विकास आवश्यक छ। निजी क्षेत्रको विकास भन्ने वित्तिकै मुलुकभित्र जहाँकहीँ पनि व्यवसाय सञ्चालनको उपयुक्त वातावरण छ वा छैन ? उद्योगी, व्यवसायी, व्यापारी वा यी कामका लागि सहयोगी भूमिकामा रहने फर्म वा कम्पनीहरू सञ्चालनको वातावरण के कस्तो

छ भन्नेसँग सम्बन्धित छ। निजी क्षेत्रको उचित विकासका लागि संविधानको मर्मबमोजिम तीनवटै तहका सरकार संवेदनशील र जानकार हुनु जरुरी छ। कसैले बजारमा काम गर्दछ, उद्यम व्यवसाय सञ्चालन गर्दछ भन्ने वित्तिकै फाइदा गर्ने र कर तिर्ने पक्ष हो भनेर एकतर्फि रुपमा हेर्नुको सट्टा उनीहरूका लागि कानुनी अड्चन के कस्तो छ ? राज्यप्रदत्त पूर्वाधार विकासमा ध्यान दिनुपर्ने विषयहरू र सार्वजनिक क्षेत्रले निजीसँग साझेदारी गर्न सक्ने विषयहरूका सम्बन्धमा पनि चिन्तन र प्रयोग गर्नुपर्ने हुन्छ। नीतिगत प्रष्टता ल्याउन तथा एकैपटक सबै प्रदेश र स्थानीय तहलाई सूचित गर्नुपरेमा संघीय सरकारले पहल गर्नुपर्ने हुन्छ। यस्तै सहजीकरणका लागि हुनुपर्दछ। संघीय तहलाई अवशिष्ट अधिकारको व्यवस्था पनि संविधानले गरेको छ। कम्पनी, व्यावसायिक फर्मको दर्ता र नवीकरणमा दोहोरोपन हुनेगरी व्यवस्था गरिएको छ कि ? करको दोहोरोपन छ कि ? यी विषयहरू विश्वव्यापी रुपमा प्रयोगमा रहेको डुइङ बिजनेस प्रतिवेदनले लिने आधारमा समेत पर्दछन्। देशभित्रको वातावरण निजीक्षेत्रमैत्री, लगानीमैत्री र व्यवसायीमैत्री हुनका लागि संघीय सरकार, व्यवस्थापिका र न्यायलयले समेत संवेदनशील हुनु जरुरी छ। अर्कोतर्फ निजी क्षेत्रका व्यवसायीहरूले पनि वार्षिकरुपमा पूरा गर्नुपर्ने दायित्त्व, संगठित सामाजिक उत्तरदायित्त्वका साथै कार्यस्थलमा उपलब्ध हुनुपर्ने न्युनतम सुविधा सम्बन्धमा संस्थागतरुपमै जिम्मेवारीपूर्वक पहल गर्नु आवश्यक हुन्छ। यसका लागि निजी क्षेत्रका छाता संगठनहरूले अभिमुखीकरण एवम् समयसमयमा सूचित गरी सहजीकरणसमेत गर्न सक्दछन्।

सिंगो मुलुकको आर्थिक विकास र रुपान्तरणका लागि निजी क्षेत्रको भूमिका निर्णायक हुने गर्दछ, हुनुपर्दछ पनि। प्रत्येक शासकीय तहमा रहने आर्थिक विकासको रणनीति तथा योजनामा समेत निजी क्षेत्रको सहभागिता र भूमिका आवश्यक हुन्छ। “मेक इन नेपाल” र “मेड इन नेपाल” जस्ता अभियानहरू निजी क्षेत्रले अघि सारेका र राष्ट्रिय महत्त्वका उत्पादनसँग सम्बन्धित अभियान भएको हुँदा सरकारले समेत उचित महत्त्वका साथ नीति तथा कार्यक्रममा समावेश गर्नुपर्दछ। सरकारको भूमिका निजी क्षेत्रको विकास मैत्री भयो भने मात्र नयाँ सम्भावनाका क्षेत्रमा निजी क्षेत्रमा रहेको पूँजी तथा उद्यमशीलता लगानी हुन जान्छ। पिटर थिएल नामक लेखकले आफ्नो पुस्तक शुन्यदेखि एकसम्ममा भनेका छन् कि व्यावसायिक जगत्मा हरेक कामहरू एक पटक मात्र घटित हुन्छन्। अब कुनै विल गेट्स जन्मे भने उनले अपरेटिङ सिस्टम बनाउन पर्दैन न त मार्क जुकरवर्गलाई सोसल सञ्जालको सिर्जना गर्न नै पर्दछ। हरेक नवप्रवर्तनीय कामहरू नयाँ र छुट्टै विशेषतासहितको हुन्छ। अर्को

विषय के पनि सत्य हो भने सफल व्यक्तिहरूले अनिश्चित स्थान र क्षेत्रमा सम्भावना देख्दछन् । अरुले देखाएको बाटो वा सफलताको कथाबाट हैन कि अलग्गै सूत्र पत्ता लगाएर सफलता फेला पार्दछन् । यसको लागि कम्पनीहरूले नयाँ नयाँ खालको कामका लागि लगानी गर्न तयार हुनुपर्दछ । नयाँ क्षेत्रमा नयाँ शैलीका साथ लगानी गर्ने उद्यमीहरूका लागि प्रविधिचाँहि सहयोगी हुन सक्छ किनकि प्रविधि नै त्यस्तो चिज हो जसले आश्चर्यजनक नतिजा दिन सक्छ । विश्वको परिवर्तन र विकासलाई नियाल्दा लाग्छ कि विश्वव्यापीकरणको जति व्याख्या विश्लेषण र चर्चा गरिए पनि यो समतलीय प्रगतिको विधि हो जबकि प्रविधिले ल्याएको परिवर्तन भने उर्ध्वतलीय प्रकृतिको छ । कुनै पनि कम्पनीले काम थालनी गर्दा केही विषयलाई बढी नै ख्याल गर्नुपर्ने हुन्छ । जस्तो कि कुन वस्तु वा सेवासँग सम्बन्धित काम गर्ने हो ? साझेदारका रुपमा कसलाई राख्ने हो ? यी विषयहरू राम्रोसँग विश्लेषण गरेर मात्र थालनी गर्नु उपयुक्त हुन्छ । त्यस्तै कम्पनीको स्वामित्व, संलग्नता र नियन्त्रण कसको रहने भन्ने पनि प्रष्ट हुनुपर्दछ । एकातिर कम्पनीमा संलग्न कर्मचारीहरूमा भएको क्षमताअनुसारको कार्य जिम्मेवारी दिने विषय अर्को तिर बिक्रीवितरणलाई बढाउनका लागि प्रयोग हुने विज्ञापन अभियान, नियमित क्रेताबाहेक अन्यलाई बिक्री गर्ने रणनीति जस्ता विषय पनि उपयोगी हुने देखिन्छ ।

सहकारी क्षेत्रको स्थान र भूमिका

निजी क्षेत्रभित्र वित्तीय भूमिका खेल्ने र कतै कतै सामुदायिक सशक्तिकरणका लागि समेत योगदान गर्ने एउटा अर्को क्षेत्र भनेको सहकारी हो जसका आफ्नै मान्यता, सिद्धान्त र इतिहास छ । ग्रामीण विकासका लागि लघु वित्तको प्रयोग गरेर रुपान्तरण ल्याउन सफल नोबल पुरस्कार विजेता मोहम्मद युनुसले लघु वित्तलाई सामाजिक व्यवसायको संज्ञा दिएका छन् । समुदायको हितलाई मूल मर्म मानेर लघु वित्तका सबै गतिविधि हुने र यो मार्गबाट उद्यम विकासका साथै महिला र कमजोर समुदायको सशक्तिकरणसमेत सँगसँगै हुने तर्क अघि सारेका छन् ।

नेपालमा सहकारीमा आबद्ध सदस्यहरूलाई उत्पादन अभियानमा संलग्न गराउनु आवश्यक छ । कुनै समय सानातिना बचत संकलन गरी कर्जा प्रवाह गर्ने माध्यम नहुँदा सहकारीको खाँचो थियो भने अब बैंकिङ सेवा सबै स्थानीय तहहरूमा पुगेको सन्दर्भमा पूँजी संकलन र परिचालनका लागि मात्र नभएर सिप विकास, उत्पादन सम्बद्ध केही न केही काममा संलग्न हुन र बजारसँग जोडिनका लागि सहकारीहरू पछि पर्नु हुँदैन । स्वनियमनको मूल मन्त्र कागजमा मात्र सीमित नगरी

सर्वसाधारणको हितका लागि लिइएका नीति तथा उपकरणहरू ठुलाबडाको हित र पदाधिकारीको सुविधामा केन्द्रित हुनु अवश्य पनि सुशासनका लागि उपयुक्त हुँदैन। अहिले त सुशासनको कुरा हुँदा सहकारी क्षेत्रको सुशासन पनि जोडिन पुग्छ। उत्पादनमूलक कार्यमा लगानी गर्नुपर्ने विद्यमान सहकारी कानुन पालना नगर्ने सहकारीहरू समस्याग्रस्त हुँदा मात्र राज्यको हस्तक्षेप माग गर्ने अवस्था हुनु दुःखको विषय हो। आ.व. २०८०/८१ को मौद्रिक नीतिले सहकारीको उचित नियमन संयन्त्रको व्यवस्था गर्ने संकेत गरेको छ जुन स्वागत योग्य छ।

नागरिक समाजको भूमिका

देशको भलो चाहने तर सत्तामा दावी नगर्ने पक्ष भनेर नागरिक समाजलाई चिनिन्छ। सदासर्वदा निगरानी गरी देशलाई संकटबाट बचाउन नागरिक समाजले सक्रिय भूमिका खेल्न सक्ने वास्तविकता विगतले देखाएको छ। नागरिक समाजको भूमिकाको पहिचानका साथै संरक्षण तथा प्रवर्धन गर्ने नीति भनेका मूलभूतरुपमा नेपालको संविधान र नेपालले अन्तर्राष्ट्रिय स्तरमा विभिन्न विषय क्षेत्रमा जाहेर गरेका प्रतिबद्धता अनुरुप बनेका कानुनहरू नै हुन्। नेपालमा नागरिक समाजले लोकतन्त्र सामाजिक न्याय एवम् समाज रुपान्तरणमा निर्वाह गर्दै आएको भूमिकाको राज्यका विभिन्न तहबाट प्रशंसा भएकै हो। नेपाली समाजको सिर्जनात्मक रुपान्तरणमा राज्यसँगै सहकार्य गर्दै आएको सन्दर्भमा नागरिक तथा नागरिक समाजको अधिकार भूमिकालाई अझ बढी प्रभावकारी तुल्याउन निर्माण हुनुपर्ने वातावरणको पनि विशेष महत्त्व हुन्छ नै।

नागरिक समाजलाई जनताको फोरम पनि भनिन्छ। वास्तवमा भन्ने हो भने देशको भलो चाहने तर सत्तामा दावी नगर्ने कुनै पक्ष छ भने त्यो भनेको नागरिक समाज नै हो। देशमा भैरहेको मनपरी नियन्त्रण गर्न र देशलाई संकटबाट जोगाउन नागरिक समाज नै सक्रिय हुनुपर्दछ। कोही नहुनेको साहारा राज्य हुन्छ तर तिनीहरूको आवाज राज्यको पहुँचमा पुऱ्याउने भूमिका नागरिक समाजको हुने हुँदा यो विषयलाई सिभिक स्पेस प्रवर्धन गर्ने विषयका रुपमा लिइनुपर्दछ। उनीहरूलाई नेपाली समाजको सिर्जनात्मक रुपान्तरणमा प्रयोग गरिनुपर्दछ। नागरिक समाज एउटा सामाजिक पूँजीसमेत हो। विगतमा नागरिक अधिकारका लागि वकालत गर्ने संस्थाहरूले राजनैतिक तथा सामाजिक रुपान्तरणका लागि महत्त्वपूर्ण भूमिका खेलेका एवम् कतैकतै राजनीतिक रुपमा विभाजित भएको भएता पनि तटस्थ रहेर गर्न सक्ने उनीहरूको भूमिकाको भने सम्मान हुनुपर्दछ।

नागरिक समाजको परिचालनमा केही सवालहरू देखिएका छन्। भूकम्पपछिको अवस्थामा सक्रिय रहेका नागरिक संस्थाहरू कोभिड १९ को अवस्थामा भने स्वतन्त्र ढंगले काम गर्न पाएनन्। उनीहरूलाई विश्वास गरिएन भन्ने गुनासो छ। संघसंस्थाहरूको दर्ता र परिचालन सम्बन्धमा तीन ओटै तहमा नीतिगत विरोधाभाष देखिन्छ जुन प्रष्ट पार्न आवश्यक छ। कतिपय स्थानीय तहमा त संस्थाहरूलाई काम गर्ने अनुमति पनि उपलब्ध छैन, उदाहरणको लागि भक्तपुर नगरपालिका। यसबाहेक समाज कल्याण परिषद्का प्रक्रिया पनि जटिल छन्, सम्पत्ति बेचबिखनको प्रक्रिया रोकिएको छ। समग्रमा भन्दा नागरिक समाजको हालसम्मको भूमिकाको सापेक्षमा यसको पहिचान र स्थान छैन। नागरिक अगुवाहरूसँग अन्तरक्रिया गरेमा थप विषय जानकारीमा आउने र समाधानको विकल्प पत्ता लाग्ने देखिन्छ। सारमा भन्नुपर्दा नागरिक समाजको अभियान छरिएको र खण्डित भएको छ। एकीकृत र संयोजनकारी भूमिका आवश्यक छ। अर्कोतिर वर्तमान संविधानले समावेश गरेका मौलिक हकअनुसार कानुन बने कि बनेनन्। नागरिक समाजमा गणतन्त्र आएन। बाल क्लब, आमा समूह, वृद्धवृद्धा क्लब पनि नागरिक समाज नै हुन्। नागरिक समाज दह्रो हुँदा कर्मचारीतन्त्र र राजनीति पनि सफल हुन्छ। नागरिक समाजमा पनि सहकार्य भन्दा परियोजनाहरू ल्याउने र रमाउने प्रवृत्ति हावी रहेको आरोप छ। संस्थाहरूबाट कर उठाउने चेष्टा स्थानीय तहमा देखिएको छ। जस्तै, ललितपुर महानगरपालिकाले कार्यालय भाडामा राखेबापत पनि अलग्गै रकम तिर्नुपर्ने नियम ल्याएको छ।

नागरिक समाज बलियो नभै राज्य सञ्चालन बलियो हुँदैन। सबलीकरणका लागि नागरिक समाजमैत्री खालका कानुन बनाउनुपर्ने, योजना प्रक्रियामा सहभागी गराउनुपर्ने, दिगो विकास लक्ष्यका विभिन्न संयन्त्रहरूमा समावेश गर्नुपर्ने र नागरिक हक अधिकारका लागि काम गर्ने आयोगलाई स्वतन्त्र र सबल बनाउनुपर्ने आवश्यकता छ। जस्तो कि कानुनी प्रावधानका बाबजुद बालबालिकालाई नागरिक मानिदैन, सरोकारवाला मानिदैन, राय सल्लाह लिने गरिँदैन।

आलोचनात्मक हुनु त नागरिक समाजको धर्म नै हो। नागरिक समाजलाई डलरबादी भन्ने आरोप छ। बाहिरको पैसा प्रयोग गरेर आफ्नै सरकारको विरोध गर्ने भनेर पनि आरोप लाग्ने गर्दछ। जिल्लामा कार्यरत संस्थाको प्रोफाइल तयार गरी पठाउन सबै जिल्ला प्रशासन कार्यालयहरूलाई गृह मन्त्रालयबाट परिपत्र नै भएको छ। अधिकारवादी र जिम्मेवारीमा रहेका बिच संवाद हुनपर्दछ।

सरकार र जनताका बिचमा गैरसरकारी पात्रका रुपमा निजी क्षेत्र, नागरिक समाज

रहेको हुन्छ। शासन व्यवस्थामा यी पात्रहरूको भूमिका प्रभावकारी भयो भने मात्र शासन व्यवस्था जनमैत्री र सहभागितामूलक हुन्छ। जनताको तह अर्थात् तल्लो तहसँग सिधा जवाफदेहिता कायम गर्न सफल सरकार मात्र सफल हुन्छ। शासन व्यवस्थामा सुधारका साथमा आर्थिक सुधारमा निरन्तरता आवश्यक छ। सार्वजनिक सेवा सरल, सुलभ र पत्यारिलो बनाउनका लागि सेवाप्रदायक र सेवाग्राहीका बिचनिरन्तर अन्तरक्रिया आवश्यक छ। यस खाले अन्तरक्रियालाई सूचना तथा सञ्चार प्रविधिले सजिलो तुल्याइदिएको छ भने सार्वजनिक र निजी क्षेत्रको नजिक रहेर निरन्तर र सजिव निगरानी गर्ने नागरिक समाजको भूमिकालाई समेत हामीले उचित स्थान दिन पछाडि पर्नु हुँदैन।

निष्कर्ष

नेपालभित्र उन्नति र समृद्धिका लागि थुप्रै सम्भावना छन्। विश्वमा रहेका ३६ ओटा मौसमीय क्षेत्रहरूमध्ये नेपालमा १२ ओटा मौसमीय क्षेत्र पर्दछन्। आर्थिक रुपान्तरणका लागि उपलब्ध जल, जमीन, जङ्गल, जैविक विविधताको समुचित उपयोग नै आधारभूत पक्ष हो। आर्थिक विकास र समृद्धिको विषय अमूर्त हुनु हुँदैन। आमनागरिकले प्राप्त गर्ने आधारभूत सेवाहरू, रोजगारीको अवसर तथा क्षमता विकासको लागि छनौट उपलब्ध हुनु आर्थिक सुशासनको आधारभूत पक्ष हो। शासन सञ्चालनको दृष्टिले राज्य सञ्चालन र विकासका प्रमुख पक्षहरूबिच सहकार्य जति आवश्यक छ त्यति नै आवश्यक आर्थिक पक्षलाई अगाडि बढाउन सहयोगी वित्तीय पक्षको सही व्यवस्थापन हुनुपर्दछ। नयाँ नयाँ सम्भावनाहरूको परख र प्रयोग गर्नमा निजी क्षेत्रले र भएका कामहरूको स्वतन्त्र निगरानी गरी दिशाबोध गर्नमा नागरिक समाजले खेल्ने भूमिकाको पनि आफ्नै महत्त्व रहेको छ। आशा गरौँ समृद्धिको सिर्जना गर्दै दिगोपना दिनको लागि संघीय संरचनाभित्रका गतिविधि र योजनाबद्ध पहल आर्थिक सुशासनका लागि सहयोगी हुने छन्।

सन्दर्भ सूची

- Peter Thiel, 2014, Zero to One's Notes on Start Ups or How to Build the Future
- Nepalese Economy Towards Building a Strong Economic Nation- State, Central Department Economics, Tribhuvan University
- Sigdel, Bama Dev, 2010, Dimensions of Nepalese Economy
- आर्थिक पत्रकारिताः हाते किताब, २०७८, नेपाल आर्थिक पत्रकार समाज (सेजन)
- कोइराला, डा. विमल, २०७४, समसामयिक अर्थ राजनैतिक टिप्पणी
- अधिकारी, डा. चन्द्रमणि, आर्थिक लोकतन्त्र : संघीयता र संविधानवाद
- बास्कोटा, कृष्णहरि, २०६७, स्वाधिन अर्थतन्त्रको पक्षमा
- शाक्य, सुजिव, सन् २०१८, अर्थात् अर्थतन्त्र : नेपाली इलम र उद्यमको यात्रा
- श्रेष्ठ, गणेशमान, २०६९, समृद्धिको यात्रा
- सिग्देल, कृष्णप्रसाद, २०६७, साना कुरा
- सुवेदी, नेत्र, २०७८, समृद्धिका आयाम

न्यायिक सुशासन

✍ **विमल पौडेल***

बिन्ती डिट्ठा बिचारीसित म कति गरुँ चुप रहन्छन् नबोली।
बोल्छन् ता ख्याल गर्या भैँ अनि पछि दिन दिन भन्दछन् भोली भोली।।
कीता सक्तिन भन्नु कि अब छिनीदिनु क्यान भन्छन् यी भोली।
भोली-भोली हुँदैमा सबघर बितिगो बक्सियोस् आज भोली।।
(भानुभक्तका फुटकर रचना १०)

१. विषय प्रवेश

माथि उल्लेख गरिएको आदिकवि भानुभक्त आचार्यद्वारा रचित उक्त कविताको आजका दिनमा पनि उत्तिकै सान्दर्भिक रहेको देखिन्छ। नेपालमा सार्वजनिक क्षेत्र एवम् न्याय क्षेत्रमा सुशासनको अनुभूति दिलाउन यिनै कुराहरूमा सुधारको आवश्यकता देखिन्छ। सेवाग्राहीमैत्री व्यवहार हुन नसक्नु तथा सेवा प्रवाहमा ढिलाई भएका कारण सेवाग्राहीलाई परेको पीर मर्का नै सम्बोधन गर्न आजका दिनमा पनि उत्तिकै चुनौती रहेको छ। नेपालको न्याय प्रशासन पनि सार्वजनिक प्रशासनको एउटा पाटो भएकाले यस क्षेत्रमा पनि यस्तै कुराहरूको सम्बोधन हुनुपर्ने देखिन्छ।

२. सुशासनको परिचय

सुशासन शब्दको बारेमा चर्चा गर्नु पहिले शासन (governance) शब्दको बारेमा हेर्नुपर्ने देखिन्छ। शासन शब्दलाई परिभाषित गर्दा the exercise of political power (including judicial, administrative, military etc) to

---

** सहरजिष्ट्रार, सर्वोच्च अदालत*

manage nation's affairs भनी बुझ्ने गरिन्छ। तसर्थ, सुशासन (good governance) सम्बन्धी शब्दको प्रयोगको सुरुवात विश्व बैंकले अफ्रिका महादेशअन्तर्गतका देशमा विकास परियोजना लागु गर्ने क्रममा विकास भएको देखिन्छ। विश्व बैङ्कले सन् १९८९ मा निकालेको Sub Saharan Africa from crisis to sustainable growth[१] सम्बन्धी प्रतिवेदनमा सर्वप्रथम governance शब्दको प्रयोग गरेको देखिन्छ। उक्त प्रतिवेदनको foreword लेख्दा World Bank President Barber B. Conable ले पहिलोपटक good governance शब्दको प्रयोग गरेका थिए। उनको भाषामा Good governance भन्नालेः a public service that is efficient, a judicial system that is reliable, and an administration that is accountable भनेर उल्लेख गरेको देखिन्छ।

सुशासनका आधारभूत तत्त्वहरूलाई देहायबमोजिमको चित्रबाट देखाउन सकिन्छ :



चित्रः १, सुशासनका आधारभूत तत्त्व

सार्वजनिक पदाधिकारीले निर्णय गर्दा वा कार्यसम्पादन गर्दा माथि उल्लेख गरिएका आठ ओटा तत्त्वहरूलाई ध्यानमा राखेर गर्नुपर्ने देखिन्छ। नेपालको सन्दर्भमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ६ मा देहायबमोजिमका प्रशासनिक कार्य सञ्चालनका आधारहरू उल्लेख गरिएका छन्ः

- राष्ट्र र जनताको बृहत्तर हित
- समन्याय र समावेशीकरण

१. हेर्नुहोस्: https://documents1.worldbank.org/curated/en/498241468742846138/pdf/multi0page.pdf

- कानुनको शासन
- मानवअधिकारको प्रत्याभूति
- पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता
- आर्थिक अनुशासन एवम् भष्ट्राचारमुक्त, चुस्त र जनमुखी प्रशासन
- प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता
- प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच
- विकेन्द्रीकरण तथा अधिकार निक्षेपण
- जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग

कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक कुनैपनि नीति नियम बनाउँदा होस् वा निर्णय गर्दा होस् माथि उल्लेख गरिएका कुराहरूलाई इमान्दारिताका साथ पालना गर्नुपर्ने सबै सार्वजनिक जवाफदेहिताको पदमा रहेका व्यक्तिहरूको कर्तव्य हुने देखिन्छ। न्यायिक सुशासनको मान्यताअनुसार पनि न्याय सम्पादन गर्ने वा न्याय प्रशासन सञ्चालन गर्ने पदाधिकारीहरूले माथि उल्लेख गरिएका विषयवस्तुलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्नुपर्ने नै देखिन्छ।

न्याय प्रशासन एवम् सुशासन

न्याय प्रशासनलाई सार्वजनिक प्रशासनको एक महत्त्वपूर्ण अवयवको रुपमा लिइन्छ। सरकारका तीन ओटा अङ्गमध्येको एक न्यायपालिका तथा न्याय सम्पादनका लागि स्थापित विशिष्टीकृत निकाय एवम् अन्य न्यायिक निकायद्वारा सम्पादन हुने गतिविधिलाई न्याय प्रशासनको रुपमा बुझ्न सकिन्छ। नेपालको संविधानको धारा १३६ ले समेत समग्र न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुने भनी उल्लेख गरेको छ। न्याय प्रशासन भित्र फेरी दुई ओटा आयामहरू पाउन सकिन्छ। मुद्दा दर्तादेखि पेसी चढाउनको लागि अङ्ग पुऱ्याउने तथा फैसला कार्यान्वयनको कार्य र मुद्दामा न्याय इन्साफ गर्ने कार्य। अङ्ग पुऱ्याउने तथा फैसला कार्यान्वयनको कार्य न्यायपालिकामा कार्यरत निजामतीतर्फको जनशक्तिबाट सम्पादन हुने हुन्छ भने न्याय सम्पादनको कार्य न्यायाधीशहरूबाट हुने हुन्छ। यसरी माथि उल्लिखित उक्त दुई कार्यलाई न्याय प्रशासन र न्याय सम्पादन गरी दुई भिन्न रुपमा बुझ्न सकिन्छ। न्याय प्रशासन सञ्चालन गर्दा पारदर्शिता एवम् जवाफदेहिता जस्ता आधारभूत तत्त्वहरूको जति महत्त्व हुन्छ न्याय सम्पादनको कार्यमा सो तत्त्वको सट्टा तटस्थता एवम् निष्पक्षता जस्ता आधारभूत विषयहरूको

महत्त्व बढी हुने गर्दछ।

नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्त्व अन्तर्गत धारा ५१ को देहाय खण्ड (ट) मा न्याय र दण्ड व्यवस्था सम्बन्धी नीतिको व्यवस्था रहेको देखिन्छ। अन्य कुराका अतिरिक्त न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप र मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने एवम् भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने भन्ने विषय उक्त नीतिमा समावेश भएको देखिन्छ।

न्याय प्रशासन ऐन, २०७३ को परिच्छेद ५ अन्तर्गत भएका मातहत अदालतहरूको निरीक्षण/ आकस्मिक निरीक्षण सम्बन्धी व्यवस्था, निरीक्षणका क्रममा कैफियत देखिएमा कारवाहीको लागि लेखी पठाउने व्यवस्था तथा उजूरी उपर जाँचबुझ गर्न सक्ने व्यवस्था सुशासन कायम गर्ने दिशामा केन्द्रित रहेका छन। यसै गरी सोही ऐनको दफा ३४ मा रहेको मिसिल लिखत र विवरण उपलब्ध गराउनुपर्ने व्यवस्थाले कानुनको शासन कायम गर्ने अदालतको प्रयासमा अन्य निकायहरूबाट सकारात्मक सहयोगको अपेक्षा गरिएको छ। सकारात्मक सहयोग प्राप्त हुन नसकेमा सम्बन्धित अधिकारीलाई जिम्मेवार बनाउनेसम्मको व्यवस्था गरिएको देखिन्छ। यसै गरी न्याय परिषद् ऐन, २०७३ मा समेत मातहत अदालतका न्यायाधीशहरूको काम कारवाहीको निरीक्षण, अनुगमन, जाँचबुझ गर्ने मुद्दा चलाउने जस्ता विषयहरू राखेर न्यायिक सुशासन प्रवर्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको देखिन्छ।

यसै गरी समग्र न्यायिक क्षेत्रलाई सुशासनयुक्त बनाउनको लागि न्यायपालिकाबाट विभिन्न प्रयासहरू भएका पनि छन। जस्तो, हाल कार्यान्वयनको अन्तिम वर्षमा रहेको न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाका पाँच ओटा लक्ष्यहरूमध्ये एउटा लक्ष्य न्यायिक सुशासनको प्रवर्धन गर्नु रहेको छ। उक्त लक्ष्य हासिल गर्नको लागि विभिन्न रणनीतिक उद्देश्यहरू निर्धारण गरिएको देखिन्छ। ती उद्देश्यहरूमा न्यायिक उत्तरदायित्त्व र जवाफदेहीता अभिवृद्धि गर्ने, न्यायिक जनशक्तिको कार्य संस्कृतिमा सुधार गर्नु, न्यायिक काम कारवाहीको प्रभावकारी निरीक्षण र अनुगमन गर्ने, सेवाप्रवाहको अनुगमन गर्ने, गुनासो सुनुवाईको संयन्त्रलाई प्रभावकारी बनाउने लगायतका छन। यी र यस्तै अन्य क्रियाकलापमार्फत न्याय प्रशासनलाई चुस्त दुरुस्त बनाउने उद्देश्य राखिएको छ।

Alexander Hamilton ले अमेरिकन संविधानको सन्दर्भमा लेखेको Federalist 78 paper मा न्यायपालिकालाई सरकारका ३ अङ्गमध्ये सबैभन्दा कमजोर निकायको रुपमा चित्रित गर्दै भनेका छन् judiciary as the least dangerous branch of government, since it controlled no armies and lacked spending power. This has inspired constitutional designers to try to empower independent courts to check other branches.[२] न्यायपालिकासँग रहेको कार्यपालिकाले गरेका काम एवम् व्यवस्थापिकाले बनाएका कानुनको संवैधानिकता जाच्ने न्यायिक पुनरवलोकनको अधिकारको बारेमा चर्चा गर्दै उक्त कुरा उल्लेख भएको देखिन्छ। न्यायपालिकासँग सेना प्रहरी जस्ता प्रत्यक्ष शक्ति एवम् बजेट निर्माण र वितरण सम्बन्धी अधिकार नभए पनि जनताको आस्था एवम विश्वासको आडमा नै न्यायपालिका अस्तित्त्वमा रहने हुन्छ भनी उल्लेख गरिएको छ। नेपालको न्यायपालिकासँग पनि अमेरिकी न्यायपालिकामा रहे जस्तै विधायिका निर्मित कानुनको संवैधानिकता जाच्ने तथा कार्यपालिकाको कार्य एवम् निर्णयको वैधता जाँच्ने न्यायिक पुनरवलोकन (judicial review) को अधिकार रहेको देखिन्छ।[३] यस अधिकारको माध्यमबाट न्यायपालिकाले संविधानवाद, कानुनको शासन, शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन कायम गराउने पनि गर्दछ। माथि उल्लिखित मूल्य र मान्यताको परिपालनाबाट नै देशमा सुशासन कायम हुने भएकाले यस कार्यमा न्यायपालिकाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

न्यायिक क्षेत्रमा कार्यसम्पादन तथा सुशासन मापनका आधार

सार्वजनिक प्रशासनका अन्य क्षेत्रभन्दा न्याय क्षेत्र केही भिन्न रहेको हुँदा यस क्षेत्रको छुट्टै विशिष्ट पहिचान रहेको छ। 'न्याय गरेर मात्र हुदैन गरेको जस्तो पनि देखिनुपर्दछ' भन्ने मान्यता आत्मसात गरेर न्याय प्रशासन सञ्चालन हुने भएकाले मुद्दाका दुवै पक्षलाई अदालतप्रति भरोसालाग्ने हिसाबले न्याय सम्पादन गर्नुपर्ने देखिन्छ। अनुचित ढिलाई बिना समयमै गुणस्तरीय न्याय पाउने हरेक नागरिकको अधिकारको विषय बन्दछ।[४] मुद्दामा जित्ने पक्षको भन्दा पनि हार्ने पक्षको चित्त बुझाउने गरी न्याय सम्पादन गर्न सक्नुपर्ने कुरामा जोड दिएको पाइन्छ। कुनै पनि मुद्दा कति समयमा, कति लागतमा र कुन गुणस्तरमा न्याय सम्पादन वा न्याय प्रशासन सञ्चालन हुन सकेको छ सो आधारमा न्यायिक क्षेत्रको कार्यसम्पादनको

२. हेर्नुहोस्: The Least Dangerous Branch? - Constitute (constituteproject.org)

३. हेर्नुहोस्: नेपालको संविधानको धारा १३३ तथा १३७

४. Article 14 of ICCPR,1966

मापन गर्ने गरिन्छ। उदाहरणका लागि अमेरिकामा न्यायपालिकाको कार्यसम्पादन मापनको लागि देहायका आधारहरू लिने गरिन्छ :[५]

- न्यायपालिका कत्तिको पहुँचयोग्य छ ?
- दर्ता भएको मुद्दामध्ये कति प्रतिशत सोही वर्षभित्रै फैसला हुन्छ?
- फैसला हुन कति समय लाग्छ ?
- कति पुराना मुद्दाहरू अदालतमा छन ?
- तोकिएको पेशीमा फैसला हुन्छ वा हुँदैन ?
- अदालती शुल्क तथा जरिवाना उठाउने क्षमता कस्तो छ ?
- अदालतका कर्मचारीहरूको सन्तुष्टिको स्तर कस्तो छ ?
- प्रति मुद्दा लाग्ने खर्च कति हो?

यसै गरी अष्ट्रेलियामा निम्न आधारमा कार्यसम्पादनको मापन गर्ने गरिन्छ :

- पुराना बाँकी मुद्दाको प्रतिशत कति छ ?
- मुद्दा फैसला हुन लाग्ने समयावधि कति छ ?
- मुद्दा दर्ता र फैसला हुने दर कति छ ?
- मुद्दा वा फैसला उपर कति उजुरी वा असन्तुष्टि व्यक्त हुन्छ ?
- अदालती दस्तुर एवम् दण्ड असुलीको विवरण कति छ ?
- सेवाग्राहीको सन्तुष्टी मापन सर्वेक्षणमा के देखिन्छ ?
- अदालतका कर्मचारीको सन्तुष्टी मापन सर्वेक्षणमा के देखिन्छ ?
- जनसंख्याको प्रतिशतका आधारमा न्यायाधीशको संख्या कति छ ?

यसका साथै सिंगापुरमा अदालतको कार्यसम्पादनको मापन गर्नको लागि देहायबमोजिमका कुराहरू हेर्नुपर्ने उल्लेख भएको देखिन्छ :

- अदालत कति पहुँचयोग्य छ भन्ने आधारमा
- सेवाग्राहीप्रति कति उत्तरदायी छ भन्ने आधारमा (स्वमूल्याङ्कनका आधारमा)
- प्रतिवादीको न्याय प्रणालीप्रतिको विश्वासको आधारमा
- तोकिएको समयभित्र फैसला हुन्छ वा हुँदैन भन्ने आधारमा
- कर्मचारीको सन्तुष्टिको आधारमा
- कर्मचारी वा व्यवस्थापनको नविनतम् कार्ययोजना कस्तो छ भन्ने

५. हेर्नुहोस्: Trial Court Performance Measures | CourTools (ncsc.org)

आधारमा

- जनआस्था एवम् विश्वासको आधारमा
- फैसलाको गुणस्तर तथा कति पुनरावेदन पऱ्यो एवम् पुनरावेदनबाट उल्टियो भन्ने आधारमा
- प्रविधिको प्रयोगको आधारमा
- सेवाग्राहीको सन्तुष्टिको आधारमा
- अदालतको सूचना प्रवाहमा सहज पहुँचको आधारमा

माथि उल्लेख गरिएअनुसार विभिन्न देशहरूको अभ्यासहरू हेर्दा धेरै देशका अभ्यासहरू एक आपसमा मिल्दो जुल्दो नै देखिन्छन् । कार्यसम्पादनको मापनमार्फत नै न्यायिक सुशासनको अवस्था यकिन गर्न सकिने देखिन्छ ।

यसै गरी विभिन्न देशका अदालतहरूको सहभागिताबाट विकास भएको International consortium for court excellence ले पनि न्यायपालिकाका केही विशिष्ट मूल्य मान्यता हुने कुरा औंल्याएको देखिन्छ । ती मूल्य मान्यताको जति बढी प्रवर्धन र पालना गर्न सक्यो उति नै न्यायिक सुशासनको प्रवर्धन हुने देखिन्छ । ती मूल्य मान्यताहरू देहायबमोजिम छन् :

Equality before the law	Integrity
Fairness	Transparency
Impartiality	Accessibility
Independence of decision making	Timeliness
competence	Certainty

हरेक अदालतले उल्लिखित मूल्य मान्यतालाई अंगिकार गरी कार्य सम्पादन गर्नुपर्ने देखिन्छ । यसका साथै सोहो निकायले सबै देशमा अदालतको कार्यसम्पादन मापनको लागि विकास गरेका ११ ओटा आधारभूत व्यवस्थाहरू[६] देहायबमोजिम रहेका छन् :

Court user satisfaction	Case backlog
Access fees	Trial date certainty
Case clearance rate	Employee engagement
On- time case processing	Compliance with court orders
Duration of pre-trial custody	Cost per case

६. हेर्नुहोस्: International Framework for Court Excellence - Global Measures of Court Performance

Court file integrity(how quickly file can be located or retrieved)	

न्यायाधीश एवम् अदालतमा कार्यरत कर्मचारीको आचार संहिता

न्यायिक सुशासनको चर्चा गर्दा यस क्षेत्रमा कार्यरत जनशक्तिले निर्वाह गर्ने भूमिकाबाट पनि यसलाई हेर्ने गरिन्छ। न्यायपालिकामा कार्यरत न्यायाधीशहरूको लागि न्यायाधीशहरूको आचार संहिता निर्माण गरेर लागु गरिएको छ। यस आचार संहिता संयुक्त राष्ट्र संघ अन्तर्गतको निकायको पहलमा तयार पारिएको Bangalore Principles on Judicial conduct, 2002 सँग मिल्दोजुल्दो रुपमा रहेको छ। आचार संहितालाई विभिन्न दफामा फरक फरक विषयगत रुपमा विभाजन गरी उल्लेख गरिएको देखिन्छ। उदाहरणको लागि स्वतन्त्रता सम्बन्धी आचरणहरूअन्तर्गत दबाब भनसुनबाट प्रभावित नहुने, राजनीतिक प्रभावबाट मुक्त रहने, अनुकरणीय न्यायिक आचरण प्रदर्शन र प्रवर्धन गर्ने जस्ता कार्यहरू गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।

यसै गरी दोस्रो आचारणको रुपमा निष्पक्षता कायम गर्ने सम्बन्धी आचरणको विषयमा उल्लेख गरिएको छ। यस अन्तर्गत पूर्वाग्रह नराखी कर्तव्य पालना गर्नुपर्ने कुरा, स्वच्छ सुनुवाई सम्बन्धी सिद्धान्त विपरीत अभिव्यक्ति नदिने कुरा र मुद्दाका पक्ष, विषय, पहिले नै कानुन व्यवसायी भएको वा साक्षी भएको वा परिवारको स्वार्थ जोडिएको भए मुद्दा हेर्नबाट अलग हुने गरी आफ्नो कार्यमा निष्पक्षता कायम गर्ने कुरा उल्लेख गरिएको छ। त्यस्तै निष्ठा सम्बन्धी आचरणअन्तर्गत विवेकशील पर्यवेक्षकको नजरमा आफ्नो व्यवहार निन्दनीय छैन भन्ने काम मात्र गर्ने गरी आचार संहितामा उल्लेख गरिएको छ। “न्याय गरेर मात्र हुँदैन गरेको जस्तो देखिनु पनि पर्दछ” भन्ने भनाइलाई चरितार्थ हुने गरी कार्य सम्पादन गर्नुपर्ने कर्तव्य तोकेको देखिन्छ। यसै गरी, आफ्नो व्यवहार सदाचारयुक्त बनाउन प्रयास गर्नुपर्ने, आफ्नो कार्यसम्पादनमा समानता सम्बन्धी मान्यतालाई पालना गर्नुपर्ने र न्यायाधीशहरूले सदैव न्यायिक कार्यको लागि आवश्यक पर्ने क्षमता अभिवृद्धि गर्न निरन्तर लाग्नुपर्ने गरी सक्षमता र लगनशीलता सम्बन्धी आचरण तोकिएको देखिन्छ। आचार संहिताको पालना भए नभएको अनुगमन गर्ने र आचार संहिता उल्लंघन भएको पाइएमा न्याय परिषद्मार्फत कारवाही प्रक्रिया अगाडि बढाइने व्यवस्था रहेको देखिन्छ।

अदालतमा कार्यरत कर्मचारीहरू निजामती कर्मचारीको रुपमा रहेकाले सबै निजामती

कर्मचारीलाई लागु हुने निजामती सेवा ऐन र नियमावलीका व्यवस्थाहरूबाहेक निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावलीले गरेका आचरण सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनको साथ साथै अदालतमा कार्यरत कर्मचारीको आचार संहिता, २०७५ समेत बनाएर लागु गरिएको छ। यस आचार संहिताले कर्मचारीले पालना गर्नुपर्ने विभिन्न विषयहरू उल्लेख गरेको छ। ती विषयहरूमध्ये महत्त्वपूर्ण विषयहरू देहायबमोजिम छन्ः

पदीय मर्यादा कायम राख्नुपर्ने	राजनीतिक रुपमा तटस्थ रहनुपर्ने
उचित र समान व्यवहार गर्ने	पारदर्शिता कायम गर्नुपर्ने
कार्यालय समयमा अदालतसँग सम्बन्धित काम मात्र गर्नुपर्ने	छिटो छरितो सेवा गर्न प्रयत्नशील रहनुपर्ने
अदालतका सामान तथा सुविधाको दुरुपयोग गर्न नहुने	नीति तथा कानुनको जानकारी र पालना गर्नुपर्ने
गोप्य सूचना प्रकाशन गर्न नहुने तथा दुरुपयोग गर्न नहुने	पेशाको सम्मान गर्नुपर्ने
काम कारवाहीमा निष्पक्षता कायम गर्नुपर्ने	क्षमता विकास गर्न प्रयत्न गर्ने
व्यापार व्यवसाय गर्न नहुने	गुणस्तरीय रुपमा कार्य सम्पादन गर्ने
व्यक्तिगत स्वार्थ रहेको विषयमा जानकारी गराउनुपर्ने	आर्थिक अनुशासन र सदाचार कायम राख्नुपर्ने
परिचय पत्र र पोशाक लगाउनुपर्ने	व्यावसायिक मापदण्ड एव निर्देशिका एवम् निर्देशनहरूको पालना गर्नुपर्ने । आदि ।

उपसंहार

अन्त्यमा, नेपालको संविधानको धारा १३६ ले नेपालको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशलाई तोकेको देखिन्छ। यस्तै धारा १४६ ले आफ्नो प्रदेशभित्रको न्याय प्रशासनलाई प्रभावकारी बनाउने महत्त्वपूर्ण जिम्मेवारी मुख्य न्यायाधीशलाई दिएको देखिन्छ। न्याय प्रशासन ऐन,२०७३, न्याय परिषद् ऐन, २०७३, आचार संहितालगायतका कानुन तथा व्यवस्थाहरूको माध्यमबाट न्यायिक सुशासन प्रवर्धन गर्न महत्त्वपूर्ण भूमिका

निर्वाह गरेको देखिन्छ।

सर्वोच्च अदालत देशमा कानुनको शासन एवम् सुशासन कायम गराउने दिशामा महत्त्वपूर्ण निकाय भएको कुरा हालै मात्र संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न रोक्ने सम्बन्धमा संवैधानिक इजलासबाट भएको आदेशबाट पनि देख्न सकिन्छ। उक्त आदेशमा भनिएको छ "नेपालले शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन प्रणाली अंगिकार गरेको एवम् सोअन्तर्गत कार्यकारिणी अधिकार संघको हकमा धारा ७५ ले संघीय मन्त्रिपरिषद्मा र प्रदेशको हकमा धारा १६२ ले प्रदेश मन्त्रिपरिषद्मा निहित रहने व्यवस्था गरेको छ।" व्यवस्थापिकाको मूल कार्य व्यवस्थापकीय प्रकृतिको नै हुने देखिन्छ। संघीय सांसद वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान गरेको देखिँदैन। यस स्थितिमा राष्ट्रिय योजना आयोग वा प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयको सिफारिशमा नपरेका विषयमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नाममा सांसद आफैंले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको नाममा रकम छुट्याउँदा स्वार्थ बाँझिने अवस्था पनि रहन्छ। यस प्रकारको विकास निर्माणको कार्यले सुशासनलाई प्रवर्धन गर्दछ भनी निश्चित्त हुने अवस्थासमेत रहँदैन 'प्रचलित अभ्यास र मान्यता प्रतिकूल हुने गरी सीमित आर्थिक क्षमता रहेको मुलुकमा राष्ट्रिय ढिकुटीको ठुलो हिस्सा केही खास जनप्रतिनिधिहरूको वैयक्तिक तजबिजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा तथा सुशासनको मान्यता अनुकूल हुने देखिँदैन। यसमा सरकारी कोषको रकम खर्च गर्दा अपनाउनुपर्ने पारदर्शिता र जवाफदेहिता सम्बन्धी विषय पनि विचारणीय बन्न जाने देखिन्छ' भनी उक्त कोषको रकम परिचालनलाई अन्तरिम आदेश जारी गरी रोकेको छ। यसका साथै तत्कालिन सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओली नेतृत्वको सरकारले असंवैधानिक काम गरी संविधानको सीमा, संवैधानिक नैतिकता मिचेको भनी उक्त सरकार विघटन गरी शेरबहादुर देउवा नेतृत्वमा नयाँ सरकार गठन गर्ने गरी आदेश दिएको थियो। सरकार वा अन्य निकायहरूबाट भएका कानुन विपरीतका कार्यहरूको नियन्त्रण एवम् खारेजी गरी कानुनको शासन एवम् सुशासन कायम गराउन अदालतले अग्रणी भूमिका निर्वाह गर्ने गर्दछ र गर्नुपर्दछ। यति भनिरहँदा न्यायापालिकाका आफ्ना गतिविधिसमेत सुशासनयुक्त हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन। अर्को निकायको वा संस्थाको कमी कमजोरी औंल्याउने निकायले आफ्ना काम कारवाहीमा पनि प्रश्न उठ्न सक्छन् भनी सतर्कतापूर्वक कार्य सम्पादन गर्न सक्नुपर्दछ।

यसै गरी न्यायपालिका संविधान कानुनको व्याख्याता एवम् जनताको अधिकारको पहरेदार भएको कारण पनि यसले निर्वाह गर्ने भूमिकामा सेवाग्राहीको सहज पहुँच हुनुपर्दछ। अदातलको ढोका ढकढकाउन आउने न्यायका उपभोक्ताहरूलाई सेवाग्राहीमैत्री व्यवहारका साथ साथै छिटो छरितो र गुणस्तरीय न्याय सम्पादनको माध्यमबाट सेवा उपलब्ध गराउनुपर्दछ। सरकार एवम् अन्य सरकारी निकायको काम कारवाहीमा प्रश्न उठाउने निकाय भएर पनि अदालतले आफ्ना काम कारवाही एवम् गतिविधिमा पारदर्शिता कायम गर्नुपर्ने, विकृति विसङ्गतिमा शून्य सहनशीलता अपनाउन आवश्यक पर्दछ।

हेलो सरकार : विगत, वर्तमान र भविष्य

✍ प्रद्युम्नप्रसाद उपाध्याय*

पृष्ठभूमि

लोकतन्त्रमा सरकारले नागरिकका कुरा सुन्नुपर्छ। लोकतान्त्रिक शासन व्यवस्था भनेको सामाजिक सम्झौता (Social Contract) को अहिलेसम्मको उच्चतम विकसित रुप हो। नागरिक र समाजबिचको सम्झौताको परिणाम नै सरकार हो। नागरिकले आफ्नो सार्वभौमसत्ता जनप्रतिनिधिमार्फत सरकारलाई सुम्पिन्छन् र सरकारले पनि नागरिकलाई मालिक मान्दै नागरिकले अह्राएका विषयवस्तुको सेरोफेरोमा नीति ल्याएर कानुनद्वारा राज्य सञ्चालन गर्नुपर्छ। नागरिकको चाहना र इच्छा सरकारी संयन्त्रले राम्ररी बुझेर उनीहरूका गुनासाको प्रभावकारी सम्बोधन पनि गर्नुपर्छ। सरकारको प्रमुख कार्यकारीसम्म सबै वर्ग, क्षेत्र, लिङ्ग, समुदाय र आर्थिक सामाजिक अवस्थाका नागरिकका गुनासाहरू पनि पुग्नुपर्छ भन्ने मान्यता लोकतन्त्रको मर्ममा रहन्छ।

गुनासो व्यवस्थापनको सैद्धांतिक अवधारणा

शासन व्यवस्थामा निर्वाचन पद्धतिमार्फत चुनिएर आएको सरकारले मत माग्ने बेलामा नागरिकसँग धेरै किसिमका आश्वासन दिने गर्छन्। हामी सत्तामा आयौं भने नागरिकका समस्या यसरी समाधान गर्छौं भनी वाचा गरेका हुन्छन्। ती वाचा र आश्वासनलाई सरकारमा पुगेपछि नेतृत्वदायी दल वा व्यक्तिले पूरा गर्नुपर्छ। राज्य-संयन्त्र सञ्चालन गर्न बनेका इकाई र प्रणालीहरूको प्रयोग गरी सेवा प्रवाह तथा विकासका कार्यद्वारा सरकारले आफ्ना वाचा पूरा गर्छन् पनि।

संविधानले सुनिश्चित गरेका नागरिकका अधिकारहरूको संरक्षण गर्न जरूरी हुन्छ।

** सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

त्यसको प्रत्याभूतिका लागि नागरिकलाई कुनै बह पोख्ने वा जानकारी सूचनाहरू दिनसक्ने एक ठाउँ राज्यले दिनुपर्छ। नागरिकले गुनासो गर्ने ठाउँ र प्रक्रिया स्पष्ट तय हुनुपर्छ। ठाउँ छ भनेर मात्र भएन त्यस्तो ठाउँमा नागरिकले एकदम सरल र सहज तरिकाले आफ्नो मनका कुरा पोख्न सक्नु पनि पर्छ। मनमा लागेका कुरा पोखेर मात्र पनि पुग्दैन, नागरिकले गरेको त्यस्तो गुनासोको उचित सम्बोधन हुन्छ भन्ने कुरा स्वयम् नागरिकलाई प्रत्याभूत पनि गरिनुपर्छ। यो बाहेक, गुनासो गर्ने ठाउँ छ है भनी सार्वजनिक रुपमा सबै सामु त्यसको राम्ररी प्रचार प्रसार गरिएको पनि हुनुपर्छ। साथै, यो पनि पक्का हुनुपर्छ कि, त्यस्तो ठाउँमा गुनासो गरिसकेपछि गुनासोउपर केही न केही त अवश्य हुन्छ, उचित न्याय प्राप्त हुन्छ, जनमानसमा यस्तो विश्वास सिर्जना हुने गरी त्यस्तो सरकारी संयन्त्रले कार्य गरेको हुनुपर्छ। यिनै सिद्धान्तको सेरोफेरोमा रहेर नेपाल सरकारले 'हेलो सरकार' नामक गुनासो व्यवस्थापन संयन्त्र स्थापना गरेको पाइन्छ।

'हेलो सरकार' संयन्त्रको कार्यक्षेत्र

सार्वजनिक निकायमा कुनै प्रकारको भेदभाव भयो, कोही कतै राज्यका सेवा प्राप्तिमा वञ्चितीकरणमा पर्‍यो, कसैलाई राज्यका प्राप्तिहरूमा कुनै अवरोध भेल्नुपर्‍यो, कुनै सरकारी कार्यालयले गरेका क्रियाकलापले गर्दा नागरिकले क्षति व्यहोर्नुपर्‍यो भने यस्ता कार्य र अवस्थाबारेमा नागरिकले तत्काल गुनासो गर्न खोज्छन्। त्यो सुन्ने र सम्बोधन गर्ने कार्य यस 'हेलो सरकार' संयन्त्रको हो। यस्ता विषयमा नागरिकले सहज तरिकाले गुनासो गर्न पाऊन् भन्ने ध्येय यस संयन्त्रले राखेको छ। त्यस्तै, राज्य संयन्त्रबारे कसैले केही भन्न चाहन्छ भने त्यो टिपोट गर्ने एक प्लेटफर्मको कार्य पनि 'हेलो सरकार'ले गर्छ। नागरिकले भनेका, पोखेका कुराहरू सम्बोधनका लागि सम्बन्धित निकायमा निर्देशनसहित कारवाहीका लागि लेख्ने कार्य यसले गर्छ। 'हेलो सरकार' कक्षले आफैं सम्बोधन गर्न सक्ने विषय धेरै हुँदैनन्। तर 'हेलो सरकार' संयन्त्रमा गुनासो व्यवस्थापन गर्न जोडिएका राज्य संयन्त्रका सबै सरकारी कार्यालय र गुनासो व्यवस्थापन अधिकारीहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित गुनासा सम्बोधन गर्ने गर्छन्। नागरिकका व्यक्तिगत गुनासाका अतिरिक्त सार्वजनिक सरोकारका विषयहरूमा पनि नागरिकबाट प्राप्त हुने स्वतस्फूर्त गुनासो तथा सुझावहरू लिने र तिनलाई समाधान गर्न प्रक्रिया अगाडि बढाउने कार्य 'हेलो सरकार'को कार्यअन्तर्गत रहेको छ। यसरी, 'हेलो सरकार'ले नागरिकसँग जोडिएका साथै समग्र सार्वजनिक सरोकारका विषयमा देखिएका समस्याहरू समाधान गर्न मार्ग खोज्ने तथा सहजकारी निकायका रूपमा कार्य गर्छ।

‘हेलो सरकार’लाई निर्देशित गर्ने नीतिगत आधार

२०६४ सालमा आएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन को दफा ३१, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम २० र ‘हेलो सरकार’ गुनासो व्यवस्थापन निर्देशिका, २०७८ ले प्रत्यक्षतः ‘हेलो सरकार’लाई निर्देशित गरेका छन्। ‘हेलो सरकार’को समग्र गुनासो व्यवस्थापन प्रणाली संविधानप्रदत्त नागरिक हकहरूको रक्षामा केन्द्रित छ। नेपाल सरकार र सम्पूर्ण सार्वजनिक क्षेत्रलाई गतिशील बनाउने गरी संविधानले निर्देशित गरेका सबै प्रकारका ऐन-कानुन, नीति नियम, निर्देशिका र कार्यविधिहरूले तय गरेका प्रावधानहरूको परिपालनाको अवस्था सुनिश्चित गर्न ‘हेलो सरकार’ले राज्यका सम्बन्धित निकायहरूलाई निरन्तर घच्घच्याउने कार्य गरिरहेको हुन्छ।

गुनासो व्यवस्थापन तथा ‘हेलो सरकार’को इतिहास

जनगुनासो व्यवस्थापनको इतिहास राज्यको उत्पत्ति जतिकै पुरानो हो। सरकारको उत्पत्ति भएपछि सरकारले गरेका क्रियाकलापहरूबारे नागरिक असन्तुष्ट हुँदा गुनासो गर्ने परापूर्वकालदेखि नै चलिआएको तथ्य हाम्रा पुराना धार्मिक ग्रन्थ र शास्त्रमा उल्लेख पाइन्छ। सामान्य नागरिकले गरेका गुनासा राज्यका उच्च पदमा आसिन पदाधिकारीहरूले समाधान गर्न न्यायालय, दरबार, कचहरी तथा अनेक प्रकारका सरकारी अड्डाहरू खडा हुँदै आएका छन्। नेपालमा पनि परापूर्वकालदेखि राणाकाल र पञ्चायत व्यवस्थामा राजाहरूले नागरिकका गुनासाहरू विभिन्न तरिकाले लिने गरेका पाइन्छ। ‘हेलो सरकार’को कुरा गर्दा गुनासो व्यवस्थापन प्रणाली केन्द्रीय रुपमा प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्रीलाई नै सम्बोधन गरेर आउने गरेका निवेदन र पत्रहरूलाई व्यवस्थित गर्दै सम्बन्धित निकायमा लेखी पठाउने कार्यदेखि शुरु भएको हो। प्रधानमन्त्रीको सचिवालयमा अत्यधिक मात्रामा आउने नागरिकका गुनासा पत्र र निवेदनहरू व्यवस्थित गरी राख्नका लागि डेढ दशकअघि गुनासोको प्रारम्भिक डाटाबेस तयार गरिएको थियो। पछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गुनासो व्यवस्थापन शाखा स्थापना भयो। सँगै २०६८ कार्तिक १७ गते तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईद्वारा ‘हेलो सरकार’ कक्ष स्थापना भयो।

‘हेलो सरकार’ कक्ष स्थापनासँगै सबै मन्त्रालय तथा केन्द्रीय निकायहरूमा गुनासा व्यवस्थापन गर्न नोडल अफिसर पनि तोकिए। ‘हेलो सरकार’ कक्षबाट निकायहरूमा गुनासो पठाउनका लागि गुनासो पोर्टल विकास भयो। त्यसको एकातिर ‘हेलो सरकार’ कक्षमा कार्य गर्ने कर्मचारीहरू र अर्कोपट्टि नोडल अफिसर बस्न थाले।

हाल गुनासो पोर्टललाई समसामयिक रुपमा परिमार्जन र सुधार गर्दै ल्याइएको छ। अहिले गुनासो गरेपछि त्यस गुनासोमा के के भइरहेको छ भनेर सजिलै गुनासोकर्ताले ट्र्याकिङ्ग नम्बरबाट ट्र्याक गर्न सक्छन्।

'हेलो सरकार'मा गुनासो गर्न सकिने माध्यम

'हेलो सरकार' स्थापना हुँदा ११११ टोल-फ्री फोन, फ्याक्स, एस.एम.एस. र इमेलबाट गुनासो लिन सुरु गरिएको थियो। पछि २०७२ साल असार २७ गते तत्कालीन मुख्यसचिव लीलामणि पौड्यालले फेसबुक पेजबाट पनि गुनासो लिने व्यवस्था उद्घाटन गर्नुभयो। 'हेलो सरकार'को फेसबुक पेज खुलेसँगै विभिन्न निकायहरूका हेलो फेसबुक पेजहरू पनि क्रियाशील भए। फेसबुक कार्यविधिले त्यसका लागि आधार दियो। पछि डिसेम्बर २०१५ मा 'हेलो सरकार'को ट्वीटर ह्यान्डल सञ्चालनमा आयो। ट्वीटर ह्यान्डल सञ्चालनमा आएपछि गुनासो गर्न झन् सहज भयो। १४० अक्षरमा गुनासो र सुझावहरू पठाउने एउटा शक्तिशाली प्लेटफर्म ट्वीटर बन्यो। ट्वीटर पेजमा समाजका प्रतिष्ठित व्यक्तिहरूले पनि गुनासा र सुझाव प्रतिक्रिया दिन थाले। 'हेलो सरकार'ले तत्काल जवाफ फर्काउँछ भन्ने सन्देश सबैतिर गयो। 'हेलो सरकार'को ट्वीटर ह्यान्डलले अन्य निकायहरूलाई पनि ट्वीटर ह्यान्डल चलाउन मार्गप्रशस्त गऱ्यो। सामाजिक सञ्जालबाट आउने गुनासालाई पोर्टलमा सिधै प्रविष्टि गर्न थालियो। पछि गएर भाइबर, नागरिक एप पनि गुनासो ग्रहण गर्ने माध्यमका रूपमा जोडिए।

'हेलो सरकार'को प्रभाव

'हेलो सरकार' गुनासो सुन्ने नेपाल सरकारको एक अत्यन्त सहज माध्यम बनिसकेको छ। नेपाल सरकारसँग नागरिकले दुःखेसो पोख्ने ठाउँ पाएका छन्। नागरिकले सामान्य रूपमा खट्केको कुनैपनि विषयलाई गुनासो गरिहाल्ने अवस्था सिर्जना भएको छ। कतै केही असामान्य गतिविधि छ भने 'हेलो सरकार'मा जानकारी गराइहाल्ने बानी विकसित भएको छ। 'हेलो सरकार'ले प्राप्त हुन आएका गुनासाहरूलाई तत्काल मन्त्रालय वा सम्बन्धित निकायमा निर्देशनसहित पठाउने हुँदा मन्त्रालय तथा सम्बन्धित निकायहरूलाई आफ्नो कार्य पद्धतिमा सुधार गर्न निरन्तर दबाब बढिरहेको छ। 'हेलो सरकार'मा गुनासो राखेपछि केही न केही परिणाम निस्कन्छ भनेर नीतिगत सुझावहरू पनि प्रशस्त आउने गरेका छन्। सामाजिक सञ्जालमा पनि 'हेलो सरकार'ले नेपाल सरकारका तर्फबाट एउटा दह्रो उपस्थितिसमेत जनाएको छ।

गुनासो व्यवस्थापन र तथ्याङ्क

अहिले गुनासो व्यवस्थापन पोर्टलमा नेपाल सरकारका ३७०० भन्दा बढी सरकारी केन्द्रीय, प्रादेशिक र स्थानीय कार्यालयहरू आबद्ध भइसकेका छन्। एकलाख भन्दा बढी सङ्ख्यामा गुनासाहरूको गुनासो डाटाबेस बनिसकेको छ। हालैको तथ्याङ्कलाई हेर्दा मासिक औसत रूपमा १७०० को हाराहारीमा गुनासा पोर्टलमा दर्ता भैरहेका छन्। धेरै गुनासा खासगरी गृह मन्त्रालय, विद्युत प्राधिकरण, स्थानीय निकाय, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, बजार व्यवस्था, सूचना प्रविधि, यातायात सेवा तथा भ्रष्टाचारजस्ता विषयमा आधारित आउने गरेका छन्। सरकारका तीन ओटै तहमा 'हेलो सरकार'को सञ्जाल प्रभावकारी रुपमा विस्तार हुँदै गइरहेको छ।

'हेलो सरकार'को भावी कार्यदिशा

'हेलो सरकार'को प्रभावकारिता विस्तार गर्नका लागि गुनासो सुन्ने संयन्त्रमा रहेका नोडल अफिसर तथा सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि सबैभन्दा महत्त्वपूर्ण पाटो रहेको छ। सम्बन्धित निकायका गुनासो सुन्ने अधिकारीहरूलाई जबसम्म गुनासो सम्बोधनका लागि पूर्णतः प्रतिबद्ध बनाउन सकिन्न तबसम्म गुनासो सम्बोधन भएर नागरिकले पूर्ण सन्तुष्टि प्राप्त गर्ने स्थिति आउँदैन। त्यस्तै, गुनासो व्यवस्थापनका लागि बनेको गुनासो पोर्टलको समसामयिक सुधार गर्दै लैजान सकेमा यो विद्युतीय सुशासनको एउटा प्रमुख माध्यमका रुपमा पनि विकसित हुन सक्छ। आगामी दिनमा यसलाई सरकारको एक विस्तारित संयन्त्र बनाएर राज्यका सबै निकायहरूबिच अन्तरक्रिया गर्ने एक प्रभावशाली प्लेटफर्म बनाउन सकिने सोच विकास भैसकेको छ। यसमा नागरिकले खुलारूपमा नीतिगत सुधारका लागि बहस गर्न सक्ने, सुझावहरू दिन सक्नेछन्।

'हेलो सरकार' निर्देशिकामा उच्चस्तरीय निर्देशक समितिको व्यवस्था गरी गुनासोमा तत्काल रेस्पोन्स गर्न टिम परिचालन गर्ने तथा गुनासोको प्रारम्भिक स्क्रिनिङ्गका लागि पनि टिम तयार गर्ने योजना रहेको छ। 'हेलो सरकार'लाई नागरिकका गुनासा हरसमय सुन्नका लागि २४ सै घण्टा सञ्चालनमा ल्याउने गरी कार्य अघि बढेको छ। त्यसै गरी, गुनासो पोर्टललाई शोध तथा विश्लेषण अर्थात् रिसर्च एण्ड एनालिसिस प्लेटफर्मको रुपमा विकास गर्न खोजिएको छ। 'हेलो सरकार'लाई सामाजिक अभियन्ताहरूसँग पोड्कास्टमार्फत कुराकानी गर्ने थलो बनाउने,

शैक्षिक, स्वास्थ्य गतिविधिहरूबारे छलफल गर्ने, आगामी दिनमा बन्ने नीतिमा केकस्ता सुझावहरू हुन सक्छन् भनेर सर्भे गर्ने, नागरिकबाट क्राउडसोर्सिङ्ग गर्ने, विश्वविद्यालय तथा कलेजका विद्यार्थीहरूलाई सरकारका गतिविधिमा सामेल गराउने जस्ता काम गर्ने योजनासमेत 'हेलो सरकार'को रहेको छ।

वर्तमान विश्वमा सूचना प्रविधिमा आएको क्रान्ति तथा प्रविधिगत विकासको गतिलाई नियाल्दै सरकारले पनि सोही रफ्तार पछ्याउनुपर्छ भनी कृत्रिम बौद्धिकता Artificial Intelligence को प्रारम्भिक प्रयोगको थालनी गर्दै 'हेलो सरकार'का गतिविधिहरूलाई मानवीय क्रियाकलापबाट अटोमेटिक सिस्टममा लिएर जाने योजनासमेत यसको भावी कार्यदिशामा रहेको छ।

समग्रमा, 'हेलो सरकार' नेपाल सरकारको गुनासो व्यवस्थापन क्षेत्रमा एक प्रभावशाली प्लेटफर्म भैसकेको छ। यसले स्थापनाकालदेखि धेरै नागरिकका गुनासा सम्बोधन गरी विश्वास आर्जन गरेको छ। र आगामी दिनमा पनि झन् सशक्त भै जनगुनासा समाधान गर्नसक्ने सम्भावना बोकेको छ। यसै विषयलाई मनन गर्दै यो नेपाल सरकारको एक अन्तर-आबद्ध, उपयोगी तथा अन्तरक्रियात्मक विद्युतीय शासकीय प्रणालीका रूपमा विकास हुने देखिएको छ।

मिडियामा आन्तरिक सुशासन र स्वनियमन

✍ डा. महेन्द्र विष्ट*

पृष्ठभूमि

नेपाली पत्रकारिताको इतिहास धेरै लामो छैन। नेपाली भाषामा पहिलो पत्रिका प्रकाशन भएको १३७ वर्ष मात्र भएको छ। समाचारपत्रको इतिहास सवा सय वर्षको छ। व्यावसायिक पत्रकारिताको इतिहास त झनै छोटो छ। तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्किंदा वि.सं. १९०८ मा ल्याएको गिद्दे प्रेसबाट नेपाली छापाखानाको इतिहास शुरु हुन्छ। मोतिराम भट्टले बनारसबाट प्रकाशित गरेको 'गोरखा भारत जीवन' (वि.सं. १९४३) र नेपालमै पहिलो पटक छापिएको 'सुधा सागर' (वि.सं. १९५५)बाट नेपाली भाषाको पत्रिकाको इतिहास कोरिन थालेको हो। समाचारपत्रको इतिहास भने वि.सं. १९५८ बाट साप्ताहिक रुपमा प्रकाशित गोर्खापत्रबाट शुरु हुन्छ। २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि व्यावसायिक पत्रकारिताको जग बस्न थालेको हो।

रेडियो नेपालको स्थापना (वि.सं. २००७) भएपछि पत्रकारिताको क्षेत्र प्रसारण पत्रकारितातर्फ विस्तारित भयो। २०१६ सालमा नेपाल संवाद समितिको नाममा समाचार एजेन्सीको सुरुवात भयो। नेपाल टेलिभिजनको प्रसारण वि.सं. २०४२ सालमा भयो। योसँगै माध्यमगत आधारमा नेपाली पत्रकारिता छापा, रेडियो र टेलिभिजनमा विस्तार भयो। तर, स्वतन्त्र र व्यावसायिक पत्रकारिताको विकास भने २००७ सालमा स्थापना भएको प्रजातन्त्र २०१७ सालमा खोसिएर २०४६ मा पुनःस्थापना भएपछि मात्र हुन थाल्यो।

प्रजातन्त्र पुनःस्थापनाको नयाँ बिहानीसँगै २०४७ सालमा जारी नेपाल अधिराज्यको संविधानले प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेपछि नेपालमा सहीरूपमा व्यावसायिक

** वरिष्ठ पत्रकार*

पत्रकारिता शुरु भएको हो। २०४९ सालमा आएको सञ्चार नीति र यसैको सेरोफेरोमा आएका सञ्चार कानुनले नेपालमा पत्रकारिताको क्षेत्र फराकिलो बनायो। निजी क्षेत्रबाट ठुलो लगानी र आकारमा पत्रपत्रिका प्रकाशन हुन थाले। निजी र सामुदायिक क्षेत्रबाट एफएम रेडियो प्रसारण हुन थाले। निजी क्षेत्रले टेलिभिजनमा पनि हात हाल्यो। प्रविधिको विकाससँगै अनलाइन पत्रकारिता पनि शुरु भयो।

माध्यम, प्रविधि र सङ्ख्यामा विस्तार

अहिले माध्यमगत, प्रविधिगत र सङ्ख्यात्मक तीनै हिसाबमा नेपाली पत्रकारिताले ठुलो फड्को मारेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म आइपुग्दा पत्रपत्रिका दर्ताको सङ्ख्या ७९७९ पुगेको छ। यस्तै आव २०७९/८० को अन्त्यसम्ममा ९२८ एफएम रेडियोले प्रसारण अनुमति (लाइसेन्स) प्राप्त गरेका छन्। यस्तै २४२ ओटा टेलिभिजनले प्रसारण अनुमति पाएका छन्। यसै अवधिसम्ममा दर्ता भएका अनलाइनको सङ्ख्या ४०६१ रहेको छ। प्रेस काउन्सिलको अभिलेखअनुसार नियमित प्रकाशित भई आ. व. ०७८/७९ वर्गीकरणमा आवदेन दिने पत्रपत्रिकाको सङ्ख्या ९०० रहेको छ। करिब तीन करोड कूल जनसङ्ख्या रहेको र जम्मा एक लाख ४७ हजार १८१ वर्ग किलोमिटर क्षेत्रफलको यस मुलुकको लागि सञ्चार माध्यमको यो सङ्ख्या ठुलो हो। लगानीको हिसाबले खर्ब र जनशक्तिको हिसाबले लाखको हाराहारीमा पुगेको नेपाली सञ्चार क्षेत्रले उद्योगको रुप लिइसकेको छ। तर, नीति र अभ्यासमा अझै पनि नेपाली पत्रकारिताले उद्योगको मान्यता र स्वरुप हासिल गर्न सकेको छैन।

परम्परागत र नयाँ माध्यमको अभ्याससँगै पत्रकारिता अहिले डिजिटल युगमा छ। संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार स्वतन्त्र छ। मिसन पत्रकारिताको विरासत बोकेको भएपनि अहिले व्यावसायिक अभ्यासमा छ। पहुँचका दृष्टिले पनि व्यापक छ। उपलब्धताको दृष्टिले पत्रपत्रिका र रेडियो प्रसारणको पहुँच करिब ८० प्रतिशत जनसङ्ख्यामा छ भने टेलिभिजनको पहुँच करिब ७० प्रतिशत जनसङ्ख्यामा रहेको अनुमान गरिएको छ। इन्टरनेटको पहुँच भएका सबै स्थान र जनसङ्ख्यामा न्युमिडियाको पहुँच छ। इन्टरनेटको माध्यमबाट अनलाइन समाचार पोर्टल र परम्परागत माध्यमको डिजिटल भर्सन देशभित्र मात्र नभई विश्वभर फैलिएका छन्। पछिल्लो समयमा सूचना, सन्देश र अनुभवको आदान प्रदानसँगै विभिन्न खालको अभियानमा सामाजिक सञ्जालको उपस्थिति निकै आक्रामक र व्यापक बनेको छ। यस्तो अवस्थामा आमसञ्चार माध्यमहरू नयाँ अवसरसँगै नयाँ नयाँ चुनौतीको

सामना गर्नुपर्ने स्थितिमा पुगेका छन् ।

बढ्दो पहुँच, खुम्चिँदो बजार

विभिन्न अध्ययनले देखाएअनुसार प्रविधिको द्रूत विकासले आमसञ्चार माध्यमको पहुँच त बढेको छ तर प्रभाव भने बढ्नुको सट्टा घटिरहेको छ। सञ्चार माध्यम भनेको सूचना, शिक्षा र मनोरञ्जनसँगै विचार निर्माणको थलो पनि हो। तर, पछिल्लो समय आमनागरिकमा सूचनाको मुख्य स्रोतका रुपमा सञ्चार माध्यमप्रतिको निर्भरता घट्दै गएको छ। मनोरञ्जनका सामग्रीको प्रकाशन-प्रसारण-वितरणका निम्ति पनि मूल प्रवाहका सञ्चार माध्यमभन्दा अन्य डिजिटल प्लेटफर्म बढी प्राथमिकतामा पर्दै गएको छ। यस्तै सार्वजनिक बहसको थलो पनि सञ्चार माध्यमभन्दा सामाजिक सञ्जाल नै बढी बन्ने र एजेण्डा-सेटिङको भूमिकामा पनि सञ्चार माध्यमको प्रभाव घट्दै जाने स्थिति बन्दै छ।

मूल प्रवाहका सञ्चार माध्यमको बजार एकातिर विश्वव्यापी आर्थिक संकट र राष्ट्रिय मन्दीको कारण खुम्चिँदै गएको छ भने भएको सीमित बजार पनि डिजिटल माध्यमले खोसिरहेको अवस्था छ। यस्तो स्थितिमा नेपाली मिडिया उद्योग चरम आर्थिक संकटको भूमरीमा पर्ने स्थिति छ। जसले गर्दा यसको जीवन नै चुनौतीमा पर्ने जोखिम बढिरहेको छ।

संवैधानिक प्रत्याभूति, संरचनागत रिक्तता

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ ले प्रत्येक व्यक्तिलाई बिना हस्तक्षेप विचार अभिव्यक्त गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने र बिना बन्देज जुनसुकै माध्यमबाट प्रवाह गर्ने अधिकारको ग्यारेन्टी गरेको छ। यस्तै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले यसलाई अझ विस्तार र व्याख्या गर्नुका साथै यसको अधिकारको प्रयोगमा विशेष कर्तव्य र उत्तरदायित्त्वहरू समावेश गरेको छ। मिडियामा बहुलता, विविधता, लैंगिक समानता र कार्य स्थलको सुरक्षा जस्ता विषयलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय श्रम सम्मेलनबाट जारी हिंसा र दुर्व्यवहार सम्बन्धी महासन्धि, २०१९ (सि १९०) सहित अन्य थुप्रै अन्तर्राष्ट्रिय प्रबन्धहरू छन्।

संविधानसभाबाट जारी नेपालको संविधान (२०७२) ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको छ। संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था छ भने धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत विचार र अभिव्यक्तिको

स्वतन्त्रता समावेश छ। यस्तै आमसञ्चार क्षेत्र सम्बन्धी विशेष व्यवस्थाको रुपमा धारा १९ मा सञ्चारको हकको व्यवस्था गरी कुनै पनि विषयको प्रकाशन प्रसारणमा पूर्वप्रतिबन्ध नलगाइने, बन्द, जफत वा दर्ता खारेज वा सामग्री जफत नगरिने र सञ्चार साधनलाई अवरुद्ध नगरिने प्रत्याभूति गरिएको छ। यसै गरी संविधानको धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनीयताको हकको व्यवस्था छ।

आमसञ्चार क्षेत्रसँग प्रत्यक्ष र परोक्ष सरोकार राख्ने राष्ट्रिय आमसञ्चार नीति, २०७३ सहितका नीतिगत प्रबन्ध र थुप्रै कानुनी व्यवस्था छन्। विषयवस्तुको नियमनको लागि प्रेस काउन्सिल र व्यवस्थापकीय नियमन र सहजीकरणका लागि प्रेस रजिष्ट्रारको कार्यालय छ। श्रम अभ्यास हेर्न प्रेस रजिष्ट्रारका साथै न्यूनतम पारिश्रमिक निर्धारण समिति र विज्ञापन नियमनका लागि विज्ञापन बोर्ड छ।

यद्यपि सञ्चार माध्यमको शासकीय पक्ष, सुशासन र स्वनियमनको पाटो भने अझै पनि चुस्त हुन सकेको छैन। यसका पछाडि स्पष्ट नीतिगत तथा कानुनी व्यवस्था र प्रष्ट क्षेत्राधिकारसहितको नियामक संरचनाको रिक्तता, पत्रकारिताको अभ्यासमा स्वनियमनको अभाव एवम् यस क्षेत्रमा विद्यमान संरचनाको कार्यक्षमतामा कमी प्रमुख कारण रहेको मान्न सकिन्छ।

विषयवस्तुको नियमन

लोकतन्त्रका लागि आवश्यक पर्ने छ प्रमुख पक्षमा अभिव्यक्ति स्वतन्त्रता पनि एक हो। लोकतान्त्रिक प्रणाली भएका मुलुकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको नियन्त्रण कल्पना गरिएको हुँदैन। तर, नियमनको आवश्यकतालाई भने आत्मसात् गरिएको छ। यद्यपि त्यो पनि स्वनियमनको ढाँचामा हुनुपर्ने मान्यता छ। कतिपय अन्तर्राष्ट्रिय प्रबन्ध र राष्ट्रिय कानुनले विषयवस्तुमाथिको सीमित बन्देजको यस्तो सैद्धान्तिक मान्यतालाई आत्मसात् गरेका छन्। कतिपय देशमा त्यसको सही अभ्यास भएको छ भने कतिपयमा दुरुपयोगको स्थिति छ।

नियमनका प्रमुख क्षेत्रहरूमा मानहानि, राष्ट्रिय सुरक्षा, गोपनीयता, अदालत र संसदको अवहेलना, घृणाजन्य अभिव्यक्ति, असत्य समाचार, धार्मिक दुष्प्रचार, यौनजन्य अश्लीलता वा उच्छृङ्खलता एवम् संकटकालीन अवस्थामा सीमित पूर्वप्रतिबन्धलाई मानिएको छ। यस्तो नियमन स्वनियमन प्रणालीअन्तर्गत हुनुपर्दछ भने तीन खण्डे परीक्षण अर्थात् अत्यावश्यक हो कि होइन, कानुनबमोजिम छ कि छैन एवम् सकेसम्म सीमित र कम समयका लागि गरिएको हो कि होइन भनेर जाँच गरेपछि मात्र त्यसको सान्दर्भिकता र औचित्य पुष्टी गर्न सकिने हुन्छ। नेपालमा पनि

नेपालको संविधान, प्रेस सम्बन्धी ऐन-नियम र अन्य केही सम्बद्ध कानुनमा यस्तो व्यवस्था समेटिएको अवस्था छ।

पत्रकार आचारसंहिता र प्रेस काउन्सिल

पत्रकारिताको अभ्यासमा नियमनको प्रमुख क्षेत्र पत्रकार आचारसंहिता र नियामक निकायको रुपमा प्रेस काउन्सिल नै हो। पत्रकार आचारसंहिताले स्वतन्त्र र निष्पक्ष हुने पत्रकारको अधिकारको रक्षा गर्छ भने व्यावसायिक त्रुटिको परीक्षण गरी त्यसलाई सच्याउने उपाय अवलम्बन गर्न सहयोग गर्दछ। पत्रकारितालाई पीत पत्रकारिताबाट जोगाएर स्वच्छ र मर्यादित बनाउन स्वीडेनले सर्वप्रथम सन् १८७४ मा प्रेस क्लबको गठन गरी आचारसंहिताको निर्माण र त्यसको उल्लंघन गर्नेका विरुद्ध उजुरी सुनी कारवाही गर्न शुरु गऱ्यो। यो अभ्यास बेलायतसहितका अन्य युरोपेली मुलुकहरूका साथै विश्वका अधिकांश देशमा गरिँदै आएको छ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) ले सन् १९५४ को विश्व सम्मेलनबाट जारी र सन् १९८६ को विश्व सम्मेलनबाट संशोधन गरी लागु गरेको पत्रकार आचारसंहिताले सत्यको सम्मान, प्रेस स्वतन्त्रताको प्रतिरक्षा, झूठ सामग्रीबाट अलग, समाचार, तस्वीर या सामग्री संकलनका लागि सही विधिको अवलम्बन, गल्तीको सुधार, गोप्य स्रोतको संरक्षण, कुनै पनि खाले विभेदको खतराबाट सचेततालगायतका सैद्धान्तिक मान्यतालाई आत्मसात् गरेको छ। यस्तै अन्य थुप्रै संघसंस्था र विषयगत समिति एवम् निकायहरूले पत्रकार तथा सञ्चार माध्यमका लागि आचारसंहिता जारी गरेका छन्।

नेपालमा सर्वप्रथम प्रेस कमिसनले २०१५ सालमा पेस गरेको प्रतिवेदनमा पत्रकारले पालना गर्नुपर्ने आचरणका १८ बुँदे नियमहरू प्रस्ताव गरेको थियो। २०२४ सालमा प्रेस सल्लाहकार समितिको निरन्तरतास्वरूप २०२७ सालमा प्रेस काउन्सिल गठन भएपछि पटक पटक आचारसंहिता जारी गर्ने र त्यसमा संशोधन वा नयाँ जारी गरेर अद्यावधिक गर्ने कार्य हुँदै आएको छ। अन्तर्राष्ट्रिय मापदण्ड, नयाँ संविधान र राष्ट्रिय अभ्यासलाई मनन गरी पत्रकारिताको नवीनतम सैद्धान्तिक मान्यता, प्रविधिको विकास र नयाँ नयाँ माध्यमको विस्तारलाई समेट्दै पत्रकार आचारसंहिता २०७३ जारी भयो जसमा २०७६ मा पहिलो संशोधन भई हाल कार्यान्वयनमा रहेको अवस्था छ। स्वनियमन र संरक्षणको प्रणालीलाई आत्मसात् गरिएको यस आचारसंहितामा पत्रकारले पालना गर्नुपर्ने कर्तव्यका १४ र पत्रकारले गर्नै नहुने कार्यका १४ बुँदा रहेका छन्।

प्रेस काउन्सिलले आचारसंहिता उल्लंघनका उजुरीको सुनुवाई र कारवाही सम्बन्धी कार्य गर्दै आएको छ। यद्यपि मिडियाबाट संप्रेषित सामग्रीबारे विषयवस्तुका पक्ष वा आम उपभोक्ताले गुनासो र उजुरी गर्ने संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यक छ। डिजिटल मिडियामा समेटिनुपर्ने स्वनियमनका विषय, अनुगमन प्रणाली र संरचनामा सुधार आवश्यक भइसकेको छ भने उजुरी र गुनासो लिने तथा त्यसमाथि सुनुवाई र निर्णय गर्ने प्रक्रियाहरूमा पनि सुधारको खाँचो छ। उजुरी सुनुवाइमा मेलमिलाप, मध्यस्थता र जटिल उजुरीहरूमा बेञ्चबाट सुनुवाई गर्ने जस्ता प्रक्रियाहरू अवलम्बन गर्ने पद्दति विकास गर्नुपर्दछ।

मिडियाबाटै स्वनियमन

पत्रकारितामा सार्वजनिक जवाफदेहिता र उत्तरदायित्वको आत्मसात् भएन भने प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको दुरुपयोग हुने जोखिम बढ्छ। यसर्थ प्रेस काउन्सिलबाट हुने नियमनलाई मूल आधार बनाएर मिडिया-संस्थाहरूमा नै स्वनियमन पद्धति विकास गर्नुपर्दछ। प्रत्येक आमसञ्चार माध्यमले सम्पादकीय नीति सार्वजनिक गर्ने, मिडियाबाट प्रकाशित-प्रसारित सामग्रीको बारेमा गुनासो सुन्ने सम्पादकको व्यवस्था गर्ने र मिडियामा आफ्नै अम्बुड्सम्यान राख्ने प्रणालीको विकास गरिनुपर्दछ। यस्तै विभिन्न विधागत माध्यमहरूका संघ संस्थाबाट स्वनियमनका मान्यताहरू स्वघोषणा गरी अनुगमन गर्न प्रोत्साहन गरिनुपर्दछ।

इन्टरनेटमा आधारित डिजिटल प्लेटफर्मको सशक्त माध्यमको रूपमा आएको अनलाइन मिडिया मूल प्रवाहको सञ्चार माध्यमको रुपमा स्थापित भइसकेको छ। पत्रपत्रिका, रेडियो र टेलिभिजनमध्ये कुनै पनि वा सबै स्वरुपमा पत्रकारिता अभ्यास गर्ने अनलाइन न्यूज पोर्टल विश्वभरि नै न्यु मिडियाको रुपमा पत्रकारिता अभ्यासमा छ। पत्रकारिताको नयाँ र सशक्त माध्यमको रुपमा स्थापित अनलाइन माध्यमको पत्रकारितालाई सत्य-तथ्य सूचनामा आधारित बनाउने, सूचनाको परीक्षण गर्ने परिपाटी आत्मसात् गर्ने, अतिरञ्जित नबनाउने, अरुलाई हानि पुऱ्याउने नियतबाट समाचार प्रवाह नगर्ने, सन्तुलन कायम गर्न पक्षहरूको भनाइलाई उचित स्थान दिने र उत्पादित वा सिर्जित सामग्रीमा पूर्णतः पारदर्शी विधि अपनाइएको सुनिश्चितता गर्ने प्रणालीको विकास गर्न अपरिहार्य छ।

डिजिटल माध्यम र सामाजिक सञ्जाल

यसै गरी अभिव्यक्ति स्वतन्त्रताको सशक्त माध्यम बनिरहेको तर पत्रकारिताको मान्यताभन्दा भिन्न रहेको सोसल नेटवर्किङ साइटको नियमन अर्को महत्त्वपूर्ण पक्ष

हो। विश्वभर प्रभाव रहेका यस्ता सञ्जालहरूको उपस्थिति र अभ्यास नेपालमा पनि बढ्दो मात्रामा छ। खासगरी फेसबुक, युट्युब, ह्वाट्स एप, इन्स्टाग्राम, टिकटक, ट्वीटर, फेसबुक मेसेन्जर, स्नापच्याट, विच्याट आदिका प्रयोगकर्ता नेपालमा पनि बढ्दो मात्रामा छन्। यीमध्ये कतिपय साइट वा त्यस्ता साइटका कतिपय विषयवस्तुहरू भावनाको आदान-प्रदान मात्र होइन, सूचना, शिक्षा, मनोरञ्जन र जनमत निर्माणमा मिडिया जस्तै गरी क्रियाशील रहेको पाइन्छ।

पछिल्लो समयमा नेपालमा पनि राजनीतिक अभियान, सार्वजनिक सरोकार र व्यावसायिक प्रवर्धनमा यिनको प्रयोग अधिक हुने गरेको छ। विज्ञापन बजारमा पनि यिनको हिस्सा बढ्दै गएको छ। सामाजिक साइटहरूमध्ये युट्युबको प्रभाव मिडियाको रुपमा अझ बढी देखिन्छ। युट्युबरहरूको उपस्थिति सार्वजनिक समारोहमा पत्रकारकै रूपमा हुने गरेको छ भने सार्वजनिकरूपमा मिडिया सरहकै मान्यता र व्यवहारको अपेक्षा गर्ने गरेको पाइन्छ। कतिपय पत्रकारको उपस्थिति पछिल्लो समयमा युट्यवरको रुपमा हुन थालेको छ। पत्रकारहरूले पडकास्टको अभ्यास बढाउँदै लगेको पाइन्छ। यसर्थ युट्युबलगायत सामाजिक नेटवर्क साइटहरूको नियमनका सन्दर्भमा सामग्रीको सिर्जनाको आधारमा दायित्त्व निर्धारण गर्ने पद्धति आत्मसात् गर्नु उपयुक्त हुन्छ। पत्रकारले डिजिटल प्लेटफर्ममा कन्टेन्ट उत्पादन, वितरण, सेयर र टिप्पणी गर्दाका कतिपय सन्दर्भ आचारसंहिता वा निर्देशिकामा व्याख्या हुनुपर्ने आवश्यकता महसुस भएको छ।

आन्तरिक सुशासनको प्रवर्धन

आमसञ्चार माध्यममा विषयवस्तुको नियमनका सन्दर्भमा जस्तै यसको आन्तरिक सुशासन र व्यवस्थापकीय नियमनका सन्दर्भमा पनि अब बहसको आवश्यकता छ। विश्वका कतिपय ख्यातिप्राप्त मिडियाहरू आन्तरिक सुशासन र स्वनियमनको सन्दर्भमा सचेत रहन थालेका छन्। राज्यको कानुन पालनाका सन्दर्भमा मात्र नभई सार्वजनिक जवाफदेहिता र पारदर्शिताका निम्ति पनि आन्तरिक सुशासन, स्वनियमन र स्वमूल्याङ्कनको खाँचो छ।

नेपालमा कम्पनी दर्ताका लागि अनिवार्य भएकोले प्रबन्ध पत्र र नियमावली सबै सञ्चार संस्थाले तयार गरेको पाइन्छ भने प्रसारण माध्यमका हकमा इजाजत पत्र लिँदा पेश गरिने कागजातमा पनि समावेश गरेको देखिन्छ। तर, अधिकांशमा त्यस्तो प्रावधानबारेमा त्यहाँ कार्यरत पत्रकार-कर्मचारीको जानकारीमा समेत आउने गरेको छैन। मिडियामा हुने लगानीको स्रोत खोल्ने अनिवार्य व्यवस्था नभएकोले

लगानीको स्रोत र कतिपयमा त लगानीकर्ताको पहिचानसमेत नखुल्ने अवस्था रहेको देखिन्छ । कतिपय सञ्चार गृह राजनीतिक आबद्धता वा व्यापारिक घरानाबाट सञ्चालनमा रहेका छन् । त्यस्तो अवस्थामा स्वार्थ बाझिने विषयमा के गर्ने भन्ने स्पष्ट नीतिको अभाव छ ।

सञ्चार माध्यमको व्यावसायिक स्वामित्व यसको लगानी कर्तामा रहन्छ । तर, विषयवस्तुमाथिको स्वामित्व सार्वजनिक हो । यसको स्वामित्व आम नागरिकको हुने भएकोले त्यसमाथिको बन्देज नागरिक हकमाथिको बन्देजका रूपमा लिइन्छ । सञ्चार माध्यमको स्वामित्व नागरिकको हुनु भनेको सञ्चार माध्यममा हुने लगानी र सञ्चालनको बारेमा नागरिकले थाहा पाउने अधिकार राख्नु पनि हो । यसर्थ मिडियाको पारदर्शिता, जवाफदेहिता र सुशासन सार्वजनिक जानकारीको विषय हो । यसको आन्तरिक सुशासन पनि सार्वजनिक सरोकारको विषय हो ।

आन्तरिक सुशासनका मुख्य क्षेत्रहरू

सञ्चार संस्थाको पारदर्शिता, जवाफदेहिता, आन्तरिक सुशासन र स्वनियमनका लागि केही प्रमुख क्षेत्रहरूमा स्पष्टता आवश्यक हुन्छ । त्यसअन्तर्गत मूलतः सम्पादकीय नीति, सार्वजनिक जवाफदेहिता, व्यावसायिकता, संस्था सञ्चालनमा पारदर्शिता, जनशक्ति नीति एवम् लैंगिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रहरू पर्दछन् ।

सम्पादकीय नीतिअन्तर्गत मूलतः सञ्चार गृहले संस्थाको व्यापारिक कार्य र सम्पादकीय कार्यलाई अलग अलग गर्ने विषय पर्दछ । सम्पादकीय स्वायत्तता र स्वतन्त्रताका साथै समग्र विषयवस्तुको प्राथमिकता, समाचारको विषयवस्तुको छनोट र प्रकाशन प्रसारणमा सम्पादकीय नेतृत्वको निर्णायकत्त्व पनि यसमा पर्दछ । यसै गरी, सम्पादकको योग्यता र छनोट विधि, समाचार कक्षको सञ्चालन विधि, व्यवस्थापन र सम्पादकीय नेतृत्वबिचको सम्बन्ध र उत्तरदायित्त्व जस्ता विषय पनि यसमा समेटिन्छन् ।

सार्वजनिक जवाफदेहिताका लागि लोकतन्त्र, मानव अधिकार, नागरिक स्वतन्त्रता, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका साथै दर्शक, श्रोता, पाठकप्रतिको जवाफदेहिता जस्ता विषय पनि यसमा समेट्नुपर्दछ । यसै गरी, प्रकाशित/प्रसारित सामग्रीको बारेमा जनगुनासो सुनुवाइ गर्ने संयन्त्र निर्माण गर्ने विषय पनि यसमा पर्दछन् ।

व्यावसायिकता र पारदर्शिताको निम्ति मिडियाको लक्ष घोषणा गर्नुका साथै कम्पनीमा भएको कूल लगानी, लगानीको स्रोत, लगानी कर्ताको विवरण, लेखापरीक्षण विधि, सञ्चालक बोर्ड, व्यवस्थापन संरचना, आन्तरिक सुशासन विधि जस्ता विषयहरू पर्दछन् । यस्तै स्वार्थ बाझिने क्षेत्रलाई न्यूनीकरण गर्ने र भ्रष्टाचार प्रकरण सम्बन्धी समाचार सामग्रीको खोजी र प्रकाशन प्रसारणका क्रममा कुनै प्रभाव वा हस्तक्षेपबाट मिडियाको विषयवस्तुलाई मुक्त राख्ने सम्बन्धी नीति तय गर्न आवश्यक हुन्छ। यसै गरी, सञ्चार संस्थाले स्वीकार गर्ने र नगर्ने विज्ञापन, कुनै सरकारी, गैरसरकारी राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था वा दाताको आर्थिक अनुदान वा आर्थिक सहयोग सम्बन्धी नीति स्पष्ट गर्नेलगायतका विषयहरू पनि यसमा समावेश हुनुपर्दछ ।

जनशक्ति नीतिमा मूलतः सञ्चार संस्थाले जनशक्ति भर्ना र तिनका सेवा, शर्त, सुविधा एवम् पेशागत सुरक्षा र वृत्ति विकासका अवसर जस्ता विषय पर्दछन् । लैंगिक समानता र सामाजिक समावेशीकरण अन्तर्गत संस्थाले लागु गर्ने यस सम्बन्धी आन्तरिक नीति, यौनजन्य हिंसा तथा दुर्व्यवहार र कुनैपनि खालको भेदभाव सम्बन्धी गुनासो सुनुवाइ संयन्त्र, विधि र प्रक्रियालगायतका विषयहरू पर्दछन् ।

स्वमूल्याङ्कन सूचक

सञ्चार संस्थाको विषयवस्तुको स्वनियमन जस्तै पारदर्शिता, जवाफदेहिता, आन्तरिक सुशासन र स्वनियमनका क्षेत्रको पनि स्वमूल्याङ्कन हुनु उचित हुन्छ। यसका निम्ति स्वमूल्याङ्कनको सूचक तयार गरी अङ्क निर्धारण गर्नु वैज्ञानिक हुन सक्दछ। त्यसो गर्दा स्वमूल्याङ्कनका प्रमुख क्षेत्रहरूमा आन्तरिक सुशासनका मुख्य क्षेत्रहरू सम्पादकीय नीति, सार्वजनिक जवाफदेहिता, व्यावसायिकता, संस्था सञ्चालनमा पारदर्शिता, जनशक्ति नीति तथा लैंगिक समानता र सामाजिक समावेशीकरण सूचक निर्धारण गरी प्रत्येक आर्थिक वर्षमा कम्तीमा एक पटक स्वमूल्याङ्कन गर्नु उपयुक्त हुन्छ।

नेपाल पत्रकार महासंघले विगतमा सुशासन र स्वमूल्याङ्कनका लागि टुलकिट नै तयार गरेको थियो। यद्यपि त्यसको कार्यान्वयनमा तदारुकता देखाइएन। वास्तवमा सञ्चार संस्थाहरूलाई आमनागरिकप्रति जवाफदेही र संस्थालाई पारदर्शी बनाउँदा मिडिया उद्योगलाई समस्या हुने नभई विद्यमान चुनौतीको सामना गर्न मद्दत नै पुग्दछ। मिडियाको आन्तरिक सुशासन र स्वनियमनका लागि स्वमूल्याङ्कन

प्रणालीलाई आत्मसात् गर्दा स्वच्छ र व्यावसायिक पत्रकारिताको विकासमा टेवा पुग्नुका साथै मिडिया उद्योगको संस्थागत विकासमा पनि ठुलो योगदान हुने विश्वास लिन सकिन्छ ।

सन्दर्भ सामग्री

- आर्टिकल १९, फ्रिडम फोरम र नेपाल पत्रकार महासंघ, सन् २००८, अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड एक संग्रह, काठमाडौं : आर्टिकल १९, फ्रिडम फोरम र नेपाल पत्रकार महासंघ ।
- डाहल, रबर्ट ए., सन् २००५, प्रजातन्त्रका बारेमा (नेपाली संस्करण) (अनु.), ऋषिकेश उपाध्याय, काठमाडौं : क्रिएसन मिडिया प्रा. लि.।
- नेपालको संविधान (२०७२)
- नेपाल पत्रकार महासंघ, २०७५, आन्तरिक सुशासन र स्वनियमनको प्रवर्धनका लागि स्वमूल्याङ्कन विधि (Self-Assessment TOOLKIT), काठमाडौं (अप्रकाशित) ।
- प्रेस कमिसनको प्रतिवेदन, २०१५
- प्रेस काउन्सिल, २०७९। पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन,२०७६) । काठमाडौं : प्रेस काउन्सिल नेपाल ।
- मेण्डेल, टोवी र बुढाथोकी, शोभाकर, २०६१, सूचनाको स्वतन्त्रता एक तुलनात्मक कानुनी सर्वेक्षण, काठमाडौं : युनेस्को (अंग्रेजी संस्करण) र सेहुर्डेस (नेपाली संस्करण) ।
- राष्ट्रिय आमसञ्चार नीति, २०७३
- बिष्ट, महेन्द्र, २०७४, नेपालमा प्रेस स्वतन्त्रता, काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि. ।
- Barendt, E. (2005). Freedom of speech. New York, US (First Indian Edition 2006) : Oxford University Press.
- Frost, C. (2000). Media ethics self regulation. England : Harlow.
- McQuail, D. (2011). McQuail's mass communication

theory. New Delhi (6th Edition, Originally Published in 2010) : Sage Publications India Pvt Ltd.

- Siebert, F., Peterson T. & Schramm W. (1956). Four theories of the press. Urbana IL : University of Illinois Press.
- UNESCO, (2010). Media development indicators : A framework for assessing media development. Paris : United Nations Educational and Scientific and Cultural Organization, Communication and Information Sector.

सामाजिक सञ्जाल सुशासनः किन र कसरी ?

✍ डा. राजिब सुब्बा*

सामाजिक सञ्जाल भनेको के हो ?

विद्युतीय माध्यममार्फत आफूले सिर्जना गरेका वा प्राप्त गरेका विचार, चित्रहरू वा भिडियोहरू आदानप्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ। सामाजिक सञ्जालले अनलाइन प्लेटफर्महरू र उपकरणहरूको संग्रहलाई जनाउँछ जसले मानिसहरूलाई डिजिटल वातावरणमा सामग्री सिर्जना गर्न, साझेदारी गर्न र अन्तरक्रिया गर्न सक्षम तुल्याउँछ। व्यक्तिहरू, संस्थाहरू, र व्यवसायहरू एक-अर्कासँग आबद्ध हुने, सूचना आदानप्रदान गर्ने र संसारभरिका मानिसहरूसँग संलग्न हुने तरिका हो। सामाजिक सञ्जाल प्लेटफर्महरूमार्फत प्रयोगकर्ताहरूले पाठ, छविहरू, भिडियोहरू, लिङ्कहरू, र अन्य प्रकारका सामग्रीहरू साझेदारी गर्न सक्छन। सामाजिक सञ्जालहरू अन्तरक्रियात्मक प्रविधिहरू हुन् जसले जानकारी, विचार, चासो, र अभिव्यक्तिका अन्य रूपहरूको सिर्जना र साझेदारीलाई सहज बनाउँछ।

सामाजिक सञ्जाल आधुनिक सञ्चारको अभिन्न अङ्ग बनेको छ र यसले मानिसहरूलाई सञ्चार गर्ने, आपसमा आबद्ध गर्ने तथा व्यवसाय र संस्थाहरूमा संलग्न हुने तरिकामा क्रान्तिकारी परिवर्तन गरेको छ। यो एक प्राविधिक प्लेटफर्म हो जसले व्यक्तिहरूलाई लिखित शब्दहरू, छविहरू, भिडियोहरू र संगीतमार्फत सूचना तथा जानकारी सञ्चार तथा सञ्जालीकरण गर्न सक्षम बनाउँछ। सामाजिक सञ्जाल सबै उमेरका मानिसहरू, विशेष गरी युवाहरू माझ लोकप्रिय भएको छ किनकि यसले उनीहरूको विचार व्यक्त गर्न र मुद्दाहरू छलफल गर्ने माध्यम प्रदान गर्दछ।

** पूर्व डी.आई.जी., नेपाल प्रहरी*

सामाजिक मिडिया प्लेटफर्महरू प्रयोगकर्ताहरूको रुचि र उद्देश्यअनुसार वर्गीकृत गर्न सकिन्छ। कुनै प्लेटफर्महरू जस्तै युट्युब, टिकटक भिडियो प्रसारण गर्न प्रयोग हुन्छ भने कुनै प्लेटफर्महरू जस्तै इन्स्टाग्राम छवि प्रसारण गर्न प्रयोग हुन्छ। फेसबुक साथीभाइ आफन्तहरूसँग सम्पर्क/समन्वय गर्न प्रयोग हुन्छ भने लिंक्डइन रोजगारीको लागि प्रयोग हुन्छ। ट्वीटर जस्ता माइक्रो ब्लगिङ्ग सामाजिक सञ्जाल मनोरञ्जनकर्ताहरू र राजनीतिज्ञहरूले आफ्ना फ्यानहरू र मतदाताहरूसँग संलग्न हुन प्रयोग गर्छन्। व्यवसायका लागि सामाजिक सञ्जाल प्रमुख औजार बनेको छ। कम्पनीहरूले ग्राहकहरू खोज्न र तिनीहरूसँग संलग्न हुन, विज्ञापनमार्फत बिक्री चलाउन, उपभोक्ता प्रवृत्ति थाहा पाउन र ग्राहकको सेवा गर्न फेसबुक, इन्स्टाग्रामलगायत विभिन्न सामाजिक सञ्जालहरू प्रयोग गर्छन्।

सामाजिक सञ्जालको प्रादुर्भाव कसरी भयो ?

इन्टरनेटको सुरुवात हुनुभन्दा धेरै अघि सन् १९४४ मे २४ देखि सामाजिक सञ्जालको सुरुवात भएको मानिन्छ। उक्त दिन अमेरिकी अविष्कारक स्यामुएल मोर्सले विद्युतीय प्रविधि टेलिग्राफमार्फत मानिसले बोलेको कुरालाई कोड प्रणालीमा प्रसारण गरे। मोर्स कोड भनिने उक्त कोडिङ प्रणालीमा टेलिग्राफ सन्देशहरू लामो र छोटो सङ्केतहरूको रूपमा प्रत्येक अक्षरको लागि कोड गरेर पठाइन्छ। छोटो सङ्केतहरू डटहरूको रूपमा प्रतिनिधित्त्व गरिएको र लामो सङ्केतहरूलाई ड्यासको रूपमा प्रतिनिधित्त्व गरिएको हुन्छ। कोडलाई विद्युतीय आवेगहरूमा रूपान्तरण गरिन्छ र टेलिग्राफ तारहरूमार्फत पठाइन्छ। तारको अर्को छेउमा रहेको टेलिग्राफ अपरेटरले आवेगहरूलाई थोप्ला र ड्यासमा रूपान्तरण गर्छ, र सन्देशलाई डिकोड गर्छ। एक जना टेलिग्राफ अपरेटरले पठाएको खबर सबै टेलिग्राफ अपरेटरहरूले सुन्न सक्थे। विभिन्न देशहरूमा रहेका टेलिग्राफ अपरेटरहरू सोही विद्युतीय माध्यमबाट मोर्स कोडमार्फत सूचना आदान प्रदान गर्नुका साथै अन्तरक्रिया पनि गर्दथे। त्यस समयमा टेलिग्राफ अपरेटरहरूले प्रयोग गर्ने इमोजीहरू जस्तै लोल, ओमजी आदि हामी आजकल सामाजिक सञ्जालमा प्रयोग गर्छौं। इन्टरनेटको प्रादुर्भावसँगै सामाजिक सञ्जालको पनि नयाँ रुप देखा पर्यो। इ. सं. १९९७ मा सिक्स डिग्री नामक प्रोफाइल अपलोड गर्न मिल्ने सामाजिक सञ्जाल प्रयोगमा आयो। यो सेवा इ. सं. २००१ मा फ्रेन्ड्सटरद्वारा पछ्याइएको थियो। यी प्राथमिक प्लेटफर्महरूले लाखौं प्रयोगकर्ताहरूलाई आकर्षित गरे र यो सँगै अनलाइन नेटवर्किङको सुरुवात भयो। हाल सामाजिक सञ्जालमा करीब ४.८ अर्ब मानिसहरू आबद्ध छन्।

सामाजिक सञ्जाल प्रयोगमा धेरै सकारात्मक र नकारात्मक पक्षहरू छन्। हाल सामाजिक सञ्जाल हाम्रो जीवनको अभिन्न अङ्ग भइसकेको छ। तसर्थ सामाजिक सञ्जालको सकारात्मक प्रभाव अँगाल्नु र सामाजिक सञ्जालको नकारात्मक प्रभावहरूलाई बुझ्न महत्त्वपूर्ण हुन्छ। सामाजिक सञ्जालको सबैभन्दा स्पष्ट सकारात्मक प्रभाव सञ्चार र समाजीकरणमा केन्द्रित छ। सामाजिक सञ्जालमार्फत संसारभरका परिवार र साथीहरूसँग सम्पर्कमा रहन सकिन्छ। यसमार्फत सूचना र अनुसन्धानमा द्रुत पहुँच हुन्छ। समाजमा जागरुकता ल्याउन सामाजिक सञ्जालको प्रयोग गर्न सकिन्छ र यो एक मुख्य विज्ञापनको माध्यमसमेत बनिसकेको छ। सामाजिक सञ्जालमार्फत हामी आफ्नो कला प्रदर्शन गर्न सक्छौं भने यसमार्फत रोजगारीको अवसर पनि प्राप्त हुन्छ। सामाजिक सञ्जाल एक प्रभावकारी मार्केटिङ उपकरण हुन सक्छ, जसले व्यवसायहरूलाई नयाँ दर्शकहरूसम्म पुग्न मद्दत गर्छ। उपभोक्ताहरूसँग अन्तरक्रिया गर्न र ब्रान्ड जागरूकता बढाउन सहयोगी हुन्छ। सामाजिक सञ्जाललाई उपभोक्ताको प्रतिक्रिया र अन्तर्दृष्टि सङ्कलन गर्न, वास्तविक समयमा प्रवृत्ति, व्यवहार र भावना ट्र्याक गर्न, र ग्राहक सेवा वृद्धि गर्न पनि प्रयोग गर्न सकिन्छ।

सामाजिक सञ्जाल दुई धारे तरवार हो

सामाजिक सञ्जालले मानसिक स्वास्थ्यमा नकारात्मक असर पारेको भन्दै आलोचना पनि भएको छ। विभिन्न अध्ययनका अनुसार सामाजिक सञ्जालको अत्यधिक प्रयोगले चिन्ता, डिप्रेसन, एक्लोपन, तथा विभिन्न प्रकारका मनोरोगहरू निम्त्याउन सक्छ। यसबाहेक, सामाजिक सञ्जाल गलत सूचना, साइबर बुलिङ, र अनलाइन उत्पीडनको फैलावटसँग जोडिएको छ, जसले व्यक्ति र समुदायका लागि हानिकारक परिणामहरू निम्त्याउन सक्छ। यो साइबर अपराधी, धार्मिक अतिवादी, जातिवादी, आतंकवादीहरूको अखडा बनेको छ र जातजातिबिच घृणा फैलाउने माध्यम बनेको छ। साइबर हेटले जातीय, धार्मिक, राजनीतिक र लैङ्गिक वा लैङ्गिक अल्पसंख्यकहरू विरुद्ध घृणालाई उक्साउँछ र हानिकारक कार्यलाई बढावा दिन्छ। साइबरहेटरहरूले आफ्नो विचारधारालाई प्रवर्धन गर्न, आफ्नो प्रभावलाई विस्तार गर्न, एकअर्कासँग सहकार्य गर्न, नयाँ सदस्यहरू भर्ना गर्न र तालिम दिन इन्टरनेट तथा सामाजिक सन्जाल प्रयोग गरिरहेका छन्। नेपालमा पनि आजकल सामाजिक सञ्जालमा विभिन्न प्रकारका प्रोपगन्डा, झुटो समाचार, तथा गलत सूचनाहरू व्यापक छन। उदाहरणको लागि जातजाति र लैंगिक अल्पसंख्यक विरुद्ध वा गोर्खा भूकम्प वा कोरोना भ्याक्सिन वा एमसीसी सन्दर्भमा मिथ्या सूचना तथा अफवाहहरूलाई लिन सकिन्छ।

सामाजिक सञ्जाल सुशासनमा अन्तर्राष्ट्रिय अभ्यास

अमेरिकाको संविधानले सेन्सरसिपलाई निषेध गर्दछ र सञ्चार शिष्टता ऐनको धारा २३० मा भएको प्रावधानले इन्टरनेट प्रदायक (जस्तै- सामाजिक सञ्जाल प्लेटफर्म) लाई कारवाहीको दायरामा ल्याउन बन्देज गरेको छ तर पनि सामाजिक सञ्जाल प्लेटफर्महरूले गलत र भ्रमपूर्ण सूचना नियमनका लागि आफूहरूद्वारा निर्मित स्वनियमन आचार संहिता “सान्ता क्लारा सिद्धान्त”लाई मानेको देखिन्छ। पारदर्शिता र सामग्री संयमिततामा जवाफदेहिताको समर्थन गर्ने सान्ता क्लारा सिद्धान्त इ.सं. २०१८ मा, सामाजिक सञ्जाल प्लेटफार्महरू मेटा, याप्पल, गुगल, रेडिट, ट्वीटर र गिटहबले सामाजिक सञ्जाल प्लेटफर्म स्वनियमन आचार संहिता “सान्ता क्लारा सिद्धान्त” प्रतिपादित गरी लागु गरे, जुन हालसम्म पनि प्रचलनमा छ। हाल अमेरिकी संसदमा सामाजिक सञ्जाल प्लेटफर्महरूलाई नियमन गर्ने सक्ने गरी विभिन्न अधारहरूमा टेकेर कानुनहरू प्रस्ताव गरिएका छन्। आजकल अमेरिकी सांसद, विशेषज्ञ तथा मानव अधिकारकर्मीहरू सूचना प्रणालीमा प्रयोग हुने एल्गोरिदमलाई कानुनमार्फत नियमन गर्नुपर्छ भन्ने बहसमा केन्द्रित छन्। युरोपमा बेलायत तथा जर्मनी जस्ता राष्ट्रहरूले हेट स्पिचलाई पूर्णरुपले बन्देज गर्ने कानुनहरू लागु गरेका छन्। भारतमा सूचना प्रविधि (मध्यस्थ दिशानिर्देश र डिजिटल मिडिया आचार संहिता) नियम, २०२१ ले गलत सूचना र घृणायुक्त भाषणलाई लक्षित गरेको छ। यस कानुनले सामाजिक सञ्जाल मध्यस्थकर्ताहरू र अनलाइन सामग्री प्रदायकहरूलाई भारतको संविधान र घरेलु कानुनहरूको कडाइका साथ पालना गर्न बाध्यकारी बनाएको छ।

नेपालमा सामाजिक सञ्जाल सुशासन सम्बन्धी विद्यमान कानुनी अवस्था

नेपालमा सामाजिक सञ्जाल नियमन गर्ने कानुनको अभाव छ। विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ले विद्युतीय स्वरुपमा गैरकानुनी कुरा प्रकाशन गर्न बन्देज गरेको छ, र सो कुरा प्रकाशन गरेमा एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ। उक्त दफानुसार कम्प्युटर, इन्टरनेटलगायतका विद्युतीय सञ्चार माध्यमहरूमा प्रचलित कानुनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरू वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबिचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने

व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने छ भन्ने उल्लेख छ। तर नेपालमा सामाजिक सञ्जालमा प्रकाशन हुने हेट स्पिच र गलत सूचना नियमन गर्ने सम्बन्धमा हालसम्म पनि कानुन बनेको छैन।

सुशासनका लागि सामाजिक सञ्जाल सम्बन्धी भावी कार्यदिशा

नेपालमा सामाजिक सञ्जाल नियमन सम्बन्धी कानुनी अभावको अवस्थाको निकास भनेको चरणबद्ध रुपमा व्यक्तिगत स्वनियमन र फ्याक्ट चेक अभ्यास, सामाजिक सञ्जाल प्लेटफर्म संस्थागत प्रयोगकर्ता स्वनियमन कार्यविधि तथा सामाजिक सञ्जाल प्लेटफर्म स्वनियमन आचारसंहिता जस्ता प्रावधानहरू प्रयोगमा ल्याउन हो। पहिलो काम नेपालमा बढ्दो सामाजिक सञ्जाल दुरुपयोगको रोकथाम तथा हानीबाट बच्न राज्यले नागरिक शिक्षामार्फत सचेतना बढाउनुपर्ने देखिन्छ। नागरिकलाई सामाजिक सञ्जाल प्रयोग गर्दा व्यक्तिगत स्वनियमन र फ्याक्ट चेक अभ्यास पालना गर्न अभिप्रेरित गर्नुपर्दछ। नागरिकले प्राप्त गर्ने सूचना मिथ्या सूचना तथा अफवाह वा कुनै अपराधीले थापेको पासो हुन सक्छन तसर्थ कुनै पनि सूचना चेकजाँच नगरी प्रसारण गर्न हुन्न भन्ने ज्ञान दिन जरुरी छ। सामाजिक सञ्जाल नियमन सम्बन्धमा दोस्रो काम सामाजिक सञ्जाल प्लेटफर्म प्रयोग गर्ने संस्थाहरूले स्वनियमन कार्यविधि निर्माण गर्नुपर्ने देखिन्छ। आजकल सबै पत्रिकाहरू सामाजिक सञ्जाल प्लेटफर्म जस्तै फेसबुक, ट्वीटर आदिमार्फत आफ्नो सामग्री प्रसारण गर्दछन। प्रसारण भएको केही समयभित्रै कम्मेन्ट सेक्सनमा देखापरेका हेट स्पिचहरू सम्बन्धित संस्थाले नियमन गर्दैन। हो पक्कै पनि कम्मेन्ट सेक्सन व्यवस्थापन सजिलो छैन, तर अपरिहार्य छ। केहि वर्षअघि पपुलर साइन्स पत्रिकाले हेट स्पिच सामना गर्न नसकेर कम्मेन्ट सेक्सन नै बन्द गरिदिएको थियो। तसर्थ सामाजिक सञ्जाल प्लेटफर्म सस्थागत प्रयोगकर्ताहरूले स्वनियमन कार्यविधि निर्माण गरी आफ्नो डिजिटल स्पेसमा देखापरेका हेट स्पिच, मिथ्या सूचना तथा अफवाहहरूलाई हटाउने प्रयास जारी राख्नुपर्दछ। तेस्रो काम राज्यले नेपालमा सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्महरूसँग समन्वय गरी स्वनियमन आचार संहिता लागु गर्नुपर्दछ। हालसालै केही सामाजिक सञ्जाल प्लेटफर्महरू नेपालमा करको दायरामा दर्ता भइसकेका हुनाले सामाजिक सञ्जाल प्लेटफर्म स्वनियमन आचार संहिता लागु गर्न कठिन नहोला। यी सबै प्रावधानहरूबाट प्राप्त हुने अनुभवका आधारमा आगामी दिनमा सामाजिक सञ्जाल नियमन कानुन निर्माणमा सहज हुन्छ।

सामाजिक सञ्जाल प्लेटफर्म मध्यस्थकर्ता र अनलाइन सामग्री प्रदायकहरूका

आफ्नै चुनौतीहरू छन्। व्यक्ति, संस्थान र संस्थाहरूले सामाजिक सञ्जालको परिणाम स्वरूप अवरोध र सम्भावना दुवैको सामना गर्छन्। सामाजिक सञ्जाल प्रयोगद्वारा सिर्जना हुने डाटाको व्यवस्थापन गर्नु सबैभन्दा कठिन समस्याहरू मध्ये एक हो। यद्यपि यो जानकारी प्रयोगकर्ताको व्यवहार र प्राथमिकताहरूमा अन्तर्दृष्टि प्राप्त गर्न प्रयोग गर्न सकिन्छ, यो लक्षित विज्ञापन वा राजनीतिक प्रभाव जस्ता हानिकारक कारणहरूको लागि पनि प्रयोग गर्न सकिन्छ। सामाजिक सञ्जाल प्लेटफर्महरूमा गोपनीयता र सुरक्षा कायम राख्नु अर्को प्रमुख चिन्ताको विषय हो। प्रयोगकर्ताहरूले बारम्बार यी प्लेटफर्महरूमा संवेदनशील र व्यक्तिगत जानकारी प्रकाशित गर्छन् जसले अपराधीलाई सजिलै सूचना प्राप्त हुन्छ। सामाजिक सञ्जाल प्लेटफर्महरूलाई करोडौं प्रयोगकर्ताको डाटा सुरक्षित गर्न पनि मुख्य चुनौती हुन्छ। विभिन्न मूलधारका मिडियाहरूले हेट स्पिचलगायत भ्रमपूर्ण र गलत सूचना प्रसारण हुन नदिन आफ्नो सामाजिक सञ्जाल स्पेसमा नियमन गर्छन, तर मानव स्रोतको अभावमा त्यो प्रतिकार्य प्रभावकारी देखिँदैन। उनीहरूको सामाजिक सञ्जाल स्पेस उदाहारणको लागि फेसबुक पेजमा लेखिएका अश्लिल, गलत र हेट स्पिच जस्ताको तस्तै रहेको देख्न सकिन्छ। समग्रमा सामाजिक सञ्जाल प्लेटफर्म मध्यस्थकर्ता र अनलाइन सामग्री प्रदायकहरूको मुख्य चुनौती भनेको सुशासन नै हो।

सामाजिक सञ्जाल प्लेटफर्म मध्यस्थकर्ता र अनलाइन सामग्री प्रदायकहरूले आफ्नो डिजिटल स्पेसमा सुशासन कायम गर्न प्रयास गरेका हुन्छन तर त्यो त्यति प्रभावकारी देखिँदैन। नेपाल प्रहरीले २०७२ सालको भूकम्पमा प्रयोग गरेको तौरतरिका सामाजिक सञ्जाल प्लेटफर्म मध्यस्थकर्ता र अनलाइन सामग्री प्रदायकहरूलाई लाभदायक हुन सक्छ। सर्वप्रथम सामाजिक सञ्जाल प्लेटफर्म मध्यस्थकर्ता र अनलाइन सामग्री प्रदायकहरूले आफ्नो डिजिटल स्पेस उपयोग गर्दा के गर्न हुने र के गर्न नहुने खुल्ने गरी सदस्यहरूकै सहमतिमा नियम जारी गर्ने। समय समयमा एडमिनले ती नियमहरूका बारेमा सदस्यहरूलाई जानकारी दिने। नियम विपरीत कुनै सदस्यले कम्मेन्ट लेखेमा एडमिनले कारवाही गर्ने र उक्त कारवाही सबैले देख्नेगरी पोस्ट गर्ने। सामाजिक सञ्जाल प्लेटफर्ममा हुने मध्यस्थकर्ता र अनलाइन सामग्री प्रदायकहरूलाई सुशासन कायम गर्न सिन्थिया तिपाल्दोसले प्रतिपादित गरेको १२ बुँदे सिद्धान्त उपयुक्त हुन सक्छ। उनका अनुसार भर्चुअल समुदायका सदस्यहरूको पहिचानसहितको साझा उद्देश्य हुनुपर्दछ। त्यसै गरी सबै सदस्यले आफूलाई सोही समूहको सदस्य मान्नुपर्दछ। सदस्यहरूले प्रतिष्ठा, सुशासन, सञ्चार, टोली, वातावरण, सीमा, विश्वास, विनिमय, अभिव्यक्ति, र समूहको इतिहास मान्नुपर्दछ।

नेपालको सन्दर्भमा सामाजिक सञ्जाललाई नियमन गर्न विभिन्न चुनौतीहरू रहेका छन्। सामाजिक सञ्जाल कम्पनीहरू नेपालको सरहदभित्र कार्यरत छैनन्, र उनीहरूलाई नेपालको कानुनी प्रावधान मान्नुपर्ने बाध्यता छैन। सामाजिक सञ्जालमा भएका हेट स्पिच, मिथ्या सूचना तथा अफवाह सामग्रीहरूलाई निमिट्यान्न पार्न सम्भव पनि छैन। सामाजिक सञ्जाललाई नियमन गर्दा हेक्का राख्नुपर्ने कुराचाहिँ हेट स्पिच, मिथ्या सूचना तथा अफवाह प्रसारणमा रोक लगाउँदा अभिव्यक्ति स्वतन्त्रता हनन नहोस् भन्ने पनि हो। यो सन्तुलन कायम गर्न कानुन पालनकर्तालाई चुनौती हुन सक्ला तर नेपालमा सामाजिक सञ्जाल नियमन अति आवश्यक भइसकेको छ।

सार्वजनिक सेवा प्रवाह र सुशासन

✍ युवराज सुवेदी*

सार्वजनिक सेवा

निजी वा व्यक्तिगत प्रयोजनबाहेकका काम कारवाहीलाई सार्वजनिक भनिन्छ। यसलाई सरलभाषामा सरकारद्वारा सञ्चालित वा नियन्त्रित कार्य भन्ने बुझिन्छ। आम नागरिकका लाभका लागि जनताका आधारभूत आवश्यकता पूरा गर्न सरकारद्वारा जनतामा प्रदान गरिने सेवा वा वस्तु नै सार्वजनिक सेवा हो। शिक्षा, स्वास्थ्य सेवा, खानेपानी, व्यक्तिगत सुरक्षा, खाद्यान्न, कृषि मल वितरण, सडक निर्माण जस्ता कार्य जनताका आवश्यकता र चाहनाअनुसार सरकारले आफैं वा आफ्नो नियन्त्रण र निर्देशनमा निजीक्षेत्र गैरसरकारी संस्था वा अर्ध सरकारी निकायबाट प्रदान गरिरहेको हुन्छ। सार्वजनिक सेवा कुनै वर्ग विशेषका लागि भन्दा पनि आम जनताको लाभको लागि समताको आधारमा सरकारद्वारा प्रदान गरिएको हुन्छ। सरकारद्वारा सेवा वा वस्तु वितरण गरे पनि यसमा बजारको नियम लागु हुँदैन। केही मूल्य वा शुल्क लिए पनि सार्वजनिक सेवा नाफाका लागि सञ्चालन गरेको हुँदैन। यो सार्वजनिक उद्देश्य प्राप्तिका लागि सबैमा समान रुपमा वितरण गरिन्छ।

सार्वजनिक सेवा प्रवाहमा सरकारको मुख्य भूमिका रहेको हुन्छ। केही सेवा गैरसरकारीक्षेत्र, निजी क्षेत्रबाट समेत प्रवाह भए पनि तिनीहरूले सरकारी नीति, नियम र मार्गदर्शनको अधिनमा रही कार्य सम्पादन गर्नुपर्ने हुन्छ। सरकारले कतिपय अवस्थामा नीति निर्माणमार्फत सेवालाई निर्देशित गरेको हुन्छ भने कतिपय अवस्थामा आफैं वा आफ्ना निकायमार्फत सेवा प्रवाह गर्दछ। नीति नियम पालन र सम्पादित कामको नियमित अनुगमन र मूल्याङ्कन गरी उद्देश्य प्राप्ति गर्न सरकार सदैव क्रियाशील रहेको हुन्छ।

** पूर्व सहसचिव, नेपाल सरकार*

सरकारी क्षेत्रबाट सम्पादन हुने कार्यहरू सार्वजनिक प्रशासनमार्फत गरिन्छ। सार्वजनिक प्रशासनमा कार्यरत कर्मचारीहरू सेवा प्रदायक निकायको अग्रस्थानमा रही सेवा प्रवाह गरिरहेका हुन्छन् । यस्ता कर्मचारीहरूको कार्यशैलीमा सेवा प्रवाहको प्रभावकारिता निर्भर रहन्छ। सरकारद्वारा प्रदान गरिने सेवा सुविधामा नागरिकको सहज र समान पहुँचको सुनिश्चित गरी सुशासनको प्रत्याभूति कर्मचारीहरूले कति छिटो र सहज तरिकाले सेवा दिन्छन् त्यसमा भर पर्छ। झन्झट बिना, अतिरित्त शुल्क नलिई समयमा कार्य सम्पादन हुनसके जनतामा सन्तुष्टि प्राप्त हुन्छ। यसको उल्टो भए निरासा छाउँछ। जनतामा सुशासनको प्रत्यभूति गराउन नियम कानुन सरलीकरणका साथै कर्मचारीहरूमा उत्प्रेरणा, सकारात्मक सोच रहन उत्तिकै आवश्यक हुन्छ।

सार्वजनिक सेवाका विशेषता

- सार्वजनिक सेवा सरकारी कोषद्वारा सञ्चालित र सरकारद्वारा नियन्त्रित हुन्छ।
- सार्वजनिक सेवा राज्यका अङ्गहरूद्वारा प्रदान गरिन्छ। यद्यपी कुनै सेवा गैरसरकारी क्षेत्रबाट समेत सरकारको तर्फबाट प्रदान गरिएको हुन्छ।
- सार्वजनिक सेवा प्रवाह गर्नु राज्यको जिम्मेवारी हो।
- सार्वजनिक सेवा प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार हो। यो मानव अधिकारसँग पनि सम्बन्धित छ।
- सार्वजनिक सेवा सबैमा समान रुपले वितरण गरिन्छ।
- सार्वजनिक सेवा नागारिकहरूको जीवन निर्वाहसँग सम्बन्धित हुन्छ।
- सर्वजनिक सेवाको वितरण राज्यको कानुनअन्तरर्गत रही गरिन्छ।
- सार्वजनिक सेवा वितरण नाफाका लागि भन्दा पनि जनचाहना र आवश्यकताका पूरा गर्न गरिन्छ।
- सार्वजनिक सेवा नागरिक र सरकारबिचको सम्बन्ध स्थापना गर्ने कडी हो।

सार्वजनिक सेवाका प्रकार

राज्यको स्थापनासँगै सार्वजनिक सेवाको शुरुवात भएको मान्न सकिन्छ। राज्य

निर्माणको सामाजिक सम्झौताको सिद्धान्तले नागरिकले उनीहरूको व्यक्तिगत सुरक्षा, बाह्य आक्रमणबाट रक्षा र सामुदायको सामूहिक हितका कामका लागि राज्य स्थापना गरी राज्य सञ्चालनका लागि स्रोत साधन र शक्ति दिने गरी सम्झौता गरेको मान्यता राख्दछ। यसैअनुरुप राज्यको प्राथमिक कार्य नागरिकको जीउधनको सुरक्षा, बाह्य आक्रमणबाट राज्यको रक्षा र कर संकलन जस्ता कार्यलाई लिइन्छ। समाजको विकासक्रमसँगै नागरिकका आवश्यकता र चाहनामा परिवर्तन हुँदै आई राज्यको भूमिकामा पनि परिर्वतन हुँदै आएको छ। राज्यको भूमिकासँगै राज्यबाट प्रदान गरिने सेवा सुविधा पनि विस्तार भएको पाइन्छ। वर्तमानको अवस्थामा राज्यबाट प्रदान गरिने सेवालाई निम्नानुरुप छुट्याउन सकिन्छ :

(क) परम्परागतसेवा : नागरिकको जिउधनको सुरक्षा, बाह्य आक्रमणबाट रक्षा, कर संकलन आदि। नियमन सम्बन्धित सेवाः नियम कानुनको कार्यान्वयन, शन्ति सुरक्षा स्थापना, सामाजिक अपराध नियन्त्रण,

(ख) आधारभूत आवश्यकता सम्बन्धि सेवा : आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, खाद्यान्न, आवास, लत्ताकपडा जस्ता सेवाहरू,

(ग) मानवीय विकास सम्बन्धि सेवा : शिक्षा, स्वास्थ्य, तालिम, सरसफाई, शारीरिक र मानसिक क्षमता विकास सम्बन्धित सेवा,

(घ) कल्याणकारी सेवा : असाय, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त भएका व्यक्तिहरूको हित सम्बन्धी कार्य,

(ङ) मनोरञ्जनात्मक सेवाहरू : पार्क, नाचघर, सङ्गीतगृह जस्ता मानसिक तनाब कम गर्ने र स्वस्थ्य रहने खेलकुद सम्बन्धी सेवा,

(च) पूर्वाधार सम्बन्धी सेवा : कृषि विकास, सिंचाई, वन, यातायात, सञ्चार संरचना सम्बन्धी सेवाहरू, र

(छ) व्यवसाय प्रवर्धन सम्बन्धी सेवा : औधोगिक व्यवस्था, आर्थिक क्रियाकलापका लागि बजार प्रवर्धन, प्राविधिक सेवा, सूचना सम्बन्धी सेवा, आदि।

यसरी सरकारद्वारा प्रदान गरिने सेवाको प्रकार हेर्दा सरकारले दिने सेवाको कुनै सीमा छैन। मानिसको गर्भधारणदेखि मृत्युसम्म सार्वजनिक सेवाहरू नागरिकलाई आवश्यक पर्दछ।

सार्वजनिक सेवा प्रवाह गर्ने माध्यम

बदलिँदो परिस्थितिमा सेवा प्रदायकको वरिपरि जनता होइन जनताको नजिक नागरिक सेवा पुऱ्याउनुपर्दछ। सरकारको उद्देश्य हासिल गर्न सार्वजनिक सेवा जनतासम्म पुऱ्याउने माध्यम विभिन्न प्रकारका रहेका छन्। हाल बढीभन्दा बढी सेवा स्थानीय स्तरमा उपलब्ध गराउन स्थानीय तहको कार्य क्षेत्रमा राखिएको छ। नेपालको संविधानले राज्यको संरचना तीन तह (संघ, प्रदेश र स्थानीय तह)मा विभाजन गरी राज्यशक्तिको बाँडफाड गरेको छ। संघ प्रदेश र स्थानीय तहको एकल अधिकार क्षेत्र र साझा अधिकारक्षेत्रको व्यवस्था गरी कार्य सम्पादन गर्न स्पष्टता ल्याएको छ।

नेपालले अपनाएको संघीय शासन व्यवस्था, लोकतान्त्रिक पद्धति, आर्थिक उदारीकरणको पृष्ठभूमिमा सेवा प्रवाहको माध्यम देहाय रहेका छन।

(क) संघीय सरकार र यस अन्तरर्गतका निकायहरू : आधारभूत सेवाहरूमा सरकार स्वयम्ले लगानी, उत्पादन, वितरण र नियमनको कार्य गर्नुपर्ने हुन्छ। यस्ता कार्यको व्यवस्थापन अन्य क्षेत्रलाई दिने हो भने पनि सरकारले नै लागत व्यहोर्नुपर्ने हुन्छ। नेपालको संविधानको अनुसूची ५ मा उल्लिखित संघीय सरकारका एकल अधिकारका विषयसँग सम्बन्धित कार्य तथा साझा अधिकारको सूची अनुसूची ७, ८, ९, अन्तर्गतका संघीय सरकारले गर्ने भनिएका कानुनअन्तर्गतका कार्यहरू गर्न संघीय मन्त्रालय, विभागहरू र कार्यालयहरूमार्फत सेवा प्रवाह भइरहेको छ। यस्तै गरी सरकारले कानुनद्वारा स्थापना गरेका संस्थाहरूमार्फत पनि सेवा प्रवाह भइरहेका छन्। यस्ता संस्थानहरूमा व्यवस्थापकीय स्वायत्तता हुन्छ तर यिनीहरू सरकारप्रति पूर्ण उत्तरदायी हुन्छन्।

(ख) प्रदेश सरकार र यसअन्तर्गतका निकायहरूको संविधानको अनुसूची ६ को प्रदेशका एकल अधिकार क्षेत्रका विषयहरू र अनुसूची ७ र ९ को साझा अधिकार सूचीअन्तर्गतको प्रदेश तहबाट गर्ने बनेका कानुनको अन्तर्गत रही सात प्रदेश सरकारका मन्त्रालयबाट, यस अन्तर्गतका निर्देशनालयहरू, तालिम केन्द्र र कार्यालयबाट सेवा प्रवाह भइरहेको छ।

(ग) स्थानीय तह : नेपालको संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकार क्षेत्रका विषयहरू र अनुसूची ९ को साझा अधिकारका अन्तर्गत स्थानीय तहले गर्ने भनी तोकिएका कार्यहरू गाउँपालिका र

नगरपालिकाहरूमार्फत भइरहेका छन् । जनताका नजिकमा रहेका यी स्थानीय तहहरूले वडा कार्यालय, विषयगत शाखा वा कार्यालयमार्फत सेवा प्रवाह गरिएका छन् । यिनले जनतासँग प्रत्यक्ष भई जनसहभातिगा जुटाई अत्याधिक लाभ र दिन प्रतिदिन आवश्यक पर्ने सेवाहरू मुख्य दिइरहेका छन् ।

(घ) गैरसरकारी संस्थाहरूमार्फत सेवा प्रवाह : स्थानीय समुदायको तल्लो तहसम्म पुगी नागरिकसँग घुलमिल भई गैरनाफामुखी सेवाहरू गैरसरकारी संस्थामार्फत प्रदान हुँदै आएको छ र मानवीय एवम् सहकारी उद्देश्य राखी सामुदायिक सहभागिता प्रवर्धन गर्दै सचेतना, सशक्तिकरण, कमजोर वर्गको अधिकारको वकालत पैरवी, सामाजिक चाहना र आवश्यकतालाई राज्यसम्म पुऱ्याउने जस्ता काम गरिरहेका छन्। संस्था दर्ता ऐन, २०३४, राष्ट्रिय निर्देशन ऐन, २०१९, समाज कल्याण परिषद् ऐन, २०४९ अन्तर्गत रही गैरसरकारी संस्थाहरू दर्ता भएका छन् । समाज कल्याण परिषद्अन्तर्गत हाल दर्ता भएका छन् । समाज कल्याण परिषद्अन्तर्गत हाल १४३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, करिब ५५,५०० गैरसरकारी संस्थाहरूबाट वार्षिक रु ६६ अर्ब बराबर स्रोत परिचालन गरिरहेका छन् ।

(ङ) निजीक्षेत्रः निजी वस्तु र चरित्रका नाफामूलक सेवाहरू निजी क्षेत्रलाई दिन सकिन्छ। लागत प्रभावकारिता, गुणस्तर अभिवृद्धि, मूल्य प्रतिस्पर्धा दृष्टिले उपर्युक्त हुने उत्पादन सेवाहरूलगायत हाल विद्यालय शिक्षा, उच्चशिक्षा, स्वास्थ्य सेवा, प्राविधिक शिक्षा सेवाहरू निजीक्षेत्रबाट प्रवाह भइरहेका छन् । पछिल्लो समय सेवा प्रवाहमा सार्वजनिक, निजी र सझेदारीको मोडेलमा नगरको फोहोर व्यवस्थापन भइरहेको छ ।

(च) सामुदायिक सहभागितामार्फत : जनतासँग प्रत्यक्ष सरोकार राख्ने धेरै प्राविधिक क्षमता र ज्ञान नचाहिने ससाना विकास निर्माण, सिँचाई कुलो निर्माणलगायतका रु १ करोडसम्मका कार्यहरू उपभोक्ता समितिहरूमार्फत स्थानीय तह, प्रदेश र संघीय सरकारका निकायहरूबाट भइरहेका छन् । यसरी कार्यहरू गर्दा जनसहभागिता बढ्ने, दिगोपना हुने र जनताको अपनत्व बढ्न जान्छ। कतिपय स्थानीय तहले उपभोक्ता समितिको कार्यविधि, निर्देशिका बनाई काम गर्दै आएका छन्। त्यस्तै टोल विकास समिति, विद्यालय व्यवस्थापन समिति, युवा क्लब, आमा समूह, साना किसान समूह, वन उपभोक्ता समूह, लघुवित्त समूहमार्फत जनपरिचालन भइरहेका छन् ।

छ) Direct transfer to household : पछिल्लो समयमा सेवा सही रुपमा नागरिका घरसम्म पुग्न सकोस् भनी भौचर प्रणालीमार्फत सेवा प्रवाह भइरहेको छ। विद्यार्थीहरूलाई उपलब्ध गराउने पुस्तक विद्यार्थीले खरिद गरी बिल पेस गर्ने व्यवस्था हाल कार्यान्वयनमा रहेको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता, सेवाग्राहीको खातामा सिधै पठाइने गरिएको छ। दलित बालबालिकाको लागि पोषण भत्ता नगदमा नै दिने गरिएको छ।

सुशासन

सरकारको सफलतामा सुशासनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। सेवा प्रवाह तोकिएको समयमा भनेको गुणस्तरको मितव्ययिता अपनाई पारदर्शी तरिकाबाट सबैमा समान रुपमा वितरण भएको छ भने सुशासन रहेको मान्न सकिन्छ। सुशासनको सर्वमान्य परिभाषा पाइँदैन। विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले आफू अनुकूल परिभाषा गरेको पाइन्छ। साधारणतया सुशासन भन्नाले नागरिकका आवश्यकताप्रति जिम्मेवारी बहन गर्दै राज्यले शासन व्यवस्था पारदर्शी, खुला उत्तरदायी रुपले सञ्चालन गर्नुलाई जनाउँछ। विकिपिडियामा प्राप्त विश्वकोशअनुसार राज्यका हरेक संयन्त्रलाई जनमुखी बनाई जनताका आवश्यकताअनुरुप वस्तु/सेवा प्रवाह गर्नु र राज्य प्रणालीमा सरोकारवालाको सार्थक सहभागिता गराई सरकारले उपलब्ध गराउने वस्तु वा सेवा छिटो छरितो, सरल एवम् न्यायिक रुपले उपलब्ध गराई नागरिकलाई सुखद अनुभूति दिनु नै सुशासन हो। निम्न विशेषता भएका शासन व्यवस्थालाई सुशासन भनिएको छ।

क) जनताको सहभागिता

ख) पारदर्शी कार्य प्रणाली

ग) कानुनको शासन

घ) समता

ङ) सार्वजनिक उत्तरदायित्त्व

च) दक्षता र प्रभावकारिता

छ) रणनैतिक दूरदृष्टि

ज) जन चाहाना र आवश्यकताप्रति जिम्मेवारी बहन

यस्तै निष्पक्षता (Fairness) मानव अधिकारको सम्मानलाई पनि सुशासनको रुपमा हेर्ने गरिएको छ। सुशासन कायम गर्न सरकार, नागरिक समाज, गैरसरकारी

संस्था र निजी क्षेत्र सबैको उत्तिकै भूमिका रहन्छ। तापनि सार्वजनिक प्रशासन सबैभन्दा व्यापक र सरकारको महत्त्वपूर्ण अङ्ग भएकाले यसलाई सुशासनअनुरुप सञ्चालन गरेमा अन्य क्षेत्रमा सहजै यसको प्रभाव पर्दछ। सार्वजनिक प्रशासन र कर्मचारीहरू नै नागरिक र राज्यबिचको प्रथम सम्पर्क विन्दु भएकाले सार्वजनिक प्रशासनको कार्यले नागरिकले सरकारप्रतिको दृष्टिकोण बनाउँछन्। त्यस्तै निजी क्षेत्र, गैरसरकारी क्षेत्रलाई राज्यको उद्देश्य प्रति निर्देशन गर्न सार्वजनिक प्रशासन आफैँ इमान्दारी र नैतिकवान हुन जरुरी हुन्छ।

सार्वजनिक क्षेत्रमा सुशासन खास गरी सेवा प्रवाहसँग सम्बन्ध राख्दछ। सुशासनका तत्त्वहरूलाई सार्वजनिक सेवा व्यवस्थापनका चरणहरू योजना, डिजाइन, कार्यान्वयन, अनुगमन र सेवा सुधारका पक्षमा इमान्दारीपूर्वक लागु गरिनुपर्दछ। सुशासनका यी तत्त्वहरू अनुकूल कर्मचारीतन्त्रको मूल्य मान्यता र कार्यशैलीमा परिवर्तन आउन जरुरी हुन्छ। जनतालाई प्रत्यक्ष सार्वजनिक सेवा दिने अग्रपङ्क्तिका कार्यालयहरूको प्रक्रियाहरूमा सेवाग्राहीका प्रतिनिधिहरूको संलग्नता गराए सरकारी कार्य अझ प्रभावकारी हुन जान्छ। धेरै देशहरूमा परामर्श समूह, नागरिकमञ्च आदि नामबाट प्रशासनमा जनसहभागिता गराउने प्रचलन रहिआएको छ।

सार्वजनिक क्षेत्रका सेवा प्रदायकहरूले कार्य सम्पादन गर्दा देहायअनुसार व्यवहार अपनाउनुपर्दछ :

क) इमान्दारीपूर्वक व्यवहार, नैतिक मूल्यप्रति प्रतिबद्धताको उदाहरण बन्ने र कानुनको शासनको आदर।

ख) खुल्लापनको सुनश्चितता, सरोकारवालाहरूको सहभागिता अभिवृद्धि।

साथै सार्वजनिक निकायहरूले सेवा प्रवाह गर्न निम्न लिखित प्रबन्ध प्रभावकारी रुपमा गरिनुपर्दछ।

ग) सार्वजनिक निकायले प्राप्त गर्ने उपलब्धिको स्पष्ट व्याख्या,

घ) तोकिएका उपलब्धि प्राप्त गर्न गर्नुपर्ने कार्यको निर्धारण,

ङ) सेवा प्रदायक संस्थाहरूको क्षमता विकास,

च) जोखिम र कार्य सम्पादन व्यवस्थापनका लागि आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था,

छ) असल अभ्यासको कार्यान्वयनको निरन्तरता,

ज) कर्मचारीहरूको निजी चाहनाको त्याग।

यी विषयहरू सँगसँगै कार्यान्वयन गर्नुका साथै यसका लागि सम्पूर्ण सार्वजनिक क्षेत्र नै प्रतिबद्ध हुन जरुरी छ र यसको निरन्तर मूल्याङ्कन र समीक्षा गर्नुपर्दछ।

सेवा प्रवाह तथा सुशासनका समस्या

नेपाल सरकारद्वारा संवैधानिक र कानुनी व्यवस्था कार्यान्वयन गरी सार्वजनिक सेवालाई प्रभावकारी बनाउन नागरिक वडापत्र, सार्वजनिक सुनवाई, सूचना अधिकारी एवम् प्रवक्ताको व्यवस्था, अनलाइन सेवा, घुम्ती सेवा, कार्यसम्पादन सम्झौता, जनसहभागितामा आधारित कार्यक्रम जस्ता सुधारका प्रयास हुँदै आएको छ। सरकारी निकायबाट वितरण हुने सेवामा ढिला सुस्ती हटाई छिटो छरितो र सरल पार्न ICT को प्रयोग गरी अनलाइनमार्फत क्रमशः नेपाल सरकारले कार्य अघि बढाइरहेको छ। केही समय अघिसम्म लामो लामो लाइन रहेकोमा हाल देखिन छाडेका र नागरिकलाई सहज भएकै अनुभव हुन थालेको छ। सेवा प्रवाहमा भइरहेको सुधारका प्रयास बाबजुद सार्वजनिक सेवा प्रवाहको अवस्था अपेक्षित रुपमा प्रभावकारी हुन सकेको छैन। जनताको सरकार र सेवा प्रदायकप्रति धेरै गुनासो रहेको छ। सामाजिक सञ्जालहरूमा, सञ्चार माध्यमहरूमा यस्ता गुनासा र सुशासनको कमजोर अवस्था बारेमा समाचार आइरहेका छन्। संघ, प्रदेश र स्थानीय तहहरू कमजोर सुशासनको अवस्थाबाट गुज्रिरहेका छन्। महालेखा परीक्षकको कार्यालयबाट प्रकाशित प्रतिवेदन हेर्दा प्रत्येक वर्ष बेरुजु बढ्दो छ। रीत नपुऱ्याई र आर्थिक अनुशासनमा नरही आर्थिक कारोबार गर्न सरकारी निकाय तत्पर छन्। त्यसमा पनि स्थानीय तह अघि रहेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसधान आयोगमा उजुरीका चाङ छन् भने अख्तियारद्वारा वर्सेनी भ्रष्टाचारमा संलग्नलाई विशेष अदालतमा दायर गरेको मुद्दा बर्सेनी बढ्दो छ। सार्वजनिक सेवा प्रवाह र सुशासनका समस्याहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

(क) सेवाग्राहीको सही पहिचान गर्न सकिएको छैन। यथार्थ परक र वर्गीकृत तथ्याङ्कको अभावमा सम्पूर्ण सेवाग्राहीमा सेवा पुग्न सकेको छैन।

(ख) सेवाको गुणस्तर सन्तोषजनक रहेको छैन। सरकारी स्वास्थ्य सेवा, सामुदायिक विद्यालयप्रति सेवाग्राहीको असन्तुष्टि बढ्दो छ। विकास निर्माणका कार्यहरू पनि नसकिँदै भत्किएको समाचार आइरहेका छन्।

(ग) सेवा प्रवाह प्रणालीमा पारदर्शिताको कमी छ। सेवा पाउन भनसुन गराउनुपर्ने अवस्था विद्यमान छ। नागरिक वडापत्र प्रभावकारी रुपले कार्यान्वयन हुन सकेको छैन। धेरै सेवाग्राहीलाई नागरिक सेवा प्रदायकको वडापत्रको प्रयोग

बारे जानकारी नै छैन ।

(घ) सेवाग्राहीप्रतिको उत्तरदायित्व न्यून रहेको छ । सेवा प्रदायकहरूको उत्तरदायित्व ठाडो रहेको र आफ्ना हाकीम एवम् माथिल्लो निकायप्रति उत्तरदायी छन् । जनताको सेवा प्रवाहमा सहभागिता न्यून छ ।

(ङ) सेवा पुऱ्याउने स्थानीय तह र जिल्ला स्थित कार्यालयहरूमा कर्मचारीको कमी छ । केन्द्रमा कर्मचारी बस्ने प्रवृत्तिले दुर्गम क्षेत्रमा सधैं कर्मचारीको अभाव रहने गरेको छ। काठमाडौं बाहिराका अस्पतालमा दरबन्दीअनुसारको डाक्टरको पदपूर्ति कहिले हुन सकेको छैन। सामुदायिक विद्यालयहरूमा विषयगत शिक्षकको कमी, माध्यमिक विद्यालयहरूमा मा.वि शिक्षक बिना नै पढाइ भइरहेको छ। अझै करिब १५० स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत नियुक्ति हुन सकेको छैन। हालै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले धेरै अवधि एकै स्थानमा बस्ने कर्मचारीको सरुवा निवेदन माग गर्दा दुर्गम जाने कर्मचारीको निवेदन नै नपरेको अवस्थाले कर्मचारीहरूको मनोवृत्ति शहरमुखी देखिन्छ ।

(च) सेवाप्रदायकको क्षमता कमजोर रहेको छ । कर्मचारीहरूलाई कामप्रति उत्प्रेरित गराउन सकिएको छैन । प्राथमिक विद्यालयका शिक्षकको भरमा माध्यमिक विद्यालय सञ्चालन हुनु, स्वास्थ्य चौकीहरूमा अ.हे.व.को भरमा रहनुपरेको उदाहरण हुन् ।

(छ) प्रशासनिक प्रक्रिया नतिजामूलकभन्दा प्रक्रियामूलक रहेको छ। नतिजा नआउँदा दण्डित हुनुपर्दैन तर प्रक्रिया पूरा नगरी कार्य भएको अवस्थामा दण्डित हुनुपर्ने अवस्थाले कर्मचारीले जोखिम उठाएर काम गर्ने वातावरण छैन ।

(ज) सूचनाको हकको सही रुपले कार्यान्वयन हुन सकेको छैन । सूचना संस्कारको अभाव, गोपनीयताको संस्कार बसाउन सकिएको छैन ।

(झ) ऐन कानुन समय सापेक्ष परिमार्जन भएका छैनन् । संघीयता आएको ६/७ वर्ष भइसक्दा पनि संघीय शिक्षा ऐन, निजामती सेवा ऐन कानुन बनाउन सकेको छैन । यसले गर्दा प्रदेश र स्थानीय तहलाई काम गर्न कठिनाई भएको छ। संघीयताबमोजिम कानुन निर्माण भइसकेका छैनन् ।

(ञ) सेवा प्रवाहमा संघ, प्रदेश र स्थानीय तहबिच समन्वयको कमी छ। संघमा

केन्द्रिकृत मानसिकता रहेको छ भने स्थानीय तहका पदाधिकारीमा अनुभवको अभावमा सबै हामी नै हो भन्ने भावना रहेको छ । यसले गर्दा काममा दोहोरोपना देखापरेको छ भने कतिपय कार्यहरू गर्न खोज्दा पनि स्थानीय तहबाट हुन सकेको छैन । काठमाडौं महानगरपालिकाको सुकुम्बासी व्यवस्थापन यसको उदाहरण हो ।

(ट) सार्वजनिक सेवा पुऱ्याउने कार्यमा जनसहभागिताको कमी छ। स्थानीय तहबाट हुने विकास निर्माणका कार्यहरू उपभोक्ताको नाममा ठेकेदारहरूबाट हुने गरेका छन् । जनताका अन्य आवश्यकताका सेवा वस्तुमा उपभोक्ताको मागभन्दा पनि माथिबाट थोपर्ने प्रकृति छ ।

(ठ) सेवा प्रवाह गर्नलाई स्रोत साधनको कमी हुनुका साथै भएका स्रोतको सदुपयोग समयमा हुन सकेको छैन र वर्षेनी लागत बढ्दो छ। कार्यक्रमहरू प्राथमिकीकरण नगरी हचुवाको भरमा अघि बढाउँदा आवश्यक क्षेत्रमा स्रोत नपुगी सेवा प्रवाह अवरुद्ध भएका छन। स्थानीय तहबाट हुने काममा पनि संघले २/४ लाखका योजना राखी विनियोजन गर्नाले स्रोतको दुरुपयोग भइरहेको छ।

(ड) सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून रहेको छ; प्रर्याप्त संरचना नरहनु, सक्षम जनशक्तिको अभाव, भएको जनशक्ति सूचना प्रविधि क्षेत्रमा सक्षम नहुनु, सेवाग्राहीहरू सूचना प्रविधि सञ्चालनमा सक्षम नहुँदा विचौलियाको भर पनुपर्ने अवस्था रहेको (मालपोत कार्यालय पासपोर्ट फारम भर्न) छ। स्रोत साधनको कमी जस्ता कारणले सूचना प्रविधिको सही सदुपयोग हुन सकेको छैन।

समाधानका उपाय

सार्वजनिक सेवाको प्राप्तिको अवस्थाले नागरिकले सरकारप्रतिको धारणा बनाउने हुँदा सेवाको प्रभावकारिता बढाउन सरकारले सुधारका लागि अन्य आवश्यक व्यवस्थाहरू कार्यान्वयनमा ल्याइरहेको छ। यिनको इमान्दारीका साथ कार्यान्वयन गर्ने र उच्च राजनैतिक र प्रशासनिक तहबाट नैतिक मूल्यप्रति प्रतिबद्ध रही आफू उदाहरणीय बन्न जरुरी छ।

सार्वजनिक सेवाको प्रवाहलाई प्रभावकारी बनाएमा मात्र सुशासन कायम हुन सक्दछ। सेवाको प्रभाकारिता सेवा प्रवाहलाई जति सरल पारदर्शी र जनउत्तरदायी बनायो

त्यत्तिनै बढने भई सुशासनमा योगदान पुऱ्याउँछ। यसले आर्थिक अनियमितता, भ्रष्टाचारमा कमी ल्याउन मद्दत गर्दछ। सेवा प्रवाह र सुशासनका लागि राम्रा र असल अभ्यासलाई निरन्तरता दिई यसमा रहेका अवरोध हटाउन आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गरिनु पर्दछ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन र सुशासन कायम गर्न निम्नानुसार सुझावहरू कार्यान्वयनमा ल्याउन सकेमा सहयोग पुग्दछ।

क) सार्वजनिक सेवाको गुणस्तर र मापदण्ड निर्धारण गरी सोअनुरुपको सेवा प्रवाह गर्ने विश्वासिलो कार्यविधि बनाउनुपर्दछ। यसरी तोकिएको गुणस्तरअनुसार सेवा प्रवाह गर्न नसके क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ। नागरिक वडापत्रको महत्त्वपूर्ण पक्ष क्षतिपूर्तिसहितको वडापत्रलाई कार्यान्वयनमा ल्याउन अनिवार्य छ। गुणस्तर निर्धारण गर्दा लागत, समय, सर्म्पक बिन्दु, जनसन्तुष्टि जस्ता परिसूचक बनाई सोको प्रभावकारी अनुगमन र मूल्याङ्कन गरी सार्वजनिक सेवा सुधार गर्नुपर्दछ।

ख) कार्यविधि सुधार गरी कार्य सरलीकरण गर्नु जरुरी छ। एक ऐनले दिएको काम अर्को ऐन कानुनहरूले रोक्ने अवस्था रहेकोले कर्मचारीलाई काम नगर्ने बहाना मिलेकोले सेवा प्रवाह गर्ने ऐन कानुन, कार्यविधि समयानुकूल सुधार गरी छिटो, छरितो, सेवा प्रवाह हुने गरी कानुन पुनर्निर्माण गर्ने र आवश्यक निर्णयका तहहरू हटाउन जरुरी छ। अग्रस्थानमा रही सेवा प्रवाह गर्ने कर्मचारीमा अधिकार प्रत्यायोजन गर्ने, झन्झटिलो गर्ने प्रक्रिया, धेरै कागजात र सिफारिस खोज्नेभन्दा नतिजामुखी कार्यविधि प्रयोगमा ल्याउन जरुरी छ। कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनलाई नतिजासँग आबद्ध गरिनु जरुरी छ।

ग) पारदर्शिताको प्रवर्धन सेवा प्रवाह प्रभावकारिता र सुशासनको अभिन्न अङ्ग हो। कार्यालयको काम कारवाहीमा नागरिकको सहज पहुँच स्थापित गर्ने संयन्त्र निर्माण गरी कार्यान्वयनमा ल्याउने, योजना तर्जुमादेखि नै जनसहभागिताका व्यवस्था गर्ने, कार्यालयका काम कारवाहीको बारेमा नियमित सूचना प्रकाशन गर्ने, सार्वजनिक सुनवाई गर्ने कार्य गरी रहनुपर्छ। नागरिक वडापत्रलाई समय सापेक्ष बनाई कार्यान्वयन गर्ने, सूचनाको हकको कार्यान्वयन, सूचनाको संरक्षक र नियमित प्रकाशन गर्ने, कम लागतमा सूचना पाउने व्यवस्था गरिनुपर्छ। कार्यालयको कार्यविन्यास खुला बनाउँदा गोप्यताको संस्कृतिमा कमी आउँछ।

घ) जवाफदेही र उत्तरदायी पक्षमा सुधार गरी सार्वजनिक सेवा प्रवाहमा संलग्न कर्मचारी र कार्यालयलाई उत्तरदायित्त्व बनाउन स्पस्ट जिम्मेवारी तोकी काम लगाउने गर्नुपर्दछ। कुनै काम नभएमा त्यसको लागि को जिम्मेवार हो सो स्पस्ट बुझ्ने गरी कर्मचारीको कार्यविवरण बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ। कार्य सम्पादन सम्झौतालाई प्रभावकारी बनाई नतिजामा आधारित दण्ड र पुरस्कारको व्यवस्था अनिवार्य रुपमा कार्यान्वयनमा ल्याउनुका साथै कार्यालय प्रमुख र कर्मचारीलाई कार्यविवरणअनुसार अधिकार प्रत्यायोजन गर्ने, निर्णय प्रक्रिया र साधन स्रोतको उपयोगमा पारदर्शिता कायम गर्ने, घुमाउरो उत्तरदायित्त्वलाई बढीभन्दा बढी सोझो (Direct Accountability) बनाउने, नियमित सार्वजनिक सुनवाई, सामाजिक परीक्षण जस्ता कार्य गरिनुपर्दछ।

ङ) अधिकार र जिम्मेवारीको हस्तान्तरण सेवा प्रदायक तहसम्म गरी काम गर्ने वातावरण बनाउने, स्थानीय तहको क्षेत्राधिकार भित्रका काम कारवाही स्थानीय तहबाट हुने गरी केन्द्र र प्रदेशले गरी आएका त्यस्ता काम हस्तान्तरण गर्नुपर्दछ। स्थानीय प्रशासन, जिल्लास्थित कार्यालयहरूलाई आवश्यक काममा जिम्मेवार बनाई अधिकार हस्तान्तरण गर्ने, जनताको नजिकबाट सेवा प्रवाह गर्न घुम्ती सेवा जस्ता कार्यहरू नियमित रुपले सञ्चालन गर्ने र यसको लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनुपर्दछ।

च) नागरिकको सहभागिता र हक स्थापना गर्नुलाई सेवा प्रवाहमा सुधार ल्याउने कडी मानिन्छ। स्थानीय स्तरमा हुने र जनतालाई प्रत्यक्ष लाभ पुऱ्याउने काममा जन स्वामित्व कायम गर्न अनिवार्य रुपमा नागरिक संलग्नता हुने गरी कार्यविधि बनाई कार्यान्वयन गरिनुपर्दछ। उपभोक्ता समिति जस्ता संयन्त्र बनाई कार्य गर्ने, हालको उपभोक्ता समितिले गर्ने कार्यलाई थप जिम्मेवार बनाउन कार्यविधि सुधार गर्ने, उनीहरूको क्षमता विकास गर्ने र उपभोक्ता समितिमार्फत हुने काममा सही अनुगमन गर्ने व्यवस्था गर्ने। दबाब समूह गठन गरी प्रशासनका ढिलासुस्तीको निगरानी गर्ने, उपभोक्ता सर्वेक्षण, सार्वजनिक सुनवाई गरी नागरिकको धारणा बुझ्ने, गुनासो सुन्ने संयन्त्रको व्यवस्था गरी गुनासो व्यवस्थापन गर्ने, सेवा प्रदान गर्ने निकायको अनुगमनमा जनताको र सञ्चार माध्यमको सहभागी हुने व्यवस्था गर्न आवश्यक छ।

छ) सेवाग्रहीलाई सेवा प्राप्त गर्ने धेरैभन्दा धेरै विकल्प भएमा प्रतिस्पर्धा बढी सेवाको गुणस्तर बढ्ने हुन्छ। नागरिकलाई सेवाको छनौटको स्वतन्त्रता

हुने गरी विकल्प विस्तार गरिनुपर्छ। कतिपय अवस्थामा भौचर प्रणाली कार्यान्वयन ल्याउनुपर्दछ। राज्यले स्वयम गर्ने कार्यबाहेक अन्य सेवाहरू गैरसरकारी, निजीक्षेत्रबाट समेत दिई नागरिकको चयन बढाउन सकिन्छ। सडक प्रदुषण मापनलाई यातायात कार्यालयभन्दा निजीक्षेत्रमा दिएमा उपयुक्त स्थान छनौट गर्न सेवाग्राहीले पाउँछन् ।

ज) सरकारले गर्दै आएका कतिपय कार्यहरू निजी क्षेत्र र गैरसरकारी क्षेत्रबाट हुन सक्ने खालका छन् । सेवा प्रवाह वैकल्पिक उपायको अवलम्बन गरी यस्ता कामहरूमा गैरसरकारी क्षेत्रलाई कार्यसम्पादन सम्झौतामार्फत दिई सरकारले नियमन गर्न सक्दछ। खोप सेवा, परिवार नियोजन, अनौपचारिक शिक्षा, वातावरण संरक्षण, जनचेतना, समाज कल्याण जस्ता कार्यहरूको सञ्चालन गैरसरकारी संस्थाहरूलाई र विपन्न वर्गबाहेकको स्वास्थ्य सेवा, कृषि फार्म र पाठ्यपुस्तक निर्धारण र पाठ्यक्रम स्वीकृतबाहेक पाठ्यपुस्तक उत्पादन र वितरण आदि काम निजी क्षेत्रलाई दिन सकिन्छ।

झ) सूचना प्रविधिको विकासले सेवा प्रवाहमा सहजता ल्याएकाले सेवा प्रवाहमा सूचना प्रविधिको अधिक प्रयोग आवश्यक छ। इन्टरनेट, सञ्चार सेवा प्रयोग, इमेल, मोबाइल एप्सका माध्यमबाट सेवा प्रवाह सजिलो र छिटो बनाउन सकिन्छ। इ-टिकेटिङ्ग, सुरक्षा जाँच, अनलाइन बैंकिङ सेवा, अनलाइन भुक्तानी, मोबाइलद्वारा सेवा प्रवाहको अधिकतम उपयोग गर्ने व्यवस्थापन गरिनुपर्छ। कर्मचारीलाई ICT सम्बन्धी तालिम प्रदान गरी सक्षम बनाउन र सेवाग्राहीलाई हेल्प डेस्कको माध्यमबाट सहजीकरण गरिनुपर्दछ।

ञ) कर्मचारीको व्यवस्थापन सही रुपले गरी सेवा प्रदान गर्ने निकायमा कर्मचारी खाली राखी केन्द्रमा भर्ने प्रवृति हटाउन दुर्गम क्षेत्रमा कर्मचारी जाने वातावरण निर्माण गर्नुपर्दछ। विदेश भ्रमणमा प्राथमिकता, वृत्ति विकासमा एक कार्यकाल अनिवार्य दुर्गम क्षेत्रमा बसेको हुनुपर्ने व्यवस्था, थप आर्थिक सुविधा जस्ता व्यवस्था भएमा कर्मचारी उत्प्रेरित भै आफैं दुर्गम क्षेत्रमा जान तयार हुन्छन्। निजामती सेवा ऐन नियमको प्रावधानअनुरुप आफ्नो क्षेत्रमा बस्नुपर्ने कर्मचारीलाई कुनै पनि बहानामा काज वा सरुवा नगरिने व्यवस्था लागु गरिनुपर्छ। कर्मचारीको व्यवहारमा परिवर्तन ल्याउने कार्यक्रम सञ्चालन गरी क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। योग्यता प्रणालीलाई जोड दिई कर्मचारीको सरुवा, बढुवालाई कार्य सम्पादन मूल्याङ्कनमा आबद्ध गर्नुपर्छ।

ट) विभिन्न प्रकारका सेवाहरू एकद्वारा प्रणालीमार्फत उपलब्ध गराउन संरचना सुधार गरी जनताप्रति सोझै उत्तरदायी बनाउने, संघ प्रदेश स्थानीय तहबाट एक विषयको सेवा एक ठाँउबाट उपलब्ध हुने गरीको व्यवस्था प्रयोगमा ल्याउने, सहायता कक्ष स्थापना गरी बिचैलियाको बिगबिगी हटाउने, निर्णयका तहबाट कम गरी संरचना सुधार र संघीयताका मर्मबमोजिम सार्वजनिक प्रशासनको पुनः सरचना गरी सेवालाई आकर्षक, परिणाममुखी र सरल बनाउनुपर्छ ।

ठ) सेवा प्रदान गर्ने निकायहरूलाई स्रोत साधनको उचित व्यवस्था गर्नुपर्छ। सूचना प्रविधिको प्रयोगमा आवश्यक उपकरण र विद्युतीय व्यवस्थाको वैकल्पिक व्यवस्थापनलगायत पूर्वाधारहरू आवश्यक पर्दछ। स्थानीय तहलाई संविधानले दिएको जिम्मेवारीअनुरुप स्रोत साधनको व्यवस्था हुनु जरुरी छ । एक अध्ययनले विकास खर्च स्थानीय तहमा कूल खर्चको औषत ४० प्रतिशत रहेको र संघमा २० प्रतिशत मात्र रहेको देखाएको सन्दर्भमा स्थानीय तहबाट हुने काम संघ र प्रदेशले स्थानीय तहबाट गर्न सके स्रोत साधनको दुरुपयोग रोकिने र मितव्ययितमा कायम गर्न सकिन्छ ।

निष्कर्ष

सार्वजनिक सेवा प्रवाह गर्नु राज्यको प्रमुख दायित्त्व हो भने गुणस्तरीय र प्रभावकारी सेवा पाउनु नागरिकको नैसर्गिक अधिकार हो । सार्वजनिक सेवा सुशासन कायम हुने गरी प्रवाह गरी नागरिकको अधिकारको सम्मान गरिनुपर्दछ। यसका लागि सेवामा नागरिकको पहुँच सहज र सरल बनाई गुणस्तरीय सेवा वितरण गर्ने अवस्था सिर्जना गरिनुपर्दछ। सार्वजनिक सेवाको प्राप्तिको अवस्थाले नागरिकले सरकारप्रतिको धारणा बनाउने हुँदा सेवाको प्रभावकारिता बढाउन सरकारले सुधारका लागि नीतिगतका साथै अन्य आवश्यक व्यवस्थाहरू कार्यान्वयनमा ल्याई सुधारको प्रयास भइरहेको छ ।

सार्वजनिक सेवा प्रवाहमा सुधार भइरहेको भएता पनि यसले सार्थकता पाउन सकेको छैन । सूचना र सञ्चारको विस्तार, सामाजिक सञ्जालको अधिक प्रयोग र बढ्दो वैदेशिक रोजगारीले जनतामा चेतनाको विकास भई गुणस्तरीय सेवाको मागमा वृद्धि भएको छ साथै यसले बाहिरी मुलुहरूको सेवाको स्तरअनुसार सेवाको चाहाना जनतामा रहेको छ। सेवा प्रवाहमा सुशासनका तत्त्वहरूको इमान्दारीका साथ कार्यान्वयन गरी सार्वजनिक सेवा प्रवाहका नयाँ प्रवृति एवम् अभ्यासहरू कार्यान्वयनमा ल्याई सूचना प्रविधिको प्रयोग अधिक मात्रामा गरी सार्वजनिक सेवा

प्रभावकारी बनाउन सकिन्छ। यसका लागि उच्च राजनैतिक र प्रशासनिक तहबाट नैतिक मूल्यप्रति प्रतिबद्ध रही आफू उदाहरणीय बन्न जरुरी छ। संघीय प्रणालीअनुरुप प्रवाह हुने सेवा नागरिकको नजिकको संस्था र आफ्ना जनप्रतिनिधिमार्फत पाउने अधिकारको सम्मान हुन सेवा वितरण प्रणालीको पुनःसंरचना गरी principal of subsidiarity अनुसार सेवा प्रवाह भएमा जनसन्तुष्टि बढ्ने र देशमा सुशासन कायम गर्न मद्दत पुग्दछ।

सन्दर्भ सामग्रीः

- कानुन किताब व्यवस्था समिति, नेपालको संविधान, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय।
- सामान्य प्रशासन मन्त्रालय(२०५५), सार्वजनिक प्रशासनको पच्चिस वर्षीय गुरु योजना, नेपाल सरकार।
- प्रशासन सुधार आयोग २०४८ को प्रतिवेदन, नेपाल सरकार।
- भट्टराई, पूर्णचन्द्र, सार्वजनिक सेवा प्रवाह, प्रशासन पत्रिका, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७९।
- मैनाली, उमेशप्रसाद, सुशासन प्रवर्धनमा कर्मचारीतन्त्र, कामद पत्रिका २०७२, कामद।
- दाहाल, प्रकाश, शासन प्रणाली बहस र अभ्यास, Inspire Publication Pvt.Ltd., 2078/79.

सार्वजनिक प्रशासन र सुशासन



✍ डा. हरिदत्त पाण्डेय*

सार्वजनिक प्रशासनको अवधारणा

सार्वजनिक प्रशासन जनताको हित र कल्याणको लागि निर्धारित उद्देश्य र लक्ष्य हासिल गर्ने अभिप्रायले स्थापित संयन्त्र हो । सार्वजनिक प्रशासनको लक्षित समूह जनता हो र यो सरकारको प्रतिनिधिको रुपमा रहेको हुन्छ । त्यसैले यो राज्य तथा सरकारको मुटु हो । सार्वजनिक प्रशासनको परिवेश र वातावरण जनसमुदायबाट भिन्न हुन सक्दैन । त्यसैले जनताका लागि गरिने शासन व्यवस्थालाई नै सार्वजनिक प्रशासन तथा लोक प्रशासन भनिन्छ ।

सार्वजनिक प्रशासनले राज्यका विभिन्न नीतिहरूको तर्जुमामा सहयोग र कार्यान्वयन गर्ने, राष्ट्रिय विकास र विकासात्मक गतिविधि सञ्चालन, सार्वजनिक खर्च व्यवस्थापन, जनतालाई सरल, छिटो छरितो रूपमा गुणस्तरीय सेवा, सुविधा प्रदान गर्ने, जनताको सर्वाङ्गीण हित र समुन्नतिको लागि विधिको शासनअनुरुप न्याय प्रदान गर्ने जस्ता विषयहरू रहेका हुन्छन् ।

सरकारको सफलता तथा असफलताका साथै राष्ट्रको आदर्श र पहिचान पनि सार्वजनिक प्रशासनको कार्यान्वयन र कार्यक्षमतामा भर पर्दछ ।

सुशासनको अवधारणा

बृहत् नेपाली शब्दकोशअनुसार सुशासनको अर्थ उत्तम किसिमको शासन, उत्तम राज्य व्यवस्था भनिएको छ । विश्व बैङ्कले सन् १९८९ मा आफनो प्रतिवेदनमा पहिलो पटक सुशासनको अवधारणागत (Conceptual) उल्लेख गरेका थिए ।

** पूर्व सहसचिव, नेपाल सरकार*

‘Good Governance’ सन् १९९० को विश्वव्यापी प्रजातान्त्रिक आन्दोलनसँगै विश्व राजनीति र प्रशासन क्षेत्रमा बहुप्रचारमा आएको Concept हो । सन् १९९० पछि अधिकांश दातृराष्ट्र तथा सहयोग निकायले वैदेशिक सहायताको अनिवार्य पूर्वशर्तको रुपमा सुशासनलाई राख्न थाल्यो । धेरै अन्तर्राष्ट्रिय संस्थाहरूले सुशासन र विकासलाई अन्योन्याश्रित रूपमा पनि हेर्ने गरेको पाइन्छ ।

UNDP ले राजनीतिक वैधानिकता, उत्तरदायित्त्व, निष्पक्ष र भरपर्दो न्यायप्रणाली, प्रशासनिक उत्तरदायित्त्व खासगरी आर्थिक कारोवारको प्रश्नमा, अभिव्यक्ति तथा सूचनाको हकको प्रत्याभूति, चुस्त र प्रभावकारी ढङ्गबाट सार्वजनिक क्षेत्रको व्यवस्थापन र नागरिक समाजको सहकार्यलाई स्वीकारेका छन् ।

पछिल्लो चरणमा सबैजसो राष्ट्रहरूले राष्ट्रको सर्वाङ्गीण विकास गर्ने सम्बन्धमा सरकारी, गैरसरकारी र निजी क्षेत्र तथा नागरिक समाजसमेतको सहभागिताको माध्यमबाट मात्र सुशासन कायम गर्न सकिन्छ भन्ने निष्कर्ष निकाल्न थालिएको छ ।

सुशासन शासन सञ्चालन पद्धतिको अन्तरवस्तु एवम् कार्यपद्धति दुवैको समष्टि रुप हो । राज्यको आर्थिक, सामाजिक, प्रशासकीय अधिकार, तिनको संरचना र प्रक्रिया तथा आपसको बन्धनलाई व्यवस्थित र वैज्ञानिक बनाउँदै मानवीय विकासलाई दिगो बनाउने रणनीति पनि सुशासन हो ।

सुशासनलाई कसैले प्रभावकारी विकास कार्यान्वयन, संगठन वा सरकारी निकायको सही व्यवस्थापन, जनतामा छिटो छरितो र न्यायपूर्ण वितरण र जनताको दुःखमा मलहम लगाउने राज्यको संयन्त्रको कार्य आदिलाई उल्लेख गरेका छन् । धेरैले सुशासनको अवधारणाअन्तर्गत उपर्युक्त विषयलाई सम्बोधन गर्न पारदर्शिता, जवाफदेहिता, प्रभावकारी सेवा प्रवाह, कानुनी शासन, जनसहभागिता, उत्तरदायित्त्व र जवाफदेहिता जस्ता तत्त्वलाई सुशासनका विषयहरूका रूपमा स्वीकारेका छन् ।

सुशासन भन्नासाथ पारदर्शी, जनउत्तरदायि सरकार, सशक्त र सहभागितामा आधारित नागरिक समाज, कार्यको जवाफदेहिता, पारदर्शिता र कानुनको शासन भनिन्छ ।

वर्तमानमा सुशासनको विषय तथा क्षेत्र बृहत्तर हुँदै गएको छ। सार्वजनिक प्रशासनमा व्यावसायिक कर्मचारीतन्त्रको विकास, पारदर्शी र जनउत्तरदायी सरकार, सशक्त र सहभागितामा आधारित नागरिक समाजसँग सहकार्य, कानुनको शासन, राजनीतिक वैधानिकता र उत्तरदायित्त्व, निष्पक्ष र भरपर्दो न्याय प्रणाली, अभिव्यक्ति तथा सूचनाको हकको प्रत्याभूति, चुस्त र प्रभावकारी ढङ्गबाट सार्वजनिक क्षेत्रको व्यवस्थापन, विकेन्द्रित कार्यक्रम र सहभागितामूलक विकास, प्रभावकारी शासन

व्यवस्था, भ्रष्टचाररहित प्रशासनयन्त्र र अधिकारसहितको मानव अधिकारको प्रत्याभूति जस्ता विषयहरू समावेश रहेका हुन्छन। यसले सेवा प्रदान गर्न दक्ष, क्रियाशील, जनताप्रति उत्तरदायी, स्वच्छ, निष्पक्ष, इमान्दार कर्मचारीको अपेक्षाको साथै सरल, छिटो छरितो, समतामुखी, विकास र प्रशासनमा जोड, प्रशासनको दक्षता, प्रतिबद्धता, गतिशीलता र जनताप्रति चासो राख्ने प्रवृत्तिको कार्य प्रणाली अवलम्बन गरिन्छ। यस्को साथै समता र समावेशीकरण, उत्तरदायित्त्व, सहमतिउन्मुख र पारदर्शिता जस्ता विषयलाई समेत सम्बोधन गर्ने प्रयास गर्दछ।

Good governance leads to good management, good performance, good stewardship of public money, good public engagement and, ultimately, good outcomes. It is not a destination, but way to destination."

नेपालमा सार्वजनिक प्रशासनमा सुशासनको अवस्था

लामो समयदेखि नेपालको सार्वजनिक प्रशासनको अवस्था असहजको वातावरणबाट गुज्रँदै आएको छ। पछिल्लो समय त यसको आफ्ना सीमा, उत्तरदायित्त्व, जिम्मेवारी र कर्तव्य आदिसमेत बिर्सेको आरोप लाग्न थालेको छ।

अत्यधिक राजनीतिक हस्तक्षेप, अस्थिर प्रशासन यन्त्र, राम्रा मान्छे भन्दा पनि हाम्रा मान्छको प्रवृतिको हावी, राजनैतिक नेतृत्वले नीति निर्माणभन्दा कर्मचारी प्रशासन (सरुवा, बढुवा आदि) मा चासो, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले मन्त्री, मुख्य सचिव, सचिव आदिको स्पष्ट जिम्मेवारी तोकिए पनि सोअनुरुप कार्यान्वयन हुन नसकेको, निजामती कर्मचारी निश्चित ऐन, कानुन र आचारसंहिताको आधारमा बाँधिएको भए पनि राजनीतिक आस्थाका आधारमा विभिन्न समूहमा विभाजित र कार्यशैली पनि सोहीअनुरुप धेरै हदसम्म अनुशरण भएको पाइनु, स्वतन्त्र र कामकाजी कर्मचारीहरूमा उत्प्रेरणा र मनोबल उच्च हुन नसकेको, भ्रष्टचार नियन्त्रणका लागि विभिन्न संयन्त्र र रणनीतिहरू तयार गरी लागु गरिए पनि भ्रष्टचारमा कमी आउननसकेको, कार्यमा एकरुपताको अभाव, आर्थिक अनुशासनहीनता, कर्मचारीको सरुवा, पदोन्नति, तालीम आदि अनुमानयोग्य र निश्चित प्रणालीले कार्य गर्न नसकेको गुनासो मात्र हैन वर्तमान अवस्थाले प्रत्यक्ष देखाएको छ।

वर्तमान शताब्दीमा पनि नेपालको सार्वजनिक प्रशासनले कतिपय अवस्थामा परम्परागत र पुरानो ढर्रामा कार्य सम्पादन गर्नुपर्ने अवस्था कायमै रहेको छ भने विद्युतीय

शासनको परिकल्पना र कार्यान्वय गर्न खोजिए पनि प्रभावकारी रुपमा लागु गर्न सकिएको छैन । यी यस्ता अवस्थाको कारण जनताले एकातिर सास्ती खेप्नुपरेको छ भने कर्मचारीमा काम गर्ने वातावरण नहुँदा काम गर्न चाहने कर्मचारीमा पनि नैराश्यता र तनावको अवस्था सहजै रुपमा देख्न पाइन्छ। सार्वजनिक प्रशासनमा सुशासन कायम त कता हो कता राजनैतिक दलहरूबिचको जुँगाको लडाइँमा निजामती कर्मचारीहरू निरीह बनेर पिल्सिरहेका छन् भने ट्रेड युनियनहरूबाट कर्मचारीको हक हित र प्रशासनलाई सकारात्मक परिवर्तन र नवसिर्जनाभन्दा आआफ्ना ट्रेड युनियनको घेरामा बन्दी रहँदै सार्वजनिक प्रशासनको सुधार र प्रभावकारितामा कम चासो दिएको पछिल्लो घटनाबाट प्रमाणित भएको छ। आफनो अधिकारक्षेत्रभन्दा फरक किसिमबाट प्रस्तुत हुँदा समग्र सार्वजनिक प्रशासनमा सकारात्मक परिवर्तन र प्रणालीको विकास हुनुपर्नेमा सो नभएर सबैतिर अस्थिर र अराजक अवस्थाबाट गुज्रनु निजामती प्रशासनको लागि राम्रो सङ्केत नरहेको मान्न सकिन्छ।

सुशासनको जिम्मेवार पक्षमा केवल कार्यपालिकाअन्तर्गतका निकायहरूका पक्षमा मात्र बढी जोड दिइँदै आएको छ तर यसको साथै राजनीतिक, उद्योगी, व्यवसायी, नागरिक समाज, निजी क्षेत्र, कानुन निर्माण गर्ने विधायकहरू, मानव अधिकारको सम्मान गर्ने सुरक्षा निकायहरू, विधिको शासन स्थापित गर्ने न्यायकर्ताहरू, प्राज्ञिक, बौद्धिक ज्ञान दिने विभिन्न तहका शैक्षिक संस्थाहरू आदि सबैको सुशासनको सकारात्मक भूमिकाको लागि जिम्मेवारी र दायित्त्व रहेको हुन्छ। यसको लागि राज्यले सार्वजनिक निकायमा सुशासन कायम गर्ने र जनतामा सोको अनुभूति गराउन विभिन्न कानुन, नियम, निर्देशिका आदिको व्यवस्था गरिएका छन्। वास्तवमा सुशासन सत्ता सञ्चालकको व्यवहारमा, सार्वजनिक नीतिको निर्माण र प्राथमिकता र सार्वजनिक पद धारणा गर्ने पदाधिकारीको कार्य शैलीमा प्रतिबिम्बित हुनुपर्दछ।

सुशासन प्रशासन, विकास र जनताको सहभागितासँग प्रत्यक्ष सरोकार राख्दछ। यसअनुरुप पछिल्लो समयमा विकास प्रक्रिया र शासकीय प्रणालीमा सरोकारवालको सहभागिताको सुनिश्चितता, विकेन्द्रीकरण अवधारणाको कार्यान्वयन, नागरिक बडापत्रलगायतका सरकारी कार्यप्रक्रियाबाट पारदर्शितामा अभिवृद्धि, व्यावसायिकउन्मुख प्रशासनिक व्यवहार, निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्य, सुशासनलाई व्यवस्थित र प्रभावकारी कार्यानवयनको लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली, २०६५ जारी आदि सकारात्मक पक्ष मान्न सकिन्छ। यसको मुल उद्देश्य सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा

जनसहभागितामूलक बनाउने जस्ता विषयहरू रहेका छन् ।

भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, वित्तीय अनुशासन, असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गरिँदै आएको छ। सुशासन ऐनले मन्त्री, मुख्य सचिव, सचिव, विभागीय प्रमुख र कार्यालय प्रमुखको जिम्मेवारी स्पष्ट उल्लेख गरेको छ भने प्रशासनिक कार्य सम्पादन गर्दा निश्चित कार्यविधि अवलम्बन गरी निश्चित समयमा सम्पन्न गर्नुपर्ने, निर्णयका आधार स्पष्ट उल्लेख गर्नुपर्ने र पारदर्शिता कायम गरिनुपर्नेसमेत उल्लेख गरिएको छ।

सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्नुपर्ने व्यवस्थासमेत गरिएका छन्। राष्ट्रसेवकले पेशागत वा पदीय आचरणको पालन गर्नुपर्ने, सार्वजनिक सुनुवाईको व्यवस्था, गुनासो व्यवस्थापन गर्नुपर्ने गरी ऐनले तोकेको छ। त्यसको लागि निश्चित कार्यविधिहरू र कार्य गर्नुपर्ने विषयहरूसमेत किटान गरिएका छन् जस्तो समय समयमा घुम्ती शिविर सञ्चालन गर्नुपर्ने, नागरिक बडापत्रको व्यवस्था र कार्यान्वयन, सोअनुरुप कार्य सम्पादन गर्नुपर्ने, कार्य फछ्र्यौटको लागि प्राथमिकतानुसार (तुरुन्त, अतिजरुरी, जरुरी र साधारण) निश्चित अवधिमा सो फछ्र्यौट तथा जवाफ पठाउनुपर्ने कानुनी व्यवस्था गरिएको छ।

सुशासनलाई प्रभावकारी कार्यान्वयन गर्दै आमजनताको माझ पुग्न विगतदेखि नै विभिन्न सेवामूलक कार्यहरूसमेत सञ्चालन गरिँदै आएको छ भने आवश्यकतानुसारको ऐन, नियम र निर्देशिकाहरूसमेत निर्माण र कार्यान्वयनमा रहेका छन् । सार्वजनिक खरिद ऐन, २०६३ सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ अनुरुप निर्णय निश्चित तहमा सीमित गरेको छ। सेवा अभियान सञ्चालन निर्देशिका, २०६५ जस्ता ऐन र निर्देशिकाले कार्यमा सरलीकरण र निश्चित कानुनी प्रक्रिया अनुशरण गर्नुपर्ने उल्लेख गरेको छ। पारदर्शिताको लागि सूचनाको हक, निजामती सेवामा कार्यरत कर्मचारीहरूको लागि आचारसंहिता, कार्य सञ्चालन प्रक्रियामा सुधारका लागि विभिन्न निर्देशिका, सार्वजनिक निकायमा Help Desk, नोडल अधिकृत र प्रवक्ता जस्ताको व्यवस्था गरिएका छन् । सरकारी निकायहरूबाट समय समयमा आफ्ना कामकारवाही र गतिविधिको नागरिकसमक्ष सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरिएका छन् ।

त्यसै गरी सुशासनको लागि नै नेपालको संविधानमा भएका निर्देशक सिद्धान्तहरू

तथा नीतिहरू, भ्रष्टाचार निवारण ऐन, २०५९, भ्रष्टाचार विरुद्ध नीति तथा रणनीति, मानवाधिकार आयोग ऐन जस्ता कानुनले समेत उच्चप्राथमिकता दिई कार्यान्वयनमा रहेका छन् । सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सार्वजनिक सरोकारका विषयहरू माग्न लिन पाउने र निर्णयहरू पारदर्शी रुपमा हुनुपर्ने व्यवस्था गरेकोछ । उपर्युक्त व्यवस्थाका कारण राज्यका निकायहरूमा पहुँच नभएका सामान्य जनताले समेत सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । घुम्ती सेवा, निर्णयमा पारदर्शिता, जनता सार्वभौम हुन भन्ने भावनामा विकास, जनताले कुनै पनि विषयमा सहजै सोध्न र प्रश्न गर्नसक्ने अवस्था सिर्जना भएका छन् । राज्यले लिएका नीति, कानुन र प्रक्रियाका कारण सेवाप्रदायक निकायका पदाधिकारीहरू बढी जिम्मेवारी र जवाफदेही हुनमा सहयोग पुगेको छ । तर यति हुँदाहुँदै पनि विश्वमा आएको परिवर्तन र समयको मागअनुरुप राज्यले प्रदान गरेको सेवाप्रवाहमा जनता अझ पूर्णरुपमा आश्वस्त हुन सकेका छैनन् र गुनासो तथा भ्रष्टचारजन्य कार्यमा कमी आउन नसक्दा सुधारका विषयहरू ओझेलमा परेका छन् । विभिन्न समस्याका कारण सुशासनको प्रभावकारिता हुन सकेको छैन ।

राजनीति र सरकारी संयन्त्रबिच सहकार्य र समन्वयको अभाव, नीति एवम् कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने निकायहरूबिच उचित तालमेलको अभाव, कार्यसम्पादन गर्ने मापदण्ड र सूचकहरूको अभाव, राजनीतिक अस्थिरता, सामाजिक विश्रृङ्खलता, भ्रष्टचारलाई सामाजिक स्वीकृतिको घुमाउरो मान्यता, प्रभावकारी कार्यान्वयनको अभाव, निर्णय प्रक्रियामा पारदर्शिताको अभाव, आर्थिक अनुशासनहीनता, कर्मचारीहरूको कार्यशैली र संस्कार अझै ग्राहकमुखी हुन नसक्नु, उत्तरदायित्त्वको भावना र स्पष्ट पद्धतिको अभाव र पुरानै मूल्य मान्यताको बर्चस्व रहनु जस्ता समस्याहरू रहेका छन् ।

सुशासनमा प्रभावकारिता हुन नसक्नुका कारण

सुशासनका लागि निर्माण भएका विभिन्न ऐन, नियम, नीति र कार्यक्रमहरू कार्यान्वयनमा आएको भएतापनि आमजनता र सेवाग्राहीले समग्रमा सुशासनको अनुभूति पाउन सकेका छैनन् । यसका विभिन्न कारणहरू हुन सक्दछन् । कतिपय विषयहरू ऐन, नियम र नीति तथा कार्यक्रमअनुरुप सञ्चालन गर्न मानव संसाधन, राज्यको स्रोत र कार्यान्वयन गर्ने र निर्देशन गर्ने निकायबिचको दुरी र जनतासँगको सहकार्यमा असहजताको कारण पनि यसको प्रभावकारितामा प्रश्न चिह्न आएका छन् । यसरी विभिन्न पक्षहरूको विस्तारै पहिचान र खोज गर्दै यसका अप्ठ्यारा र चुनौतीसमेतलाई मध्यनजर राखी सोहीअनुरुपको नीति, कार्यक्रम र कानुनको तर्जुमा

र कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसका विविध कारणहरूमध्ये केही कारणहरूलाई तल उल्लेख गर्ने प्रयास गरिएको छ ः

१. **नीति, कानुन, नियम, निर्देशिका तथा परिपत्रमा अस्पस्ट भाषाको प्रयोग**

सार्वजनिक निकायले जनताको कार्यहरू निर्दिष्ट नीति, ऐन/कानुन, नियम, निर्देशिका आदिको आधारमा सम्पन्न गर्नुपर्ने हुन्छ । यिनीहरूमा भएको व्यवस्थामा गरिने छ, तोकेबमाजिम हुने छ आदि जस्ता भाषिक शब्दावलीहरू हुने र कार्यविधि तथा परिपत्रमा अर्कै आदेशात्मक र अस्पष्ट भाषाशैलीको प्रयोग कतिपय परिपत्रमा देखिएको हुँदा सुशासनमा प्रभावकारिता अभिवृद्धि हुन सकेको छैन ।

२. **सही संरचनाको अभाव**

आमजनताको सेवा, सुविधा सरल र सहज रुपमा प्रदान गर्न स्थापना गरिएका संरचना तथा संयन्त्रबिच नै द्विविधा र कार्यक्षेत्रको दोहोरोपन देखिएको छ भने कतिपय निकाय स्थापना हुनुपर्नेमा सोअनुरुप हुन सकेको छैन जसले गर्दा जनताले गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्नबाट बञ्चित भएका छन् । जस्तो उपभोक्ता सम्बन्धी विषय हेर्ने निकायहरू एकभन्दा बढी निकायहरू रहेका छन् जस्मा वाणिज्य विभाग/कार्यालय, गुणस्तर तथा नापतौल विभाग/कार्यालय, जिल्ला प्रशासन कार्यालय, खाद्य तथा गुण नियन्त्रण विभाग/कार्यालय आदि रहेका छन् भने कतिपय आवश्यक निकाय स्थापना हुन सकेको छैन ।

३. **जनताको सरकार र सेवाप्रवाहप्रतिको दृष्टिकोण**

लामो समयदेखि सार्वजनिक प्रशासनप्रति जनताको सकारात्मक विश्वास गुम्दै जाँदा अन्ततः राम्रा कुराको बारेमा वकालत गर्दा पनि सेवाप्रवाह गर्ने अधिकारी/निकायले अनावश्यक दुःख दिने नियतबाट गरिएको भन्ने भावनाबाट कर्मचारीमा हेर्ने दृष्टिकोण सकारात्मक हुन सकेको छैन । गलत दृष्टिकोणको कारण राम्रा राष्ट्रसेवक/कर्मचारी पनि निरुत्साहित हुदै सेवाप्रवाहको प्रभावकारितामा अवरुद्ध हुने गरेको अवस्था रहेको छ ।

४. **उपयुक्त प्रणाली, पूर्वाधार र स्रोतसाधनको अभाव**

केन्ददेखि स्थानीय तहसम्म विभिन्न प्रकारका संयन्त्रहरू कार्यान्वयनमा रहेका छन् तर त्यसको लागि उपयुक्त प्रणाली, कार्यान्वयनको लागि आवश्यक पर्ने पूर्वाधार र

सञ्चालन खर्च पर्याप्त मात्रामा हुन नसक्दा स्थानीय तहबाट जनताले चाहेअनुरुपको सेवा पाउन सकेका छैनन् ।

५. कार्यक्षेत्र र अधिकारमा अनावश्यक हस्तक्षेप

राज्यले कुनै पनि कार्य गर्दा निश्चित ऐन/कानुन, नीति, निर्देशिकाको आधारमा सार्वभौम जनतालाई सेवा प्रवाह गर्नुपर्ने र सोअनुरुप कर्मचारी/राष्ट्रसेवकले पनि कार्य गर्नुपर्ने हुन्छ । तर विभिन्न प्रकारको हस्तक्षेपको कारण सामान्य विषयले पनि अनावश्यक दबाब, विवाद र संगठनमाथि नै प्रश्न उठने गरी वातावरण सिर्जना गरी अन्तत दबाबसमूह, सेवाग्राही, सेवाप्रवाह अधिकारी/निकायबिच असहज वातावरण सिर्जना हुने गरेको घटनाहरू पनि पाइएको छ ।

६. राष्ट्रसेवकमा जनताप्रतिको जिम्मेवारी र दायित्त्व भावनाको कमी

अधिकांश राष्ट्रसेवक कर्मचारीमा सेवाभावभन्दा दैनिकी जीवन अर्थात् समय कसरी व्यतित गर्ने, कुनै कारणले अप्ठ्यारो परिन्छ कि भनी जोखिम नलिने जस्ता कारणले गर्दा जनताले सरल र छिटो सेवा पाउन सकेको छैन भने उनीहरूमा सकारात्मक धारणा, बन्न सकेको छैन । आम कर्मचारीमा सिर्जनशीलताको अभावका साथै आफ्नो जिम्मेवारी र दायित्त्वको बारेमा संवेदनशील नहुँदा पनि सेवा प्रवाह सहज हुन सकेको छैन ।

७. कर्मचारीको सही मूल्याङ्कन र दण्ड पुरस्कारको कमी

राम्रा काम गर्दा सम्मान, पदोन्नति र राम्रा अवसर (तालीम आन्तरिक र वाह्य) वैदेशिक अध्ययन तथा भ्रमण आदि प्राप्त हुन्छ र गलत र जिम्मेवारी पूरा नगरेमा कारवाहीको भागी हुनुपर्दछ भन्ने वातावरण निर्माण हुन सकेको छैन । राम्रा काम गर्दा गलत कार्य गर्नेहरूको कार्यमा अवरोध पुग्ने जाने हुँदा ती समूहले राम्रा काम गर्ने विरुद्ध लबिङ्ग गर्ने वातावरणका कारण राम्रा काम गर्ने कर्मचारीहरू पनि हतोत्साही हुनुपर्ने अवस्थासमेत पनि देखिएको छ ।

८. राम्रा कार्यको बजारीकरण तथा प्रवर्धन र नराम्रा कार्यको नियन्त्रण नहुनु

कतिपय राष्ट्रसेवकहरूले सिर्जनशील र लगनशील भई कार्य गरे पनि राज्यबाट सोअनुरुपको सम्बोधन हुनसकेको छैन । राम्रा काम गर्ने व्यक्ति तथा संस्थाको बजारीकरण र प्रवर्धन हुन नसक्नु र नराम्रा कार्यको नियन्त्रण र निरुत्साहित नहुँदा राष्ट्रसेवकहरूमा सिर्जनशीलता र लगनशीलता घटदो अवस्था रहेको छ । राज्यले

वार्षिक रुपमा राम्रा काम गरेका राष्ट्रसेवकलाई सम्मान र पुरस्कार आदि प्रदान गर्दै आएको भए पनि कतिपय अवस्थामा पाउनुपर्नेले नपाउने र नपाउनुपर्नेले पाएको कारण राज्यबाट भएको मूल्याङ्कनप्रति नै प्रश्न पनि उठने गरेको पाइन्छ ।

९. आवश्कताको सही पहिचान र सम्बोधन हुन नसक्नु

जनसङ्ख्या वृद्धि र जनताको माग दिनानुदिन बढदो रहेको छ। यस्तो अवस्थालाई सम्बोधन गर्न आवश्यक पर्ने थप जनशक्ति, संगठन र स्रोतसाधनको आवश्यकता पर्दछ। त्यसतर्फ सरकारले सकारात्मक र सही रुपमा दृष्टि पुऱ्याउन नसक्दा सबै तहमा राज्यको सकारात्मक उपस्थिति हुन सकेको छैन ।

१०. दबाब र हस्तक्षेप

विभिन्न किसिमका माग र कानुनभन्दा फरक विषय पनि राज्यबाट स्वीकृत गराउने र सीमित समूह, वर्ग र समुदायको लागि फाइदा हुने तरिकाबाट कार्य गर्दा तमाम जनतामा ती विषय र घटनाबाट नकारात्मक रुपमा प्रभाव परेको छ भने राम्रा कार्यहरू सधै ओभ्रेलमा पर्नुको साथै विद्यमान ऐन, नियम अनुरुप कार्य गर्न सक्ने अवस्था भएबाट सुशासनमा प्रत्यक्ष असर परेको देखिन्छ।

११. स्रोतको सही उपयोग र समान वितरण नहुनु

विगत लामो समयदेखि राज्यले देशका सबै क्षेत्र र वर्ग र समुदायको आवश्यकताअनुसार सही र समान रुपमा स्रोत साधनको वितरण हुन सकेको छैन । विशेषत पहुँच भएका राजनीतिक दल, कार्यकारी प्रमुख र उच्च प्रशासकहरूबाट नै समानता र आवश्यकताको आधारमा बजेट तथा अन्य स्रोतको वितरणमा गम्भीर ध्यान नदिएको भनी समय समयमा विभिन्न कोणबाट गुनासो आउने गरेको छ। जनताको घरदैलो नजिक स्थापना गरिएका कतिपय निकायमा जनशक्तिको आवश्यकता र प्रभावकारितामा ध्यान दिन सकिएको छैन। कतिपय निकायमा स्रोतसाधने, जनशक्तिको सिप र अनुभवको सही उपयोग आदि हुनसकेको छैन । यस्ले गर्दा जनताको लागि भनी स्थापना गरिएका यस्ता संस्था/निकायहरूको औचित्यमाथि नै प्रश्न चिह्न खडा हुन थालेको छ।

कार्यशैली, व्यवहार तथा निर्णय प्रक्रियामा सुधार आवश्यक

१. सरकारी संयन्त्र सानो तर प्रभावकारी र सबै क्षेत्रलाई समान रुपमा समेट्न सक्ने संगठनको निर्माण र परिचालन गर्ने ।

२. संगठनमा काम गर्ने राष्ट्रसेवकलाई आश र त्रासको वातावरण निर्माण गरी निरन्तर रुपमा तालीम र Counseling को माध्यमबाट क्षमता विकासको साथै उत्प्रेरणा र मनोबललाई उच्च प्राथमिकता दिने ।

३. संगठनमा नराम्रा मात्र हैन राम्रा कर्मचारी पनि छन् भन्ने भावनाबाट सोचिनु र कार्य वातावरण निर्माण गरिनुपर्ने ।

४. नीति, ऐन, नियम, निर्देशिका आदिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त वातावरणको निर्माण, उचित स्रोतसाधनको व्यवस्था, पर्याप्त जनशक्ति, आवश्यक संयन्त्रको पहिचान र स्थापना गरी प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमनका व्यवस्था गर्ने ।

५. सरकारले आफनो कार्यक्षेत्रको पुनः पहिचान र परिभाषा गरी कार्यको पुनःवर्गीकरण गर्ने ।

६. निरन्तर रुपमा नागरिक समाजसँग सहकार्य गर्ने, जनसहभागितामा वृद्धि गर्दै निजी क्षेत्रको सहभागितामा वृद्धि गर्ने र उनीहरूको प्रभावकारी अनुगमन गर्ने ।

७. कानुनको शासन, पारदर्शिता, वित्तीय जवाफदेहिता, सार्वजनिक उत्तरदायित्त्वमा जोड दिने ।

८. नागरिक अधिकार पत्र तयार गरी लागु गर्ने ।

९. सार्वजनिक सेवाको प्रत्याभूति, कार्यमा सरलीकरण, कार्यको जवाफदेहिता निश्चित गर्ने ।

१०. कर्मचारीको पदस्थापना, बढुवा र सरुवा सम्बन्धी विद्यमान व्यवस्थामा सुधारगरी पुर्वानुमानयोग्य बनाउने र 'Right person in the right place to do a right job in the right time' को सिद्धान्तलाई लागु गने ।

११. कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन मापनीय सूचकको विकास गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने ।

१२. कर्मचारीमा विगतको भन्दा फरक रुपमा बानी व्यहोरामा सकारात्मक परिवर्तन गर्ने, ग्राहकप्रति शिष्टाचार गर्ने, काम गर्दा ग्राहकसँग Smiling movement मा कार्यगर्ने जस्ता विषय संस्कृतिको रुपमा परिवर्तन गर्ने ।

१३. हरेक कार्य (विकास निर्माण, जनतामा सेवा सुविधाको वितरण, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा तथा विकासमा 'people first' भन्ने भावनाबाट कार्यहरू कार्यान्वयन र सम्पादन गर्ने ।

१४. सन्तुलित विकास र स्रोत साधनको उच्चतम प्रयोग र समान वितरण गर्ने ।

१५. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, राम्रो काम गर्नेलाई उत्कृष्ट पुरस्कार दिने र नराम्रो काम गर्नेलाई दण्ड गर्ने परम्परा कडाइका साथ लागु गर्ने ।

१६. समतामूलक संस्कृति, व्यावसायिकता र सहमति र सहयोगको माध्यमबाट सार्वजनिक प्रशासनका विविध पक्षहरूलाई परिचालित गर्न सकेको खण्डमा सुशासनका पाटाहरू विस्तारै उजागर हुँदै जान सक्ने अवस्था देखिन्छ ।

अन्तमा,

राज्यले जनताको पक्षमा सेवाप्रदान गर्न, विकास निर्माण कार्यमा गुणस्तरीयता र दिगोपन र राज्यमा भएका कामकारवाहीको पारदर्शिता र उत्तरदायित्वको विषयमा वास्तवमा नयाँपन र सोचको विकास हुन थालेको छ । जनता स्वयम् र जनताका प्रतिनिधिले उठाएका आवाजलाई कुनै न कुनै किसिमबाट सम्बोधन गर्ने प्रयत्न गरिँदै आएको छ ।

सुशासनको आधार विन्दु राजनैतिक नेतृत्व र सरकारी संयन्त्र अर्थात् त्यसमा कार्यरत जनशक्ति नै हो । त्यसकारण राजनैतिक नेतृत्व र कर्मचारीबिच सुमधुर सम्बन्ध हुनुपर्दछ ।

राज्य सञ्चालनका लागि विभिन्न प्रकारका संगठन, निकाय र संस्थाको निर्माण, गठन गरिएका हुन्छन् भने त्यसलाई जीवन्त दिँदै आमजनतामा सेवाप्रवाह गर्नुका साथै जनताका आवाज र उनीहरूको आवश्यकतालाई स्थानीयस्तरबाट पूरा गर्न नसकिने अवस्थामा केन्द्रीय स्तर समक्ष पुर्‍याउनको लागि उक्त संगठनमा कार्यरत जनशक्तिको अहम भूमिका हुने गर्दछ । तसर्थ कार्यरत जनशक्तिलाई उचित कार्यवातावरण, सुविधा, अवसर, उत्प्रेरणा र मनोबल उच्च पार्नु पनि राज्यको दायित्त्व हुन्छ । जनताको सेवा र सहयोगको लागि नियुक्त राष्ट्रसेवकबाट जनताको पक्षमा हुने गरी आफनो दायित्त्व र जिम्मेवारी विवेकपूर्ण र असल

नियतबाट निर्वाह गर्नु पनि उत्तिकै महत्त्व राख्दछ। समतामूलक संस्कृति, व्यावसायिकता र सहमति र सहयोगको माध्यमबाट सार्वजनिक प्रशासनका विविध पक्षहरूलाई परिचालित गर्न सकेको खण्डमा सुशासनका पाटाहरू विस्तारै उजागर हुँदै जान सक्ने अवस्था देखिन्छ।

सुशासनका कमी र प्रभावकारिताको विषयलाई गम्भीर रुपमा विचार गर्दा र हेर्दा एउटा व्यक्ति वा संस्था कुनै पनि निकायमा सेवाग्राहीको रुपमा प्रस्तुत हुँदा भने सुशासन भए नभएको गम्भीर रुपमा हेर्ने र खोतल्नुको साथै कुनै कमी कमजोरी भएको अवस्थामा सुशासन कायम गर्न नसकेको गुनासो र आवाज अभिव्यक्त गरेको पाइन्छ। तर आफू कार्यरत संस्थाबाट निश्चित सेवाहरू प्रदान गर्दा आफनो संस्थाबाट जिम्मेवारीपूर्वक सुशासनको मूल्य र मान्यताअनुरुप सेवाग्राहीले अनूभूत हुने गरी कार्य गर्न सकिएको छ कि छैन भन्नेतर्फ भने सचेत भएको पाइँदैन। आफूले अन्य निकायमा असहज हुँदा मैले सम्पादन गर्नुपर्ने संस्थामा पनि सोहीअनुरुप सोच्न सकिएको खण्डमा मात्र सुशासनको विषयले मूर्त रुप लिन सक्दछ।

सन्दर्भ सामग्री

- निजामती सेवा ऐन २०४९, र नियामावली, २०५० संसोधित।
- नेपालको संविधान।
- नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान।
- भ्रष्टाचार निवारण ऐन, २०५९।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४, र नियमावली, २०६५।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४।

सुशासनको जग : भ्रष्टाचाररहित शासन

✍ हरिबहादुर थापा*

'सुशासन' या 'असल शासन' नेपालको सन्दर्भमा नयाँ शब्दावली हुन् । यद्यपि भ्रष्टाचार, आर्थिक घोटाला, अनियमितता, बेथिति जस्ता शब्द पुरानै हुन् । सुशासन नयाँ शब्दावली भए पनि आमनागरिक तहमा यसको व्यावहारिक चाहना अत्यधिक बढेको छ । आमनागरिकले भ्रष्टाचाररहित शासनलाई सुशासनको अर्थमा बुझेका छन् । सुशासनलाई आधार बनाउँदै आफ्नो मत निर्माणदेखि मतदान गर्नेसम्म काम हुँदै छन् । पछिल्लो समय सुशासन आमजनजिब्रोमा पुगेको छ । त्यसैको परिणतिस्वरूप नयाँ दलदेखि नयाँ पात्रहरूबाट यसको उपयोगिता र प्रयोग खोजिँदै छ । हामीकहाँ मात्र होइन विश्वमै सुशासन शब्द निकै प्रचलित हुँदै छ । तदनुरूपको शासन शैली व्यवहारतः खोजिँदै छ ।

विश्व बैंकले सन् १९९० साल यता सुशासन शब्द प्रचलनमा ल्याएपछि शब्दअनुरूपको असल शासकीय व्यवहारको अपेक्षा बढेको छ । विश्व बैंकले आफ्ना सदस्य मुलुकलाई ऋण वा अनुदान प्रवाह गर्नुअघि भ्रष्टाचाररहित शासन पद्धतिलाई आधारभूत सर्तका रुपमा अघि सार्न थालेपछि विश्वभर सुशासन शब्दको फैलावट भएको हो ।

मुलुकमा 'सुशासन' हुँदा असल राज्यको अभ्यास देख्न पाइन्छ भन्ने चाहना नागरिकमा छ । त्यही कसीमा आधारित हुँदै निर्वाचनका बेला असल प्रतिनिधि खोज्ने क्रमम बढेको हो । सँगै कुशासनमोहित राजनीतिक, प्रशासनिक वा कारोबारी-व्यवसायीलाई पन्छाउने अभियान छेडिँदै छन् । राज्यका निर्णय तथा काम-कारवाही मूल्याङ्कन गरी सुशासन भयो या भएन भनी चासो राख्ने र विश्लेषण गर्ने क्रमलाई सकारात्मक लयकै रूपमा लिनुपर्छ ।

** वरिष्ठ पत्रकार*

शासकीय कुर्सीमा पात्र बदलिएसँगै भ्रष्टाचाररहित शासनको प्रत्याभूति दिनुलाई आफ्नो मूल उद्देश्य भएको प्रतिबद्धता व्यक्त गर्ने क्रम निरन्तर छ। यद्यपि तिनीहरू शासनमा संलग्न भएको केही समय नपुग्दै तिनका निर्णय तथा काम काण्ड-प्रकरणमा रुपान्तरित हुन पुग्छन्। तिनै दृश्य बढ्दै जाँदा आमनागरिक असन्तुष्ट बन्न पुग्छन्। तिनले चारैतिर भ्रष्टाचार र बेथिति बढेको मात्र देख्छन्। आधुनिक लोकतान्त्रिक शासन पद्धतिमा सुशासनका निम्ति अपरिहार्य सर्तका रूपमा 'विधिमा आधारित शासन' खोजिन्छ। राज्य सञ्चालकदेखि नागरिकसम्म कानुनको शासनमा बाँधिएपछि बेथिति र कुशासन स्वतः न्यूनीकरण हुँदै जान्छ।

हाम्रो सन्दर्भमा सुशासन

वि.सं २०६३ वैशाखमा लोकतन्त्र बहाली भएपछिका सरकारहरूबाट 'चार-स' खुब प्रचारित गरियो। शासनको सूत्र पनि त्यसैलाई मानिएको उद्घोष गरियो, 'चार-स', शान्ति, संविधान, सुशासन र समृद्धि। अझै केही बाछिटा रहे पनि 'शान्ति प्रक्रिया' टुंगोमा पुगेको छ। २०५२ साल यता 'सशस्त्र द्वन्द्व' कै पक्षधर माओवादीले २०६३ सालपछि पटकपटक शासनकर्ता भएर सत्ता हाँकिरहेकाले 'शान्ति प्रक्रिया' मा विश्राम लागेको छ।

दुई पटकको संविधानसभा चुनाव र आठ वर्ष समय लगाउँदै २०७२ साल असोज ३ गतेका दिन खर्च र समयका हिसाबले 'महँगो संविधान' जारी भएसँगै 'दुई-स'को काम सकिएको छ। संविधान जारी भएयता संघ, प्रदेश र स्थानीय तहमा चुनावी कर्म पूरा भएका छन्। प्रदेश र स्थानीय तहमा संस्थागत कामका लागि जग कोरिँदै छन्। यद्यपि संविधानअनुरूप कानुन निर्माणसँगसँगै व्यवस्थापनका पक्षमा अनगिन्ती काम बाँकी नै छन्।

मुलुकभर जननिर्वाचित प्रतिनिधिको शासनसँगै स्वाभाविक रूपमा आमनागरिकले सुशासनसँगै समृद्धिका पनि खोजेका छन्। सुशासन र समृद्धि निम्ति असल कर्म निरन्तर चाहिन्छ, सरकारदेखि नागरिक तहसम्म। यद्यपि यसबिचमा देखिएका बृहत् स्तरका आर्थिक घोटाला तथा भ्रष्टाचारदेखि स्थानीय तहका पदाधिकारी तथा कर्मचारीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लगाएको भ्रष्टाचार मुद्दाका शृंखला हेर्दा अत्याउने खालकै छन्। उता भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक अङ्गकै पदाधिकारी पनि एकपछि अर्को अभियुक्त बन्दै मुद्दा खेपेको दृश्यले शङ्काको दायरा बढाउँदै गएको छ। राज्यका अङ्गमा पदाधिकारी नियुक्ति गर्दा योग्य-इमानदार, उच्च नैतिक चरित्रभन्दा पनि राजनीतिक नेतृत्वप्रति बफादार

मानिस खोज्ने काम न्यूनीकरण हुन सकेको छैन ।

कर्मचारीतन्त्रको सरुवा/बढुवा पनि विवादरहित नभएको र सही मानिस सही ठाउँमा पदस्थापन नगरिँदा राज्यका कामै भद्रगोल हुँदै गएका छन् । जब नियुक्ति, सरुवा र पदस्थापन प्रक्रिया नै 'प्रकरण' मा रुपान्तरित हुन्छन् तब सुशासन अपेक्षा गर्न सकिन्न । त्यही आलोकमा आमनागरिक निष्कर्षमा पुग्दै छन्, सुशासनको अभावमा मुलुकले समृद्धि प्राप्त गर्न सक्दैन ।

सर्वत्र भ्रष्टाचार मौलाएको सन्देश प्रभावित भइरहँदा आममानिसलाई अत्याउनु स्वाभाविक हो । अझ सामाजिक सन्जालमा वस्तुस्थिति र तथ्यसमेत प्रमाणित नभएका र शासन व्यवस्था परिवर्तन गर्ने अभियानअन्तर्गतका बग्रेल्ती सामग्री प्रवाहित हुँदै छन् । त्यस्ता सामग्रीलाई निहित राजनीतिक स्वार्थ र उद्देश्य बोकेकाहरूले 'भाइरल' बनाउँदै छन् । कतिपय सवालमा 'तिललाई पहाड' पनि बनाउँदै छन्, कुनै बेलाका खलनायकी निरंकुश र एकतन्त्रीय शासनका हर्ताकर्तादेखि मतियारसम्म फेरि नायक बन्ने दाउमा छन् । लोकतान्त्रिक सरकारले सुशासनको प्रत्याभूति दिन सकेन भने सरकारदेखि राज्यका अङ्गहरूको वैधानिकतामा समेत प्रश्न उठाइने छ । अनि तिनै अतिवादीलाई मैदान मिल्ने छ ।

अझ सरकार आफैँ भ्रष्टाचारमा मुछियो भने मुलुकमा सुशासनको प्रत्याभूति हुँदैन । सुशासन निम्ति सरकार तथा राज्यका अङ्गले त्यसैअनुरुपको आधारभूत चरित्र र विशेषता प्रदर्शन गर्नैपर्ने हुन्छ । जब राज्यका उच्च पदस्थ व्यक्ति, राजनीतिकर्मी, कर्मचारी, व्यापारी मिलेमेतोमा भ्रष्टाचार र अनुचित लेनदेनमा संलग्न हुन्छन्, तब सुशासनका अवयव तहसनहस हुन पुग्छन् । जब यत्रतत्र सर्वत्र भ्रष्टाचारका प्रसङ्ग, सन्दर्भ, प्रकरण आउँदै किंवदन्ती बन्दै जान्छन्, तब भ्रष्टाचार सरलीकरण हुँदै सांस्कृतीकरणमा परिणत हुन्छ । त्यसपछि सुशासन शिला खोज्नुपर्ने हुन्छ । त्यसनिम्ति राज्यका अङ्ग र संयन्त्रमा आसीन पात्रले समयमै तिनको सामना गर्न कानुनदेखि हरेक संयन्त्रसम्मलाई दर्बिलो बनाउनै पर्छ ।

सरकारी प्रतिबद्धता र नागरिक अपेक्षा

सरकारको नीति तथा कार्यक्रम २०८०/०८१ को बुँदा १७७ मा प्रतिबद्धता स्पष्ट छ, 'भ्रष्टाचारविरुद्धको अभियानलाई अझ सघन बनाउन राज्यका सबै तह र संरचनामा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई थप कडाइका साथ कार्यान्वयन गरिने छ । अनियमितता, भ्रष्टाचार, कर छली, कृत्रिम अभाव, कालोबजारी, व्यावसायिक एकाधिकारलगायतका सुशासनविरोधी क्रियाकलापमा जनताका गुनासालाई

तत्काल र प्रभावकारी रूपमा सम्बोधन गर्न प्रधानमन्त्रीको प्रत्यक्ष सुपरिवेक्षणमा रहेको राष्ट्रिय सतर्कता केन्द्रलाई आवश्यक जनशक्ति र प्रविधि उपलब्ध गराई क्रियाशील तुल्याइने छ।'

सरकारले नीतिगत रूपमै राज्यका अङ्गलाई चुस्त-दुरुस्त पार्ने प्रतिबद्धता गरेको छ। ती प्रतिबद्धता कार्यान्वयन गर्ने हो भने सुशासन निम्ति हाल क्रियाशील राज्यका अङ्ग र सरकारका संयन्त्रलाई गाभ्नेदेखि तिनलाई संवैधानिक अङ्गको रूप दिनुपर्छ। धैरै निकाय राख्दा एकले अर्कोलाई देखाउँदै 'काम' नहुने परिस्थिति पैदा हुन सक्छ। त्यसअतिरिक्त हाम्रा सरकारी अङ्ग र संयन्त्र 'टापु' जस्ता छन्, तिनीहरूमा सम्पर्क र समन्वयको अभाव छ। सरकार र संसद्ले तिनीहरूका बिचमा 'पुल' को काम गर्नुपर्ने हुन्छ। त्यसो हुँदा सरकारका नीतिमा कवोलित बुँदालाई व्यवहारमै उतार्न 'कामै' गर्नुपर्ने हुन्छ। नत्र त्यस्ता शब्द कागजी सौन्दर्यमा मात्र सीमित हुन पुग्छन्।

राज्यका अङ्ग परिचालनका विषयमा घनीभूत छलफल हुन नसक्दाको परिणामस्वरूप आवधिक आयोगहरूको माग हुन्छ। वि.सं. २०८० को साउन महिनाभर सुन तस्करी प्रकरणका सवालमा छानबिन 'उच्चस्तरीय न्यायिक आयोग' को माग गरी संसद् अवरुद्ध हुन पुग्यो। राज्यसँग अनुसन्धान गर्ने त्यतिविधि संयन्त्र हुँदाहुँदै किन 'उच्चस्तरीय आयोग' को माग भयो ? स्वाभाविक प्रश्न उब्जिएको मात्र छैन कि हाल क्रियाशील राज्यका अङ्ग र संयन्त्रका काम-कारवाहीमै प्रश्न उब्जिएका छन्। तिनले काम गर्न नसकेपछि आयोग खोजिएको सन्देश आम तहमा प्रभावित भएको छ।

हामीकहाँ राज्यकै ढुकुटीबाट अथाह रकम खर्चिदै उच्चस्तरीय आयोग गठनका अनगिन्ती अभ्यास नभएका होइनन्। बहुचर्चित आयोगका प्रतिवेदन दराजमा सजिनेमा मात्र सीमित छन्। उच्चस्तरीय आयोगले सजायँ दिएका वा मुद्दा लगाएका उदाहरण छैनन्, राजा ज्ञानेन्द्रको शाही शासनका बेला गठित 'भ्रष्टाचार नियन्त्रण शाही आयोग'ले बाहेक। सर्वोच्च अदालतले ज्ञानेन्द्रकै शासनका बेला नै त्यस्तो प्रकृतिको आयोगको काम-कारवाहीलाई 'अवैधानिक' घोषित गरेको थियो। जस्तोसुकै आयोग बने पनि तिनको प्रतिवेदन कार्यान्वयन गर्न हाल क्रियाशील अङ्ग वा संयन्त्र नै प्रयोग गर्नुपर्ने तथ्य बिर्सिएको देखिन्छ। आवधिक आयोगका प्रतिवेदनको काम तथ्य पत्ता लगाउनु र सम्बन्धित निकायलाई थप छानबिन गर्न सुझाउनु हुन्छ। विडम्बना भन्नुपर्छ, आयोग गठन गरेपछि मुद्दा सेलाउँदै जान्छ र प्रतिवेदन पेश गर्दाका बखत प्रकरण नै बिर्सिन्छ। त्यसपछि थप कारवाहीका निम्ति

कतैबाट आवाज उठ्दैन । हाम्रो सन्दर्भमा भन्नुपर्दा आवधिक आयोग भनेका विवाद वा प्रकरण चिस्याउने फ्रिज हुन् ।

नयाँ आयोगको मागसँगै विद्यमान आयोग तथा सरकारी संयन्त्रलाई चुस्त पारी तिनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा सदनदेखि सडकसम्म गहिरो छलफल भएको पाइँदैन। सुशासनकै निम्ति गठित संवैधानिक अङ्ग, अख्तियार, न्याय परिषद्, संसदीय समितिहरू, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्रसहित न्यायिक तथा अर्धन्यायिक निकाय प्रशस्त छन् । तिनका कार्यसम्पादनका विषयमा संसद् वा संसदीय समितिमा निरन्तर बहस गर्न सकिन्छ। तिनलाई प्रभावकारी तुल्याउने कानुनदेखि भौतिक पूर्वाधार उपलब्ध गराउने विषयमा संसद्ले अभिभावकीय भूमिका खेल्न सक्छ। हामीकहाँ 'टाउको दुखेको औषधि नाइटो' मा भनेजसरी समस्या पहिचान गरी स्थायी उपचार गर्नेतिर संसद् र सरकार दुवै चुकेका छन् ।

कबोल एकातिर काम अर्कैतिर

सरकारी अध्ययनहरूबाटै गर्ने भनिएको कबोलित वाचा पूरा नभएको अवस्था छ। नेपाल भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको सदस्य राष्ट्र हो । नेपालले भ्रष्टाचार, आर्थिक अपचलन नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिलाउन अनगिन्ती काम गर्नुपर्ने हुन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले महासन्धिका हकमा बृहत् अध्ययन गरी 'गर्नुपर्ने काम' का विषयमा एघार वर्षअघि नै रणनीतिक प्रतिवेदन सार्वजनिक गरेको थियो ।

महासन्धि कार्यान्वयन रणनीति-२०६९ मा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागलाई पुनर्संरचना गरी ३६० दिनभित्र कानुनद्वारा छुट्टै स्वतन्त्र निकायका रूपमा विकास गरी यसको क्षमता सुदृढीकरण गरिने छ भन्ने उल्लेख छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको कार्यक्षेत्र अथाह भएको र अख्तियारको भन्दा बढी अधिकार उसलाई प्राप्त भएको हुँदा छुट्टै स्वायत्त संस्था बनाइनुपर्ने धारणा पनि नआएका होइनन्। एकातिर छुट्टै स्वतन्त्र निकाय भनियो, अर्कातिर कार्यविभाजन नियमावली संशोधन गरी २०७४ फागुन १६ मा अर्थ मन्त्रालयबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत राख्न पुऱ्याइयो ।

उच्चस्तरीय आयोगको माग गरिरहनुभन्दा कबोलित निकायहरू गाभ्दै स्थायी प्रकृतिको स्वायत्त निकाय बनाउन सकिन्छ। त्यसले अन्तर्राष्ट्रिय तहमा कवोलित वाचा पनि पूरा हुन्छ। त्यसमा राष्ट्रिय सतर्कता केन्द्रलाई पनि जोड्न सकिन्छ। यो

विषयमा किन गृहकार्य हुँदैन ? सरकारले नचाहेको हो भने प्रतिपक्षी दलले संसद्‌मै संकल्प प्रस्ताव दर्ता गर्दै सरकारलाई निर्देशनात्मक आदेश दिने विषयमा किन बहस गरिँदैन ? हामीकहाँ आवधिक आयोगका बहुचर्चित प्रतिवेदनमा आधारित हुँदै उल्लेख्य काम नभएको तितो पृष्ठभूमि भएकाले भएकै निकाय गाभ्दै कानुनी कारवाही गर्ने अधिकारसहित स्थायी प्रकृतिको उच्चस्तरीय आयोग बनाउने विषयमा सरकार र संसद्‌मा गम्भीर बहसको खाँचो छ।

न्यायालय पनि भ्रष्टाचार, बेथिति र बिचौलिया प्रवृत्तिबाट आक्रान्त भएको टीकाटिप्पणी न्यायिक वृत्तका पात्रहरू नै गर्छन्। न्यायालयभित्रका विकृति र खराब आचरणमा अनुसन्धान गरी कारवाहीदेखि मुद्दा चलाउन न्याय परिषद्‌कै व्यवस्था छ। उसले कुनै न्यायाधीशका खराब आचरण छानबिन गरी भ्रष्टाचारकै मुद्दा दायर गरेको उदाहरण छैन। वि.सं. २०४७ यता न्याय परिषद्‌बाट भएका काम-कारवाहीको समीक्षा गरिनुपर्छ र सुधारको प्रयत्न हुनुपर्छ। कुनै न्यायाधीशका खराब आचरणका विषय आएमा राजीनामा दिलाउँदै प्रकरण साम्य पारिन्छ। त्यसरी राजीनामा दिएपछि तिनलाई राज्यले पेन्सन खुवाइरहनु परेको छ।

संविधानतः सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक पदाधिकारी र सैन्य अधिकारी पदमा रहँदासम्म छानबिन गर्न मिल्दैन। उनीहरूका हकमा पदबाट अवकाश लिएपछि मात्रै अनुसन्धान गर्न मिल्ने व्यवस्था छ। उनीहरू पदमा रहँदाका बेला तिनीहरूले छानबिनबाट 'उन्मुक्ति' पाउँछन्। अख्तियारले सेवानिवृत्त भएपछि आफ्नै पूर्व प्रमुख आयुक्त र आयुक्तमाथि छानबिन गरी मुद्दा चलाएको उदाहरण हामीसँग छ। अन्य निकायका पदाधिकारीका हकमा त्यसरी अनुसन्धान गरी कारवाही चलाइएका उदाहरण स्थापित हुन नसकेको पृष्ठभूमि छ। नेपालको संविधान (२०७२) को धारा २३९ (२) अनुरुप महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्यायाधीश र सैनिक ऐनबमोजिम कारवाही हुने व्यक्तिका हकमा पदमुक्त भइसकेपछि संघीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिने छ। संविधानको मर्म र भावना पालना गरी उदाहरण स्थापित गरेको पाइँदैन। त्यसनिम्ति सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा नै काफी छन्। उनको हकमा संसद्‌मा महाभियोग प्रस्ताव दर्ता भए पनि निष्कर्ष नदिँदाको परिणति मुलुकले देखे/भोगेकै हो।

संसदीय सक्रियताको अपेक्षा

भ्रष्टाचार नियन्त्रण गर्ने मूल दायित्त्व भनेको सरकार, संसद्, न्यायालय, संवैधानिक अङ्ग र राज्यका संयन्त्रको हो। राजनीतिज्ञले चुनावका बेला मतदातासँग सुशासन

दिने नारा र भाषणसहित मत मागेका हुन्छन् । संविधानतः संसद् अधिकारसम्पन्न छ, यहाँसम्म कि संविधानमा उन्मुक्ति पाएका न्यायाधीशदेखि संवैधानिक पदाधिकारीलाई खराब आचरण प्रदर्शन गरेमा महाभियोगसमेत लगाउन पाउने अधिकार छ । सरकारी निकायमा काम कारवाहीको अनुगमन, नियन्त्रण र निर्देशन दिन सक्ने अधिकार संसद् र संसदीय समितिलाई प्राप्त छ ।

सरकारी संयन्त्रका पात्रबाट भएका ऐन-नियमविपरीतका 'अनुचित कार्य' कसले हेर्ने भन्ने विषय आठ वर्षयता अन्यौलमै छ । संविधानसभाद्वारा निर्मित नेपालको संविधान (२०७२)मा अख्तियारको क्षेत्राधिकारबाट 'अनुचित कार्य' झिकियो । त्यो काम कसले हेर्ने भन्ने सवालमा २०८० साल आइपुग्दा पनि कतै बहस भएको सुनिँदैन । प्रजातन्त्रको पुनःप्राप्ति पछि वि.सं. २०४७ मा निर्मित संविधानमा भ्रष्टाचार र अनुचित कार्य दुवै हेर्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिइएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले त्यही प्रावधानलाई निरन्तरता दिएको थियो । वि.सं. २०७२ मा निर्मित संविधानमा 'अनुचित कार्य' सम्बन्धी क्षेत्राधिकार कटौती गरिएसँगै त्यसबारे कुनै निर्णय हुनु त परको विषय भयो, यसबारे संसद्मा समेत प्रश्न उब्जिएको छैन ।

भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन- २०७६) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४९ (तेस्रो संशोधन) २०७६ ले महासन्धिका सर्त केही हदसम्म सम्बोधन गर्न विधेयक २०७६ माघमा दर्ता भएका थिए । सरकारले आयोगका सुझावका कतिपय बुँदा स्वीकार गरे पनि 'नीतिगत निर्णय' का हकमा भने स्वीकार गर्न चाहेन । प्रस्तावित विधेयकमा 'नीतिगत निर्णय' का विषयमा मौन छ । ठूला रकम जोडिएका सार्वजनिक खरिद, ठेक्काका मामला खुला प्रतिस्पर्धा गराउनुभन्दा मन्त्रिपरिषद्मा प्रस्ताव लैजाँदैमा 'नीतिगत निर्णय' को जामा लगाउने क्रम बाक्लिएपछि अख्तियारले नीतिगत विषयमा 'परिभाषा' खोजेको हो । मन्त्रिपरिषद्बाटै त्यसरी 'नीतिगत निर्णय'को जामा पहिऱ्याइएपछि अख्तियारले छानबिन गर्न पाउँदैन । त्यही पृष्ठभूमिमा आयोगले 'नीतिगत निर्णय'को परिभाषा स्पष्ट पार्नुपर्ने विषय प्रस्तावित विधेयकमा परेका छैनन् । यस विषयमा संसद्मा बहस भएको पाइँदैन ।

निष्कर्ष र सुझाव

सारमा भन्ने हो भने नागरिकप्रति जवाफदेही, उत्तरदायी, पारदर्शी हुँदै उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउँदै जनभावनाअनुरुप शासकीय संयन्त्र चल्नु

नै सुशासन हो। भ्रष्टाचार तथा आर्थिक अनियमितता गोप्य थलोमा तजबिजी अधिकार दुरुपयोग गरिँदा बढ्ने गर्छ। त्यही कारण शासकीय काम-कारवाहीमा पारदर्शिता अनिवार्य सर्त मानिन्छ र निर्णयका आधार र औचित्य खोजिन्छ। राज्य सञ्चालकले आफ्नो निर्णयको औचित्य तथा आधार पुष्टि गर्न नसके वा जवाफदेही हुन नसके सजायको भागीदार बन्ने परिपाटी स्थापित भएमा सुशासनको जग बस्छ। राज्यका हरेक अङ्ग कानुनी शासनमा हिँडेमा सदाचारयुक्त शासन पद्धतिको जग बस्छ। कानुनी अनुशासन, बन्देज वा निस्तेजबाट मात्र सुशासनको जग बस्न सक्दैन, सुशासन संस्कार-संस्कृतिमै झल्कनुपर्छ।

संसद् वा सरकारमा पुगेपछि ती विषयमा घोत्लिनु जनप्रतिनिधिको आधारभूत कर्म हो। राज्य सञ्चालन, नीति-नियम तर्जुमा जस्ता विषयमा संसदीय मूल्य-मान्यता र आदर्शअनुरूप नचल्दा अनेकन समस्या पैदा भएका छन्। सरकारले आफ्ना नीति तथा कार्यक्रममा उल्लिखित 'सुशासन' का आदर्श पूरा गर्न त्यसअनुरुप कानुन निर्माण गर्नेदेखि पूर्ववत् कवोलित वाचा पूरा गर्नैपर्छ।

शक्ति पृथकीकरण र सन्तुलनका आधारमा शासन व्यवस्था सञ्चालित भएमा सुशासन प्राप्त गर्न सकिन्छ। शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्त धरापमा पऱ्यो भने कुनै अङ्गको स्वेच्छाचारिता बढ्न सक्छ र सुशासनलाई चुनौती दिन्छ। राज्यका अङ्ग तथा संवैधानिक अङ्गबिच मिलेमतो भएमा भ्रष्टाचार र बेथिति बढ्छ। एकले अर्काको शक्ति जाँच र नियन्त्रणमा आधारित भएमा मात्र सुशासन प्राप्त हुन्छ।

राज्य संयन्त्रमा स्वार्थको द्वन्द्व सम्बन्धी विकृति बढेको आम टिप्पणी छ। अझैसम्म स्वार्थको द्वन्द्व सम्बन्धी कानुन र कार्यान्वयन गर्न संयन्त्र देखिएका छैनन्। स्वार्थको द्वन्द्व सम्बन्धी कानुन र त्यसको अनुसन्धान गरी कारवाही गर्ने निकाय पनि तोकिनुपर्छ। त्यस अतिरिक्त भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग संशोधन विधेयक लामो समयदेखि अल्झिएका छन्, तिनमा गहन छलफल र अध्ययनसहित समसामयिक संशोधन गरी पारित गरिनुपर्छ।

संसद् र संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दल हाल क्रियाशील संस्थालाई प्रभावकारी पार्ने विषयमा घोत्लिनुपर्छ। कतिपय निकाय गाभ्ने, समन्वय गराउने, तिनको स्वतन्त्र उपस्थितिको प्रत्याभूति गराउनुपर्ने अवस्था छ। सुशासनको जिम्मा लिएका निकायमा जथाभावी नियुक्ति गर्ने परिपाटीमा बन्देज लगाउँदै ती निकायलाई कानुनी राज्यको मर्मअनुरूप हिँडाउनुपर्ने छ।

हामीसँग कानुन र संस्थाको अभाव होइन कि काम गर्ने इच्छाशक्तिको अभाव मात्र खट्किएको हो। त्यसरी काम गर्दै जाँदा कानुनको अभाव देखिएमा सरकार र संसद्सम्म आवाज पुऱ्याउँदै संशोधन गर्न नसकिने होइन। भ्रष्टाचारले विधिको शासन, लोकतन्त्र, पारदर्शी शासन पद्धति, मानव अधिकारलगायत तमाम विषयमा संकट पैदा गर्ने हुँदा गम्भीर हुनैपर्छ। हरेक शासनाधिकारीले शासनको मूल आधार भ्रष्टाचार, अनियमितता र बेथिति अन्त्य गरी संसद्प्रति उत्तरदायी र नागरिकप्रति जवाफदेही हुने वाचासहित व्यवहारतः सुशासनको प्रतिबद्धता जाहेर गर्नुपर्छ।

<u>सन्दर्भ सामग्री</u>

- नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/०८१, नेपाल सरकार।
- नेपाल अधिराज्यको संविधान, २०४७
- नेपालको अन्तरिम संविधान, २०६३
- नेपालको संविधान (२०७२)
- भ्रष्टाचार नियन्त्रण सुझाव समितिको प्रतिवेदन, २०५६।
- भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना- २०६९
- भ्रष्टाचार निवारण ऐन, २०५९ (प्रथम संशोधन २०७६)।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४९, (तेस्रो संशोधन २०७६)।

सुशासनयुक्त सहकारीका लागि कुशल व्यवस्थापन

✍ डा. खगराज शर्मा*

पृष्ठभूमि

एक आपसमा मिलेर बस्नु, मिलेर सोच्नु र मिलेर काम गर्नुलाई सहकारिता भनिन्छ। यसलाई बिचौलियाको शोषणबाट मुक्ति प्राप्त गर्ने व्यावसायिक संगठनका रुपमा वा सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्ने माध्यमका रुपमा लिने गरिन्छ। निश्चित् आर्थिक एवम् सामाजिक विकासको उद्देश्य प्राप्त गर्नका लागि समान आवश्यकता भएका व्यक्तिहरू एक आपसमा संगठित भई सामूहिक रुपमा उत्पादन तथा सेवा व्यवसाय गर्न प्रयोग गर्ने सशक्त र प्रभावकारी माध्यमलाई सहकारी भनिन्छ। सहकारी एक व्यावसायिक पद्धति हो। जुन निजी व्यवसायभन्दा पृथक स्वभावको हुन्छ किनकि यसले ग्राहकसँग नभई सदस्यहरूसँग कारोबार गर्ने गर्दछ। सीमित मुनाफा र सामुदायिक सेवा पनि यसमा त्यत्तिकै महत्त्वपूर्ण सर्त रहेका हुन्छन्। जसलाई समान पेशा, व्यवसाय र सिप भएका व्यक्ति तथा संस्थाहरूलाई एउटै मालामा संगठित गरी व्यवसाय गर्ने माध्यमका रुपमा पनि लिन सकिन्छ। यस सम्बन्धमा चार्ल्स फूरिए भन्दछन् ''समाजमा अहिले आर्थिक शक्ति खेर गइरहेको छ। त्यसलाई सदुपयोग गर्न सहकारी अथवा संयुक्त उद्योगको आवश्यकता छ।'' उनी जोड दिन्छन् ''घरको बन्दोबस्तदेखि लिएर सम्पूर्ण समाजलाई नयाँ ढङ्गले रुपान्तरित गर्न सहकारी आवश्यक हुन्छ।'' यी र यस्तै विचारका आधारमा के भन्न सकिन्छ भने सहकारी समाजका सबै जातजाति, भाषा, धर्म, संस्कृति, राजनीतिक आस्था भएका सबै क्षेत्रका मानिसहरू बिच कुनै भेदभाव नगरिकन मिलीजुली काम गर्ने क्षेत्र हो। सहकारीका सम्बन्धमा अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) भन्दछ, "सहकारी त्यस्ता व्यक्तिहरूको स्वायत्त संगठन हो जो स्वेच्छिक रुपमा एकजुट भै आफ्ना

** सहप्राध्यापक, राममणि बहुमुखी क्याम्पस*

समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षाहरूको परिपूर्ति संयुक्त स्वामित्व र प्रजातान्त्रिक ढङ्गले नियन्त्रित व्यवसायमार्फत गर्न चाहन्छन् ।"

सहकारीका सिद्धान्त तथा यसका मूल्य र सहकारीको भावनाअनुरुप यो क्षेत्र अगाडि बढ्नका निम्ति यस क्षेत्रमा सुशासन आवश्यक छ जुन कुरा कुशल व्यवस्थापनबाट मात्र सम्भव छ। तसर्थ सुशासनयुक्त सहकारी क्षेत्र त्यहाँ हुन्छ जहाँ नेतृत्व र व्यवस्थापनमा कुशलता रहेको हुन्छ। कुशल र इमान्दार व्यवस्थापन प्रणाली अभावमा नै यस क्षेत्रमा केही समस्याहरू देखिएका हुन् जसको निराकरण सहज र सम्भव छ; केवल सरोकार राख्नेहरू बिचमा दक्षता र इमान्दारिता चाहिन्छ।

सुशासन

नेपाली बृहत् शब्दकोशले असल राज्य व्यवस्था, उत्तम किसिमको शासन, कल्याणकारी शासन व्यवस्था जस्ता पर्यायवाची शब्दबाट सुशासनलाई प्रस्ट्याउने जमर्को गरेको छ। शासन शब्द मानव सभ्यताको विकाससँगसँगै विश्वका विभिन्न भागमा राज्य सञ्चालनमा प्रयोग भएका अभ्यासहरूलाई हेरी तिनको वैधानिकताद्वारा विधिको शासन कायम गर्ने प्रयोजनका लागि गरिएको विशेष व्यवस्थाका रुपमा आएको पाइन्छ। बिसौँ शताब्दीको अन्त्यतिर असल शासनको अवधारणाको विकास भएको विश्वास गरिएको छ। सन् १९९० पछिका प्रारम्भका केही वर्षहरूका तेस्रो विश्वका राष्ट्रहरूको शासन व्यवस्थामा सुधार ल्याउने अभिप्रायले पश्चिमी राष्ट्र तथा विभिन्न दातृ संस्थाहरूद्वारा सहायता सर्तको रुपमा असल शासन (Good Governance) को अवधारणालाई अघि सारिएको पाइन्छ। मुलुकलाई असल शासन दिनका लागि जस्तो सुकै सर्त र साधन अगाडि आए पनि साध्य सुशासनलाई नै बनाउनुपर्ने हुन्छ। जतिसुकै सुधार गरिए पनि जनताले त्यसको अनुभूति गर्न सकेनन् भने त्यसको कुनै अर्थ रहँदैन। सुशासनको उपयुक्त र सर्वसम्मत परिभाषा प्राप्त हुन नसके पनि यसलाई एउटा आदर्श शासन प्रणाली जुन सांस्कृतिक, सामाजिक, आर्थिक एवम् राजनैतिक विकासका लागि अपरिहार्य हुन आउँछ। जसमा आत्मसम्मान, दिगो विकास, सामाजिक न्याय, विधिको शासनमा निपूर्णताका साथ राज्य एवम् संघ संस्थाको सञ्चालन, मानव अधिकारको पूर्ण सम्मान, इमान्दार र स्वच्छ प्रशासनमा जोड आदिलाई लिने गरिन्छ। अनुशासन, इमान्दारिता, जवाफदेहिता, उत्तरदायित्त्व, कर्तव्यपालन आदि समेत सुशासनका अङ्ग मानिन्छन्। सुशासन राज्य सञ्चालनदेखि विभिन्न संघ-संस्थाको सञ्चालन तथा व्यवस्थापनमा समेत प्रयोगमा आउँछ। यसको अभावले कुनै पनि संस्था दिगो, व्यवस्थित र असल सेवा प्रदायक बन्न सक्दैन जुन विषय सरकारी, सहकारी, निजी,

सामुदायिक, सामाजिक सबै क्षेत्र तथा संघ संस्थामा लागु हुन्छ ।

यी संस्थाहरू स्वनियममा आधारित हुन्छन् । प्रजातान्त्रिक तवरबाट नियन्त्रित हुन्छन् । आफ्ना आवश्यकता आफ्नै साधन स्रोतबाट आफ्नै पहलकदमीमा आफैँ उत्पादन, आफैँ व्यापारी र आफैँ उपभोक्ता हुने कार्य गर्न संगठित हुन्छन् । यस्ता संस्थाहरूको व्यवस्थापन सुशासनयुक्त हुनुपर्दछ । सहकारीमा रहेका सञ्चालक, कर्मचारी, विभिन्न समिति तथा उपसमितिमा रहेका व्यक्ति एवम् सेयर सदस्यहरू हरेकले सहकारी बुझ्नुपर्दछ । यसका सिद्धान्त, मूल्य र मान्यता, सहकारी कानुनहरू, आफ्नै संस्थाले निर्माण गरेका विनियम तथा नीतिहरूप्रति स्पष्ट हुन सकेमा संस्था स्वाभाविक रुपमा ठिक ढङ्गबाट सञ्चालन भएर जान्छन् । यी सबै कार्यका लागि प्रभावकारी व्यवस्थापन नै महत्त्वपूर्ण मानिन्छ ।

सहकारी र यसको विकासक्रम

समान इच्छा, आकांक्षा र आवश्यकताबिच मेल खाने र एक निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने विभिन्न आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनीतिक क्षेत्रका व्यक्तिहरूको एक साझा व्यावसायिक संस्था नै सहकारी संस्था हो । यसको विकासक्रम हेर्दा नयाँनयाँ आविष्कारसँगै औद्योगिक क्षेत्रमा आएको क्रान्तिले अर्थतन्त्रमा ल्याएको परिवर्तनका कारण शहरका उत्पादनले ग्रामीण क्षेत्रको उत्पादनलाई विस्थापित गर्ने, व्यापारीहरूबाट आम उपभोक्तालाई चरम शोषण गरिने आदि जस्ता अवस्थाहरू देखिएकाले समेत सहकारी संस्थाको स्थापनाका लागि प्रेरणा प्रदान गऱ्यो । भने अर्कोतर्फ समाजवादी आर्थिक संरचनाका प्रणेता अर्थशास्त्री कार्ल मार्क्सले “समाजवादी आर्थिक संरचना अघि बढाउन सहकारीको अवधारणा र आधारको विकास गर्नुपर्ने” भन्ने विचार अगाडि सारेका थिए । उनी सामाजिक न्याय र उत्पादकत्व वृद्धिमा आधारित समाजवादी आर्थिक संरचनाको अत्यन्त महत्त्वपूर्ण सार ओगट्ने क्षेत्रका रुपमा सहकारी आर्थिक प्रणालीलाई मान्दथे । यही अवधारणा आएपछि नै सहकारीको सोच र व्यवहारको विकास हुन थालेको पाइन्छ ।

डा. विलियम किङ्गद्वारा ब्रिटेनमा प्रकाशित “दि कोअपरेटर” नामक सहकारी पत्रिका सहकारिताको प्रचार-प्रसार गर्ने विश्वकै जेठो पत्रिका मानिन्छ । जसबाट भएको प्रचार-प्रसार पनि सहकारिताको विकासका निम्ति कोसेढुङ्गा मानिन्छ । त्यसै गरी सँधै व्यक्तिगत लाभ र स्वार्थ त्यागेर मानवीय सुख र समृद्धिका लागि समाजको सम्पत्तिलाई न्यायपूर्ण वितरण गर्नुपर्छ भन्ने विचारका अगुवा एवम्

न्याय र समानताका पक्षपाती ब्रिटेनका अर्का विद्वान रबर्ट ओवेनको मार्गदर्शनमा सन् १८४४ मा बेलायतको रोचडेल शहरका कपडा कारखानामा काम गर्ने एक जना महिलासहितका २८ जना श्रमिकद्वारा एक/एक पाउण्डका दरले सेयर उठाइ “रोचडेल इक्विटेवल पायोनियर्स सोसाइटी” नामक संस्था स्थापना गरियो जुन विश्वकै पहिलो आधुनिक सहकारीका रुपमा रहेको छ। उपभोक्ता पसलका रुपमा स्थापित यस संस्थाले बेलायतमा मात्र नभई विश्वका अन्य मुलुकहरूमा समेत महत्त्वपूर्ण प्रभाव पार्न सफल भयो। त्यसै गरी बचत तथा ऋण सहकारीको विकासक्रम हेर्ने हो भने जर्मनीबाट प्रारम्भ भएको पाइन्छ।

नेपालमा सहकारीको विकासक्रम र वर्तमान

नेपालमा यसको विकासक्रम हेर्ने हो भने धार्मिक एवम् सामाजिक विकासका लागि स्थापित गुठीहरू, साझा चरन, चौतारो, पर्म, पैँचो, पाटीपौवा, मुठी अन्न सङ्कलन, ढिकुरी प्रथा आदि जस्ता सहकार्यका कामको इतिहास लामो समयदेखि नै पाइन्छ। आधुनिक सहकारीको इतिहास हेर्ने हो भने वि.सं. २०१० मा सहकारी विभागको स्थापना भयो भने तत्कालिन सरकारद्वारा वि.सं. २०११ मा बाढी पीडित जनतालाई बसोबास गराउन बहुमुखी विकास योजनाको सुरुवात सँगसँगै सहकारिताको महसुस गर्न थालियो। वि.सं. २०१३ मा संयुक्त राज्य अमेरिकाको सहयोगमा चितवन जिल्लामा राप्तीदुन विकास आयोजना लागु गरियो। जसको उद्देश्य सहकारीहरूलाई लगानी गरी सहकारीमार्फत सदस्यहरूलाई कृषि औजार, उपकरण, मल, बिउ खरिदका लागि कर्जा उपलब्ध गराउनु थियो। यसैअनुरुप चितवन जिल्लामा नै १३ ओटा ऋण सहकारी संस्था स्थापना गरिए जसमध्ये बखान ऋण सहकारी संस्था जुन २०१३ साल चैत्र २० गने चितवन जिल्लाकै बखानपुर हालको भरतपुर उपमहानगरपालिकाको शारदानगरमा स्थापना भयो। यो नै नेपालमा आधुनिक सहकारीको संस्थागत स्थापनाको प्रारम्भ मानिन्छ। नेपालका पछिल्ला संविधानहरूमा समेत सहकारी क्षेत्रलाई महत्त्वपूर्ण स्थान दिइएको छ। नेपालको अन्तरिम संविधान, २०६३ मा मुलुकको अर्थतन्त्रको विकासमा महत्त्वपूर्ण योगदान दिने ३ ओटा क्षेत्र (सरकारी, सहकारी र निजी) मध्ये एउटा क्षेत्र सहकारी हो भनेर उल्लेख गरिएको छ। त्यसै गरी नेपालको संविधान–२०७२ मा समेत यिनै कुराहरूलाई थप जोड दिई संविधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्त्व अन्तर्गत दफा ५१ मा राज्यले अवलम्बन गर्ने नीतिहरूको (घ) अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत (१) “सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने”, र (३)

"सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने" जस्ता कुराहरू समाविष्ट गरी अर्थतन्त्रको महत्त्वपूर्ण क्षेत्रका रुपमा सहकारीलाई स्वीकार गरिनुलाई महत्त्वपूर्ण उपलब्धि मानिन्छ।

सहकारी ऐन, २०४८ पछि नेपालमा सहकारी संस्थाहरू स्थापनाको एउटा लहर नै चल्यो र जुन लहरबाट धेरै राम्रा र केही नराम्रा मानचित्रहरू पनि हामीबिच प्रकट भएको यथार्थ लुकेको छैन। चालु सहकारी ऐन, २०७४ ले अघिल्लो ऐनका अभावहरूलाई हटाई मजबुत बनाउने प्रयत्न गरेको छ। जसअनुरुप कसुर गर्ने व्यक्तिहरू पहिचान गरी कारवाहीको दायरामा ल्याउने कार्यका निम्ति स्पष्ट व्यवस्था गरेको छ। जसलाई सघाउनका निम्ती कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधीकरण जस्ता संरचनाहरूसमेत स्थापना हुनुपर्ने विषयहरू यस ऐनमा स्पष्ट गरिएको छ। अर्को तर्फ संविधानको व्यवस्थाबमोजिम सहकारी संस्थाहरू तीन तहकै सरकारको मातहतमा रहन पुगेका छन्। कम्तिमा दुई ओटा प्रदेशका स्थानहरू कार्यक्षेत्रका रुपमा समाविष्ट गरिएका सहकारी संस्थाहरू संघीय सरकार मातहतको सहकारी विभागअन्तर्गत रहेका छन्, कम्तिमा दुई ओटा पालिकाका क्षेत्रहरू कार्य क्षेत्रका रुपमा समाविष्ट गरिएको सहकारीहरू प्रदेश सरकारको मातहतमा र एउटै पालिकाभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरू पालिकाको मातहतमा रहने गरी कानुनहरूसमेत बनेका छन्।

यसरी हेर्दा सहकारी विभागको पछिल्लो तथ्याङ्कअनुसार संघको मातहतमा १२५ ओटा सहकारी संस्था र १,३५,९०८ सहकारीका सेयर सदस्यहरू रहेका छन् भने प्रदेश र पालिकाको मातहतमा क्रमशः २९,७६१ सहकारी संघ/संस्था र ७१,७१,५५४ सेयर सदस्यहरू रहेका छन्। यसरी कुल अवस्था विश्लेषण गर्दा जम्मा सहकारी संघ संस्थाहरू २९,८८६ ओटा र सेयर सदस्य संख्या ७३,०७,४६२, कुल सेयर पूँजी ९४ अर्ब, कूल बचत परिचालन ४.७८ खर्ब एवम् प्रत्यक्ष रोजगारी ८८,३०९ जनाले प्राप्त गरेको अवस्था देखिन्छ। नेपालको सन्दर्भमा बृहत् संख्यामा आबद्ध भई पूँजी परिचालन गरेको एउटा बृहत् र ठुलो सञ्जालका रुपमा यो सहकारी अभियान रहेको छ जसमा एक राष्ट्रिय सहकारी महासंघ, १८ ओटा केन्द्रीय स्तरका सहकारी संघहरू, एक राष्ट्रिय सहकारी बैंक, ७ ओटै प्रदेशमा रहेका प्रदेश सहकारी संघ तथा विषयगत सहकारी संघहरू तथा ७७ ओटै जिल्लामा रहेका जिल्ला सहकारी संघ तथा विषयगत सहकारी संघहरूले विभिन्न स्तर र तहबाट सहकारी अभियानको अगुवाइ गरिरहेको अवस्था नेपालमा विद्यमान छ। सहकारी ऐन, २०७४ को व्यवस्थाअनुसार सहकारी संस्थाहरू मिलेर बृहत् उत्पादनशील

कार्य गर्ने गरी व्यावसायिक एवम् विशिष्ट उद्देश्यका लागि देशका विभिन्न क्षेत्रमा विशिष्टीकृत सहकारी संघहरू पनि क्रियाशील रहेका छन् ।

अर्कोतर्फ आमसदस्यको आवश्यकताभन्दा पनि केही निश्चित व्यक्तिको आवश्यकताले स्थापना गरिएका शहरी क्षेत्र केन्द्रित केही सहकारी संस्थाहरू यसका सिद्धान्त, सम्पूर्ण विधि र मान्यताहरूलाई बिर्सेर सञ्चालन गर्दा हजारौँ मानिसहरूको बचत सङ्कटमा परेका विषयमा काठमाडौँलगायत देशका अन्य क्षेत्रबाट समेत खबरहरू आइरहेका छन् जुन आफैँमा सहकारी अभियानसहित राज्य र स्वयम् ती सरोकारवालाहरूका निम्ति ठुलो समस्या बनिरहेको अवस्था पनि विद्यमानमा रहेको देखिन्छ। जसको निराकरण सुशासन युक्त व्यवस्थापनबाट नै सम्भव छ।

व्यवस्थापन के हो ?

व्यवस्थापन भन्ने वित्तिकै संगठनात्मक लक्ष्य प्राप्त गर्ने प्रक्रियाका रुपमा बुझ्नुपर्ने हुन्छ। मानवीय, भौतिक वित्तीयलगायत आवश्यक पर्ने विविध योजना निर्माण गर्ने, व्यवस्थित गर्ने, नेतृत्व र नियन्त्रण गर्ने कार्य नै व्यवस्थापन हो। जहाँ संगठनका स्रोतहरू प्रभावकारी रुपमा प्रयोग हुन्छ। अर्थात् सम्भव भएसम्म प्रभावकारी ढङ्गबाट विशिष्ट लक्ष्यहरू प्राप्त गर्नका लागि व्यवसायको स्रोत र क्रियाकलापहरूलाई योजनाबद्ध र व्यवस्थित गर्ने प्रक्रिया नै व्यवस्थापन हो। त्यसै गरी सही र न्यूनतम लागतमा कार्य सम्पादन गर्नुलाई व्यवस्थापन दक्षता भनिन्छ। संघ, संस्था वा संगठनको उद्देश्य हासिल गर्न मानवीय एवम् गैरमानवीय साधनहरूलाई परिवर्तित वातावरणअन्तर्गत कुशल एवम् प्रभावकारी रुपमा योजना, संगठन, निर्देशन, समन्वयमार्फत परिचालन गर्ने प्रक्रियाका रुपमा यसलाई लिनुपर्दछ। यस सम्बन्धमा Marry Parker Follet भन्दछन् : Management is the art of getting things done through other people. "मानिसहरूबाट काम पूरा गराउने कला नै व्यवस्थापन हो" त्यसै गरी अर्का विज्ञ जर्ज आर.टेरीको भनाइअनुसार "व्यवस्थापन भनेको उद्देश्यहरू निर्धारण गर्न र ती उद्देश्यहरू मानिस तथा अन्य साधनहरूको प्रयोग गरी हासिल गर्नका लागि योजना, संगठन, कार्यान्वयन तथा नियन्त्रण समावेश भएको निर्दिष्ट प्रक्रिया हो।"

यी विभिन्न धारणाहरूको निष्कर्ष भनेकै संस्थालाई अगाडि बढाउने वा नबढाउने, त्यसको विकास गर्ने वा विनास गर्ने, सरोकारवालाहरूलाई प्रभावकारी सेवा प्रवाह गर्ने वा नगर्ने, त्यसबाट प्राप्त हुने लाभ सबैमा प्रवाह गर्ने वा नगर्ने भन्ने जस्ता विषयमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने काम व्यवस्थापन पक्षको नै रहेको हुन्छ। जुन कुरा सहकारी संघ संस्थामा समेत लागु हुन्छ।

सहकारी संस्थाको व्यवस्थापन

सहकारी व्यवसाय सामाजिक व्यवसाय नै हो। जसमा समाजको स्तरीकरण र उन्नतिका निम्ति गर्नुपर्ने थुप्रै आयामहरू समाविष्ट हुन्छन् । जुन कुरा अन्य व्यवसायमा भेटिँदैन। यस्ता संस्थाहरू सदस्यद्वारा नै नियन्त्रित र निर्देशित हुन्छन्। उनीहरूले नै चुनेका प्रतिनिधिहरूको सञ्चालक समितिले सञ्चालनका विधिहरू निर्माण गरी पुनः सदस्यहरूमाझ ल्याउँदछ। आगामी वर्षका कार्यक्रमहरू, सदस्यलाई दिनुपर्ने र दिन सकिने सेवाहरू आदि सम्बन्धमा समेत छलफलका लागि सदस्यहरू माझ नै ल्याइन्छ। यी सबै विषयहरूमा प्रर्याप्त छलफल गरेर निचोडका रुपमा सदस्यहरूले सञ्चालकलाई आफ्नो राय सुझाव र मतद्वारा सुधार गरी पारित गरेर कार्य गर्ने जिम्मेवारी प्रदान गर्दछन्। अनि सहकारी संस्थाले सदस्यहरूकै भावना र सभाको निर्देशन मुताविकका कार्यहरू गर्दै अगाडि बढाउँछन्। यति मात्र होइन अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा सन् १९९५ मा पारित गरी आजसम्म पनि निरन्तर लागु भै रहेका र नेपालको सहकारी क्षेत्रले समेत आत्मसात गरेका सात ओटा सिद्धान्त र तिनको भावना र मर्मलाई समेत सञ्चालकले बिर्सेका हुँदैनन्। साथै सहकारीका मूल्य मान्यता, राज्यद्वारा निर्माण गरिएका कानुन र समय समयमा नियामक निकायहरूद्वारा जारी गरिएका परिपत्र वा मार्गदर्शनहरूप्रति समेत सहकारीका सञ्चालक, कर्मचारी सबैको ध्यान पुग्नु जरुरी हुन्छ। संस्था सञ्चालकले यी सबै विषयहरूलाई आत्मसात् गरेर जुन उद्देश्यले स्थापित सहकारी संस्था हो सोही उद्देश्यअनुरुपको कार्य गरी सदस्यहरूलाई पर्याप्त र गुणस्तरीय सेवा नियमित रुपबाट प्रवाह गर्न सक्नु नै सहकारीको व्यवस्थापन हो।

एउटा उद्देश्य राखेर संस्था स्थापना गर्ने तर काम अर्कै गर्ने एवम् कानुन र विधिले एउटा भन्छ तर सञ्चालक र कर्मचारी अर्कै काम गर्छ भने त्यो व्यवस्थापन नभै अव्यवस्था हो भन्न सकिन्छ। त्यसकारण सहकारी संस्थामा नीति विधिको पालना, यसका सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात् गर्दै स्वनियमनमा रहेर स्थापनाको उद्देश्य वा प्रकृति अनुरुपको कार्य संस्था र सदस्य दुवैको हित गर्दै अगाडि बढ्न र बढाउन सक्नु नै सहकारी संस्था व्यवस्थापनको कार्यक्षेत्रभित्र पर्दछ।

सहकारीमा सुशासन

व्यक्तिगत व्यावसायिकता एवम् उद्यमको सोच वा कम्पनीको बजारवादी सिद्धान्तभन्दा पृथक रही सामुहिक हित एवम् समान आवश्यता र आकांक्षा पूरा गर्न संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने गरी स्थापित संस्था नै सहकारी

संस्था हुन् । जुन संस्था सरकारी, निजी र सामाजिक संस्था होइनन् । यी संस्थाहरू स्वनियमनमा रहने र आफ्ना आर्थिक, सामाजिक एवम् सांस्कृतिक आवश्यकता आफैँले नै पूरा गर्ने हुनाले यसका सदस्य नै उत्पादक, उपभोक्ता र बिक्रेता वा वितरकका रुपमा रहेका हुन्छन् । जुन कार्य निजी वा सरकारीक्षेत्रबाट सम्भव छैन । यस्ता संस्था सञ्चालनका निम्ति सरकारले निर्माण गरेका सहकारी सम्बन्धी कानुन, नियामक निकायहरूद्वारा जारी गरिएका परिपत्र वा मार्गदर्शनप्रति हेक्का राखेर नै आफ्ना विनियम तथा नीति नियमहरू निर्माण गरी साधारण सभाबाट पारित गरेर मात्र लागु गर्ने गरिन्छ । त्यति मात्र होइन विश्वका सहकारीहरूसमेत एकत्रित भइरहेको संस्था अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) द्वारा जारी गरिएका सात ओटा सिद्धान्त एवम् सहकारीका मूल्यहरूले पनि सहकारीको सञ्चालन तथा यसका कानुन र विधिहरू निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यी सबैप्रति जवाफदेही हुने गरी व्यवस्थापन मिलाएर सहकारी संस्था सञ्चालन गर्नु नै सहकारीमा सुशासन कायम गर्नु हो । यस्तो क्षमता राख्ने सञ्चालक समिति एवम् अन्य विभिन्न समिति तथा उपसमितिहरू हुनु जरुरी छ । जुन क्षमता जन्मजात आउने नभै सहकारी शिक्षा र सिपको माध्यमबाट ज्ञान आर्जन गरेर प्राप्त हुन्छ । यस्तो ज्ञान र शिक्षाका निम्ति हरेक सहकारीकर्मी एवम् सरोकार राख्नेहरू सबै तत्पर रहनुपर्ने हुन्छ । सहकारीमा सुशासन कायम गर्ने गराउने भूमिकामा सहकारी संस्थाको नेतृत्वका अलावा सहकारी क्षेत्रका विभिन्न तहका संघहरू तथा सहकारी दर्ता गर्ने सरकारी निकायहरूसमेत रहेका हुन्छन् ।

सहकारी नेतृत्व र सुशासन

आफू र आफ्नो समूहबाट गरिएका निर्णयले दीर्घकालीन रुपमा संस्था वा संघहरूमा कस्तो प्रभाव पार्दछ ? त्यसबाट संस्था, त्यसका सदस्य एवम् समग्र अभियानप्रति हित वा अहित के हुन्छ ? भन्ने विषयमा स्पष्ट हुनु जरुरी हुन्छ । नेतृत्वले व्यक्ति वा एउटा समूहलाई खुशी पार्नुभन्दा पनि सिङ्गो संस्था र सदस्यहरूको समग्र हितमा केन्द्रित हुनु जरुरी हुन्छ । सुझबुझपूर्ण, निःस्वार्थी, समयमा निर्णय लिन र दिन सक्ने, सबैको सकारात्मक र निस्वार्थ भावनालाई कदर गर्दै सबैलाई समेटेर जान सक्ने व्यक्ति नै सहकारीको नेतृत्वमा रहनुपर्दछ । जसबाट मात्र सहकारीमा सुशासनको परिकल्पना गर्न सकिन्छ । एक कुशल नेता वा नेतृत्वकर्तामा तपसिलबमोजिमका गुणहरू हुनु आवश्यक छ :

(क) उर्जा : जस्तो सुकै परिस्थितिमा नेतृत्व गर्न सक्ने उर्जावान क्षमता ।

(ख) भावनात्मक निपुणता : अनिश्चित वातावरणमा निश्चितता ल्याउन

सक्ने गुणवान अर्थात् सबै प्रश्नको जवाफ तत्काल नभए पनि नेतृत्वमा यस्तो विश्वास हुनुपर्छ कि सबै जवाफदिने र लिने आँट र सक्षमता हुनुपर्ने ।

(ग) सम्बन्धमा निपुणता : अरुलाई बुझ्ने, उनीहरूको प्रशंसा गर्ने र अन्य व्यक्तिहरूसँग गहिरो र व्यक्तिगत सम्बन्धसमेत राखेर अगाडि बढ्न सक्ने क्षमता ।

(घ) समयमा निपुणता : आफूले दिएको वा खर्च गरेको समय दिन, घण्टा वा मिनेटबाट कति धेरै परिणाम निकाल्न सकिन्छ अथवा छोटो समयलाई कसरी बढी उपयोगी बनाउन सकिन्छ भन्नेमा दत्तचित्त रहने ।

(ङ) उद्देश्यको स्वामित्व : हरेक कर्महरू निश्चित उद्देश्यबाट नै सञ्चालित हुन्छन्, के गर्ने मात्र नभै किन गरिरहेको छ र नतिजा कहिलेसम्म, कस्तो दिने हो भन्ने समेत स्पष्ट भै हरेक उद्देश्य प्रति स्वामित्व लिन सक्ने क्षमता ।

(च) वित्तीय निपुणता : वित्तीय क्षेत्रको ज्ञान र जागरुक्ता भएको ।

(छ) सफलताको सम्मान र विजयको उत्सव मनाउने आफू र आफ्नो प्रगति र खुशीमा सदा हर्षित हुने, सबैको सफलतामा समेत रमाउने नेतृत्व हुनुपर्ने ।

उपर्युक्त गुणका अलावा नेतृत्वकर्तामा भिजनसहितका स्पष्ट योजनाहरू आवश्यक हुन्छ। आचरण, बोलीचाली, मर्यादितशैली, अध्ययनशीलता, पर्याप्त ज्ञान र यसको विवेकयुक्त प्रयोग गर्ने क्षमताहरू, स्वावलम्बी, स्वाभिमानी, नैतिकतावान, समाधानमुखी, सिर्जनशील, सहकर्मीहरूको विश्वास जित्न सक्ने, समर्पित भएर निरन्तर र धैर्यताकासाथ लागि रहने जस्ता अतिरिक्त गुण र क्षमताहरू नेतृत्वमा भएको अवस्थामा मात्र सहकारीको कुशल व्यवस्थापन हुन गै सुशासन कायम हुन सक्छ ।

सहकारीका संघहरू र सुशासन

नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा २०६९ सालमा प्रकाशित राष्ट्रिय सहकारी नीति, २०६९ को १०.७.६ (च) मा "संघहरूको नेतृत्वलाई गैरराजनैतिक बनाउन आचारसंहिता र मापदण्डहरूको उपयोग गरिने छ" भनेर उल्लेख गरिएको छ। आचारसंहिताहरू पनि जारी गरिएका छन् तर व्यवहार

सो अनुरुप देखिँदैन। संघ केकति उद्देश्यमूलक कार्य गर्न सक्षम भए वा भएनन् भन्ने विषय उक्त संघमा नेतृत्व गर्ने नेतृत्वकर्ताको लगनशीलता, योग्यता, क्षमता आदिबाट नै प्रमाणित हुन्छ। राजनीतिक आस्थावान व्यक्ति भए पनि नेतृत्वमा आइसकेपछि निजको व्यवहार र क्रियाकलाप गैरराजनीतिक भई निष्पक्ष कार्य गर्न सक्ने नहुँदा संघहरू संकटग्रस्त बन्न सक्छन्। संघहरूमा नेतृत्व निर्माणका क्रममा पूर्णरुपबाट राजनीतिक भागबन्डामा जाने र नेतृत्वमा आइसकेपछि पनि सोहीअनुरुप व्यवहार गर्ने परिस्थितिहरू बढ्दै गएको देखिन्छ। विशेष गरी लोकतान्त्रिक व्यवस्था आत्मसात् गरेका मुलुकहरूमा दलहरू खुल्नु, दलमा मानिसहरू आबद्ध हुनु अस्वाभाविक होइन। सहकारीमा नेतृत्व गर्नेहरू पनि विभिन्न विचार र आस्थामा रहेका व्यक्तिहरू आउनु पनि अन्यथा होइन। तर सहकारी क्षेत्रको ज्ञान र व्यावहारिक अनुभव राम्रो भएका सकारात्मक सोचका साथ निष्पक्षरुपबाट कार्य गर्ने क्षमतावान व्यक्ति यस क्षेत्रको नेतृत्वमा आउन नपाउने तर क्षमताविहीन, अपारदर्शी व्यवहार भएका, सहकारी सम्बन्धी अल्पज्ञान वा ज्ञान नै नभएका व्यक्तिहरू भनसुन र भागबन्डाका आधारमा नेतृत्वमा आउने परिस्थितिले सहकारी अभियानमा नै धमिरो लाग्ने परिस्थिति निर्माण हुन जान्छ। त्यति मात्र होइन स्वार्थी समूहहरूले अराजनीतिक चरित्रका साथ गैरराजनीतिक नामका गुटहरू निर्माण गरी विभिन्न संघहरूमा भागबन्डा गरेर नेतृत्वमा पुग्ने र आफू र आफ्नो समूह अनुकूल कानुन तथा मापदण्डहरूसमेत जारी गर्ने वा सरकारी संयन्त्रलाई पनि तदनुरुप कार्य गर्न बाध्य पार्ने परिस्थितिहरू पनि संघहरूमा देखिन थालेका छन् जुन सहकारी अभियानका निम्ति निकै खतरनाक र दुःखद् पक्ष मानिन्छ।

संघको नेतृत्वकर्ता व्यक्ति सहकारी अभियानमा क्रियाशील रहेको, निजको योगदान, सहकारी सम्बन्धी ज्ञान र यस क्षेत्रको नेतृत्व गर्न सक्ने क्षमताका आधारमा संघहरूका साधारण सभामा उपस्थित प्रतिनिधिहरूको मन जित्न सफल भएर नै उसले नेतृत्व गर्ने अवसर पाउनुपर्दछ। सहकारीका सिद्धान्त, मूल्य, प्रचलित कानुन विपरीत संघको नेतृत्व निर्माणको अभ्यासबाट नै सुशासन अप्ठ्यारो स्थितिमा जान्छ। सहकारी संघहरू सहकारीमा सुशासन प्रवर्धन गर्ने गराउने, सहकारी व्यवसायको विकास, प्रवर्धन र बजारीकरणमा टेवा पुर्‍याउने तथा संस्थाहरूलाई आवश्यक प्राविधिक सहयोगका निम्ति सहजीकरण गरिदिने उद्देश्यबाट स्थापना गरिने विषयमा सहकारी ऐन, २०७४ ले स्पष्ट रुपमा उल्लेख गरेको छ। तर संघहरूको नेतृत्व निर्माण प्रक्रिया, उनीहरूको क्रियाकलाप, नेतृत्वले गरिरहेका गैरसंस्थागत व्यवहार, सदस्य संस्थाहरूसँग रकम लिई प्रतिफलविहीन स्वदेश तथा विदेशका अवलोकन भ्रमण

एवम् अनुत्पादक प्रकृतिका तालिम गोष्ठीहरूमा गरिने खर्च, सभा र भेटघाटका नाममा ठुलो धनरासी खर्च गरी देशका विभिन्न स्थानमा गरिने जम्बो टिमको दौडाहा आदितर्फ बढी ध्यान केन्द्रित छ भने अर्कोतर्फ सिद्धान्त, मूल्य, कानुन र संस्थाका विनियम वा विधिले तोकेका जिम्मेवारी पूरा गर्ने र त्यसबाट नतिजा निकाल्ने कार्यमा कम ध्यान दिनुले पनि संघहरूको सुशासनप्रतिको गम्भिरतामा प्रश्न उठ्दै गएको तितो यथार्थ हामी माझ रहेको छ।

सुशासन र सरकारी संयन्त्र

नेपालको वर्तमान संविधानद्वारा स्पष्ट रुपमा उल्लेख गरी सहरकारीको क्षेत्राधिकार संघ, प्रदेश र स्थानीय सरकारमा रहने गरी तीन ओटै तहको जिम्मेवारी तोकिएपछि सहकारी ऐन, २०७४ समेत हामीमाझ आएको छ। सहकारी क्षेत्रमा थुप्रै समस्याहरू देखिएका छन् भन्ने महसुस गर्दै समाधान पनि दिने प्रयत्न गरिएको ऐन तथा नियमावलीले मात्रै स्पष्ट गरेका व्यवस्थाहरू लागु गर्न सक्दासमेत सहकारी क्षेत्रको सुशासनमा मद्दत पुग्दछ। तर विडम्बना नै भन्नुपर्ने हुन्छ। तीन तहकै सरकारका सहकारी हेर्ने निकायहरू पर्याप्त जनशक्ति, इच्छाशक्ति एवम् प्रविधि अभावमा कमजोर छन्। भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय एवम् सो मातहतको सहकारी विभाग, प्रदेशस्थित सहकारी मन्त्रालय र सो मातहतको प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय र स्थानीय निकायमा रहेका सहकारी शाखा नै सहकारी संघ संस्थाहरूको दर्ता गर्ने, अभिलेख राख्ने, अनुगमन गर्ने, राय सुझाव दिने, ऐन नियमावलीहरूको कार्यान्यवन गर्ने आदि कार्यहरू गर्ने सरकारी संयन्त्र वा निकायहरू हुन्।

यिनै निकायहरूबाट तत्काल गर्नुपर्ने काम नगर्ने तथा नगर्नु पर्ने वा तत्काल नगरे पनि हुने काममा बढ्ता चासो देखाउने वा गरिदिने अवस्थाहरूले समेत सुशानमा बाधा पुगेको पाइन्छ। सहकारी अभियानमा क्षति भएको छ। यस क्षेत्रको व्यवस्थापन कमजोर हुन पुगेको छ र सहकारीमा हुनुपर्ने सुशासन खलबलिएको छ। त्यति मात्र होइन सहकारी एक प्राविधिक पक्ष पनि हो। जसको ज्ञान विशिष्ट प्रकृतिको नै छ। अन्य सबै ज्ञान भएर पनि सहकारीको ज्ञान भएन भने त्यसको प्रभाव राम्रो पर्दैन। तसर्थ सहकारी क्षेत्रको जिम्मेवारीमा आउने कर्मचारीहरूमा पनि सहकारी सम्बन्धी ज्ञान आवश्यक हुन्छ। एक दुई वर्षमा जिम्मेवारी फेरबदल भई रहने अवस्थाका कारण अधिकांश कर्मचारीमा सहकारी ज्ञानको अभाव भेटिन्छ। सहकारी सम्बन्धी विषयको ज्ञान अभाव भए पनि मिहेनती कर्मचारी भएमा विषयवस्तुको जानकारी

लिई काम गरिदिँदा यस क्षेत्रमा सहजता नै हुन जान्छ तर विषयवस्तुको जानकारी अभावका नाममा बिलम्ब हुन जाँदा सहकारी क्षेत्रको काममा समेत बिलम्ब हुन पुग्दछ। थोरै कर्मचारी क्षमता, वित्तीय एवम् प्राविधिक ज्ञानको कमी, अन्य आवश्यक साधन स्रोतको अभाव जस्ता कारण सरकारी संयन्त्रबाट कानुनको प्रभावकारी कार्यान्वयन, संस्थागत अनुगमन र पृष्ठपोषण प्रभावकारी हुन सकेको छैन भने अर्कोतर्फ प्रभावकारी अनुगमन नियमनका निम्ति वैकल्पिक विधिहरूको खोजीसमेत नहुँदा सरकारी संयन्त्रबाट हुनु र गरिनुपर्ने कार्यहरूप्रति आम सदस्यको सन्तुष्टि देखिँदैन। जुन व्यवस्थापन र सुशासनका दृष्टिकोणबाट उपयुक्त भन्न सकिने अवस्था छैन।

निष्कर्ष तथा सुझाव

संविधानद्वारा नै अर्थतन्त्रको एक खम्बाका रुपमा स्थान प्राप्त सहकारी क्षेत्रको उचित व्यवस्थापनबाट नै यस क्षेत्रमा सुशासन कायम हुन सक्छ। सहकारीका सिद्धान्त, मूल्य मान्यताहरू, सहकारी ऐन तथा नियमहरू, विभिन्न समयमा विभाग तथा सहकारी दर्ता अधिकारीको कार्यालयबाट जारी गरिएका मापदण्ड तथा परिपत्रहरू पालना गरेर सञ्चालन भइरहेका सहकारी संस्थाहरू सुशानयुक्त नै रहेका छन्। त्यस्ता संस्थाहरूले तरलता व्यवस्थापनलगायत आफ्ना वित्तीय सूचकहरूलाई समेत ध्यान दिएका हुन्छन्, सदस्य सेवामा बढी केन्द्रित हुन्छन्, हरेक कार्यहरू संस्थाले बनाएका नीति र विधिअनुसार सञ्चालित हुन्छन्, मौद्रिक मूल्यभन्दा सहकारी क्षेत्रबाट प्राप्त हुने वास्तविक मूल्यतर्फ उनीहरूको ध्यान बढी केन्द्रित हुन्छ, सदस्य शिक्षामा प्रयाप्त ध्यान दिइएको हुन्छ र उनीहरूलाई सक्षम र व्यवसायी बनाउनु नै सबैभन्दा राम्रो सफलताको सूचकका रुपमा लिइएको हुन्छ। जुन संस्थामा उल्लिखित विषयहरूप्रति वास्ता हुँदैन। सञ्चालक समिति औचित्यपूर्ण परियोजना र लगानी गर्ने व्यक्ति वा संस्थाको छनौट गर्नुभन्दा धितो र ब्याज धेरै भएपछि पुग्ने सदस्य वा गैरसदस्य जो भए पनि जतिसुकै रकम पनि लगानी गर्न तयार हुने, सदस्यहरू जताजता धेरै ब्याज पाइन्छ त्यतैत्यतै आफूसँग भएका नगदहरू डिपोजिट गर्दै जाने, संस्था नीति र विधिअनुसार सञ्चालित छ वा छैन भन्नेमा कुनै ध्यान नदिने, संस्थाले गरेका लगानीहरू कति सुरक्षित छन् भन्नेमा कुनै ध्यान नहुने, सञ्चालकहरू संस्थाकै रकममा स्वदेश तथा विदेश भ्रमण गरिरहने, सञ्चालन खर्च अत्यधिक हुँदासमेत अंकुश लगाउने कोही नहुने अवस्थाले नै सहकारी संस्था क्रमशः ओरालो अवस्थातिर लाग्ने र अन्त्यमा सदस्यका बचतसमेत फिर्ता गर्न नसकी कार्यालय नै बन्द गरेर सञ्चालकहरूको भागाभाग हुने अवस्थाहरू देखापरेका

छन् । यी सबै अवस्था आउन नदिन सरकारी संयन्त्र, निर्वाचित जनप्रतिनिधिहरू, सहकारीका संघहरू र स्वयम् संस्थाका सञ्चालकहरू सबै आआफ्ना जिम्मेवारीमा रहनुपर्छ । सबैले सहकारी क्षेत्रको वास्तविक मर्म र भाव बुझेर काम गर्न सके उचित व्यवस्थापनका साथ सुशासनयुक्त सहकारी संस्था सञ्चालनमा आउने छन् र यस क्षेत्रमा कुनै किसिमको विकृति हुने छैन । जसको उचित व्यवस्थापनका निम्ति तपसिलबमोजिमका सुझावहरू दिन सकिन्छ ः

- इच्छा, आकांक्षा र आवश्यकताकाबीच मेल खानेहरू मिलेर नै सहकारी संस्था स्थापना गर्ने तथा स्थापित संस्थाहरू पनि सोहीअनुरुप परिस्कृत हुने,
- संस्थाको कार्य क्षेत्र, स्थापनाको उद्देश्य, सदस्य सेवाको वर्तमान अवस्था र आवश्यकता, राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा सहकारी सञ्चालनका अभ्यासहरू आदिलाई सुक्ष्म अध्ययन गरी सहकारी कानुनहरू निर्माण गर्ने, संशोधन गर्ने, सञ्चालकहरू चुन्ने र चुनिने तथा संघ संस्थाहरू सञ्चालन गर्ने जस्ता कार्यहरू अगाडि बढाउने,
- संस्थाका सदस्यहरूलाई सहकारी बुझ्ने तथा राम्ररी व्यवहारमा उतार्न सक्ने गरी प्रभावकारी सहकारी शिक्षा उपलब्ध गराउने,
- शिक्षा र तालिमको माध्यमबाट सहकारीका सिद्धान्त र मूल्यहरूलाई संस्था र यसका सदस्यहरूको जीवन पद्धतिसँग तदाम्यता हुने गरी व्यवहारमा उतार्दै व्यावसायिकतातर्फ जानका निम्ति सदस्यहरूलाई प्रेरित गर्ने,
- सदस्यहरूमा सहकार्यको संस्कृति निर्माण गरी विभिन्न कृषि, उद्योग, व्यापार जस्ता क्षेत्रका उत्पादनशील कार्यमा सहकार्यमा काम गर्ने अभ्यास गराउने,
- व्यवसाय र रोजगारविहीन व्यक्तिहरूलाई सहकारीको सदस्य भई सहकार्यका माध्यमबाट व्यावसायिक एवम् उत्पादनशील कार्यमा लाग्न प्रेरणा प्रदान गर्ने,
- सहकारीको दिगोपन, संस्थागत क्षमतावृद्धि, शिक्षा, तालिम, नीति निर्माण तथा सरकारी निकायसँग आवश्यक मुद्दाहरूमा लविङ गर्ने जस्ता कामका निम्ति राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय एवम् जिल्ला स्थित संघहरूको भूमिकालाई थप प्रभावकारी बनाउने,
- सहकारी क्षेत्रका विज्ञहरूको समूह निर्माण गरी यस क्षेत्रको विकास र विस्तारका निम्ती तीन तहकै सरकारका लागि थिङ्क टेङ्क भई काम गर्ने वातावरण तयार गर्ने ,

- सहकारी क्षेत्रलाई बचतको परिचालन, स्वरोजगारीको सिर्जना, दैनिक उपभोग्य कृषि एवम् गैरकृषि वस्तुहरूको उत्पादन, प्रशोधन तथा बजारीकरण जस्ता कामका निम्ति बढीभन्दा बढी प्रयोगमा ल्याउनुपर्ने,
- सहकारी संघ संस्थाहरूमा नीति, विधि र प्रविधि प्रयोगका निम्ति उत्प्रेरणा र सो सम्बन्धी ज्ञान दिने,
- सहकारी बुझेका व्यक्तिहरूमात्र सहकारी क्षेत्रको नेतृत्वमा जान मिल्ने गरी कार्यविधि, मापदण्ड तथा निर्वाचन निर्देशिकाहरू निर्माण गर्ने,
- सहकारी सम्बन्धी विषय अध्ययन गरेका वा कम्तीमा ३ देखि ६ महिनाको सहकारी सम्बन्धी औपचारिक तालिम प्राप्त गरेका कर्मचारीलाई मात्र सहकारीका कार्यालयमा नियुक्ति दिने वा सरुवा गर्ने नीति बनाउने,
- जुन उद्देश्यबाट संघ वा संस्था स्थापना गरिएको हो सोही उद्देश्यअनुरुप सञ्चालन गर्ने,
- सहकारी क्षेत्रको विकासका निम्ति विभिन्न समयमा राज्यद्वारा बनाइएका कार्यदल तथा समितिका सुझावहरूलाई राम्ररी अध्ययन गर्नुका साथै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहको सहकारी आन्दोलनको समेत अध्ययन विश्लेषण गरी सहकारी अभियानको वर्तमान स्वरुपमा समयानुकूल परिवर्तनका निम्ति भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अगुवाई गर्ने,
- कृषि क्याम्पस र कृषि विश्वविद्यालयको अवधारणा जस्तै सहकारी शिक्षाको विकास र विस्तार गर्न सहकारी महाविद्यालय र विश्वविद्यालय स्थापना गर्नका निम्ति अग्रसरता लिने,
- बनाइएका सहकारी कानुनहरूको प्रभावकारी कार्यान्वयनका निम्ति केन्द्रदेखि हरेक स्थानीय स्तरसम्म ज्ञान तथा प्रविधियुक्त प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्ने,
- सहकारी बहुआयामिक सामाजिक व्यवसाय भएका कारण सहज व्यावसायिक कार्यका लागि प्रचलित कानुनहरूलाई सहकारीमैत्री बनाउनुपर्ने ।

<u>**सन्दर्भ सामग्री**</u>

- सहकारी तथा गरिबी निवारण मन्त्रालय (२०६९), राष्ट्रिय सहकारी नीति, काठमाडौं : सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
- सहकारी विभाग (२०७७), सहकारी झलक, काठमाडौं : सहकारी विभाग ।
- ----------(२०७६), सहकारी ऐन, २०७४ तथा नियमावली, २०७५, काठमाण्डौ : सहकारी विभाग ।
- राष्ट्रिय सहकारी महासंघ, (२०७७),
- सहकारीका सिद्धान्तहरूको मार्गदर्शन, ललितपुर : राष्ट्रिय सहकारी महासंघ ।
- वडाल, केशव (२०७९), सहकारीमा अनुशासन, सहकारी दर्पण, काठमाडौं : सहकारी विभाग ।
- -------- (२०६४), सहकारी सिद्धान्त र प्रयोग, काठमाडौँ : सहकारी सहयोग समूह ।
- शर्मा, खगराज (२०७१), गरिबी निवारणका लागि सहकारी, रुपन्देही : जिल्ला सहकारी संघ ।
- रेग्मी, गायत्रीप्रसाद (२०६८), सुशासन : आजको अपरिहार्यता, विशेषाङ्क, ५६ औं वार्षिकोत्सव, काठमाडौं : नेपाल राष्ट्र बैंक ।
- पौडेल सन्तोष, प्रधान गोपालमान र गिरी विष्णु (२०७७), व्यवस्थापनका सिद्धान्तहरू, काठमाडौँ : एडभान्स सरस्वती प्रकाशन ।
- Hill, Charles W.L. Mcshane, Qmeven L. (2013), Principles of Management, New Delhi : McGraw Hill Education (India) Pvt. Ltd.
- https://ncfnepal.com.np/
- https://www.slideshare.net/

नेपालमा डिजिटल सुशासनको मुद्दा : दृष्टिकोण, चुनौती र अबको मार्गचित्र

✍ आनन्द राज खनाल*

१. परिचय

द्रुत गतिमा विकसित आधुनिक समाजको परिदृश्यमा, शासन र प्रविधिको प्रतिच्छेदनले 'डिजिटल सुशासन' भनिने परिवर्तनकारी अवधारणालाई जन्म दिएको छ। राष्ट्रहरूले एक्काइसौँ शताब्दीको डिजिटल युगसँग तालमेल राख्ने प्रयास गर्दा, सुशासनसँग विकसित नवीनतम अवधारणाहरूको अभ्यासका क्रममा डिजिटल प्रविधिको लाभ लिने विषय मुख्य प्राथमिकता बन्न पुगेको छ। यो लेख नेपालको सन्दर्भमा डिजिटल सुशासनको अर्थ, यसको वर्तमान स्थिति, कार्यान्वयनका चुनौती र डिजिटल सुशासनका मार्गचित्रमा केन्द्रित हुँदै डिजिटल सुशासनको बहुआयामिक दायराहरूका सम्भावनाहरूमा केन्द्रित छ।

शासन भनेको राज्य सञ्चालन गर्ने प्रणाली वा पद्धतिको बृहत् खाका हो र परम्परागत अर्थमा शासनको मूल उद्देश्य नियन्त्रणमा राख्नु, निर्देशित गर्नु, आफूप्रति नागरिकहरूलाई बफादार बनाउनु भन्ने बुझिन्थ्यो तर आधुनिक अर्थमा लोकतान्त्रिक विधि प्रक्रियाअनुसार अबलम्बन गरिएको नागरिक केन्द्रित र अझ भनौं नागरिक निर्देशित क्रियाकलापहरूको प्रक्रिया, अभ्यास, र संस्थाहरूको समष्टिरूप जसले सार्वजनिक हितका लागि निर्णय लिने र सेवा प्रवाहलाई सहज बनाउने काम गर्छ, त्यो नै शासन हो। शासन प्रणाली राम्रो, सुव्यवस्थित, विधिमा आधारित, चुस्त, दुरुस्त समयसापेक्ष र भ्रष्टाचाररहित, जवाफदेही र प्रभावकारी भएको अवस्थामा यस्तो शासन प्रणालीलाई सुशासनयुक्त मान्न सकिन्छ।

** पूर्व वरिष्ठ निर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण*

डिजिटल प्रविधिको आगमन र दैनिक जीवनका विभिन्न पक्षहरूमा तिनीहरूको व्यापक प्रयोग साथै एकीकरणका कारण सुशासनको दायरा उल्लेखनीय रूपमा विस्तार भएको छ। अवधारणाको रूपमा बुझ्नुपर्दा डिजिटल सुशासनले सार्वजनिक प्रशासन, नीति निर्माण र सेवा प्रवाहमा सुधार ल्याउन डिजिटल माध्यमहरू र तथ्याङ्क-निर्देशित प्रयोगलाई समेट्छ। यसमा अत्याधुनिक डिजिटल प्रविधिहरू जस्तै आर्टिफिसियल इन्टेलिजेन्स, मसिन लर्निङ, डिप लर्निङ, इन्टरनेट अफ थिङ्स, बिग डेटा, डेटा एनालिटिक्स, क्लाउड कम्प्युटिङ, मोबाइल एप्स, फिनटेकलगायत अनेकौँ प्रविधिको प्रयोग गरिन्छ।

प्रविधि र सुशासन जब एकै ठाउँमा आउँछन् त्यस अवस्थामा सरकारले नागरिक, व्यवसाय, र अन्य सरोकारवालाहरूसँगको अन्तरक्रिया गर्ने तरिकामा परिवर्तन ल्याउनै पर्छ। यस्ता अन्तरक्रियाहरू कागजरहित हुँदै जान्छन् र सबै काम अनलाइन माध्यमबाटै हुन्छन्। यसमा उच्च कार्य दक्षता र प्रभावकारिताको साथै पारदर्शिता र नागरिक सहभागिता सुनिश्चित गर्ने लक्ष्य रहन्छ। सरकारसँग भएका सबै तथ्याङ्कलाई मसिनले चिन्न सक्ने रूपमा राखिन्छ।

२. आधुनिक समाजमा डिजिटल सुशासनको महत्त्व

आधुनिक समाजमा डिजिटल सुशासनको महत्त्वलाई अतिरञ्जित गर्न सकिँदैन। विश्व बढ्दो रूपमा एक अर्कासँग जोडिएको हुनाले, नागरिकहरू सरकारले थप पहुँच योग्य र प्रभावकारी सेवाहरू प्रदान गर्न प्रविधिलाई अँगाल्ने अपेक्षा गर्दछन्। डिजिटल सुशासनले कर्मचारीतन्त्रभित्रको प्रक्रियालाई मात्र सुव्यवस्थित बनाउने नभै नागरिकहरूलाई सूचना र सरकारी सेवाहरूमा नागरिक अपेक्षाअनुरूप थप पहुँच प्रदान गरेर सशक्त बनाउँछ। यसबाहेक, डिजिटल सुशासनले पारदर्शिता र जवाफदेहितालाई बढावा दिन्छ, जसले सरकारलाई खुला र मेसिन-पठनीय ढाँचामा जनतासँग डेटा साझेदारी गर्न सक्षम बनाउँछ। त्यसो गरेर, सरकारले निर्णय प्रक्रियामा नागरिकहरूको विश्वास र सक्रिय सहभागितालाई बढावा दिन्छ।

डिजिटल पूर्वाधारले गति लिइरहेको नेपाल जस्तो देशमा डिजिटल सुशासन अभ्यासको अवलम्बनले प्रगतिको अपार अवसरहरू प्रदान गर्ने छ। डिजिटल रूपान्तरणलाई अँगालेर प्रशासनिक चुनौतीहरूलाई जित्न, शहरी र ग्रामीण क्षेत्रहरूबिचको सेवा पहुँच र गुणस्तरको विद्यमान खाडलहरू कम गर्न र सबै नागरिकहरूको आवश्यकताहरू पूरा गर्ने समावेशी सुशासन प्रणाली सिर्जना गर्न मद्दत गर्न सक्छ। डिजिटल प्रविधिको प्रयोग गरेर सुशासन प्रवर्धन गर्ने सम्भावना

असीमित हुँदाहुँदै पनि नेपालका लागि केही मौलिक प्रश्नहरू छन् जसको विश्लेषण जरुरी छ। डिजिटल सुशासनको प्रसङ्गमा कुरा गर्दा सबैभन्दा पहिले के बुझ्नुपर्छ भने 'डिजिटल सुशासन'मा 'सुशासन' प्रमुख तत्त्व हो भने 'डिजिटल' गौण। सुशासनमा सबै सरोकारवालाहरूको रुचि, चाहना, प्रतिबद्धता भैसकेपछि 'डिजिटल' त एउटा सुशासन प्राप्तिमा सहजीकरण गरिदिने प्राविधिक माध्यम मात्रै हो।

३. डिजिटल सुशासन अवधारणा

डिजिटल सुशासन भन्नाले शासन प्रक्रियाको प्रभावकारिता, दक्षता, पारदर्शिता, समावेशिता, जवाफदेहिता, कानुनको शासनको सुनिश्चितता आदि सुशासनका आधारभूत स्तम्भहरू स्थापित गर्न डिजिटल प्रविधि र डेटा-निर्देशित निर्णय प्रक्रियाको उपयोगलाई जनाउँछ। यसले सार्वजनिक प्रशासन, नीति निर्माण, र सेवा प्रवाहका विभिन्न पक्षहरूमा सूचना तथा सञ्चार प्रविधिको एकीकरणलाई समेट्छ। मूल रूपमा भन्नु पर्दा डिजिटल सुशासनले प्रविधिको प्रयोगको फाइदा लिएर निर्णय प्रक्रिया सुधार गर्ने, नागरिकहरूलाई संलग्न गराउने र सार्वजनिक सेवा प्रवाहलाई अनुकूलन गर्ने लक्ष्य राखेको हुन्छ। डिजिटल सुशासनका मूलभूत तत्त्वहरूलाई देहायबमोजिम छोटकरीमा प्रस्तुत गर्ने प्रयास गरिएको छ :

(क) विद्युतीय सुशासन

सरकारी सेवाहरू नागरिक र व्यवसायहरूमा पुऱ्याउन विद्युतीय माध्यमको प्रयोग हुने अवस्था नै विद्युतीय-सुशासन हो। विद्युतीय-सुशासन कार्यान्वयनका लागि अनलाइन प्लेटफर्महरू, डिजिटल पोर्टलहरू, मोबाइल एप्स आदि प्रयोग गरिन्छ जसले सरकार र सरकार, सरकार र व्यवसाय तथा सरकार र जनताबिचको अन्तरक्रियालाई सहज बनाउँछ।

(ख) डेटा निर्देशित निर्णय प्रक्रिया

सरकारले ठुलो परिमाणमा तथ्याङ्क सङ्कलन गरेको हुन्छ। डेटाको विश्लेषणबाट प्राप्त सूक्ष्म ज्ञानका आधारमा सूचित निर्णयहरू लिन सकिन्छ। डेटा एनालिटिक्सले नीति निर्माताहरूलाई घटना परिस्थितिका प्रवृत्तिहरू पहिचान गर्न, नीतिहरूको प्रभाव मूल्याङ्कन गर्न र लक्षित हस्तक्षेपहरूको योजना तयार गर्न सक्षम बनाउँछ।

(ग) खुला डेटा र पारदर्शिता

पारदर्शिता प्रवर्धन गर्न तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्न खुला र पहुँच योग्य ढाँचामा सार्वजनिक डेटा उपलब्ध गराउनुपर्दछ। खुला डेटा पहलहरूले नागरिक,

अनुसन्धानकर्ता तथा व्यवसायहरूलाई विभिन्न उद्देश्यका लागि डेटा प्रयोग गर्ने अवसर सिर्जना गर्दछ ।

(घ) **साइबर सुरक्षा र गोपनीयता**

डिजिटल प्रणाली, संवेदनशील जानकारी, र नागरिक डेटाको सुरक्षा र गोपनीयता सुनिश्चित गर्दै साइबर सुरक्षाका उपायहरू अबलम्बन गर्न, सार्वजनिक विश्वास कायम राख्न र डाटा उल्लङ्घन रोक्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।

(ङ) **डिजिटल समावेशिता**

सामाजिक, आर्थिक स्थिति वा स्थानको प्रर्वाह नगरी डिजिटल प्रविधि र सेवाहरूमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नुपर्दछ ।

४. विश्वव्यापी रूपमा डिजिटल सुशासनको उत्पत्ति र विकास

प्रविधिको द्रुत विकास र समाजको बढ्दो डिजिटलीकरणको प्रतिक्रियास्वरूप डिजिटल सुशासनको अवधारणा वर्षौंदेखि विकसित हुँदै प्रयोगमा रहेको छ। २० औं शताब्दीको उत्तरार्धमा विद्युतीय-सरकारको अवधारणासँगै डिजिटल सुशासनको उदय भएको हो, जहाँ सरकारहरूले नागरिकहरूलाई सूचना र सेवाहरू प्रदान गर्न आधारभूत डिजिटल प्लेटफर्महरू, वेबसाइट, मोबाइल एप्स आदि प्रयोग गर्न थाले ।

जति प्रविधिको विकास हुँदै गयो, डिजिटल सुशासनको दायरा र जटिलता पनि बढ्दै गयो । बिग डेटा, डेटा एनालिटिक्स, आर्टिफिसियल इन्टेलिजेन्स (एआई), मसिन लर्निङ, ब्लक चेन, इन्टरनेट अफ थिङ्स, रोबोटिक्स, ड्रोन आदिको प्रयोगले सरकारहरूलाई उनीहरूको निर्णय प्रक्रिया र सेवा वितरण संयन्त्रहरू झनै प्रभावकारी बनाउन सक्षम बनाएको छ । उत्कृष्ट अभ्यासहरूलाई प्रस्तुत गर्दै र विभिन्न डिजिटल पहलहरूमा सहकार्य गर्दै डिजिटल सुशासनलाई राष्ट्रिय सीमाहरूभन्दा बाहिर विस्तार गर्ने अन्तराष्ट्रिय प्रयासहरू भैरहेको छ ।

५. नेपालको सन्दर्भमा डिजिटल सुशासनको सान्दर्भिकता

नेपालको सन्दर्भमा, डिजिटल सुशासनको ठुलो महत्त्व छ किनभने राज्यले प्रशासनिक चुनौतीहरू पार गर्न र सेवा प्रवाहमा सुधार गर्न डिजिटल रूपान्तरणलाई अँगाल्नै पर्दछ । डिजिटल पूर्वाधारको विकास र विस्तार, इन्टरनेट जडानको विस्तार, वेबसाइटको निर्माण, मोबाइल एप्सहरूको निर्माण, अफिस अटोमेसनलगायत

डिजिटल साक्षरता प्रवर्धन गर्ने जुन कार्यहरू द्रुत गतिमा भैरहेको छ, यसले के सङ्केत गर्दछ भने सुशासनका लागि प्रविधिको प्रयोगमा नेपालको चासो बढिरहेको छ। यही आर्थिक वर्षको बजेट वक्तव्यमा नै धेरै पटक 'डिजिटल अर्थतन्त्र' भन्ने पदावलीको प्रयोग गरिएको छ।

डिजिटल सुशासनले नोकरशाही प्रक्रियालाई सुव्यवस्थित बनाउन, भ्रष्टाचार न्यूनीकरण गर्न र नेपालमा नागरिक संलग्नता बढाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। विद्युतीय-सुशासन अपनाएर, सरकारले नागरिकहरूलाई सार्वजनिक सेवाहरूमा सहज पहुँच प्रदान गर्न, कागजी कार्य र पर्खाइको समय घटाउन सक्छ।

यसबाहेक, खुला डेटा अभ्यासहरूको कार्यान्वयनले पारदर्शिता र जवाफदेहिता बढाउन सक्छ, जसले नागरिकहरूलाई सरकारी गतिविधिहरूको छानबिन गर्न र अधिकारीहरूलाई जवाफदेही बनाउन सक्षम बनाउँछ। नेपालले डिजिटलाइजेसनको बाटोमा प्रगति गरिरहँदा, यसले डिजिटल सुशासनका फाइदाहरू पूर्ण रूपमा महसुस गर्न डिजिटल विभाजन, डेटा सुरक्षा, र गोपनीयता सरोकार जस्ता चुनौतीहरूलाई सम्बोधन गर्नु अत्यावश्यक छ।

६. नेपालमा डिजिटल सुशासनको वर्तमान अवस्था

नेपालले हालैका वर्षहरूमा डिजिटल पूर्वाधारको विकासमा उल्लेखनीय प्रगति गरेको छ। विभिन्न चुनौतीहरूको बाबजुद सरकारी र निजी क्षेत्रले डिजिटल सुशासनलाई अँगाल्न प्रविधिको आधुनिकीकरणमा सक्रिय रूपमा लगानी गरिरहेका छन्।

डिजिटल पूर्वाधारको सन्दर्भमा, नेपालले इन्टरनेट जडान र चौथो पुस्ताको मोबाइल सेवामा उल्लेख्य विस्तार गरेको छ। ब्रोडब्यान्ड जडान सुधार गर्ने प्रयासहरूले शहरी केन्द्रहरू र केही ग्रामीण क्षेत्रहरूमा डिजिटल सेवाहरूमा पहुँच सहज भएको छ। सरकारले डिजिटल सञ्जालहरूको प्रयोगका साथै डिजिटल साक्षरता कार्यक्रमहरू सञ्चालन गर्दै, नागरिकहरूलाई डिजिटल युगमा सहभागी बनाउने पहल गरिरहेको छ।

नेपाल सरकारले सन् २००६ मा विद्युतीय-सुशासन गुरुयोजना निर्माण गरी त्यसको कार्यान्वयन गरिरहेको छ। परम्परागत कर्मचारीतन्त्रका प्रक्रियाहरूलाई सुव्यवस्थित गर्दै प्रभावकारी प्रणालीहरूमा रूपान्तरण गर्न खोजेको छ। विभिन्न सरकारी निकायले नागरिकलाई अनलाइन सेवा तथा सूचना उपलब्ध गराउन डिजिटल

प्लेटफर्मको प्रयोग गरेका छन् । प्रशासनिक भार कम गर्न र नागरिकको सुविधा अभिवृद्धि गर्न प्रमाणपत्र प्राप्त गर्ने, कर तिर्ने र सरकारी सूचनामा पहुँच विस्तार गर्ने जस्ता सेवाहरूलाई डिजिटलाइज गरिएको छ ।

डिजिटल भुक्तानी प्रणालीको कार्यान्वयनले वित्तीय कारोबारमा रुपान्तरणकारी परिवर्तन ल्याएको छ, वित्तीय समावेशीकरणलाई बढावा दिएको छ र नगदमा निर्भरता घटाएको छ । मोबाइल बैंकिङ प्लेटफर्म र डिजिटल वालेटहरूले नागरिकहरूलाई कर, बिलहरू, र वित्तीय सेवाहरू पहुँच गर्न सजिलो बनाएको छ ।

नेपालमा विद्युतीय-सुशासनको एउटा सफल उदाहरण "नागरिक एप" को कार्यान्वयन पनि हो, जसले सार्वजनिक सेवाहरूलाई एउटै संयन्त्रबाट पहुँच प्रदान गर्दछ र नागरिकहरूलाई उनीहरूको स्मार्टफोनबाट सरकारी सेवाहरू प्राप्त गर्न सक्षम बनाउँछ । यस एपले आधिकारिक कागजातहरू प्राप्त गर्ने प्रक्रियालाई सहज बनाएको छ । राष्ट्रिय परिचय पत्रको कार्यान्वयनबाट प्रत्येक नागरिकलाई सरकारले डिजिटल रूपमै चिन्न सक्ने अवस्था सिर्जना हुँदै छ । राष्ट्रिय साइबर सुरक्षा नीति भर्खरै मन्त्रीपरिषद्बाट स्वीकृत गरिएको छ । अनेकौं नयाँ कानुनहरू बन्ने प्रक्रिया सुरु भैसकेको छ र भैरहेका कानुनहरू अद्यावधिक हुँदै छन् । संस्थागत संरचनाको रूपमा विद्युतीय सुशासन आयोगको गठन एउटा महत्त्वपूर्ण कार्य हो । प्रदेश सरकारहरूले पनि धमाधम विद्युतीय सरकार गुरुयोजना तयार गरी कार्यान्वयनमा लाँदै छन् । प्रत्येक प्रदेशमा विद्युतीय सुशासन विज्ञ पद छ भने प्रत्येक स्थानीय तहमा सूचना प्रविधि अधिकृतले काम गरिरहेका छन् । सबै निकायहरूले वेबसाइटमार्फत सूचना दिने र निवेदन डाउनलोड गर्न मिल्ने बनाएका छन् भने कतिले निवेदन नै पेश गर्न मिल्ने दस्तुर कर आदि विद्युतीय माध्यमबाटै तिर्न सकिने बनाएका छन् ।

संयुक्त राष्ट्र संघको सन् २०२२ को प्रतिवेदनअनुसार नेपालको विद्युतीय सुशासन विकास सूचकाङ्क ०.५११७ छ र नेपाल १२५ औं स्थानमा छ ।

नेपाल सरकारले खुल्ला तथ्याङ्क र सुशासनमा पारदर्शिता प्रवर्धन गर्न पनि कदम चालेको छ। तर पनि सबै सरकारी डेटालाई मेसिनले पढ्न सकिने ढाँचामा जनतालाई उपलब्ध गराउन "ओपन गभर्नमेन्ट डेटा पोर्टल" सुरु गरिएको छैन। यस कार्यलाई तत्काल गर्न सकेको अवस्थामा शासनमा पारदर्शिता, जवाफदेहिता र जनसहभागिता अभिवृद्धि हुन जाने छ। खुला डेटाको उपलब्धताले अनुसन्धान र नवप्रवर्तनलाई सहज बनाउँछ। यसले नागरिक र नागरिक समाजलाई सरकारी गतिविधि, बजेट विनियोजनलगायत आमसरोकारका विषयहरूमा अनुगमन गर्न र सार्वजनिक नीतिहरूको प्रभावकारिता मूल्याङ्कन गर्न सक्षम बनाउँछ।

७. नेपालमा डिजिटल सुशासनका चुनौती

डिजिटल सुशासनमा भएको आशाजनक प्रगतिका बाबजुद पनि नेपालले प्रभावकारी सुशासनका लागि प्रविधिको सम्भावनालाई पूर्णरूपमा अङ्गिकार गर्न सानाठुला अनेकौँ चुनौतीहरूको सामना गरिरहेको छ। तीमध्ये प्रमुख चुनौती निम्नानुसार छन्ः-

(क) क्षमता निर्माण

सरकारी अधिकारीहरू र नागरिकहरूलाई डिजिटल उपकरणहरू र प्लेटफर्महरूमा प्रभावकारी रूपमा प्रयोग गर्न आवश्यक सिपहरू प्रदान गर्न पर्याप्त प्रशिक्षण र क्षमता निर्माण आवश्यक छ।

(ख) चेतना र डिजिटल साक्षरताको अभाव

सबै नागरिकहरू उपलब्ध डिजिटल सेवाहरूबारे सचेत छैनन्, र केहीलाई यी प्लेटफर्महरू प्राप्त गर्न र प्रभावकारी रूपमा प्रयोग गर्न आवश्यक डिजिटल साक्षरताको कमी छ।

(ग) ग्रामीण क्षेत्रहरूमा डिजिटल विभाजन र पहुँचका मुद्दाहरू

सबैभन्दा ठुलो चुनौती भनेको शहरी र ग्रामीण क्षेत्रहरूबिचको डिजिटल विभाजन हो। जहाँ शहरी केन्द्रहरूमा डिजिटल पूर्वाधारहरूमा अपेक्षाकृत राम्रो पहुँच छ, ग्रामीण क्षेत्रहरूमा प्रायः भरपर्दो इन्टरनेट जडान र आवश्यक डिजिटल सेवाहरूमा पहुँचको अभाव हुन्छ। यस असमानताले डिजिटल सुशासन इकोसिस्टममा ग्रामीण जनसंख्याको समावेशलाई सीमित गर्छ, अनलाइन सरकारी सेवाहरू र पहलहरूमा उनीहरूको सहभागितामा बाधा पुऱ्याउँछ। डिजिटल डिभाइडलाई पूरा गर्न इन्टरनेट जडान विस्तार गर्न, डिजिटल साक्षरता प्रवर्धन गर्न र दुर्गम क्षेत्रहरूमा डिजिटल उपकरणहरूमा पहुँच प्रदान गर्न लक्षित प्रयासहरू आवश्यक पर्दछ।

(घ) साइबर सुरक्षा खतरा र डाटा सुरक्षा

जसरी डिजिटल सुशासन पहलहरू विस्तार हुँदै जान्छन्, साइबर सुरक्षा खतरा र डेटा सुरक्षा उल्लङ्घनको जोखिम पनि बढ्दै गएको पाइन्छ। साइबरसुरक्षा कमजोरीहरूले संवेदनशील सरकारी डेटा, नागरिक जानकारी, र महत्त्वपूर्ण पूर्वाधारलाई दुर्भावनापूर्ण आक्रमणहरूमा पर्दाफास गराइदिन सक्छ। ईन्क्रिप्शन, नियमित सुरक्षा अडिटहरू, र कर्मचारी प्रशिक्षण सहित बलियो साइबर सुरक्षा उपायहरू सुनिश्चित गर्दै, डिजिटल प्रणालीहरू सुरक्षित गर्न र संवेदनशील जानकारीको सुरक्षा गर्ने सरकारको क्षमतामा सार्वजनिक विश्वास कायम राख्ने कार्य भैरहे पनि पर्याप्त भने छैन र यो निरन्तरको

प्रक्रिया हो भनेर पनि बुझाउन सकिएको छैन ।

(ङ) गोपनीयता सरोकार र डेटा परिचालन गर्ने अभ्यासहरू

डिजिटल सुशासनमा व्यक्तिगत डेटाको बढ्दो सङ्कलन र उपयोगको साथ, वैयक्तिक गोपनीयता सम्बन्धी चिन्ताहरू सर्वोपरि हुन्छन् । सरकारले नागरिक डेटाको परिचालनलाई व्यवस्थित गर्न स्पष्ट डेटा संरक्षण नियमहरू र प्रारूपहरू निर्माण गर्नुपर्दछ । परिष्कृत सेवाहरूको लागि डेटाको लाभ उठाउने र व्यक्तिगत गोपनीयता सम्बन्धी अधिकारको सम्मानका बिच सन्तुलन कायम राख्दै डिजिटल सुशासन पहलहरूमा जनताको विश्वास कायम राख्न जरुरी छ ।

(च) परिवर्तन व्यस्थापन र परम्परागत कर्मचारीतन्त्र प्रतिरोध

डिजिटल सुशासन लागु गर्न संगठनात्मक संस्कृति र प्रक्रियाहरूमा परिवर्तन आवश्यक छ । परिवर्तनको प्रतिरोध र नोकरशाही जडताले डिजिटल समाधानहरू अपनाउन बाधा पुऱ्याउन सक्छ । केही सरकारी अधिकारीहरू र कर्मचारीहरू नयाँ प्रविधिहरू अँगाल्न हिचकिचाउन सक्छन्, जसले सरकारी कार्यहरूमा डिजिटल उपकरणहरूको पूर्ण एकीकरणमा बाधा पुऱ्याउँछ । यी चुनौतीहरूलाई सम्बोधन गर्न सचेतना अभियानहरू, प्रशिक्षण कार्यक्रमहरू, र डिजिटल-पहिलो मानसिकतालाई प्रोत्साहित गर्न र सरकारी संस्थाहरूमा नवीनताको संस्कृतिलाई बढावा दिन प्रोत्साहनहरू समावेश छन् ।

(छ) सरकारी निकायहरूबिच अन्तरक्रियात्मकता र डेटा साझेदारी सम्बन्धी मुद्दा

सरकारी निकायहरू प्रायः अलग डेटा प्रणालीहरूसँग काम गर्छन्, जसले डेटा साझेदारी र अन्तरसञ्चालनमा प्राविधिक चुनौतीहरू निम्त्याउँछ । मानकीकृत ढाँचाहरू र प्रोटोकलहरूको अभावले विभिन्न विभागहरूमा डेटा सञ्चालित निर्णय गर्ने क्षमतालाई सीमित गर्दछ । यसलाई सम्बोधन गर्न, सरकारले सरकारी निकायहरूबिच निर्वाध सूचना आदानप्रदानलाई सहज बनाउन अन्तरसञ्चालन मापदण्ड र डेटा साझेदारी संयन्त्रको स्थापनालाई प्राथमिकता दिनुपर्छ ।

यसमा हाम्रा नीतिगत,कानुनी र नियामकीय अवरोधसमेत छन् भने मानसिकता अर्को ठुलो चुनौतीका रूपमा रहिरहने छ । हेरक निकायमा 'म' र 'मेरो' भन्ने अहङ्कारले नागरिकहरूले सास्ती खेपिरहनुपरेको छ । २०७६ मा स्वीकृत डिजिटल नेपाल फ्रेमवर्कले 'सुशासन, विकास र समृद्धिका लागि डिजिटल नेपाल' भनी दूरदृष्टि राखेको छ । यो कार्यान्वयनमा गएको भनिए पनि यसमा संलग्न नेतृत्वबाट सरकारी निकायबिच डेटा साझेदारी गराई डिजिटल सुशासन कायम गर्न कुशलता देखाइएको

पाइँदैन ।

८. नेपालका लागि डिजिटल सुशासनको भविष्यको मार्गचित्र

नेपालले डिजिटल रूपान्तरणतर्फ आफ्नो यात्रा जारी राख्दै नागरिक र समग्र सुशासन इकोसिस्टमको फाइदाको लागि प्रविधिको प्रभावकारी उपयोग गर्न डिजिटल सुशासनको लागि एक व्यापक र अग्रगामी मार्गचित्र निर्माण गर्नु आवश्यक छ। त्यसतर्फको यात्राका लागि निम्नबमोजिम रणनीति सिफारिसहरू गरिएको छ :

(क) डिजिटल सुशासन सुदृढीकरणका लागि नीतिगत व्यवस्था

(अ) डिजिटल सुशासन गुरुयोजना

डिजिटल पहलहरूको कार्यान्वयनको लागि दूरदृष्टि, भावी सोच, लक्ष्य र मार्गनिर्देशन सिद्धान्तसहितको एक व्यापक डिजिटल सुशासन ढाँचा अर्थात् दीर्घकालीन राष्ट्रिय डिजिटल सुशासन गुरु योजना विकास गर्नुपर्दछ। वर्तमान डिजिटल नेपाल फ्रेमवर्क २०७६ ले केवल आठ ओटा क्षेत्रहरूलाई मात्र समेटेको छ। अब बन्ने गुरु योजना नेपालका विशिष्ट आवश्यकताको पहिचान र नेपालले सामना गरिरहेका चुनौतीहरूलाई विचार गरी भविष्यका प्रयासहरूको खाकाको रूपमा आउनुपर्छ।

(आ) डेटा गोपनीयता र साइबर सुरक्षा कानुन

नागरिक डेटाको सुरक्षा गर्न र व्यक्तिगत जानकारी सङ्कलन, भण्डारण र जिम्मेवारीपूर्वक प्रयोग गरिएको कुरा सुनिश्चित गर्न डेटा सुरक्षा, वैयक्तिक गोपनीयता सम्बन्धी कानुन र नियमहरूलाई बलियो बनाउनुपर्दछ। यसले डिजिटल सुशासन पहलहरूमा जनताको भरोसा र विश्वास बढाउने छ।

(इ) विद्युतीय सरकार सम्बन्धी नीतिहरू

डिजिटल प्लेटफर्महरूमार्फत आवश्यक सेवाहरू प्रदान गर्न सरकारी निकायहरूलाई अनिवार्य गर्ने नीति/कानुन बनाउनु आवश्यक छ। सेवा प्रवाहलाई सुव्यवस्थित गर्न र कर्मचारीतन्त्रलाई सक्षम बनाउन विद्युतीय-सरकारको अवधारणाअनुसारका पहलहरू अपनाउनुपर्दछ। कतिपय अवस्थामा यस्ता बाध्यकारी व्यवस्थाले डिजिटल प्रविधिको प्रयोग गर्न नागरिकहरू अभ्यस्त हुँदै जान्छन्, क्षमता विकासका प्रयासहरू पनि समानान्तर रूपमा अगाडि बढ्दछ। उदाहरणका लागि लोकसेवा आयोगको अनलाइन सेवालाई लिन सकिन्छ।

(ख) डिजिटल विभाजन कम गर्ने र समावेशितालाई बढावा दिने रणनीतिहरू

(अ) इन्टरनेट जडान विस्तार

सबै नागरिकहरूको लागि डिजिटल सेवाहरूमा समान पहुँच सुनिश्चित गर्दै ग्रामीण र दुर्गम क्षेत्रहरूमा इन्टरनेट पूर्वाधार विस्तार गर्ने प्रयासहरूलाई प्राथमिकता दिनु आजको आवश्यकता हो। नेपाल दूरसञ्चार प्राधिकरणले यसमा काम गरिरहेको छ र नेपाल सरकारले विश्व बैंकको ऋण सहयोगमा यसमा थप लगानी गर्दै छ। यसमा सार्वजनिक-निजी साझेदारीमा नवीन प्रविधिहरूको लाभ उठाउने कार्यक्रमहरू समावेश गर्नुपर्दछ।

(आ) **डिजिटल साक्षरता कार्यक्रम**

डिजिटल प्लेटफर्महरू प्रभावकारी रूपमा प्रयोग गर्न आवश्यक सिपहरू प्रदान गरी नागरिकहरूलाई सशक्त बनाउन लक्षित डिजिटल साक्षरता कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। यसले डिजिटल सुशासन पहलहरूमा व्यापक सहभागितालाई सुनिश्चित गर्ने छ।

(इ) **स्थानीयकृत सामग्री र भाषाको प्रयोग**

यो सुनिश्चित गर्न जरुरी छ कि डिजिटल सेवा र सामग्रीहरू स्थानीय भाषाहरूमा उपलब्ध छन् साथै तिनले विविध समुदायहरूको अद्वितीय आवश्यकताहरू पूरा गर्दछन्, समावेशिता र पहुँचलाई बढावा दिन्छन्।

(ग) **साइबर सुरक्षा र डेटा सुरक्षा**

(अ) **साइबर सुरक्षा प्रारूप**

सम्भावित खतराहरूलाई सम्बोधन गर्ने र घटना प्रतिक्रिया र न्यूनीकरणका लागि प्रोटोकलहरू स्थापना गर्ने व्यापक साइबर सुरक्षा प्रारूपको विकास गर्न आवश्यक छ। सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति स्वीकृत गरेको छ। यस नीतिले आवश्यक कानुन, संस्थागत संरचनालगायतका कार्य गर्न मार्ग प्रशस्त गरेको छ। नीति कार्यान्वयनमा ढिलाई गर्नु हुँदैन। कार्यान्वयनका क्रममा समस्या देखिए नीति परिमार्जन गर्न पनि सकिन्छ।

डेटा सुरक्षा कायम राख्न सरकारी कर्मचारीहरूका लागि नियमित सुरक्षा लेखा परीक्षण र प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिराख्नु जरुरी छ।

(आ) **डेटा इन्क्रिप्सन र बेनामीकरण**

संवेदनशील डेटाको सुरक्षा गर्न इन्क्रिप्सन, रिसर्ज र एनालाइसिसका लागि वैयक्तिक विवरणहरूसमेतलाई अज्ञातीकरण गराई प्रयोग गर्न अनुमति दिनुपर्दछ। यसले निर्णय प्रक्रिया प्रमाणमा आधारित हुन सहयोग गर्छ। जस्तै कुनै ठाउँमा रोग फैलियो भने विरामीको व्यक्तिगत पहिचान नखुल्ने गरी समग्र तथ्याङ्क प्रशोधन गरी केही

महत्त्वपूर्ण सारांश निकाल्न सकिन्छ।

(घ) **डाटा सञ्चालित निर्णय र डेटा एनालिटिक्स प्रवर्धन**

(अ) **केन्द्रीकृत डेटा भण्डार**

केन्द्रीकृत डेटा भण्डार स्थापना गर्नुपर्दछ जसले विभिन्न सरकारी निकायहरूबाट डेटा एकीकृत गर्दछ। डेटा साझेदारी र विश्लेषणलाई सक्षम गराउँछ। यसले प्रमाणमा आधारित नीति निर्माण गर्न र कुशल स्रोत विनियोजनलाई मद्दत पुऱ्याउँछ।

(आ) **डेटा एनालिटिक्स प्रशिक्षण**

सरकारी संयन्त्रभित्रै डेटा एनालिटिक्स गर्न सक्ने क्षमता निर्माण गर्नु जरुरी छ। यसमा लगानी गर्नुपर्दछ। डेटा-सञ्चालित निर्णय लिनका लागि र सुशासनका लागि अन्तरदृष्टि प्राप्त गर्न यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ।

(ङ) **डिजिटल रूपान्तरणका चुनौती र अवरोधको सम्बोधन**

(अ) **परिवर्तन व्यवस्थापन र क्षमता निर्माण**

सरकारी निकायहरूभित्र परिवर्तनको प्रतिरोध गर्ने कार्यलाई सम्बोधन गर्नुपर्दछ साथै नवप्रवर्तनलाई प्रवर्धन गर्ने संस्कृति विकास गर्नु जरुरी छ। डिजिटल सुशासनलाई अँगाल्न आवश्यक पर्ने सिपहरूद्वारा कर्मचारीहरूलाई सुसज्जित गर्न प्रशिक्षण र क्षमता-निर्माण तथा विकास कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नुपर्दछ।

(आ) **बजेट विनियोजन**

सरकारी दक्षता र सेवा प्रवाह सुधार गर्न आवश्यक लगानीका क्षेत्रहरूको प्राथमिकता पहिचान गर्दै डिजिटल सुशासन पहलहरूको लागि बजेट विनियोजनमा प्रतिबद्ध हुनुपर्दछ। बिना बजेट डिजिटल सुशासन कल्पना गर्न सकिन्न।

(**च**) **अन्तर्राष्ट्रिय उत्तम अभ्यास र मानकहरूसँग तालमेल**

(अ) **विश्वव्यापी सहयोग**

सफल डिजिटल सुशासन मोडेलहरू भएका अन्य देशहरूसँग ज्ञान साझेदारी र सहकार्यमा संलग्न हुनुपर्दछ। उत्कृष्ट अभ्यासहरू अपनाउन र विश्वव्यापी मापदण्डहरूसँग तालमेल गर्न अन्तर्राष्ट्रिय मञ्चहरूमा सक्रिय सहभागिता आवश्यक पर्दछ।

(आ) **अन्तर्राष्ट्रिय सम्झौताको पालना**

डिजिटल सुशासन, डेटा सुरक्षा र वैयक्तिक डेटा गोपनीयता र साइबर सुरक्षासँग

सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौता र उत्तम अभ्यासहरूलाई हाम्रा नीति, कानुन तथा नियमन सम्बन्धी व्यवस्थामा नबाँझिने गरी व्यवस्था गर्नुपर्दछ। यसले प्रत्यक्ष वैदेशिक लगानीमा सकारात्मक असर गर्दछ।

(छ) **नेपालले सिक्ने पाठ र अवलम्बन गर्ने प्रक्रिया**

(अ) **सरलीकृत प्रयोगकर्ता इन्टरफेस**

सफल डिजिटल सुशासन पहलहरूले प्रयोगकर्ता-मैत्री इन्टरफेसहरूलाई प्राथमिकता दिन्छ। सबै स्तरका नागरिकहरूलाई सहज प्लेटफर्महरू डिजाइन गर्दै सीमित प्राविधिक सिपहरू भएका प्रयोगकर्ताहरूलाई समेत सहज पहुँच पुऱ्याउने र नागरिकले डिजिटल प्रविधि अपनाउने अवस्था सिर्जना गर्नुपर्दछ।

(आ) **सार्वजनिक–निजी साझेदारी**

सार्वजनिक र निजी क्षेत्रहरूबिचको सहकार्यले नवप्रवर्तन गर्न र डिजिटल सुशासन कार्यान्वयनलाई गति दिन सक्छ। संलग्न प्रविधि कम्पनीहरू र स्टार्टअपहरूले डिजिटल पहलहरूमा विशेषज्ञता र नयाँ दृष्टिकोण ल्याउन सक्छन्।

(इ) **सुरक्षित र लचिलो पूर्वाधार**

बलियो साइबर सुरक्षा उपायहरू निर्माण गर्न र डेटा सुरक्षा सुनिश्चित गर्न, प्रविधिमा सार्वजनिक विश्वास कायम राख्न र संवेदनशील जानकारी सुरक्षित गर्न आवश्यक छ। नेपालले सम्भावित खतराहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न उन्नत साइबर सुरक्षा ढाँचा भएका देशहरूबाट सिक्न सक्छ।

(ई) **सरोकारवाला संलग्नता**

योजनाको चरणदेखि कार्यान्वयनसम्म नागरिक, नागरिक समाज र अन्य सरोकारवालाहरूलाई संलग्न गराउँदा स्वामित्वको भावनालाई बढावा दिन्छ र डिजिटल सुशासन पहलहरूले नागरिकको वास्तविक आवश्यकताहरूलाई सम्बोधन गरेको छ भन्ने कुरा सुनिश्चित गर्दछ।

(उ) **अन्तरकार्यक्षमता र डेटा मानकीकरण**

डेटा मापदण्डहरू र अन्तरसञ्चालनका नियमहरू (प्रोटोकल) स्थापना गर्नु, निर्बाध डेटा साझेदारी र सरकारी निकायहरूबिच सहकार्यको लागि महत्त्वपूर्ण हुन्छ। यसले सरकारी निकायहरूबिच एकाङ्गी हिसाबले प्रविधि प्रयोग गर्ने परम्परालाई तोड्न र समग्र रूपमा एकीकृत सरकारको धारणाअनुसार निर्णय लिने सुविधा दिन सक्छ।

९. निष्कर्ष

नेपालको डिजिटल सुशासनको स्थिति, यसको कार्यान्वयनमा देखिएका चुनौतीहरू, सफल पहलका उत्कृष्ट अभ्यासहरू र डिजिटल सुशासन ढाँचालाई सुदृढ पार्ने भविष्यको मार्गचित्रमा केन्द्रित यस लेखमा हामीले डिजिटल सुशासनको अवधारणा र आधुनिक समाजमा यसको महत्त्वको खोजीसमेत गरेका छौं ।

नेपालको डिजिटल पूर्वाधार र विद्युतीय-सुशासन पहलहरूको परीक्षणले सेवा प्रवाह र पारदर्शिता प्रवर्धनमा उल्लेखनीय प्रगति देखाएको छ। यद्यपि, डिजिटल विभाजन, साइबर सुरक्षा खतराहरू, र डाटा गोपनीयता चिन्ताहरू चुनौतीका रूपमा देखापरेका छन्। डिजिटल सुशासनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न एकजुट प्रयासको आवश्यकता महसुस गरिएको छ।

नेपालको प्रगतिका लागि डिजिटल सुशासनको महत्त्वलाई जोड दिँदै डिजिटल सुशासन भनेको प्राविधिक विकास मात्र होइन; यो एक परिवर्तनकारी माध्यम हो जसले नेपालको प्रगतिलाई समावेशी, दक्ष र जवाफदेही सुशासनतर्फ अघि बढाउन सक्छ भन्ने यस लेखको निष्कर्ष हो । सेवा प्रवाहमा देखापरेका खाडलहरू कम गर्न, समावेशिता प्रवर्धन गर्न र नागरिक संलग्नता अभिवृद्धि गर्न प्रविधिको प्रयोग गरेर नेपालले अझ बढी नागरिक केन्द्रित, नागरिक निर्देशित र पारदर्शी सरकार स्थापना गर्न सक्छ ।

डिजिटल सुशासन पहलहरूको अवलम्बनले प्रशासनिक प्रक्रियाहरूलाई सुव्यवस्थित बनाउन, भ्रष्टाचार घटाउन र सेवा प्रवाहमा सुधार गर्न एवम् जीवनका विभिन्न क्षेत्रका नागरिकहरूलाई लाभान्वित गर्न सक्छ। तथ्याङ्क सञ्चालित निर्णय प्रक्रियाको उपयोगले प्रमाणमा-आधारित नीतिहरू, स्रोतको प्राथमिकीकरण र विनियोजन, तथा लक्षित हस्तक्षेपहरू गर्न मद्दत गर्दछ र सरकारी पहलहरूको समग्र प्रभावकारिता बढाउन सक्छ।

डिजिटल सुशासनको सफल कार्यान्वयनले नेपालको विकासका लागि धेरै अवसरहरू खोल्न सक्छ। माथि उल्लेख गरिएका चुनौतीहरूलाई सम्बोधन गर्दै विश्वव्यापी उदाहरणहरूबाट उत्कृष्ट अभ्यासहरू अपनाएर नेपालले डिजिटल सशक्त समाजतर्फको रूपान्तरणको यात्रा सुरु गर्न सक्छ।

यसबाहेक, डिजिटल सुशासनलाई अङ्गालेर नेपालले दिगो विकास लक्ष्यहरू (SDGs) प्राप्त गर्न र तिनको नियमित अनुगमन गर्न सकिने छ। यसले स्वास्थ्य सेवा, शिक्षा, गरिबी निवारण र वातावरण संरक्षण जस्ता क्षेत्रमा गर्नुपर्ने कार्यलाई गति

दिन सक्छ । डिजिटल समावेशी सुशासन प्रणालीले नागरिकहरूलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन, स्वामित्व र जवाफदेहिताको भावनालाई बढावा दिन सशक्त बनाउन सक्छ ।

निष्कर्षमा भन्नुपर्दा, डिजिटल सुशासन भनेको भविष्यको दृष्टिकोण मात्र होइन; यो नेपालका लागि अझ प्रभावकारी, पारदर्शी र नागरिक-केन्द्रित र निर्देशित सुशासन प्रणालीको प्रतिज्ञा गर्ने एउटा परिवर्तनकारी उपकरण हो । डिजिटल सुशासनलाई आत्मसात् गरी यसका चुनौतीहरूलाई रणनीतिक रूपमा सम्बोधन गरेर नेपालले समृद्ध र डिजिटल समावेशी भविष्यतर्फको बाटो तय गर्न सक्छ ।

सन्दर्भ सामग्री

1. E-GOVERNMENT MASTER PLAN Consulting Report 2006, https://nepalindata.com/media/resources/items/0/bE-Government_Master_plan_in_Nepal.pdf

2. E-Governance Master Plan (eGMP) (2015 - 2019 AD) (Draft) https://docplayer.net/64242691-E-governance-master-plan-egmp.html

3. Nepal: Information and Communications Technology (ICT) Development Project August 2021,Validation Report https://www.adb.org/sites/default/files/evaluation-document/726616/files/pvr-0106b_6.pdf

4. Sustainable Use of Technology for Public Sector Accountability in Nepal (SUSASAN) Baseline Summary Report (Draft) https://susasan.org/api/sites/default/files/doc_resources/Baseline%20Summary%20Report%202017.pdf

5. E-Government Development in Developing Countries: Emerging challenges, ICT policy and Legal Issues in Nepal https://www.pramanaresearch.

org/gallery/prj-p692.pdf

6. ICT TOOLS AND SERVICE DELIVERY: A CASE OF NEPALESE CIVIL SERVICE, https://www.researchgate.net/publication/338986653_ICT_TOOLS_AND_SERVICE_DELIVERY_A_CASE_OF_NEPALESE_CIVIL_SERVICE/link/ 5e36ee6e299bf1cdb9083236/download

7. Compendium of Innovative E-government Practices 2013 UNDESA, https://publicadministration.un.org/publications/content/PDFs/Compendium%20 Innovative%20EGovernment%20Practices%20 Vol%20V.pdf

8. DIGITALIZATION OF PUBLIC SERVICE DELIVERY IN ASIA FEBRUARY 2021, https://www.apo-tokyo.org/wp-content/uploads/2021/02/Digitalization-of-Public-Service-Delivery-in-Asia-final-1.pdf

9. Digitalization of government services November, 2018, https://www.adlittle.com/sites/default/files/viewpoints/adl_digitalisation_of_government_servicesmin.pdf

10. A DIGITAL STACK FOR TRANSFORMING SERVICE DELIVERY:ID, PAYMENTS, AND DATA SHARING FEBRUARY 22, 2022, https://documents1.

सुशासन प्रवर्धनमा नागरिक समाजको भूमिका

✍ विजयराज गौतम*

विगत लामो समयदेखि 'नागरिक समाज' शब्द राजनीतिक, प्रशासनिक र बौद्धिक क्षेत्रमा निकै लोकप्रिय बनेको छ। यसको इतिहास निकै पुरानो मानिन्छ। परम्परागत रूपमा दुवै शब्दहरू 'राज्य' र 'नागरिक समाज' एकअर्काका रूपमा प्रयोग गरिन्थ्यो र समानार्थी मानिन्थ्यो। नागरिक समाज एक समावेशी अवधारणा हो जुन राज्य बाहिरका धेरै संस्थाहरूको सम्बन्धमा उल्लेख गर्ने गरिएको छ। नागरिक समाजमा राज्यद्वारा नियन्त्रित नहुने सबै स्वैच्छिक संस्था र सामाजिक अन्तरक्रियाहरू समावेश हुन्छन्।

नागरिक समाजलाई गैरसरकारी संस्थाहरू भनेर बुझ्ने चलन छ। तर यसले मात्रै नागरिक समाजको चरित्र र विशेषतालाई परिभाषित गर्न मद्दत पुऱ्याउँदैन। त्यसैले यसको व्यापकताको पकिल्पना गरेको हुन्छ। नागरिक समाज कहिलेकाहीँ स्वतन्त्ररूपमा र धेरै जसो राज्यको ऐन कानुनद्वारा परिभाषित मूल्य र मान्यतामा आधारित भई आफ्ना उद्देश्य प्राप्तिका लागि क्रियाशील रहने गरेका उदाहरणहरू प्रशस्त पाइन्छन्। नागरिक समाजले समाजको विशाल क्षेत्रलाई समेट्छ। धार्मिक, आर्थिक, प्रशासनिक, संरचनागत सवालमा यिनीहरूले आवाज उठाइरहेको पाइन्छ। यसअन्तर्गत् राज्य (राजनीतिक समाज) र परिवार (प्राकृतिक समाज) बिचका समूहहरू आउँछन्। यसले स्वतन्त्रता, विचारको स्वतन्त्रता र अन्य नागरिक र आर्थिक अधिकारहरूको अस्तित्वलाई जनाउँछ र यस विषयमा क्रियाशीलता दर्शाइरहेको हुन्छ। मुख्यतया यसले जनताको जागरणमा विश्वास राख्छ र यसले

** कार्यकारी निर्देशक, इन्सेक*

राजनीतिक-प्रशासनिक मामिलामा नागरिकहरूको सहभागिताको बाटो खोल्छ। नागरिक समाज संस्थाहरूले स्वैच्छिक सदस्यताको प्रवर्धन गर्ने भएकाले यसको महत्त्व संसारभर नै रहने गरेको छ।

बेलायती विद्वान जोन केनले नागरिक समाजको वर्तमान सकारात्मक विचारलाई संक्षेपमा प्रस्तुत गर्दै भन्छन्- "नागरिक समाज स्वतन्त्रताको क्षेत्र हो, लोकतन्त्रको सही शर्त हो, यसको आधारभूत अवस्था हो भन्ने बढ्दो सहमति हो। यसले मूल्यमा जोड दिन्छ; नागरिक समाज नभएको राजनीतिक-कानुनी ढाँचाभित्र रहेर आफ्नो पहिचान, अधिकार र कर्तव्य छनोट गर्ने क्षमता नागरिकमा हुँदैन।"

नागरिक समाजको चरित्र र स्वभाव दुवै दृष्टिकोणमा स्वतन्त्र, निष्पक्ष, गैरराजनीतिक र मुनाफारहित हुनुपर्दछ। सामान्यतयाः नागरिक समाज भन्नाले दलीय अनुशासनमा नबाँधिएका स्वतन्त्र व्यक्तिहरू सङ्गठित भएको स्वार्थरहित समूहलाई बुझ्नुपर्ने हुन्छ भने यस्ता समूहहरू सामूहिक हितको क्षेत्रमा कार्यरत रहनुपर्ने मान्यता रहेको छ। विश्वव्यापी रूपमा नागरिक समाजलाई एकातिर राज्यको निगरानी गर्ने निकायको रूपमा बुझिन्छ भने अर्कोतिर राज्यलाई सही दिशामा दिशानिर्देश गर्ने सहयोगी समूहका रूपमा आत्मसात् गरिएको हुन्छ। नागरिक समाजले मुलुकमा जवाफदेहिता सुनिश्चित गर्न, पारदर्शिता कायम गर्न, नागरिकका अधिकार सुनिश्चित गर्न, विकासको वातावरण बनाउन, महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक अल्पसङ्ख्यक, विपन्न, अल्पसङ्ख्यक जस्ता सीमान्तकृत समुदायको राजनीतिक, आर्थिक तथा सामाजिक सशक्तिकरण गर्न र सांस्कृतिक रूपान्तरणका लागि उपयुक्त वातावरण तयार गर्न मद्दत गर्दछ।

नागरिक समाज लोकतान्त्रिक शासन पद्धतिमा मात्र चलायमान हुन सम्भव छ। नेपालमा बहुदलीय शासन पद्धतिको पुनःस्थापनासँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक संस्थाहरूका गतिविधिहरू सञ्चालन गर्ने वातावरण निर्माण भएको थियो। नागरिक समाज राज्यका निम्ति खबरदारी गर्ने मात्र नभई पहरेदारी गर्ने निकाय पनि हो। यसले राष्ट्र निर्माणका क्षेत्रमा अहम् भूमिका खेल्न सक्दछ। नागरिक समाजका गतिविधिहरू स्वतन्त्र रूपमा सञ्चालन हुनु भनेको आम नागरिकको आधारभूत मानव अधिकार सुनिश्चित हुनु पनि हो।

त्यसैले नागरिक समाजको उपस्थितिबिना राज्य सञ्चालनको परिकल्पना असम्भव हुने यथार्थलाई आत्मसात गर्दै संयुक्त राष्ट्र सङ्घलगायत प्रायः जसो लोकतान्त्रिक मुलुकले नीति निर्माणदेखि कार्यान्वयनको तहसम्म नागरिक समाजको अर्थपूर्ण सहभागितालाई अनिवार्य सर्तको रूपमा समावेश गरेको पाइन्छ। विशेषतः

विकसित मुलुकहरूलगायत अन्तर्राष्ट्रिय अन्तर्सरकारी निकाय, दातृ संस्था र वैदेशिक सहयोगमा पनि नागरिक समाजको उल्लेखनीय भूमिका, उनीहरूको अर्थपूर्ण सहभागिता एवम् नागरिक समाजसँग सम्बन्धित संस्थाहरूको कार्यगत स्वतन्त्रताको विषयलाई महत्त्वपूर्ण सर्तका रूपमा समावेश गरेको पाइन्छ। साथै, हाम्रो परिवेशमा पनि राज्यको नीतिगत तहमा नागरिक समाजको सहभागितालाई स्वीकार गरिएको छ र साङ्केतिक रूपमा भए पनि उनीहरूको उपस्थिति अनिवार्य ठानिएको छ। तर, नागरिक समाजको प्रभावकारी उपस्थिति, अर्थपूर्ण सहभागिता र प्रभावकारी भूमिकाका लागि लामो यात्रा गर्नुपर्ने परिस्थिति छ।

नेपालमा नागरिक समाजको संस्थागत विकास र विस्तार २०४६ सालको जनआन्दोलन र यसबाट स्थापित बहुदलीय शासन व्यवस्था पछि भएको मान्न सकिन्छ। नेपाल अधिराज्यको संविधान, २०४७ ले अभिव्यक्ति स्वतन्त्रताको हक, सङ्गठित हुन पाउने हकलगायत लोकतान्त्रिक पद्धतिमा आधारभूत मानिने सबैजसो मौलिक हकको सुनिश्चितता गरेपछि गैरसरकारी संस्थाको रूपमा नागरिक समाजका संस्थाहरूको स्थापना तीव्रतर ढङ्गले हुन थालेको पाइन्छ। तथापि सङ्घ संस्था गठनका लागि पञ्चायतकालमा जारी भएको संस्था दर्ता ऐन, २०३४ विद्यमान रहेको र सोही ऐनले निर्देश गरेअनुसार गृह मन्त्रालयअन्तर्गत रहेको जिल्ला प्रशासन कार्यालले नागरिक अधिकार र स्वतन्त्रतासँग सम्बन्धित संस्थाहरूलाई दर्ता गर्ने र नियमन गर्ने गरिएको थियो, जुन हाल पनि कायम छ। यसको नियामक निकायका रूपमा समाज कल्याण परिषद् तथा हाल आएर स्थानीय तहसमेतले नागरिक संस्थाको नियमन गर्दै आएका छन्। विभिन्न नियम तथा कानुनी प्रावधान, सक्रियतामा लगामजस्ता विषयले नागरिक समाजको सक्रियतामा लगाम लगाउन खोजिएको हो कि भन्ने चर्चा पनि हुने गरेको छ। तर, दक्षिण एशियाका मुलुकहरूमा नागरिक समाज संस्थाका गतिविधिमा राज्यका निकायबाट भइरहेका अवरोधको तुलनामा नेपाल तुलनात्मक रूपमा खुला रहेको देखिन्छ। विचारको स्वतन्त्रता, संगठनको खुलापनजस्ता विषयमा हामी धेरै अगाडि छौँ।

नागरिक संस्था संविधानको उद्देश्य र मर्म कार्यान्वयन गर्न, गराउन र जनताको अधिकार र जीवनस्तर उकास्नका लागि सहयोगी मात्र नभई जरुरी संस्था हुन्। नागरिक तहमा सङ्घसंस्था गठन गर्न पाउने स्वतन्त्रता नेपाल अधिराज्यको संविधान, २०४७ ले सुनिश्चित गरे पनि राजनीतिक विचारको पक्षपोषणका अलावा समाजमा घृणा-द्वेष फैलाउन सक्ने, सामाजिक सद्भावमा खलल पुऱ्याउने, र राष्ट्रियता तथा सार्वभौमसत्तामा आँच पुऱ्याउने खालका संस्थाहरूको गठनमा

निषेध गरेको छ। तर, देशको कानुनले बर्जित गरेका कार्यमा सक्रिय हुनसक्ने बाहेक अन्य सबै प्रकारका कार्यहरू- शिक्षा, स्वास्थ्य, गरीबी निवारण, वातावरण, खानेपानी, सरसफाइका अलावा मानव अधिकारदेखि सामाजिक विकास तथा उत्थान, आर्थिक सशक्तिकरणदेखि आयआर्जनसम्मका क्षेत्रमा सक्रिय हुनसक्ने सबै खालका संस्थाहरू स्थापना भएको पाइन्छ। यसले मूलतः नागरिकका आधारभूत अधिकार सुनिश्चित गर्न सहयोग पुऱ्याएको छ भने देशको पुनर्स्थापित प्रजातन्त्रको संस्थागत विकास र मानव अधिकारको बहालीमा टेवा पुऱ्याएको छ। त्यसैले नेपालमा नागरिक समाजको विकासक्रमका सन्दर्भमा सन् १९९० को दशकलाई स्वर्णिम कालका रूपमा लिइन्छ।

नेपालमा नागरिक समाजले राजनीतिक परिवर्तनदेखि सामाजिक रूपान्तरण र आर्थिक सशक्तिकरणमा उल्लेखनीय भूमिका खेलेको छ। मूलतः सिमान्तकृत समुदायको अधिकारको सुनिश्चिततालगायत उनीहरूको सशक्तिकरण, उत्थान र आत्मनिर्भरताका क्षेत्रमा कार्यरत नागरिक समाजका संस्थाहरूले राज्यका सेवालाई प्रभावकारी बनाउन ठुलो योगदान पुऱ्याएका छन्। यस्ता सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता र नीति निर्माण तहमा उल्लेखनीय सहभागिताको सुनिश्चितताका लागि कानुनी आधारहरूको निर्माण र यसको संस्थागत विकासमा पनि महत्त्वपूर्ण भूमिका रहेको छ। यस्ता संस्थाहरूले दबाबमूलक मात्र नभई चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, विद्यमान नीतिहरूको कार्यान्वयन गर्ने र सशक्तिकरणको सवाललाई राज्यको मूलधारमा ल्याउन मद्दत पुऱ्याउने गरेका छन्। यस अर्थमा मुलुकमा बहुदलीय शासन व्यवस्थाको पुर्नबहाली पश्चातको सन् १९९० को दशकमा नागरिक आन्दोलन, अधिकार केन्द्रित अभियान र सशक्तिरणको सार्वजनिक बहस एवम् पैरवीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता पाउन थालेको पाइन्छ। यसले मुलुकको लोकतन्त्र, कानुनी शासन र मानव अधिकारप्रतिको प्रतिबद्धतालाई अन्तर्राष्ट्रिय तहमा स्थापित गर्न मद्दत पुऱ्याएको थियो भने देशमा जवाफदेही, जिम्मेवार र पारदर्शी शासन प्रणाली स्थापनामा पनि सहयोग पुऱ्याएको छ।

नागरिक समाज स्वतन्त्र र निष्पक्ष हुनुपर्दछ। यसको भूमिका राज्यलाई जवाफदेही, जिम्मेवार र पारदर्शी बनाउने हुनुपर्दछ। नागरिक समाजले समानान्तर रूपमा राज्यलाई खबरदारी र सहयोग गर्नुपर्दछ भने नागरिकलाई जिम्मेवार बनाउन पनि अभिप्रेरित गर्नुपर्छ। पछिल्लो चरणमा नागरिक समाजका सङ्घ-संस्थाहरूमा दलीय छायाँ देखा पर्न थालेको चर्चा पनि हुने गरेको छ। नागरिक समाजका व्यक्ति तथा संस्थाहरूमा कुनै दलसँगको आस्था, विचार र दृष्टिकोण प्रत्यक्ष रूपमा प्रतिबिम्बित

हुनु हुँदैन भन्ने मान्यता रहेको छ। नागरिक संघ संस्थाका गतिविधिहरूमा दलीय प्रभाव देखिनु राम्रो होइन। २०६२-०६३ सालको आन्दोलनमा मतदान प्रक्रियामा सहभागी हुनु मौलिक हक भए पनि नागरिक सङ्घ-संस्थाहरूले आफ्ना कार्यहरूमा निष्पक्षता कायम गर्न सक्नुपर्दछ र दलीयकरण हुनबाट जोगाउनुपर्दछ। तर, उनीहरूका गतिविधिहरूमा दलीय प्रतिछायाँ देखापरेको अवस्थामा नागरिक समाजका गतिविधिहरूमा प्रश्नचिन्ह उठ्न सक्तछ भने उनीहरूको विश्वसनीयता सङ्कटमा पर्दछ।

नेपालको नागरिक समाजले मुलुकमा लोकतन्त्रको स्थापना, सामाजिक न्यायको सुनिश्चितता, कानुनी शासनको बहाली र मानव अधिकारको प्रवर्धनमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। यसर्थ, नागरिक समाजका गतिविधिहरू पूर्णतः गैरदलीय चरित्रको हुनुपर्दछ र समाजलाई सकारात्मक दिशामा सक्रिय हुने आधार स्तम्भ तयार गर्नुपर्दछ। राज्यलाई जवाफदेही बनाउन सक्रिय यस्ता संस्थाहरू स्वयम्मा पनि जवाफदेही हुनुपर्दछ। यसको मतलब नागरिक समाजमा सक्रिय व्यक्ति तथा संस्थाहरू पनि राज्यको जिम्मेवार निकाय हुन्। यसको भूमिका राज्यको नीति निर्माणदेखि निर्णय तहमा अनिवार्य सहभागितासँगै यस्ता नीति-निर्णयहरूको कार्यान्वयनमा पनि सकारात्मक भूमिका हुनुपर्दछ। यसले मुलुकलाई समृद्ध बनाउन, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्न सहयोग पुऱ्याउनुका साथै सर्वसाधारण नागरिकका मानव अधिकार र नागरिक स्वतन्त्रताहरूको प्रत्याभूत गराउन मद्दत गर्ने छ।

राजनीति, सुशासन र सामाजिक विकासको क्षेत्रमा सुशासन र नागरिक समाज दुई आवश्यक अवधारणा हुन्। नागरिक समाजले समाजको हित र प्रगतिका लागि महत्त्वपूर्ण भूमिका खेल्छन्। लोकतान्त्रिक शासन व्यवस्थामा सुशासनको ठुलो महत्त्व हुन्छ। पारदर्शिता, भ्रष्टाचारमुक्त प्रशासन, जनताको पहुँच, राज्यको जवाफदेहिता, सूचनाको हकजस्ता विषय सुशासनका मापक हुन्। यिनीहरूको भरपर्दो उपयोगका लागि नागरिक समाजले निरन्तर आवाज उठाउने गरेको पाइन्छ।

सुशासनको कुरा गर्दा निर्णय प्रक्रिया र नीति निर्माणमा नागरिकहरूको सक्रिय संलग्नतालाई प्रोत्साहन गरिएको छ कि छैन भन्ने कुरालाई ध्यानमा राखिन्छ। कानुनको सर्वोच्चता कायम राख्न र कानुनी प्रबन्धहरू निष्पक्ष, न्यायपूर्ण र न्यायोचित रूपमा लागु भएका छन् कि छैनन् भन्ने कुरालाई सुनिश्चित गरिनुपर्छ। निर्णय प्रक्रियाका बारेमा जान्न पाउने, यस्ता प्रक्रियामा जनताको पहुँच अभिवृद्धि गर्ने कुरालाई ध्यान दिइएको हुन्छ। सार्वजनिक अधिकारीहरू र सार्वजनिक संस्थाहरूलाई तिनीहरूको

कार्य र निर्णयहरूको लागि जिम्मेवार बनाउने विषय सुशासनको महत्त्वपूर्ण पाटो हो। राज्यका निर्णयहरूप्रतिको जवाफदेहिता सार्वजनिक पदाधिकारीहरूमा हुनु जरुरी मानिन्छ।

सुशासन र नागरिक समाजबिचको सम्बन्ध घनिष्ट रूपमा गाँसिएको हुन्छ। एक जीवन्त नागरिक समाजले सरकारहरूलाई जवाफदेही बनाएर, नीति परिवर्तनको वकालत गरेर, पारदर्शिता र नागरिक संलग्नताको वातावरण बनाएर सुशासनको प्रवर्धनमा योगदान दिन सक्छ। अर्कोतर्फ, सुशासनले नागरिक समाजलाई फस्टाउन र समाजको विकास र सुधारमा प्रभावकारी रूपमा योगदान गर्न सक्षम वातावरण प्रदान गर्दछ। सुशासन र नागरिक समाज राम्रोसँग काम गर्ने लोकतान्त्रिक समाजका अभिन्न अङ्ग हुन्। सक्रिय नागरिक समाजले सामाजिक प्रगति, आर्थिक विकास र मानव अधिकारको संरक्षणमा योगदान दिन सक्छ।

साइबर सुरक्षा र डाटा संरक्षण : विद्यमान अवस्था र भावी कार्यदिशा

✍ ई. नारायण तिमिल्सिना*

आलेखसार

वैश्विक रुपमा नै सूचना प्रविधिको विकास र विस्तार तीब्र गतिमा भइरहेको छ। सारा संसार नै प्रविधिको माध्यमबाट एउटा सञ्जालमा बाँधिएको हालको अवस्थामा सूचना प्रविधिको सदुपयोगमार्फत विश्वका अधिकतम मुलुकले अभूतपूर्व प्रगति हासिल गरेका छन्। यद्यपि सिक्काका दुई पाटा भने जस्तै यसका पनि सकारात्मक र नकारात्मक पक्ष रहेका छन्। सूचना प्रविधिको माध्यमबाट विभिन्न किसिमका गलत क्रियाकलापसमेत उत्तिकै हुने गरेको पाइन्छ। व्यक्ति र संस्थाहरूका गोप्य एवम् संवेदनशील विवरणहरू अनलाइनमा रहने हुँदा त्यसको सुरक्षण र संरक्षणमा पर्याप्त ध्यान जानुपर्ने देखिन्छ। नेपालमा पनि सूचना प्रविधि सम्बन्धी प्रणाली, यन्त्र, सञ्जाल र औजारहरूको प्रयोगमा व्यापकता आएको पछिल्लो परिवेशमा साइबर स्पेसमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न साइबर सुरक्षाका लागि प्रभावकारी रणनीति तथा कार्ययोजनाहरू निर्माण गर्नुपर्ने हुन्छ। त्यो सँगसँगै साइबर स्पेसमा रहेका डाटाहरूको गोपनीयता र संरक्षणका लागि समेत थप गृहकार्य आवश्यक छ। यस आलेखमा विभिन्न अध्ययन, अनुसन्धानमूलक लेख र अन्तर्राष्ट्रिय अभ्यासहरूलाई पुनरवलोकन गरी नेपालको साइबर सुरक्षा र डाटा संरक्षणमा हालसम्मको अवस्था र अब अवलम्बन गर्नुपर्ने दिशाका सम्बन्धमा चर्चा गरिएको छ।

** उपसचिव (प्रा.), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*

पृष्ठभूमिः

सूचना प्रविधिको निरन्तर विकास, विस्तार र बढ्दो प्रयोगसँगै पारदर्शी, छिटोछरितो, प्रभावकारी सेवा तथा सूचना प्रवाहमार्फत सुशासनको प्रत्याभूति तथा सार्वजनिक व्यवस्थापनमा प्रभावकारिताको अपेक्षा राज्यको रहन्छ। सूचना प्रविधिको गतिशीलतासँगै भएको तीब्र विकासले सकारात्मक असर एवम् अवसरहरूको सिर्जना गरेको भएता पनि सँगसँगै चुनौती तथा जोखिमसमेत बढ्दै गएको पाइन्छ। राज्य व्यवस्थाको सञ्चालन, विकासको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा जनताका दैनिक क्रियाकलापहरू सूचना प्रविधिमा निर्भर हुँदै गइरहेको अवस्थामा साइबर सुरक्षा र डाटा संरक्षणका विषयमा आवाज उठ्नु सान्दर्भिक नै छ। सूचना प्रविधि प्रणालीलाई थप भरपर्दो र सुरक्षित बनाई यसको प्रयोगमार्फत हुने सेवा प्रवाहमाथि जनताको विश्वास बढाउन आवश्यक देखिएको छ। दिनानुदिन बढ्दै गइरहेको साइबर सुरक्षाका घटनाहरू, संवेदनशील प्रणालीहरूमाथिको अनाधिकृत पहुँच, व्यतिगत एवम् संस्थागत डाटा दुरुपयोगका विषयलाई प्रभावकारी रुपमा नियमन तथा व्यवस्थापन गर्नतर्फ अग्रसर हुनु आजको आवश्यकता हो।

साइबर सुरक्षा र डाटा संरक्षणः अवधारणा

साइबर सुरक्षा भन्नाले प्रणाली, पूर्वाधार र तथ्याङ्कमा हुनसक्ने डिजिटल जोखिम तथा सूचना प्रविधिको गलत अभ्यासबाट हुनसक्ने जोखिमलाई नियन्त्रण गर्ने, सोलाई न्यूनीकरण गर्ने अभ्यास हो। साइबर स्पेसमा रहेका कम्प्युटर, नेटवर्क, डाटालगायतका पूर्वाधारहरूको सुरक्षामा व्यक्ति, प्रक्रिया र प्रविधिहरूको महत्त्वपूर्ण भूमिका रहने गर्छ। साइबर सुरक्षाका प्रमुख तीन तत्त्वहरू Confidentiality, Integrity र Availability मध्ये कुनै एकमा कमजोरी हुन गएमा साइबर सुरक्षामा चुनौती आउन सक्छ। सूचना प्रविधिमा भएको विकास र विस्तारले साइबर सुरक्षाको प्रभावकारी व्यवस्थापनलाई चुनौतीपूर्ण बनाएको छ। सन् १९८८ मा इन्टरनेटको आकार मापन गर्ने उद्देश्यले कोरनेल विश्वविद्यालयका विद्यार्थीले तयार पारेको प्रोगामले Distributed Denial of Service को रुप लिएको घटनालाई पहिलो साइबर आक्रमणको रुपमा लिने गरिन्छ। सूचना प्रविधिको महत्त्वपूर्ण आयामको रुपमा रहेको साइबर सुरक्षा बृहत् विषय हो। साइबर सुरक्षालाई सूचना प्रविधि प्रणाली र पूर्वाधारहरूको सुरक्षासँग मात्र नभई राष्ट्रिय सुरक्षासँग जोडेर हेर्नुपर्ने पछिल्लो समय भएका घटनाक्रमहरूले दर्शाउँछ।

व्यक्ति र संस्थाका डाटाहरूको गोपनीयता कायम गरी सोको समुचित प्रयोगलाई अभ्यासमा ल्याउने अवधारणा नै डाटा संरक्षण हो। आज कुनै प्रयोजनको लागि

उपलब्ध गराइएको डाटा भोलि कसैले दुरुपयोग गर्न सक्ने जोखिम रहन्छ । विश्वभर नै डेटा दुरुपयोगका ठुलाठुला घातक परिणामहरू देखापरेका छन् । सन् २०२१ को फेब्रुअरीमा फ्लोरिडा राज्यको एक खानेपानी संस्थानको पानी शुद्ध गर्ने प्रणाली ह्याकिङ भएको घटना र सन् २०१७ मा पिएलएमा कार्यरत चाइनिज ह्याकरहरूले संयुक्त राज्य अमेरिकाको 'इक्वी फ्याक्स' नामक संस्थाबाट करीब साढे चौध करोड नागरिकको व्यक्तिगत डाटा चोरी गरेको आरोपका घटनाले डाटा संरक्षणलाई प्राथमिकतामा राखी हेरिनुपर्ने महसुस गराएको छ। डाटाको संरक्षणका सवालमा निम्नानुसारका विषयहरू चर्चामा आउने गरेको पाइन्छः

- व्यक्तिको आफ्नो डाटामा रहने अधिकार र नियन्त्रण,
- व्यक्तिगत डाटाको कानुनी प्रयोगमा प्रयोगकर्ताले पालना गर्नुपर्ने सिद्धान्त र नियमहरू,
- डाटा प्रयोगमा पारदर्शिता, स्वच्छता एवम् कानुनी वैधता,
- अत्यावश्यक डाटाहरूको मात्र संकलन एवम् प्रशोधन,
- उद्देश्य एवम् क्षेत्राधिकारभन्दा बढी व्यक्तिगत डाटाको संकलन एवम् प्रशोधनमा रोक,
- निश्चित समय र उद्देश्यका लागि मात्र व्यक्तिगत डाटाको भण्डारण,
- संकलनकर्ताको जवाफदेहिता,
- व्यक्तिगत डाटाको साइबर आक्रमण र डाटा चोरीबाट सुरक्षण ।

नेपालको सन्दर्भमा साइबर सुरक्षा र डाटा संरक्षण

नेपालमा पहिलो पटक सन् १९७१ मा कम्प्युटरको प्रयोग हुन थालेको हो भने सन् १९९४ को आसपास मर्कन्टाइल कम्युनिकेसन्सले इन्टरनेटको सेवा प्रदान गर्न थालेपछि सूचना प्रविधिको प्रयोगमा बढोत्तरी हुन थालेको हो । अन्य देशमा जस्तै नेपालमा पनि इन्टरनेटको प्रयोगसँगै सूचना प्रविधिमा आधारित अपराधहरूमा वृद्धि भई थप चुनौतीहरू सिर्जना भएका छन् ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना प्रविधिको प्रयोगमा सुरक्षा एवम् विश्वासको प्रत्याभूति गरिने, साइबर अपराधको रोकथाम तथा अभियोजन प्रणालीको विकास गरिने, साइबर आक्रमण पहिचान, रोकथाम, प्रतिरक्षालगायतका आयामहरूलाई सम्बोधन गर्ने कुरामा जोड दिइएको छ। आवद्यिक योजनाहरूमा समेत साइबर सुरक्षाका विषयलाई जोड दिइएको छ। यस्तै, हालै जारी भएको सोह्रौं

योजनाको अवधारणा पत्रले भरपर्दो एवम् सुरक्षित र धान्न सकिने आधुनिक सूचना प्रविधिको विकास तथा प्रयोगमा सुरक्षाको परिकल्पना गरेको छ।

सूचना प्रविधिको बढ्दो प्रयोगसँगै देखापरेका सुरक्षा चुनौतीहरू र अपराधहरूलाई समेत नियमन र नियन्त्रण गर्न आवश्यक हुन्छ। नेपाल सरकारले वि.सं. २०६३ मा विद्युतीय कारोबार ऐन, २०६३ जारी गरेपश्चात भने नेपालमा औपचारिक रुपमा साइबरसम्बन्धी कानुन कार्यान्वयनमा आएको हो। कतिपयबाट यो बैंकिङ कारोबारसँग मात्र सम्बन्धित रहेको तर्क पेस गर्ने गरेको भएता पनि यस ऐनमा प्रयोग भएको शब्द 'कारोबार'ले आर्थिक कारोबार मात्र नभई 'सूचनाको आदानप्रदान'लाई जनाउन खोजेको भन्ने व्याख्या गर्ने गरिएको छ। प्रतिलिपि अधिकार ऐन, २०५९ पनि विषेशगरी कम्प्युटर प्रोग्रामको प्रतिलिपि अधिकार संरक्षण गर्ने सवालमा सान्दर्भिक रहेको छ। त्यसै गरी विद्युतीय माध्यमबाट हुने बैंकिङ सम्बन्धी गलत क्रियाकलापलाई बैंकिङ कसूर तथा सजाय सम्बन्धी ऐन, २०६४ ले समेट्ने गरेको छ। त्यसै गरी, मुलुकी अपराध संहिता, २०७४ र मुलुकी देवानी संहिता, २०७४ पनि केही हदसम्म साइबर कानुनको रुपमा रहेको भन्न सकिन्छ। खासगरी, यी संहिताहरूले साइबर स्पेसमा हुने गाली बेइज्जती, गोपनीयता, अश्लील प्रकाशन सम्बन्धी विषयलाई केही हदसम्म सम्बोधन गर्दछन्। सरकारले हालै मात्र साइबर सुरक्षा नीति, २०८० स्वीकृत गरेको छ। यी सबै व्यवस्थाहरूको बावजुत साइबर सुरक्षाको कानुनी सवालमा अझै केही अस्पष्टता एवम् अपर्याप्तता रहेको पाइन्छ।

सरकारले विभिन्न सेवा तथा प्रयोजनको नाममा नागरिकको डाटा संकलन गरिरहेको हुन्छ। तर यो डाटा कहाँ बस्छ, कसकसको पहुँचमा हुन्छ, कसरी सेयर हुन्छ र कहिले नष्ट हुन्छ भन्ने विषयहरूको कानुनी आधार छैन। यसरी संकलन भएका डाटाहरूको दुरुपयोग हुनसक्ने जोखिम रहन्छ। विद्यमान कानुनहरूले डाटा संरक्षणका विभिन्न पाटालाई छुन सकेको देखिँदैन। गोपनीयता सम्बन्धी ऐन मुख्यतः सूचनाको हक सम्बन्धी अधिकारलाई नियमन गर्न ल्याइएको हो। त्यसैले, यो कानुनको मुख्य ध्यान डिजिटल संसारमा भएको डेटाको संरक्षणभन्दा पनि सूचनाको संकलन, सुरक्षा र प्रयोग कसरी गर्न सकिन्छ भन्नेमा रहेको पाइन्छ। डाटा संकलन गरेपछि संकलनकर्ताले परिपालना गर्नुपर्ने नीति नियमबारे त्यति चासो दिएको पाइँदैन। डाटाहरूको संरक्षणका लागि छुट्टै कानुन बनाउनुपर्ने आवाज उठ्ने गरेको समेत पाइन्छ।

साइबर सुरक्षासँग सम्बन्धित कार्यहरू सम्पादन गर्न विभिन्न निकायहरू अग्रसर रहेको पाइन्छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले साइबर

सुरक्षा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्षेत्रमा पर्ने उल्लेख गरेको पाइन्छ। यसका अलावा गृह मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय सूचना प्रविधि केन्द्र, राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह, साइबर ब्युरोलगायत विभिन्न निकायहरूबाट साइबर सुरक्षाका कार्यहरू हुँदै आएको पाइन्छ। साथै नेपाल सरकारले हालै जारी गरेको साइबर सुरक्षा नीति, २०८० मा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, साइबर सुरक्षाको अनुगमन र प्रतिकार्य गर्न सक्षम र बलियो संरचना राष्ट्रिय साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याउने, साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, दक्ष जनशक्तिको विकास गर्ने, देशभित्र र बाहिर रहेका सरोकारवालाहरूबिच समन्वय र सहकार्य गर्ने र तथ्याङ्क सुरक्षाका लागि आवश्यक प्रबन्ध गर्नेलगायतका प्रावधानहरू समावेश गरिएको छ।

हाल निजामती सेवा ऐनअन्तर्गत विविध सेवामा रहेका सूचना प्रविधि निर्देशक, कम्प्युटर इन्जिनियर, कम्प्युटर अधिकृत, कम्प्युटर टेक्निसियनलगायतका सूचना प्रविधि जनशक्तिको पदको विशिष्टता नभएको हुँदा सरकारी निकायका प्रणाली, पूर्वाधार र तथ्याङ्कहरूको संरक्षणको कार्य सम्पादन गर्न दक्ष प्राविधिक जनशक्तिको उपलब्धता हुने अवस्था छैन। फलस्वरुप हाल विभिन्न निकायहरूबाट आआफ्नै तरिकाले परामर्श सेवामार्फत सूचना प्रविधि सम्बन्धी सेवा लिने गरिएको हुँदा सरकारी निकायका सूचना र तथ्याङ्कहरूको गोपनीयता, दीर्घकालिन स्थिरता एवम् स्रोत साधनको उच्चतम प्रयोग नहुँदा उचित प्रतिफल प्राप्त हुन नसकेको अवस्था छ। निजी क्षेत्रमा समेत साइबर सुरक्षामा काम गर्ने थोरैमात्र दक्ष जनशक्तिहरू उपलब्ध रहेको पाइन्छ। पछिल्लो समयमा केही स्टार्टअपहरूले साइबर सुरक्षा सम्बन्धी कार्यलाई व्यावसायिक रुपमा अघि बढाउन प्रयास भएको भएता पनि पर्याप्त भने छैन।

अन्तर्राष्ट्रिय कानुन र अभ्यास

साइबर सुरक्षा र डाटा संरक्षणको सम्बन्धमा विभिन्न मुलुक तथा संघसंस्थाहरूबाट सन्धि, सम्झौता, ऐन नियम, निर्देशिका, मापदण्ड आदि जारी गरिएको पाइन्छ। साइबर अपराध सम्बन्धी राष्ट्रिय कानुनहरूबिच तालमेल मिलाउने, साइबर अपराधको न्यूनीकरणको लागि अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धि गर्ने र प्रविधिमा सुधार गर्ने मूल ध्येयका साथ सन् २००४ देखि लागु भएको Budapest Convention on Cyber Crime यस क्षेत्रको पहिलो अन्तर्राष्ट्रिय सम्झौता रहेको छ। यसका अलावा विभिन्न क्षेत्रीय संगठनहरूले साइबर सुरक्षा र व्यक्तिगत डाटा संरक्षणको लागि महासन्धिहरू जारी गरेको पाइन्छ। उदाहरणको रुपमा सन्

२०१४ मा ईलेक्ट्रोनिक लेनदेन, व्यक्तिगत डाटा संरक्षण, साइबर अपराधको नियन्त्रण र साइबर सुरक्षाको प्रवर्धन गर्नका लागि African Union Convention on Cyber Security and Personal Data Protection जारी भएको पाइन्छ। त्यस्तै साइबर आक्रमण र साइबर अपरेसनको बखत आकर्षित हुने आन्तर्राष्ट्रिय कानुन र यसको प्रयोगका सम्बन्धमा NATO Cooperative Cyber Defense Centre of Excellence बाट तयार गरी सन् २०१३ मा क्याम्ब्रिज विश्वविद्यालय प्रेसद्वारा प्रकाशित Tallinn manual उपयोगी मार्गदर्शनको रुपमा रहेको पाइन्छ। युरोपेली संघबाट सन् २०१६ मा अनुमोदन भई सन् २०१८ बाट लागु भएको General Data Protection Regulation (GDPR) व्यक्तिगत डाटा गोपनीयताको लागि तयार पारिएको एकीकृत कानुन हो जसलाई डाटा संकलक र प्रयोगकर्ताले मान्नुपर्ने केही सिद्धान्त, दायित्त्व तथा प्रयोगकर्ताको अधिकार युरोपमा स्थापित गर्ने उद्देश्यसहित कार्यान्वयनमा ल्याइएको पाइन्छ। यो रेगुलेसनअन्तर्गत डाटा संकलकले डाटाको कानुनसम्मत प्रयोग, अत्याश्यक डाटाको मात्र संकलन, निश्चित समयकालागि मात्र डाटाको भण्डारणलगायतका सिद्धान्त पालना गर्नुपर्ने हुन्छ। संकलित डाटाको प्रयोग, यस्तो डाटाको प्राप्ति, गलत डाटालाई सच्याउने माग वा डाटा पुरै हटाउन गर्नसक्ने अनुरोध र परेको खण्डमा क्षतिपूर्तिसमेत माग्ने अधिकार यस कानुनले प्रयोगकर्तालाई दिएको छ। विगत पाँच वर्षको अवधिमा यस रेगुलेसनको कार्यान्वयनको अनुभवबाट नियामक फ्रेमवर्क जटिल रहेको, नियमहरू जटिल र कडा हुँदा पालना गर्न जटिल भएको, अन्य कानुनहरूसँग बाझिने अवस्था रहेको र मौजुदा संरचनाहरूमा व्यापक परिवर्तन माग हुने हुँदा खर्चिलोसमेत रहेका जस्ता समस्या एवम् चुनौतीहरू देखापरेका छन्। यसका अतिरिक्त EU Cyber security Act, EU NIS Directive, Paris call for trust and security in cyberspace लागायत विभिन्न कानुन तथा मापदण्डमार्फत साइबर सुरक्षा र डाटा संरक्षणको नियमन तथा व्यवस्थापन भएको पाइन्छ।

अन्तर्राष्ट्रिय अभ्यासको सवालमा संयुक्त राज्य अमेरिकाले नवप्रवर्तन एवम् औद्योगिक प्रतिस्पर्धाको कार्यमा संलग्न निकाय National Institute of Science and Technology (NIST) बाट तयार भएको Cybersecurity Framework तयार गरी प्रयोगमा ल्याएको पाइन्छ। संघीय निकायहरूमा सुरक्षा नीति कार्यान्वयनका लागि Federal Information Security Management Act (FISMA) अभ्यासमा रहेको पाइन्छ भने संवेदनशील पूर्वाधार संरक्षणको लागि Cyber security and Infrastructure Security Agency

(CISA) को पहलकदमी प्रयोगमा रहेको छ। सन् २०१५ मा ल्याइएको साइबर सुरक्षा ऐनले सरकारी र निजी क्षेत्रको बिच सूचनाको आदानप्रदानलाई सहजीकरण गरेको पाइन्छ। अन्य अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्ने हो भने संयुक्त अधिराज्य (United Kingdom) ले National Cyber Security Strategy तयार गरी साइबर सुरक्षाका चुनौतीको सामना गरेको पाइन्छ भने व्यक्तिगत डाटाको सुरक्षा र संरक्षणको लागि Data Protection Act 2018 समेत अभ्यासमा ल्याएको देखिन्छ। त्यस्तै सिंगापुरले साइबर सेक्युरिटी ऐनमार्फत कानुनी संयन्त्रको व्यवस्था, साइबर सेक्युरिटी रणनीतिमार्फत सुरक्षित र चुस्त साइबर वातावरणको आधारशिला निर्माण र साइबर सेक्युरिटी एजेन्सीमार्फत राष्ट्रिय साइबर सुरक्षाका गतिविधि सञ्चालन गरेको पाइन्छ।

साइबर सुरक्षा र डाटा संरक्षणका चुनौती र समस्या

प्रभावकारी कानुनी व्यवस्था तथा संस्थागत संरचना नहुनु, पूर्वाधारको कमी हुनु, दक्ष जनशक्तिको कमी हुनु, सचेतनाको कमी हुनु र आन्तरिक तथा बाह्य समन्वयमा कमी रहनु जस्ता समस्याहरू साइबर सुरक्षा र डाटा संरक्षणको क्षेत्रमा विद्यमान छन्। विद्युतीय कारोबार ऐन, २०६३ ले सिमापार अपराधलगायतका पछिल्ला साइबर सुरक्षाका चुनौतीहरू सम्बोधन गर्न नसकेको अवस्था छ। अन्तरनिकाय समन्वय, सहकार्य एवम् सूचना आदान प्रदान कार्यको अभाव रहेको छ भने आन्तरिक तथा बाह्य सुरक्षा जोखिमलाई कम गर्न उचित संयन्त्रको अभावसमेत रहेको छ। एकातिर नीति, निर्देशन र मापदण्डको पूर्ण पालनाको अभाव छ भने अर्कोतर्फ आचारसंहिता र नैतिकताको कमीसमेत देखापरेको छ।

माथि उल्लिखित समस्याले साइबर सुरक्षा र डाटा संरक्षणको क्षेत्रमा थप चुनौती सिर्जना गरेको पाइन्छ। व्यक्तिको व्यवहार र सोचाईमा परिवर्तन ल्याउने, पछिल्लो विकसित प्रविधिहरूको प्रयोगलाई नियमन गर्ने, सीमित जनशक्ति र स्रोत साधनमार्फत संवेदनशील र जटिल किसिमको कार्य सम्पादन गर्नेलगायतका चुनौतीहरू रहेका छन्। वैयक्तिक गोपनीयता संरक्षण गर्ने गरी तथ्याङ्कको प्रयोग गर्दै सूचना तथा तथ्याङ्कहरूको स्वामित्व एवम् उत्तरदायित्व यकिन गर्ने तथा गराउने चुनौतीसमेत रहेको छ।

अबको बाटो

प्रथमतः साइबर सुरक्षा र डाटा संरक्षणको लागि प्रभावकारी कानुनी व्यवस्था नभएको हुँदा नयाँ कानुन तर्जुमा गरी विद्यमान कानुनहरूसँग अनुकलनसमेत गर्नुपर्ने

देखिन्छ। हालै नेपाल सरकारबाट स्वीकृत साइबर सुरक्षा नीति, २०८० का रणनीति र कार्यनीतिहरूको सफल कार्यान्वयन गर्नका लागि कार्ययोजना निर्माण गरी साइबर अपराध नियन्त्रण एवम् साइबर सुरक्षा सबलीकरण उन्मुख कानुन तर्जुमाका लागि अघि बढ्नुपर्ने हुन्छ। यसका लागि संसदबाट फिर्ता भई हाल छलफलको अवस्थामा रहेको सूचना प्रविधि विधेयकलाई टुङ्गोमा पुऱ्याउने र यसलाई छाता ऐनको रुपमा स्थापित गर्नुपर्ने देखिन्छ। छाता ऐनमा नै साइबर सुरक्षा, डाटा संरक्षणलगायतका विषयवस्तुहरूलाई समावेश गर्ने र यदि नसकिने अवस्था हो भने अलग कानुन बनाई एकमुष्ट रुपमा कार्यान्वयनमा लग्नुपर्ने समेत देखिन्छ। राष्ट्रिय सुरक्षा नीति, २०७३ लाई समयानुकूल परिमार्जन गरी साइबर अपराधसहित विद्युतीय, वित्तीय संरचनालगायतका संवेलनशील पूर्वाधार (सूचना तथा सञ्चार, स्वास्थ्य, शिक्षा आदि)लाई समेत सुरक्षा प्रदान गर्ने गरी नीतिगत एवम् संस्थागत व्यवस्था गर्नुपर्ने हुन्छ। डाटा संकलन, प्रशोधन, भण्डारण र प्रयोग गर्ने संस्था सूचना तथा सञ्चार प्रविधिको क्षेत्र मात्र रहेन। यस्तो क्षेत्र अझ विस्तार भइरहेको छ। व्यापार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा डिजिटल माध्यमको प्रयोग बढेको छ र संवेदनशील डेटा पनि संकलन भइरहेका छन्। डाटा संरक्षण सम्बन्धी मानकीकृत खाका (Standardized Framework) को निर्माण गरी डाटा प्रयोगकर्ता/संस्थाहरूले मानकको अनुपालना गर्ने कानुनी एवम् संरचनागत व्यवस्था गरिनुपर्छ। सँगसँगै मौलिक हक र विद्यमान कानुनहरूका आधारभूत पक्षहरूलाई समेट्ने गरी डेटाको संकलन, सुरक्षा र प्रयोगलाई सम्बोधन गर्न डाटा संरक्षण सम्बन्धी कानुन निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ।

दोस्रो, प्रभावकारी कानुनको निर्माणपश्चात् सबल र सक्षम संस्थागत व्यवस्था गर्नुपर्ने हुन्छ। यसका लागि राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापना गरी साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षा सम्बन्धी पूर्वतयारी, रोकथाम, पहिचान, प्रतिकार्य तथा पुनर्लाभ गर्ने कार्यलाई कार्यान्वयनमा लानुपर्ने हुन्छ। साइबर सुरक्षा केन्द्रमार्फत समन्वयात्मक सहकार्य र प्रतिकार्यका लागि विभिन्न निकाय, विज्ञ, महत्त्वपूर्ण सूचना तथा सञ्चार प्रविधि, पूर्वाधार तथा सेवा प्रदायकहरूको साझा संयन्त्र बनाउनुपर्ने हुन्छ। साथै केन्द्रभित्र मोनिटरिङ्ग एकाइको प्रभावकारी रुपमा परिचालन गरी साइबर जोखिमको अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ। राष्ट्रिय साइबर प्रतिकार्य टोलीलाई थप प्रभावकारी बनाउँदै चौबिसै घण्टा आपतकालीन हेल्प डेस्क सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने हुन्छ। साइबर आक्रमणका घटना भएमा तुरुन्तै एकद्वार प्रणालीअन्तर्गत

सम्बन्धित निकायमा जानकारी दिने व्यवस्था गर्ने र साइबर घटना सम्बन्धी सूचना आदानप्रदान गर्ने प्रणालीसमेत निर्माण गर्नुपर्ने देखिन्छ। यस सँगसँगै क्षेत्रीय साइबर सुरक्षा प्रतिकार्य समूह (Sectoral CERT) को स्थापनालाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने देखिन्छ। दीर्घकालीन रुपमा संघ, प्रदेश र स्थानीय तहमा साइबर सूरक्षा अनुगमन केन्द्रहरूको विकास र विस्तारलाई प्राथमिकता दिई तल्लो स्तरसम्म साइबर सुरक्षा संयन्त्रहरूको निर्माण गर्नुपर्ने हुन्छ।

तेस्रो, साइबर सुरक्षा र तथ्याङ्कको संरक्षणको क्षेत्रसँग सम्बन्धित जनशक्तिहरूको अभावको पूर्तिमा सरकारको विशेष ध्यान जानुपर्ने देखिन्छ। यसका लागि विश्वविद्यालयहरूसँग समन्वय गरी यस क्षेत्रसँग सम्बन्धित विषयहरूलाई समावेश गर्ने स्नातक र स्नातकोत्तरका कार्यक्रमहरूमा समेत यस्ता क्षेत्रहरूलाई समावेश गर्नुपर्ने हुन्छ।

चौथो, साइबर सुरक्षाको क्षेत्रसँग सम्बन्धित उद्योगहरूको स्थापना र सञ्चालनका लागि प्रभावकारी रणनीतिको अवलम्बन गर्न जरुरी हुन्छ। साइबर सुरक्षाको क्षेत्रसँग सम्बन्धित उद्योगहरूलाई आवश्यक पूँजीको व्यवस्थापन, ज्ञान सिप प्रदान गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ।

पाँचौं, सरकार निजी क्षेत्रभन्दा एक कदम अगाडि हिँड्नुपर्ने अवस्थामा सरकारका साइबर सुरक्षासँग सम्बन्धित जनशक्तिहरूको व्यवस्थापनलाई विशेष जोड दिनुपर्ने देखिन्छ। हाल सूचना प्रविधि जनशक्तिको पदको विशिष्टता नभएको हुँदा सरकारी निकायका साइबर सुरक्षा जस्ता संवेदनशील कार्यहरू सम्पादन गर्न दक्ष प्राविधिक जनशक्तिको उपलब्धता हुने अवस्था छैन। सरकारी निकायका सूचना र तथ्याङ्कहरूको सुरक्षा, गोपनीयता, दीर्घकालिन स्थिरता एवम् स्रोत साधनको उच्चतम प्रयोग गर्नका लागि निजामती सेवाभित्र सूचना प्रविधिसँग सम्बन्धित जनशक्तिको लागि छुट्टै “नेपाल सूचना प्रविधि सेवा” गठन गरी सो सेवाअन्तर्गत विभिन्न समूहहरू (साइबर सेक्युरिटी, हार्डवेयर, सफ्टवेयर, नेटवर्किङ, डाटाबेस, सिस्टम एडमिनिस्ट्रेटर, प्रोग्रामर, तथ्याङ्क सुरक्षण) गठन गरी हरेक समूहमा विशिष्टीकृत जनशक्तिको विकास गर्नु ढिला गर्नु हुँदैन। यसका साथै गठन हुने “नेपाल सूचना प्रविधि सेवा”को सेवा सञ्चालन गर्ने मन्त्रालयको रूपमा “सञ्चार तथा सूचना प्रविधि मन्त्रालय”लाई तोक्नुपर्ने हुन्छ।

छैठौं, साइबर सुरक्षा र तथ्याङ्कको सुरक्षाका विषयमा नियमन र नियन्त्रणभन्दा व्यक्ति स्वयम् नै जानकार हुँदा प्रभावकारी हुने भएकाले सचेतनाको कार्यक्रमलाई

अभियानको रुपमा लग्नुपर्ने हुन्छ। साइबर सुरक्षाको जोखिमबाट सुरक्षित रहन संघ, प्रदेश र स्थानीय तहसमेतको सहकार्यमा समुदाय स्तरसम्म जनचेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ। साथै ज्येष्ठ नागरिक, महिला तथा बालबालिका, विशेष आवश्यकता भएका व्यक्तिहरू तथा नागरिक समाजलाई लक्षित गरी साइबर सुरक्षा सम्बन्धी जनचेतना कार्यक्रमहरू सञ्चालनसमेत प्राथमिकताका साथ गर्नुपर्ने हुन्छ।

र अन्त्यमा राष्ट्रिय साइबर सुरक्षा केन्द्रमार्फत सार्वजनिक निकाय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरू र नागरिक समाजबिच समन्वय एवम् सहकार्यलाई निरन्तर रुपमा अघि बढाउनुपर्ने हुन्छ।

निष्कर्ष

प्रविधिको विकाससँगै उत्पन्न हुने साइबर सुरक्षा जोखिमको न्यूनीकरण एकल प्रयास एवम् एक मात्रै उपायबाट सम्भव छैन। यसका लागि कानुनी तथा नियामक फ्रेमवर्कको निमार्ण पहिलो सर्त हो। सरकारले हालै राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरी पहिलो खुड्किलो पार गरेको भएता पनि साइबर सुरक्षा, डाटा संरक्षणलगायतका कानुन नबनेसम्म नीतिको कार्यान्वयन सम्भव छैन। राष्ट्रिय साइबर क्षमताको सुदृढीकरण गर्दै महत्त्वपूर्ण पूर्वाधारहरूको सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ। राष्ट्रिय तहमा सूचना आदानप्रदान एवम् प्रणालीको अन्तर आबद्धतालाई कार्यान्वयनमा ल्याई डाटाको संकलन, सुरक्षा र प्रयोगलाई सम्बोधन गर्न डाटा संरक्षण सम्बन्धी कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ। General Data Protection Regulation को कार्यान्वयनको अन्तर्राष्ट्रिय अभ्यासलाई समेत मध्यनजर गर्दा डाटा संरक्षणको कार्यान्वयनमा आउन सक्ने प्राविधिक, व्यवस्थापकीय, स्रोत साधन, भाषा एवम् संस्कृतिजन्य समस्याहरूको पूर्वविश्लेषण गरी कानुन तर्जुमा गर्नुपर्ने देखिन्छ। साइबर सुरक्षा तथा डाटा संरक्षण सम्बन्धी अनुसन्धान तथा विकासमा राज्यको ध्यान पर्याप्त मात्रामा जानुपर्ने हुन्छ भने शैक्षिक क्षेत्र एवम् निजी क्षेत्रसँगको सहकार्य र सहयात्रामार्फत मात्र सुरक्षित साइबर स्पेसको निर्माण गर्न सकिने देखिन्छ।

<u>**सन्दर्भ सामाग्रीः**</u>

- राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०
- विद्यमान साइबर सुरक्षाका चुनौतीहरू एवम् साइबर अपराध नियन्त्रणलाई प्रभावकारी बनाउने उपायका सम्बन्धमा कार्ययोजनासहितको अध्ययन प्रतिवेदन, गृह मन्त्रालय
- नेपालमा डेटा संरक्षणको अवस्था, पहिलो संस्करण २०८०, मार्टिन चौतारी
- साइबर सुरक्षाः अवधारणा र अभ्यास, सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेश
- राष्ट्रिय सुरक्षाका लागि साइबर सुरक्षा, डा. राजिब सुब्वा https://www.onlinekhabar.com/2021/06/966944
- The Budapest Convention and the General Data Protection Regulation: acting in concert to curb cybercrime? David Wicki-Birchler DOI: 10.1365/s43439-020-00012-5
- उम्मेद्वारका फोन कल र एसएमएसले उब्जाएको डेटा गोपनीयताको प्रश्न https://www.bbc.com/nepali/articles/c72n4dlx702o
- What's wrong with the GDPR? Description of the challenges for business and some proposals for improvement By: Martin Brinnen and Daniel Westman
- सामान्य डेटा सुरक्षा नियमन https:// bombora.com/ne/gdpr/
- नागरिकको डेटा संरक्षण कानुन बनाउन विज्ञको जोड https:// www.techpana.com.2020/15748/
- African Union Convention on Cyber Security and Personal Data Protection https://au.int/en/treaties/african-union-convention-cyber-security-and-personal-data-protection
- General Data Protection Regulation https://gdpr-info.eu/
- The Tallinn Manual https://ccdcoe.org/research/tallinn-manual/

सहकारी संस्थाको सन्दर्भमा सुशासनका अवयव

✍ **टोलराज उपाध्याय***

सहकारिता

सहकारिता सहकार्यात्मक अवधारणा हो। यस समूहमा मिलेर काम गरी उच्च प्रतिफल हासिल गर्ने विधि हो । सहकारितामार्फत छरिएर रहेको श्रम, सिप, प्रविधि र पूँजीलाई एकत्रित गर्दै उत्पादन, उत्पादकत्व र रोजगारीका अवसरहरूमा वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने ध्येय राखिन्छ। नेपाली परम्परासँग सहकारिताको शैलीले मेल खान्छ, यो समुदायकेन्द्रित र सदस्यकेन्द्रित व्यवसाय हो । सहकारिताको विश्वव्यापी सिद्धान्त तथा मूल्य मान्यताहरू छन् ।

सहकारिताको मुख्य उद्देश्य आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु रहेको हुन्छ। सहकारी संस्थाहरू आफ्नो कार्यप्रति आफैं जिम्मेवार भई स्वनियमनबाट चल्ने संस्था हुन्। मुलुकको आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी निवारणका लागि सहकारी अभियान एक महत्त्वपूर्ण औजार बन्नुपर्दछ।

सामूहिक नेतृत्व, एकता, इमान्दारिता, समानता, सहकार्य, परस्पर सहयोग, सुशासन, वित्तीय अनुशासन, स्वावलम्बन, पारदर्शिता, खुलापन, स्वनियन्त्रण एवम् स्वनियमन नै सहकारिताका आदर्श हुन् । जसले गर्दा सहकारितालाई एउटा व्यवसायको रुपमा मात्रै नबुझी एउटा सामाजिक अभियानकै रुपमा बुझ्ने गरिन्छ। "एकका लागि सबै र सबैका लागि एक" भन्ने मर्मलाई आत्मसात् गर्दै सहकारी संस्था सञ्चालन गरिएको हुन्छ।

** उपरजिष्ट्रार, सहकारी विभाग*

समयक्रमका विभिन्न उतारचढावहरू पार गर्दै सहकारी अभियान आजको दिनसम्म आइपुगेको छ। नेपालमा हाल सहकारी संस्थाहरूको सङ्ख्या ३१ हजार ३७३ ओटा रहेका छन्। उक्त सहकारी संस्थाहरूमा रहेका कूल सदस्यहरूको सङ्ख्या ७३ लाख ८१ हजार २ सय १८ जना छ भने कूल सेयर पूँजी रु ९४ अर्ब १५ करोड रहेको छ। यसैगरी यस क्षेत्रमार्फत कूल बचत परिचालन रु ४ खर्ब ७८ अर्ब ३ करोड र कूल ऋण लगानी रु ४ खर्ब २६ अर्ब ३५ करोड भएको तथ्याङ्कले देखाउँछ। सहकारी क्षेत्रमा महिलाहरूको संलग्नता उल्लेख्य रहेको छ भने नेतृत्व विकास, महिला सशक्तिकरण र उद्यमशीलता विकासमा पनि यस क्षेत्रको योगदान उच्च छ। यस क्षेत्रले कूल प्रत्यक्ष रोजगारी सिर्जना ९३ हजार ७ सय ७१ जना र लाखौँको सङ्ख्यामा अप्रत्यक्ष रोजगारी सिर्जना गरेको तथ्याङ्क आर्थिक सर्वेक्षण २०७९/८० मा उल्लेख छ।

सुशासन

सार्वजनिक सेवालाई नागरिकको अपेक्षाअनुसार छिटो छरितो र प्रभावकारी बनाउनुपर्दछ। सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, सहभागितामूलक र अनुमानयोग्य बनाई देशवासीलाई खुशी तुल्याउनु सुशासन हो। सुशासन राज्य संयन्त्रलाई जनमुखी बनाउनु हो। शासकीय पात्रहरूमा निहित शक्ति, अधिकार र दायित्त्व नागरिक सेवा र सन्तुष्टिका लागि प्रयोग गर्ने शासन प्रणालीलाई सुशासन भनिन्छ। यो आम मानिसको अनुभूतिको विषय हो। नेपालको वि. स. २०७२ मा जारी संविधानले दिगो शान्ति, विकास, समृद्धि र सुशासनमा जोड दिएको छ।

सन् १९८९ मा विश्व बैंकले विकास परियोजना सञ्चालनका सन्दर्भमा सुशासनको अवधारणा ल्याएको हो। सुशासन देशको राजनीतिक, प्रशासनिक, आर्थिक, न्यायिकलगायतका क्षेत्रहरूमा गरिने सुधार हो। कानुनको सर्वोच्चता, शासन सञ्चालनमा सहभागिता र उत्तरदायित्त्व, पारदर्शिता, जवाफदेहिता, समावेशिता, सदाचारिता, पूर्ण प्रेस स्वतन्त्रता, मौलिक हकहरूको व्यवस्था एवम् मानवअधिकारको पालनालगायतका विषयहरू सुशासनका प्रमुख तत्त्वका रुपमा चिनिन्छन्। सुशासनमार्फत मुलुकको विकास, समृद्धि र नागरिक सन्तुष्टिको अपेक्षा गरिन्छ। सुशासन कायम गर्न नागरिक सचेतनाको विकास गरी राज्य संयन्त्रलाई जवाफदेही बनाउनुपर्दछ।

सहकारी संस्थामा सुशासन

सहकारी संस्थामा प्रत्यक्ष रुपमा संलग्न हुने सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिलगायत जिम्मेवार समितिहरू तथा व्यवस्थापनका कर्मचारीहरूले आफ्नो

कार्य सम्पादनमा पारदर्शिता, अनुमानयोग्यता, नतिजामुखी र रणनीतिक व्यवस्थापन, सहभागिता र उत्तरदायित्वलाई सक्रियतापूर्वक पालना गरेका छन् वा छैनन् सोही आधारमा संस्थाको सुशासनको अवस्था विश्लेषण गर्न सकिन्छ।

सहकारी संस्थाका सदस्यहरूले संस्थाका विभिन्न गतिविधिहरूमा कुन हदसम्म निगरानी राखेका छन्। लोकतान्त्रिक नियन्त्रण विधिको अवलम्बन संस्थामा कस्तो छ। सहकारी संस्थाहरूमा संस्थागत सुशासनको स्थिति कुन हदसम्मको रहेको छ। सहकारी संस्थाहरूको साख र क्षेत्रगत दिगोपनाको आँकलन कतिसम्म गर्न सकिन्छ, सहकारिताको मर्मभित्र संस्था सञ्चालन र सुशासनका तत्त्वहरूको संस्थामा अवलम्बन के कसरी भइरहेको छ ? यिनै विषयहरूमा केन्द्रित रहेर यसैमा प्रत्यक्ष सरोकार राख्नेहरूको भूमिकालाई दृष्टिगत गरी सहकारी संस्थामा सुशासनको विश्लेषण गर्ने प्रयास यस आलेखमा गरिएको छ।

सेयर सदस्य

सेयर सदस्य सहकारी संस्थामा सार्वभौम मानिन्छन्। उनीहरूले नै सहकारी संस्थाको सर्वोच्च अङ्ग साधारण सभामार्फत सञ्चालक समिति लेखा सुपरिवेक्षण समितिमा रहने सदस्यहरूको छनौट गरेका हुन्छन्। संस्थामा सेयर सदस्यहरू कति जागरुक छन्, संस्थामा भएका गलत क्रियाकलापहरूका बारेमा सदस्यहरू कति चनाखो छन्, सञ्चालक समिति छनौट गर्दा सदस्यहरूले विवेक कति पुऱ्याएका छन्, संस्थाका नियमित गतिविधिहरूमा सदस्यहरूको निगरानी कुन तहको छ जस्ता विषयहरूको आधारमा सहकारी संस्थाको सुशासन र दिगोपनालाई मूल्याङ्कन गर्न सकिने हुनाले सदस्यहरूको भूमिका सहकारी सुशासनमा केन्द्रीय रुपमा रहेको हुन्छ।

सञ्चालक समिति

सहकारी ऐन, २०७४ को दफा ४१ मा सहकारी संस्थामा रहने सञ्चालक समितिका बारेमा उल्लेख गरिएको छ जसअनुसार सहकारी संस्थाका सदस्यहरूले साधारण सभामार्फत सञ्चालक समितिको छनौट गरी संस्था सञ्चालन गर्ने जिम्मेवारी प्रदान गरेका हुन्छन्। संस्थाको सञ्चालनमा सञ्चालक समितिको प्रत्यक्ष संलग्नता रहन्छ। सहकारी संस्थाको सञ्चालन सञ्चालक समितिमार्फत गरिने भएकाले सहकारीमा सुशासन कायम गर्नु सञ्चालक समितिको प्रमुख जिम्मेवारी रहन्छ। ऐनको दफा ४३ मा सहकारी संस्थाको कारोवार र व्यवसायको हित प्रवर्धन, सहकारीका मूल्य मान्यता र सिद्धान्तबमोजिम संस्था सञ्चालन, साधारण सभा बोलाउने तथा साधारण सभाका निर्णय कार्यान्वयन, नीति, योजना, बजेट तर्जुमा एवम् आर्थिक

तथा प्रशासनिक कार्य गर्ने/गराउने भनी सहकारी संस्थाको सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरू ऐनले नै व्यवस्था गरेको छ। यसैगरी निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा सञ्चालक समिति संलग्न हुनु हुँदैन।

लेखा सुपरिवेक्षण समिति

सहकारी संस्थाका सदस्यहरूले साधारण सभामार्फत लेखा सुपरिवेक्षण समितिको छनौट गरी संस्था निगरानी गर्ने जिम्मेवारी प्रदान गरेका हुन्छन्। सञ्चालक तथा व्यवस्थापनबाट भए/गरेका काम कारवाहीहरूको अनुगमन तथा नियमन गर्नेगरी सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिको व्यवस्था गरिएको हुन्छ। लेखा सुपरिवेक्षण समितिले संस्थाको आन्तरिक नियन्त्रण, सदस्यहरूको बचत तथा सेयर रकमको सूक्ष्म अनुगमन गरी सदस्य र संस्थाको हितको रक्षा, व्यवस्थापनका काम कारवाहीहरूको प्रभावकारिता जाँच, प्रचलित कानुनहरूको पालनाको अवस्था जाँच, अधिकार र जिम्मेवारीप्रतिको सजगता बोध गराउने, सञ्चालक समितिले गरेका निर्णय तथा कार्यहरूको मूल्याङ्कन एवम् सो उपर नियन्त्रण र सन्तुलनसमेत गर्ने हुनाले यो समितिको भूमिका सुधारमार्फत सहकारी संस्थामा सुशासन कायम गर्न र संस्थाको गरिमा बढाउन उच्च र ओजपूर्ण रहेको हुन्छ। सहकारी संस्थामा लेखा सुपरिवेक्षण समितिले सुपरिवेक्षकको रुपमा, आन्तरिक नियन्त्रकका रुपमा, मार्गदर्शकका रुपमा तथा आन्तरिक लेखा परीक्षण गर्ने अङ्गका रुपमा कार्य गरी महत्त्वपूर्ण भूमिका खेल्ने विषय सहकारी ऐनको दफा ४९ मा व्यवस्था रहेको छ।

सहकारी संस्थामा सुशासन कमजोर हुनुका कारण

- सहकारी ऐन, नियमावली तथा मापदण्डलगायत सहकारी संस्थाले पालना गर्नुपर्ने नीति, नियम तथा निर्देशनहरूको बारेमा सञ्चालकलाई न्यून ज्ञान हुनु,
- सञ्चालक समितिमा खुला छलफल नगरिनु, एउटै वा सीमित व्यक्तिहरूको वरिपरि सञ्चालक समिति अल्मलिनु,
- संस्थामा सदस्यहरूको विचार तथा सल्लाहलाई महत्त्व नदिई केही सञ्चालकहरूले आफूखुसी र आफूअनुकूल संस्था सञ्चालन गर्नु,
- सहकारी संस्था सञ्चालनका लागि आवश्यक पर्ने आन्तरिक नीति तथा कार्यविधिहरू निर्माण गरी प्रणालिमार्फत संस्था सञ्चालन गर्नुपर्नेमा त्यो नगरी नितान्त व्यक्तिगत निजी कम्पनी जसरी संस्था सञ्चालन गर्नु,

- आवश्यक प्रक्रिया तथा कागजातहरू पूरा नगरी ठुलो रकम सीमित सञ्चालकहरूमा ऋण लगानी गर्नु,
- सहकारी संस्थाको अधिकांश ऋण सञ्चालक तथा सञ्चालकको परिवार तथा साझेदारहरूमा केन्द्रित हुनु,
- ऋणी सदस्य एवम् सञ्चालकहरूले समेत ऋण समयमै भुक्तानी नगरी ऋणको भाखा नाघ्नु,
- व्यवस्थापन व्यावसायिक नहुनु, व्यवस्थापनमा सञ्चालकको हस्तक्षेप हुनु, सञ्चालकहरूमा लगानी भएको ऋण असुलीका लागि व्यवस्थापनले प्रभावकारी ताकेता गर्न नसक्नु,
- सञ्चालकहरूले नै लिएको ऋणको भाखा नाघेपछि अरु सदस्यलाई लगानी गरिएको ऋणसमेत असुली गर्ने नैतिक हैसियत सञ्चालक समितिमा नहुनु, जसले गर्दा समग्र ऋण लगानी समस्याग्रस्त हुँदै जानु,
- सहकारी संस्थाले लगानी गरेको ऋण उत्पादनशील क्षेत्रमा केन्द्रित नहुनु र ऋण उपयोगीताको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन कमजोर हुनु,
- संस्थाका सदस्यहरूसँग भेटघाट छलफलका कार्यक्रमहरू आयोजना नगर्नु, संस्थाको अवस्थाका बारेमा जानकारी नदिइनु, सदस्यहरूमा पनि पर्याप्त निगरानी राख्ने एवम् सञ्चालकहरूलाई सजग बनाउने क्षमता विकास नहुनु,
- वार्षिक कार्ययोजना र बजेट बनाई प्रणालीगत हिसाबले संस्था सञ्चालन नगर्नु,
- कर्मचारी भर्ना प्रक्रिया पारदर्शी नहुनु, खुला प्रतिस्पर्धाको आधारमा कर्मचारी भर्ना नगरी कतिपय संस्थाहरूमा सञ्चालकहरूले आफूखुसी कर्मचारी नियुक्त गर्दा संस्थामा क्षमता न्यून भई आधारभूत ज्ञानसमेत नभई संस्था सञ्चालन गरिनु,
- संस्थाका सञ्चालकहरूलाई सहकारीको वित्तीय विश्लेषण गर्ने विषयमा आधारभुत ज्ञानसमेत नहुनु र नियमित बैठकहरूमा सहकारीको वित्तीय अवस्थाका बारेमा छलफल तथा विश्लेषण नगरिनु, संस्थामा मानव संसाधनको क्षमता विकासका कार्यक्रमहरू न्यून रहनु,

- सहकारिता र सहकारी क्षेत्रमार्फत आमसदस्यहरू र मुलुकको समुन्नतिमा भन्दा व्यक्तिगत पद, प्रतिष्ठामा मात्र जिम्मेवार सञ्चालकहरूले ध्यान केन्द्रित गर्नु,
- एकै परिवारका तथा नातागोताभित्रका सीमित व्यक्तिहरू नै सञ्चालक समितिमा, लेखा सुपरिवेक्षण समितिमा तथा व्यवस्थापनमा हावी रहनु,
- लेखा सुपरिवेक्षण समिति अपेक्षा गरेअनुसार सक्रिय नहुनु,
- सहकारी संस्थाबाट ऋण लगानी तथा धितो मूल्याङ्कन गर्दा स्वार्थको द्वन्द्व हुनेगरी काम गर्नु,
- वार्षिक साधारण सभामा सबै सदस्यहरूको उपस्थिति नहुनु एवम् अर्थपूर्ण उपस्थितिमार्फत एजेन्डाहरूमा गहन छलफल गरी निचोडमा पुग्ने परिपाटीको विकास हुन नसक्नु,
- कानुनले किटान गरेको ऋण सुरक्षण कोषको समेत व्यवस्था नगरी ऋण लगानीका कार्यहरू गर्नु, जसका कारण संस्थामा ऋण जोखिम बढेर जानु,
- नियमनकारी निकायहरूमा समयमै प्रतिवेदन तथा अन्य विवरणहरू पेश नगर्नु, नियमनकारी निकाय तीन तहमा छरिनु, नियामकको क्षमता न्यून रहँदा समयमै निगरानी गरी कारवाहीको काम अघि बढाउन नसक्दा समस्या जटिल बनेर जानु,
- विद्यमान ऐन कानुनहरूको कमजोर परिपालनाले गर्दा बेथिति विकृति विस्तारित भएर जानु, आदि ।

अब के गर्ने ?

सहकारी संस्थामा सुशासन कायम राख्न माथि उल्लेख गरिएका कारणहरूलाई ध्यानमा राखेर सुधारका कार्यहरू गर्नुपर्दछ। सहकारी संस्थामा सुशासन कायम राख्ने मूलभूत र आधारभूत जिम्मेवारी सहकारी संस्था आफ्नै हो। सहकारी संस्था सामूहिक नेतृत्व, एकता, इमान्दारिता, समानता, सहकार्य, परस्पर सहयोग, वित्तीयअनुशासन, स्वावलम्बन, पारदर्शिता, खुलापन, स्वनियन्त्रण, स्वनियमनका आधारमा सञ्चालन हुने संस्था हो । सहकारी क्षेत्रमार्फत देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा अपेक्षित योगदान पुग्न सकेको छैन, यसको कारण

सहकारी क्षेत्रमा सुशासन कायम नहुनु हो ।

सहकारी क्षेत्रमा रहेको देशव्यापी सञ्जाल, लामो इतिहास, आम नागरिकहरूको तहमा यसको सघन उपस्थितिलाई उपयोग कुन हदसम्म गरियो सवाल त्यसको पनि हो। सुशासन प्रवर्धन गराउने कार्यमा सरकार, राष्ट्रिय सहकारी महासंघ, विषयगत संघहरू, राष्ट्रिय सहकारी बैंक जस्ता संयन्त्रहरूले आआफ्नो ठाँउबाट कति कार्य गरे सोको पनि मूल्याङ्कन गर्नुपर्दछ। अर्को तर्फ सेयर सदस्यहरू, नियामक निकायहरू, आमसञ्चारका क्षेत्रहरू एवम् सञ्चालनमा जिम्मेवार रहेका समितिहरूको भूमिकाले सुशासन कायम गर्न सहयोग पुऱ्याउन सक्दछन् । यसका लागि गर्नुपर्ने थप कार्यहरूलाई तपसिलबमोजिम उल्लेख गरिन्छः

- विद्यमान कानुनहरूको परिपालनालाई जोड दिने,
- सहकारी कानुनहरू, नियमावली, मापदण्ड, संस्थाको विनियमको अध्ययन गर्ने र सोही आधारमा संस्था सञ्चालन गर्ने,
- सहकारी संस्था सञ्चालनको लागि आवश्यक कार्यविधि तथा निर्देशिकाहरू निर्माण तथा सोको कार्यान्वयन गर्ने,
- नीति, विधि र प्रविधिको उपयोगलाई व्यापक बनाउने,
- सहकारी संस्थाको रणनीतिक योजना, वार्षिक कार्ययोजना तथा बजेट निर्माण एवम् स्वीकृत गरेर मात्र खर्च गर्ने,
- संस्थाको कार्यविधि, योजना तथा बजेट निर्माण तथा स्वीकृतिको जिम्मेवारी सञ्चालकले लिई सोको प्रभावकारी कार्यान्यन गर्न व्यवस्थापनलाई स्वतन्त्रता दिने,
- संस्थाको व्यवस्थापनद्वारा कार्यान्वयनको अनुगमन गर्ने, लक्ष्य उपलब्धिको नियमित समीक्षा गर्ने र आवश्यक नियन्त्रणका कार्यहरू गर्ने,
- नियामकीय क्षमता वृद्धि गर्ने, सहकारिताका सम्बन्धमा तहगत सरकारको बुझाइमा एकरुपता कायम गर्ने तथा कतिपय कानुनी प्रावधानहरूको कार्यान्वयन गरी अघि बढ्ने,
- सोच, शैली, संस्कार, प्रवृत्ति, मनोवृत्तिमा सुधार गर्ने,
- सहकारी शिक्षामा जोड दिने,

- समग्र सरोकारवालाहरू नैतिक रुपमा इमान्दार र आर्थिक रुपमा अनुशासित हुने आदि ।

अन्त्यमा,

सहकारिता यस्तो क्षेत्र हो जसको अभ्यासले लोकतन्त्रको जग बलियो हुन्छ। सहकारी क्षेत्रमा प्रवेश गर्ने इच्छा शक्ति उच्च भएका र व्यवहारमा इमान्दारिता प्रदर्शन गर्न सक्ने जो कोही व्यक्ति यसमा आबद्ध हुन सक्छन् । सहकारी संस्थामार्फत समुदायका व्यक्तिहरूको आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याउने खालका विविध उपायहरूको खोजगरी समुदायमा स्वच्छ छवि निर्माण गर्न सक्दछन् ।

निरन्तरको तालीम, शिक्षा र व्यावहारिक अभ्यासले सहकारी संस्थाका केही नेतृत्वहरू खारिएका सामाजिक अगुवाको रुपमा स्थापितसमेत छन्। सहकारी क्षेत्रमा लामो समयसम्म सेवा गरी सामाजिक छवि निर्माण गरिसकेका व्यक्तिहरू मध्येबाटै स्थानीय तहदेखि संघसमेतका नीतिगत तहमा प्रतिनिधिसमेत भइरहेको अवस्था छ।

पछिल्ला दिनहरूमा सहकारीका मूल्य, मान्यता र सिद्धान्त विपरीत केही सञ्चालकहरू, व्यवस्थापन तहमा रहेका केही जिम्मेवार कर्मचारीहरूले सहकारीलाई व्यक्तिगत लाभका लागि उपयोग गरे । संघीयतापश्चात् नियमनकारी निकाय छरिएर गयो, नियामकीय क्षमता वृद्धि हुन नसक्दा समयमै पर्याप्त निगरानी हुन सकेन । यिनै कमजोरीहरू र कानुनी छिद्रको उपयोग गरी लाभ लिन खोज्ने केही व्यक्तिहरूका कारण क्षेत्रगत समस्या जटिल भएर गएको छ।

सन्दर्भ सामग्री

- नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, बबरमहल काडमाडौं ।
- सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५,ः सहकारी विभाग, नयाँ बानेश्वर काठमाडौं ।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४,ः कानुन किताब व्यवस्था समिति, बबरमहल काठमाडौं ।
- संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,ः कानुन किताब व्यवस्था समिति, बबरमहल काठमाडौं ।
- पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), २०७६ः राष्ट्रिय

योजना आयोग, सिंहदरबार, काठमाडौं ।

- आर्थिक सर्भेक्षण २०७९/८० र आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य, २०८०: अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं ।
- विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकताः अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं ।
- कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३,: प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।
- रेग्मी, केशवप्रसाद, सहकारिता, २०७५: सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं ।
- Guidance Notes to the Co-operative Principles, International Co-operative Alliance, 2015
- Blueprint of Co-operative Decade, Vision 2020 ICA



नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

काठमाडौं, फोनः ०१–५९१९८९२

www.doib.gov.np

मुद्रणः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं